
२५१
भक्तपुर मासिक
Bhaktapur Monthly
पुस २०७४



## का. स्तालिन र का. माओबीचका सम्वाद



# का. रोहितको उम्मेदवारी नपर्दा

- जनप्रतिनिधि हुँदा र नहुँदा फरक देखिनुपर्छ
- स्थिर सरकार र समृद्ध नेपाल - आकाशको फल
- राम कप्तानबारे अलिखित इतिहास
- सुनिल प्रजापतिजस्ता पो मेयर
- का. सुवाल र का. गोसाईको छोटो चिनारी
- भक्तपुर नगरपालिकाका गतिविधिहरू

# भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

☎ ६६१३९५७, ६६१०३१० फ्याक्स : ६६१३२०६

website : http://bhaktapurmun.gov.np

email : info@bhaktapurmun.gov.np

हेल्लो भक्तपुर नगरपालिका

BHAKTAPUR [MONTHLY] मासिक

जि.का.द.सं.१९/०३९/४० भ.पु.जि.हु.का.द.नं.१/०६१/०६२

j l{ #% ⋆ cÆ @ ⋆ g}; ⋕!#* ⋆ lj:; ⋕@)&$ k'; ⋆ A.D.2018

कार्यालय : कमलविनायक (पुरानो जनस्वास्थ्य भवन)

फोन नं. : ०१-६६१३०४३

email : bhaktapurmasik@gmail.com

सम्पादक : लक्ष्मण जोशी

सहायक सम्पादक :

डेस्कटप : धनलक्ष्मी त्यात

मुद्रण

भक्तपुर अफसेट प्रिन्टर्स

ब्यासी, भक्तपुर

☎ ६६१३८८८

आवरण सज्जा : राजु मूल्य रु. २५।-

तस्बिरहरू : पर्यटक सूचना केन्द्र, भक्तपुर नपा (उल्लेख गरिएका बाहेक)

का.रोहित (आवरण) बालकृष्ण वनमाला


Pp6f tl:a/

विं.सं. १९९० सालको महाभूकम्पमा भत्केको तौमढीको भैरव मन्दिर छेउबाट गुड्दै मोटर ।



(तस्बिर : इन्टरनेट)


'भक्तपुर' मासिकमा प्रकाशित लेख रचनामा अभिव्यक्त विचारहरूसँग प्रकाशक र सम्पादक मण्डलको सहमति अनिवार्य छैन ।

‘असल र बुद्धिमानले आउने जीवनमा सुख प्राप्त गर्छन्, दुष्ट तथा मूर्ख सधैंको लागि मर्छन् ।’ – गौतम बुद्ध

## यस अङ्कमा


| क्र.सं. शीर्षक | लेखक | पृष्ठ |
|---|---|---|
| १) भक्तपुर नपाको ६८ औं स्थापना दिवस | – | ३ |
| २) नगरवासीको स्वास्थ्य उपचार सहज र सुलभ बनाउन भनपा प्रयासरत | – | ४ |
| ३) सुवाल र गोसाईलाई कर्मचारी एसोसियसनद्वारा बधाई | – | ५ |
| ४) टौमढी क्षेत्रमा सवारी प्रवेश निषेध गर्नु उपयुक्त छ ? | – | ६ |
| ५) अन्तरनगर भलिबल प्रतियोगिता फागुन ८ बाट हुने | – | ७ |
| ६) एकीकृत फोहर मैला व्यवस्थापन तथा कौसी खेतीबारे तीनदिने तालिम | – | ८ |
| ७) भक्तपुर नपाको बक्सिङ टोली झापा प्रस्थान | – | ९ |
| ८) सामूहिक एकता र संकल्पबाट प्राप्त परिवर्तनलाई निरन्तरता दिनुपर्ने | – | १० |
| ९) भक्तपुर नपाद्वारा आधारभूत कक्षाको अन्तिम परीक्षा सञ्चालन गर्ने | – | ११ |
| १०) उत्खनन कार्यमा भक्तपुर नपा सहयोग गर्न तयार | – | १२ |
| ११) देश र जनताको सेवामा तत्पर रहने प्रतिबद्धता | – | १३ |
| १२) चालक सहचालकहरूको व्यवहार राम्रो हुनुपर्ने | – | १४ |
| १३) नगर प्रमुख प्रजापति विभिन्न कार्यालयहरूको निरीक्षणमा | – | १५ |
| १४) भक्तपुर नगरपालिकाले कक्षा ८ को परीक्षा आफै संचालन गर्ने | – | १६ |
| १५) हनुमानघाटको विशेष सफाइ | – | १७ |
| १६) स्वयंसेविका बिरामीका भरपर्दो सहयोगी | – | २० |
| १७) भक्तपुर नगरपालिकाको बैठक निर्णय | – | २२ |
| १८) का.रोहितको उम्मेदवारी नपर्दा | – | ३१ |
| १९) सुनील प्रजापतिजस्ता पो मेयर ! | – | ४० |
| २०) प्रतिनिधिसभा सदस्य का. प्रम सुवालको छोटो चिनारी | – | ४७ |
| २१) प्रदेशसभा सदस्य का. सुरेन्द्रराज गोसाईको संक्षिप्त परिचय | – | ४९ |
| २२) वडाध्यक्ष परिचय : उकेश कवां | – | ५१ |
| २३) कामरेड जे.भी.स्तालिन र कामरेड माओ त्सेतुङबीचका ऐतिहासिक भेट र सम्वाद | – | ५३ |
| २४) राम कप्तानबारे अलिखित इतिहास नेपाल | ओम धौभडेल | ६१ |
| २५) सम्वत | हरिराम जोशी | ६६ |
| २६) जनप्रतिनिधि हुँदा र नहुँदाको फरक देखिनुपर्छ | विगोल | ६८ |
| २७) नागरिक भावना : जीर्णोद्धार | हेमन्त | ७१ |
| २८) स्थिर सरकार र समृद्ध नेपाल- आकाशको फल | जोराल | ७२ |
| २९) फोस्फरस र कृषि | सविन ख्याजु | ७४ |
| ३०) SKETCHES FROM NIPAL (20) | Henry Ambrose Oldfield | ७६ |
| ३१) शीर्ष नेताहरूको ‘जोक’ (सम्पादकको पृष्ठ) | | ८० |


**साथमा**


जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखँ–११/ बजार व्यवस्थापनको लागि १० वडाका व्यवसायीहरूको भेला–२०/ प्रदेश सभाहरूमा दलहरूको स्थिति–२१/ आमनिर्वाचन २०७४ मा भक्तपुर जिल्लाको मत विवरण–४५/ भक्तपुर जिल्लाको समानुपातिक मत विवरण–४६/ बसिबियाँलो–५०/ खाद्य स्वच्छतासम्बन्धी कार्यशाला गोष्ठी–५२/ चिनियाँ नीतिकथा : नक्कली बाँसुरे–६७/ नेपालको संविधान २०७२, भाग –२०, संघ, प्रदेश र स्थानीय तह बीच अन्तरसम्बन्ध (२७)–७७/ तपाईको भान्सा : चिसोमा सुन्तलाको महत्त्व–७८/ मंसिर महिनाको पर्यटक तथ्याङ्क–७९ ।

# भक्तपुर नपाको ६८ औं स्थापना दिवस

भक्तपुर नगरपालिकाको ६८ औं स्थापना दिवसमा पुस २ गते प्रचवन कार्यक्रम भयो।

कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले नगरपालिका जनताको कार्यालय भएको उल्लेख गर्दै जनताको काम छिटो र सरल गर्न जनप्रतिनिधि एवं कर्मचारीहरू कृयाशील हुनुपर्ने बताउनुभयो। कर्मचारीहरू योग्य हुनुपर्ने, योग्य नभए तालिम दिनुपर्नेमा जोड दिंदै अध्यक्ष रोहितले स्थानीय निकायमा बेथिति आउनुमा १५ वर्षसम्म जनप्रतिनिधि नहुनु हो भन्नुभयो।




कार्यक्रममा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छें बोल्नुहुँदै

उहाँले सार्वजनिक जग्गा निजी दर्ता गर्न दिएमात्र चुनावमा मत दिने र राजनीतिक कार्यकर्ताले भागवण्डामा नगरपालिका सञ्चालन गर्नुपर्छ भन्ने शासक पार्टीका कार्यकर्ताहरूको प्रस्ताव अस्वीकार गरेको प्रष्ट पार्नुभयो।

भक्तपुर अस्पतालको सेवा गुणस्तरीय नभएको चर्चा गर्दै अध्यक्ष रोहितले कर्मचारीहरूले इमानदारीपूर्वक काम गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले जनप्रतिनिधिहरूले नीतिनिर्माण गर्ने हुँदा समयमै कर्मचारीहरूले कार्यान्वयन गर्नुपर्छ भन्नुभयो।

भक्तपुर नगरपालिकाले नगरलाई सरसफाइ, स्वास्थ्य, सम्पदा संरक्षण, पर्यटकीय गन्तव्यस्थल बनाउन र ख्वप विश्वविद्यालय स्थापना गर्ने कार्यलाई प्राथमिकतापूर्वक गर्दै आएको बताउनुभयो।

कर्मचारीहरू मालिक नभई सेवकको रूपमा कार्य गर्नुपर्ने आवश्यकता औंल्याउँदै नगर प्रमुख प्रजापतिले एक जना कर्मचारीको बद्‌मासीको कारण सिङ्गो ⊃⊃



भक्तपुर नगरपालिकाको ६८ औं स्थापना दिवसमा सहभागीहरू

# नगरवासीको स्वास्थ्य उपचार सहज र सुलभ बनाउन भनपा प्रयासरत

मानिसको सबैभन्दा ठूलो धन भनेको स्वस्थ शरीर भएको हुँदा भक्तपुर नगरपालिकाले नगरवासीहरूको स्वास्थ्य उपचार सहज र सुलभ बनाउन प्रयास गरिरहेको नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य एवं भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले बताउनुभयो।




प्रमुख प्रजापतिले महिलाहरूको प्याप्स्मियर (पाठेघर) परीक्षणको रिपोर्ट वितरण कार्यक्रममा बोल्नुहुँदै

नगर प्रमुख प्रजापतिले पुस १ गते महिलाहरूको प्याप्स्मियर (पाठेघर) परीक्षणको रिपोर्ट वितरण कार्यक्रममा उक्त कुरा बताउनुभएको हो।

उहाँले कुनै पनि रोगको उपचार गर्न ढिलाई गर्न नहुने बताउँदै रोग लागेपछि मात्रै उपचार गर्नुभन्दा रोगै लाग्न नदिनेतर्फ नगरवासीहरूले ध्यान दिन आग्रह गर्नुभयो।

पहिलो पटक भक्तपुर नगरपालिकाले घर घरमा नर्सिङ सेवा सुरु गरेको बताउँदै निकट भविष्यमै नगरका सबै वडाहरूमा त्यो सेवा विस्तार गर्ने पनि उहाँले बताउनुभयो।

भक्तपुर नगरपालिकाले ३ वटा स्वास्थ्य केन्द्रमार्फत नगरवासीहरू र नेपाली नागरिकको सेवा गरिरहेको उल्लेख गर्दै ख्वप अस्पताल सञ्चालन गरेर थप सेवा प्रदान गर्न नगरपालिकाका जनप्रतिनिधिहरू सक्रिय रहेको स्पष्ट पार्नुभयो।

शिक्षा, स्वास्थ्य उपचार, सरसफाइजस्तो क्षेत्रमा भक्तपुर नगरपालिकाले उदाहरणीय भएर देखाउन जनप्रतिनिधिहरू प्रतिबद्धछन्- उहाँले भन्नुभयो।

कार्यक्रममा ख्वप बहुप्राविधिक संस्थानका प्रमुख डा.रत्नसुन्दर लासिवाले समयमै उपचारगर्न सके क्यान्सर निको हुने बताउनुभयो।

भक्तपुर नगरपालिकाका बोर्ड सदस्य छोरीमैया सुजखुको सभापतित्वमा भएको कार्यक्रममा अर्का बोर्ड सदस्य रोशनमैया सुवालले पनि महिलाहरूले आफ्नो स्वास्थ्यको बारे सचेत हुनुपर्ने बताउनुभयो।

---

➲➲ नगरपालिकाको बद्नाम हुने भएकोले कर्मचारीहरू आफ्नो काम, कर्तव्य र अधिकारप्रति सचेत हुनुपर्ने बताउनुभयो।

उपप्रमुख रजनी जोशीले भक्तपुरलाई जीवन्त नगर बनाई राख्न सबैले मिलेर काम गर्नुपर्ने र कर्मचारीहरू सक्रिय हुनुपर्ने बताउनुभयो।

भक्तपुर नगरपालिकाबाट प्राप्त समाचारअनुसार कार्यक्रममा वडाअध्यक्षहरू उकेश कवां, रवीन्द्र ज्याख्व, कर्मचारी एसोसियसनका अध्यक्ष गौमप्रसाद लासिवा र प्रशासकीय अधिकृत रोहितराज पोखरेलले पनि बोल्नुभएको थियो।




प्रमुख सुनिल प्रजापति बोल्नुहुँदै

# सुवाल र गोसाईंलाई कर्मचारी एसोसियसनद्वारा बधाई

नेपाल नगरपालिका कर्मचारी एसोसियसन भक्तपुर नपा समितिको आयोजनामा प्रतिनिधिसभा र प्रदेशसभामा नेपाल मजदुर किसान पार्टीको तर्फबाट विजयी सांसदहरूलाई बधाई, शुभकामना तथा धन्यवाद कार्यक्रम पुस २१ गते सम्पन्न भयो ।

नेमकिपाका नव निर्वाचित प्रतिनिधिसभा सदस्य प्रेम सुवालले पार्टीको घोषणापत्रअनुसार संसदमा देश र जनताको पक्षमा आवाज राख्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

उहाँले भक्तपुरलाई सफा–स्वच्छ, सांस्कृतिक नगर र पर्यटकीय गन्तव्यस्थल बनाउने साझा लक्ष्य बनाउनुपर्ने बताउनुभयो ।

'आवास योजना व्यवस्थित बसोबासको लागि भएको हो । बाटो बनेपछि खेती गर्न मिल्छ । जग्गा बेचविखन गर्नुहुँदैन', उहाँले भन्नुभयो । ट्रेड युनियनको बन्दोबस्त राज्यकोषबाट तलब पाउनेहरूलाई होइन निजी क्षेत्रमा हुनुपर्ने विचार उहाँले व्यक्त गर्नुभयो ।

भूकम्प पीडितहरूको पुनः स्थापनातर्फ सरकार संवेदनशील छैन । बसोबासको विकल्प नभएका जनतालाई सरकारले घर बनाइदिनुपर्छ र धितो राख्न सक्ने पीडितलाई सहुलियत ब्याजमा घर बनाउन पुग्ने गरी ऋण दिनुपर्छ, उहाँले भन्नुभयो ।

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले कर्मचारीहरू सरकारको हात, खुट्टा र आँखा भएकाले सबै अङ्ग राम्रोसँग चलेमा सरकार राम्रो हुने र जनताले अपेक्षा गरेअनुसारको काम हुने बताउनुभयो ।

'पैसा कमाउने उद्देश्यले अनियमित कार्य गर्नेहरूले इज्जत गुमाउने हुँदा तिनीहरू जनताको बीचमा सधैं तिरस्कृत हुन्छन् । पूँजीवादी संसदबाट समाजवादको लक्ष्यमा पुग्न नसक्ने भएकोले बहुसङ्ख्यक जनतालाई सचेत बनाई समाजवादी क्रान्तिबाट आमूल परिवर्तन भएमा मात्र जनताले सेवा सुविधा पाउने छन्', उहाँले भन्नुभयो ।

जनताको सबैभन्दा नजिकको सरकार स्थानीय तह भएकोले कर्मचारीहरूबाट सधैं जनताको गुनासो र सुझाव सम्बोधन हुनुपर्नेमा प्रमुख प्रजापतिले जोड दिनुभयो ।

नव निर्वाचित प्रदेशसभा सदस्य सुरेन्द्रराज गोसाईले जनप्रतिनिधिहरू र कर्मचारीहरू मिलेर जनतालाई परिवर्तनको महसुस गराउनुपर्नेमा जोड दिनुभयो । उहाँले भक्तपुरलाई आदर्श र नमुना नगर बनाउन कर्मचारीहरूको सक्रियता आवश्यक रहेको बताउनुभयो ।




भक्तपुर नगरपालिकाका उपप्रमुख रजनी जोशीले निर्वाचनको घोषणापत्रअनुसार कार्य गर्दै आएको र गर्दै जाने बताउनुभयो ।

आयोजक समितिका अध्यक्ष एवं कार्यक्रमका सभापति गौतमप्रसाद लासिवाले जनप्रतिनिधि र कर्मचारीहरूबीच समन्वय गरी कार्य गर्दा जनतालाई सेवा प्रदान गर्न सहज हुने बताउनुभयो ।

कार्यक्रममा एसोसियसनका दिलकृष्ण माक र राजेश दिस्तीले पनि बोल्नुभएको थियो ।


## सन्ततिको स्वास्थ्य र भावी स्वस्थ जीवनको लागि खोप लगाउन सम्झना राखौं

### भक्तपुर नगरपालिका क्षेत्रभित्र खोप सेवा प्रदान गरिने स्थान, दिन र समय

| स्थान | दिन (हरेक हप्ताको) | समय | उपलब्ध भ्याक्सिन |
|---|---|---|---|
| भक्तपुर अस्पताल, दूधपाटी | आइतबार र बुधबार | बिहान ९ बजेदेखि दिउँसो २ बजेसम्म | बि.सि.जि., डि.पि.टि., हे.प.बि. हिब, पोलियो दादुरा–रुबेला, जेई, टि.टि. |
| शहरी स्वास्थ्य केन्द्र, च्यामासिङ्ग | सोमबार र शुक्रबार | बिहान ७ बजेदखि दिउँसो १ बजेसम्म | |
| शहरी स्वास्थ्य केन्द्र, ब्यासी | बिहीबार | बिहान ७ बजेदखि दिउँसो १ बजेसम्म | |
| सिद्धिस्मृति महिला तथा बाल अस्पताल, भेलुखेल | आइतबार, मङ्गलबार र शुक्रबार | बिहान १० बजेदेखि दिउँसो २ बजेसम्म | |
| सामुदायिक स्वास्थ्य केन्द्र, घटखा | आइतबार | बिहान ७ बजेदेखि ९ बजेसम्म | |

जिल्ला जनस्वास्थ्य कार्यालय, भक्तपुर

# 6f}d9L lf]qdf ;jf/L kj]z lgif]w ug{pkoQm 5 <

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले पुस १६ गते नपा सभाकक्षमा आयोजित एक कार्यक्रममा सोध्नुभयो, ऐतिहासिक टौमढी क्षेत्रमा सवारी प्रवेश निषेध गर्नु उपयुक्त छ ?




छलफलमा सहभागी बुद्धिजीवीहरूबीच बोल्नुहुँदै प्रमुख प्रजापति

'एक सहर एक पहिचान र टौमढी क्षेत्रमा सवारी प्रवेश निषेध' विषयको छलफलमा सहभागी बुद्धिजीवीहरूबीच बोल्दै प्रमुख प्रजापतिले देकोचामा अत्याधुनिक अरनिको सभाभवन बनाउनेबारे तपाईंहरूको राय सुझाव के छ भन्नुभयो।

'भक्तपुर नगरपालिकाले कुनै पनि नयाँ योजना जनताबीच अनुमोदित भएपछि अगाडि बढाउने गरेको छ। भक्तपुरमा राम्रो खेलमैदान बनाउनेबारे होस् वा नगरको मुख्य बाटोमा ढुङ्गा छाप्ने विषय, नगरपालिकाले पर्याप्त छलफल गर्ने गरेको छ।' चरणवद्ध छलफलको क्रममा उक्त भेला आयोजना गरेको प्रमुख प्रजापतिले बताउनुभयो।

छलफलमा जनप्रतिनिधिहरूको पारिश्रमिकबारेसमेत चर्चा भयो। 'अहिलेसम्म कोही जनप्रतिनिधिले कुनै पनि पारिश्रमिक लिएका छैनन्। प्रदेशसभाले जनप्रतिनिधिको पारिश्रमिक तोक्ने ऐनको कारण अहिलेसम्म जनप्रतिनिधिको पारिश्रमिकबारे नगरपालिकाले कुनै पनि निर्णय गरेको छैन', प्रमुख प्रजापतिले बताउनुभयो।

भेलामा सहभागीहरूले टौमढी क्षेत्रमा सवारी निषेध गर्नु उपयुक्त भएर पनि जानकारी र जनसमर्थनको निम्ति पर्याप्त गृहकार्य गर्नुपर्ने धारणा राख्नुभयो। उहाँहरूले योजना सञ्चालन गर्दा उपभोक्ता समितिमार्फत काम गर्नु उपयुक्त हुने, नगरको बाटोमा ढुङ्गा छाप्नु राम्रो भएको, टुँडिखेलको खेलमैदान भक्तपुरका जनताले प्रयोग गर्न पाउनुपर्ने, अरनिको सभाभवन बनाउन थाल्नुपर्ने सुझाव दिए।

सहभागीहरूले जनप्रतिनिधिको पारिश्रमिकबारे छिटो निर्णय गरी उपलब्ध गराउनुपर्ने, आदर निकेतन र उच्चस्तरको अस्पताल बनाउनुपर्ने सुझाव दिँदै अनुसन्धानको आधारमा योजनाहरू अगाडि बढाउनुपर्ने, जैविक फोहरको व्यवस्थापनको निम्ति गड्यौला मल परियोजना उपयुक्त हुने, परम्परागत पेशाहरूको अध्ययन अनुसन्धान गरी स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने सुझाव दिए। त्यस्तै सहभागीहरूले धूलो र धुवाँमुक्त गर्न ठोस योजना ल्याउनुपर्ने, कला र संस्कृतिको रक्षाको निम्ति अझ पहल गर्नुपर्ने सुझाव राखेका थिए।



छलफल कार्यक्रममा सुझाव राख्नुहुँदै सहभागी

# अन्तरनगर भलिबल प्रतियोगिता फागुन ८ बाट हुने

भक्तपुर नगरपालिकाले २०७४ फागुन ८ गतेदेखि प्रथम अन्तरनगर भलिबल प्रतियोगिता आयोजना गर्ने भएको छ । नेपाल मजदुर किसान पार्टीले जारी गरेको स्थानीय तहको निर्वाचनको घोषणा पत्रमा भक्तपुर नगरपालिकाले प्रत्येक वर्ष एउटा अन्तरनगर खेलकुद प्रतियोगिता आयोजना गर्ने प्रतिवद्धता जनाएको छ । उक्त प्रतिवद्धताअनुसार भक्तपुर नगरपालिकाको पुस १९ गते बसेको बोर्ड बैठकबाट यो वर्ष नेपालको राष्ट्रिय खेल भलिबलको अन्तरनगर प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको हो । भक्तपुर नगरपालिकाले नगरका युवाहरूलाई विकृति र विसंगतिका साथ कुलतबाट जोगाउन भलिबल, फुटबल, बक्सिङ, करांते र टेबुल टेनिस खेलको प्रशिक्षणहरू संचालन गर्दै आएको छ भने, कबडी बक्सिङ्ग र टेबल टेनिस खेलको अन्तरनगर प्रतियोगिता सम्पन्न गरिसकेको छ ।

अन्तरनगर भलिबल प्रतियोगिता आयोजना गर्ने सन्दर्भमा पुस २० गते भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापति र नेपाल भलिबल संघका अध्यक्ष मनोरन्जनरमण शर्माबीच भक्तपुर नगरपालिकामा भेटघाट एवं छलफल भयो । उक्त छलफलमा प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरपालिकाले आयोजना गर्न लागेको अन्तरनगर भलिबल प्रतियोगिताले देशको खेलकुद विकासमा टेवा पुग्ने, भलिबल खेलाडीहरूको लागि यो प्रतियोगिता राम्रो अवसरको रूपमा पनि उपयोग हुने बताउनुभयो । साथै प्रतियोगिता व्यवस्थित रूपमा सम्पन्न गर्न नेपाल भलिबल संघबाट आवश्यक सहयोग र सुझाव प्राप्त हुने विश्वास व्यक्त गर्नुभयो ।

भेटको अवसरमा नेपाल भलिबल संघका अध्यक्ष मनोरन्जनरमण शर्माले भक्तपुर नगरपालिकाले अन्तरनगर भलिबल प्रतियोगिता आयोजना गर्ने निर्णय गरेकोमा धन्यवाद दिनु हुँदै यो भलिबल खेल क्षेत्रमा एउटा महत्त्वपूर्ण उपलब्धि



प्रमुख प्रजापति नेपाल भलिबल संघकाअध्यक्ष शर्मालगायत

भएको बताउनु भयो । उहाँले अन्तरनगर भलिबल प्रतियोगिता व्यवस्थित रूपमा सम्पन्न गर्न खेलकुद सामग्रीलगायत प्राविधिक सहयोग गर्ने प्रतिवद्धता जनाउनु भयो । भेटघाट तथा छलफल कार्यक्रममा युवा तथा खेलकूद समितिका सदस्य उकेश कवां, जिल्ला भलिबल संघका अध्यक्ष विनोद चरण राय र राष्ट्रिय रेफ्री कमिशनका अध्यक्ष गौतमप्रसाद लासिवा पनि उपस्थित हुनुहुन्थ्यो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित



एम्बुलेन्स
र
शव वाहन
को लागि
सम्पर्क फोन : ६६१३ २००

# एकीकृत फोहर मैला व्यवस्थापन तथा कौसी खेतीबारे तीनदिने तालिम

भक्तपुर नगरपालिकाको आयोजनामा एकीकृत फोहर मैला व्यवस्थापन तथा कौसी खेतीबारे तीनदिने तालिम पुस १६ गते शुरु भयो। नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गमलामा कम्पोष्ट मल हालेर तालिमको उद्घाटन गर्नुभएको थियो।

उद्घाटन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापतिले फोहर मैला व्यवस्थापन देशभरिकै चुनौति भएको उल्लेख गर्दै भक्तपुरलाई नमूनाको रूपमा विकास गर्न खोजेको र यसको लागि तालिम उपलब्धिमूलक हुने विश्वास व्यक्त गर्नुभयो।




उद्घाटन कार्यक्रममा बोल्नुहुँदै प्रमुख प्रजापति

उहाँले तालिममा सहभागीहरूलाई तालिमबाट सिकेका कुराहरू व्यवहारमा प्रयोग गर्न तथा आ-आफ्नो टोल, छिमेक र वडामा जनतालाई सिकाउन आफै प्रशिक्षक बन्नुपर्नेमा पनि जोड दिनुभयो।

प्रमुख प्रजापतिले भक्तपुरको समग्र विकासको लागि अध्ययन अनुसन्धानलाई जोड दिइरहेको चर्चा गर्दै नगरको फोहरमैला व्यवस्थापन, खानेपानी व्यवस्था, कला संस्कृति, कृषि, पर्यटन, सामाजिक जनजीवनलगायतका विभिन्न क्षेत्रमा अध्ययन गर्न चाहने विद्यार्थीहरूलाई नगरपालिकाको तर्फबाट अनुदान दिने नीति रहेको पनि जानकारी दिनुभयो।

उपप्रमुख रजनी जोशीले कौसी खेतीगर्दा घरको भारबहन क्षमताको विषयमा राम्रो जानकारी राख्नुपर्ने उल्लेख गर्दै प्राङ्गारिक खेती प्रणालीका आधुनिक प्रविधिहरूबारे पनि जानकारी हासिल गर्न सकेमा थोरै जग्गाबाट धेरै उत्पादन गर्न सकिने धारणा व्यक्त गर्नुभयो।

वातावरण समितिका संयोजक एवं भक्तपुर नपा ९ नं. वडाका अध्यक्ष रविन्द्र ज्याख्वले घरघरबाट नै कुहिने र नकुहिने फोहर छुट्याएर कम्पोष्ट मल बनाउने तरिका सिकाउन सकेमा फोहर मैला व्यवस्थापन सहज हुने बताउनुभयो। उहाँले तालिमको औचित्यबारे प्रष्ट पार्दै तालिममा सहभागीहरूले आ-आफूले घरमा प्रयोग गरे नगरेको अनुगमन पनि गरिने बताउनुभयो।

प्रशिक्षक शेष नारायण महर्जनले तालिममा सैद्धान्तिकमात्र नभई हाम्रो क्षेत्र सुहाउँदो प्रविधि प्रयोगको व्यवहारिक प्रशिक्षण पनि दिने बताउनुभयो।

कार्यक्रममा कार्यपालिका सदस्य सरिना द्योलाले फोहरमैला व्यवस्थापनबारे नगरपालिकाले गर्दै आएको गतिविधिबारे जानकारी दिनुभयो।

उक्त तालिममा कुहिने फोहरबाट कम्पोष्ट मल बनाउने तथा करेसा बारी वा कौसी खेती गर्ने विधिबारे विस्तृत जानकारी दिइनेछ। त्यस्तै मौसम अनुकूल बाली लगाउने तथा घरमै किटनासक औषधी बनाउने तरिका पनि सिकाइने छ। यसका साथै बालीमा लाग्ने रोगहरूको नियन्त्रण गर्ने उपाय र आकासे पानी तथा घरबाट निस्किने फोहर पानीको उपयोग गर्ने सरल उपायबारे पनि प्रशिक्षण दिइनेछ।

तालिममा प्रत्येक वडाबाट दुई दुई जना, ख्वप कलेजबाट दशजना र नगरपालिका स्यानिटेशन शाखाबाट तीनजना सहभागी भएको स्यानिटेशन शाखा प्रमुख दिलिप सुवालले बताउनुभयो।

उक्त तालिमको समापन पुस १८ गते भक्तपुर नपाका उपप्रमुख रजनी जोशीको प्रमुख आतिथ्यमा सम्पन्न गरियो। वहांले तालिममा सहभागीहरूलाई प्रमाणपत्र वितरण गर्नुहुँदै युवाशक्तिले तालिममा प्राप्त ज्ञान र सीपलाई व्यवहारमा, कार्यक्षेत्रमा लागू गर्नुपर्ने बताउनु भयो।

तालिममा सहभागीहरूलाई धन्यवाद दिंदै भ.न.पा. वडा नं. ९ का वडाध्यक्ष एवं वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले भक्तपुर नगरपालिकाले सरसफाइ क्षेत्र, शिक्षा क्षेत्र, कृषि क्षेत्र, स्वास्थ्य क्षेत्र आदि क्षेत्रहरूमा कार्य गरिरहेको बताउँदै तालिममा प्राप्त ज्ञानलाई तुरुन्तै ➲➲

# भक्तपुर नपाको बक्सिङ टोली झापा प्रस्थान

भक्तपुर नगरपालिकाबाट राष्ट्रिय खेलकुद परिषद् च्याम्पियनसिप २०७४ मा भागलिने अफिसियल र खेलाडीहरूलाई उपप्रमुख रजनी जोशीले पुस १९ गते एक कार्यक्रमबीच विदाई गर्नुभयो ।

उक्त अवसरमा वहाँले खेलमा हारजीत हुन्छ तर खेलाडीहरूले अनुशासनलाई ध्यान दिइ नपाको इज्जत बढाउने आशा व्यक्त गर्दै सफलताको लागि शुभकामना दिनुभयो ।

सहभागी हुने अफिसियल र खेलाडीहरूलाई भक्तपुर नपा वडा नं. १ का अध्यक्ष एवं युवा तथा खेलकुद समितिका संयोजक श्यामकृष्ण खत्री, वडा नं. ७ का अध्यक्ष उकेश कवां, नेपाल बक्सिङ संघका केन्द्रीय कोषाध्यक्ष गौतम सुजखुले पनि सफलताको लागि शुभकामना सहित विदाइ गर्नुभयो ।



विदाई कार्यक्रममा उपप्रमुख जोशी

भक्तपुर नपाबाट जाने टोली वडा नं. २ का अध्यक्ष हरिप्रसाद बासुकलाको नेतृत्वमा बक्सिङ प्रशिक्षक केदार तुइतुई, खेलाडीहरू शर्मिला लामा, अस्मिता दुवाल, निता गोसाई, प्रकाश कुमार विष्ट, सरु ब्योजु रहेका छन् ।

नेपाल बक्सिङ संघको आयोजना, झापा जिल्ला बक्सिङ संघको संयोजकत्वमा २७ औं पुरुष तथा ८ औं महिला बक्सिङ प्रतियोगिता पुस २२ गतेदेखि पुस २६ गतेसम्म सञ्चालन हुनेछ ।

➲➲ कार्य क्षेत्रमा लागू गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा कार्यपालिका सदस्य सुनिता अवालले स्वागत गर्नु भएको थियो । उक्त कार्यक्रममा प्रशिक्षक शेषनारायण महर्जन, नगर निरीक्षक दिलिपकुमार सुवाल, प्रशिक्षार्थी किरण गोसाई र प्रशिक्षार्थी गंगा श्रेष्ठले पनि बोल्नु भएको थियो ।



प्रमाणपत्र वितरण गर्नुहुँदै उपप्रमुख जोशी


## अशोभनीय र वातावरण प्रदूषण नगर्न अनुरोध

नगरका विभिन्न स्थानमा रहेका खम्बा तथा पोलहरू, मठ–मन्दिरलगायत घरका भित्ताहरूमा विज्ञापनका फ्लेक्स बोर्ड र पम्पलेटहरू टाँस्ने गरेकोले नगरको दृश्य अशोभनीय भई वातावरण प्रदूषण भएको हुँदा विज्ञापनका फ्लेक्स बोर्ड र पम्पलेट टाँस्ने कार्य नगरिदिनुहुन सम्बन्धित स्कूल, कलेज, संघसंस्था तथा उद्योगी, व्यवसायीहरू र विज्ञापन गर्ने अन्य निकायहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।

भक्तपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

## भक्तपुर नपाद्वारा जनचेतनामूलक र्‍याली

# सामूहिक एकता र संकल्पबाट प्राप्त परिवर्तनलाई निरन्तरता दिनुपर्ने

भक्तपुर नगरलाई सफा, स्वच्छ र सुन्दर बनाउने अभियानअन्तर्गत भक्तपुर नगरपालिकाले पुस १५ गते जनचेतनामूलक र्‍यालीको आयोजना गर्‍यो। नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको नेतृत्वमा सम्पूर्ण जनप्रतिनिधिहरू तथा नगरपालिकाका कर्मचारीहरू एवं स्थानीय जनताको सहभागितामा सम्पन्न उक्त र्‍यालीले माइकिङ, पर्चा वितरण, सरसफाइ गर्दै नगर परिक्रमा गरेको थियो।




च्याम्हासिंहमा आयोजित सभामा बोल्नुहुँदै प्रमुख प्रजापति

खौमाबाट शुरु भएको उक्त र्‍याली भार्वाचो, टेखापुखु, वंशगोपाल, टौमढी, सुकुलढोका, गोल्मढी, दत्तात्रयहुँदै च्याम्हासिंहमा टुंगिएको थियो। त्यस क्रममा जथाभावी फोहर नफाल्न तथा पेटी र सडकमा सामान राखेर नबेच्न एवं चोक, सडकमा जथाभावी मोटरसाइकल र गाडी पार्किङ नगर्न पनि अनुरोध गरिएको थियो।

खौमा र च्याम्हासिंहमा आयोजित सभामा प्रमुख प्रजापतिले भक्तपुर नगर विश्व सम्पदामा सूचिकृत भएकोले संसारको सम्पति भएको उल्लेख गर्दै यसलाई सफा र सुन्दर बनाउनु हाम्रो सभ्यताको चिन्ह भएको बताउनुभयो। उहाँले भक्तपुरलाई शिक्षा, स्वास्थ्य र पर्यटनको गन्तव्य स्थल बनाउन जनप्रतिनिधिहरू लागिपरेको चर्चा गर्दै भक्तपुरवासीहरूको सामूहिक एकता र संकल्पबाट धेरै सकारात्मक परिवर्तन आइरहेको हुँदा त्यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिनुभयो।

'नेपाल भ्रमणमा आउने हरेक पर्यटकलाई भक्तपुरमा बोलाउने वातावरण सिर्जना गरौं', उहाँले सबैसँग आग्रह गर्नुभयो।

त्यस्तै वातावरण समितिका संयोजक एवं भक्तपुर नपा ९ नं. वडाका अध्यक्ष रविन्द्र ज्याख्वले नगरपालिकामा जनप्रतिनिधिहरू आएपछि जनताले परिवर्तनको आभास पाइरहेको बताउनुभयो। उहाँले सरसफाइ सबैको नागरिक दायित्व भएको उल्लेख गर्दै कुहिने र नकुहिने फोहर घरघरबाटै छुट्याउन सके फोहरमैला समस्या क्रमशः समाधान हुँदै जाने विश्वास व्यक्त गर्नुभयो।

भक्तपुर नगरपालिकाले पुस १५ गतेदेखि मुख्य बजारको दायाँ बायाँका पसल, व्यवसाय र घरहरूबाट दिन मिलाएर कुहिने र नकुहिने फोहर संकलन शुरु गरेको छ। हरेक दिन ट्राइसाइकल र गाडीले दिनको १२ बजेदेखि ४ बजेसम्म बजारको फोहर संकलन गर्ने र त्यस समयबाहेक विहान, बेलुका र राति फोहर जथाभावी नफाल्न अपिल गरिएको छ।

नगरको मुख्य बजारमा आइतबार, मंगलबार र विहिबार नकुहिने फोहर मात्रै र सोमबार, बुधबार, शुक्रबार र शनिबार कुहिने फोहर मात्रै संकलन गर्ने स्यानिटेशन शाखा प्रमुख दिलिप सुवालले बताउनुभयो। उहाँले पसल, व्यवसाय र घरबाट निस्किने फोहरलाई व्यवस्थित गर्न नगरवासीहरूलाई आग्रह गर्दै जाने र पटक पटक सम्झाउँदा पनि अत्तेरी गर्नेलाई स्थानीय सरकार संचालन ऐनअनुसार कार्बाही गर्दै जाने पनि बताउनुभयो।




र्‍यालीको एक दृष्य

# eQmk'/ gkfdf/f cfwf/e't sIffsf] clGtd k/LIff ;~rfng ug{

भक्तपुर नगरभित्रका विद्यालयहरूमा शैक्षिक वर्ष २०७४ को आधारभूत तहअन्तर्गत कक्षा ८ को अन्तिम परीक्षा भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने भएको छ।

भक्तपुर नगरपालिकाका प्रमुख एवं नगर परीक्षा समितिका अध्यक्ष सुनिल प्रजापतिको अध्यक्षतामा बसेको बैठकले वडा अध्यक्ष प्रेमगोपाल कर्माचार्यको अध्यक्षतामा ८ सदस्यीय आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन समिति पुस १२ गते गठन गरेको छ।



परीक्षा समितिका अध्यक्ष सुनिल प्रजापति कार्यक्रममा बोल्नुहुँदै

नगरपालिकाका प्रमुख एवं भक्तपुर शिक्षा समितिका अध्यक्ष सुनिल प्रजापतिले एक कार्यक्रमबीच परीक्षा समितिका पदाधिकारीहरूलाई गोपनियताको शपथ ग्रहण गराउनुभयो।

त्यसक्रममा प्रमुख प्रजापतिले नगरपालिकाले २०५६ सालदेखि कलेजहरू सञ्चालन गरेर शिक्षा क्षेत्रकै नमुना कार्य गरिरहेको चर्चा गर्दै आधारभूत तहको परीक्षा नगरपालिका आफैले सञ्चालन गरेर अर्को नमुना कार्य सुरूवात गरेको बताउनुभयो। उहाँले परीक्षालाई व्यवस्थित र मर्यादितमात्र नबनाई समग्र शैक्षिक स्तरोन्नतिमा उल्लेखनीय भूमिका खेल्ने प्रस्ट पार्नुभयो। प्रमुख प्रजापतिले भक्तपुरका विद्यालयहरूमा अध्ययन गर्ने विद्यार्थीहरूलाई भक्तपुरको कला, संस्कृति, इतिहास र नागरिक भावना प्रवर्द्धन गर्ने हेतुले स्थानीय पाठ्यक्रम तयार गर्ने विषयमा पनि नगरपालिकाले गृहकार्य थालेको जानकारी दिनुभयो।

समितिका सदस्यहरूमा अम्बिका न्याईच्याई, तुल्सीराम ग्वाछा, कृष्णराम त्वानाबासु, गङ्गाधर हाडा, रमेशचन्द्र श्रेष्ठ, पुण्यराम कवां र रुद्र शर्मा रहनुभएको छ।

बैठकले परीक्षा सञ्चालन समिति तथा व्यवस्थापन समितिबाट अनुमानित बजेटसहितको कार्ययोजना निर्माण गरी नगर शिक्षा समितिमा स्वीकृतिको लागि पेश गर्न निर्देशन दिने निर्णय गऱ्यो।

स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐनमा व्यवस्था भएअनुसार भक्तपुर नगरपालिकाले यस वर्षदेखि आधारभूत शिक्षा कक्षा आठको अन्तिम परीक्षा भक्तपुर नगरपालिकाले सञ्चालन गर्ने निर्णय गरेको थियो। परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिलाई परीक्षा सञ्चालन र व्यवस्थापनको लागि सम्पूर्ण कार्य गर्ने जिम्मेवारी तोकेको छ।

भक्तपुर नगरका कूल ६३ वटा विद्यालयका २५७९ विद्यार्थीहरू यो वर्ष आठ कक्षाको परीक्षामा सहभागी हुँदैछन्। नगरमा दुईटा स्रोतकेन्द्रहरू रहेका छन्। वागीश्वरी स्रोतकेन्द्रका ३१ वटा विद्यालयहरूका कूल ११८९ विद्यार्थीहरू परीक्षामा सहभागी बन्नेछन् भने पद्म स्रोतकेन्द्रका ३२ वटा विद्यालयहरूका कूल १३९० विद्यार्थीहरू परीक्षामा सामेल हुनेछन्।

परीक्षा समितिका संयोजक प्रेमगोपाल कर्माचार्यले नवगठिन समितिमार्फत परीक्षा फाराम वितरण र प्रश्नपत्र निर्माणदेखि उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन र मार्कसीट वितरण र अभिलेख कार्यसमेत गर्ने जानकारी दिनुभयो।



## जगतसुन्दर मल्लया ईसपं दयकातगु बाखं

### सिं कले

छम्ह मनुया अज ल्वाए योपिं जुयाचोन। वं अमित खँ तअको नेंकानं मिलेयाए मफया छुं ज्याँकेंसा अमित याकनं मिलेयाए फइ धका वं सोचेयात अकिं वं थअ काएपिंत सअता सिं छकले थअ न्ह्योने हचिधका अमित अह्वाए यात। व सिं छकले बाँलाका चिना वं थ मचातएत छम्ह सित दतले तोथुले फइला स्वो धका धाल। अपिं फुक सिनं सिंकलं तोथुले त सोत, तर मफुत। अले सिंकले फेना वं अमित सिंकाए छकाए छकाए तोथुलेत अमित लल्हनाबिल। अमिसं व सिंकाए अपुका तोथुलाबिल। 'थथेहे, ए जि काएपिं, छपिं मिले जुया चोंतले छमिसं थपिनि सत्रुतएत बुकाछोए फइ; तर मिले मजुल धासा, छपिं सेना वनि' धका सीकि धका व बउम्हसें धाल।

(मल्लजुया 'ईसपं दयकातगु बाखं, नेसं. १०३५' सफुलिं)

# उत्खनन कार्यमा भक्तपुर नपा सहयोग गर्न तयार

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग डुर्हाम विश्वविद्यालयका प्राध्यापक रोविन कनिङघम, स्टिर्लिङ्ग विश्वविद्यालयका प्राध्यापक आई सिम्पसनको टोलीले भक्तपुर नगरपालिकाको कार्य कक्षमा मंसिर २९ गते भेट गऱ्यो।

भेटमा भक्तपुरलगायत विश्व सम्पदा क्षेत्रहरूमा भइरहेको सम्पदा संरक्षण र पुरातात्त्विक, साँस्कृतिक महत्त्वका सम्पदाहरूको उत्खनन तथा अध्ययनको क्रममा हालसम्म भइरहेको कार्यबारे छलफल भयो।

उक्त भेटमा प्रमुख प्रजापतिले भक्तपुरका विभिन्न ठाउँहरूको उत्खननले प्राचीन इतिहासबारे नयाँ नयाँ तथ्यहरू पत्ता लाग्ने र यसले नयाँ पुस्ताकोलागि थप जानकारीहरू प्राप्त हुने आशा व्यक्त गर्नुभयो। उहाँले उत्खनन कार्यमा भक्तपुर नगरपालिका सहयोग गर्न तयार रहेको पनि सो अवसरमा बताउनुभयो।

उहाँले भक्तपुर नगरपालिकाले भक्तपुरको कला, संस्कृति र सम्पदा संरक्षण तथा उत्खनन कार्यलाई जोड दिदैं आएको र भक्तपुरलाई पर्यटकीय गन्तव्यस्थलको रूपमा विकास गर्ने लक्ष्यका साथ काम गरिरहेको पनि बताउनुभयो।

प्रमुख प्रजापतिले भक्तपुरको परम्परागत मौलिक प्रविधि उत्कृष्ट रहेको बताउँदै भूकम्प पछिको सम्पदाहरू र घरहरूको पुनःनिर्माणमा परम्परागत र मौलिक प्रविधि अबलम्वन गर्न जोड दिदैं आएको स्पष्ट पार्नुभयो। परम्परागत शैलीमा घर निर्माण गर्ने घर धनीहरूलाई प्रोत्साहित गर्दै जाने नीतिअनुसार नगरपालिकाले भूकम्पपछि नक्सा पास दस्तुरमा भारी छुट दिएको पनि बताउनुभयो।

उहाँले सम्पदा संरक्षणको लागि उपभोक्ता समितिमार्फत पारदर्शी ढंगले कार्य भइरहेको र यसले निर्माण कार्य गुणस्तरीय हुने पनि बताउनुभयो।



प्रमुख सुनिल प्रजापतिसँग डुर्हाम विश्वविद्यालयका प्राध्यापक रोविन कनिङघम, स्टिर्लिङ्ग विश्वविद्यालयका प्राध्यापक आई सिम्पसनको टोली छलफल गर्दै

कार्यक्रममा प्राध्यापक कनिङघमले भक्तपुरको पुरातात्त्विक क्षेत्रको जीपीआरएस (जमिनमुनिको अध्ययन अनुसन्धान) कार्यमा सहयोग गर्न उत्सुक रहेको र यसले भक्तपुरको ऐतिहासिक, पुरातात्त्विक उत्खननलाई सहयोग पुग्नेछ भन्नुभयो।

प्राध्यापक सिम्पसनले जमिनमुनिको माटो अध्ययन गरी यहाँको हजारौं वर्ष पुरानो सम्पदा र यहाँको जनजीवनबारे अध्ययन गर्न सजिलो हुने जानकारी दिनुभयो।

भेटघाट कार्यक्रममा पुरातत्त्व विभागका पूर्वनिर्देशक कोषप्रसाद आचार्य, पुरातत्त्व विभागका उत्खनन विभाग प्रमुख रामबहादुर कुँवर तथा ख्वप इञ्जिनियरिङ कलेजका प्राचार्य सुजन माक, ख्वप कलेज अफ इञ्जिनियरिङका प्राचार्य सुनिल दुवाल र पर्यटन अधिकृत गौतमप्रसाद लासिवाको पनि उपस्थिति थियो।

पखाला लागेकालाई नुन, चिनी र पानीले संजीवनीको काम गर्छ।
झिँगा भन्केको, बासी खानेकुरा खानाले रोग निम्त्याउँछ।
सरसफाइमा जति बढी ध्यान दिइन्छ, स्वास्थ्य त्यति नै बढी राम्रो हुन्छ।

# b]z / hgtfsf] ;]fdf tTk/ /xg]k|ta4tf

प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा विजयी भएको अवसरमा नेपाल मजदुर किसान पार्टीले मंसिर २५ गते भक्तपुरमा विजय महोत्सवको आयोजना गरेको छ। नेमकिपाले मतदातालाई धन्यवाद ज्ञापन गरेको छ।

विजय जुलुसमा सहभागी हुन पार्टीको केन्द्रीय कार्यालय गोल्मढी भेला भएका जनतालाई सम्बोधन गर्दै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें (रोहित) ले निर्वाचनको क्रममा पूँजीवादी पार्टीहरूले भोजभत्तेर खुवाएर



विजय जुलुसमा सहभागी भएका जनतालाई सम्बोधन गर्नुहुँदै नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें

मतदातालाई प्रलोभनमा पारेको बताउनुभयो। उहाँले शासक पार्टीहरूले निर्वाचन आचारसंहिता उल्लङ्घन गरेको भन्दै पूँजीवादी प्रजातन्त्रले कामदार वर्गको हक र अधिकार सुनिश्चित नहुने धारणा राख्नुभयो।

विजय एवम् धन्यवाद जुलुसमा प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १ मा निर्वाचित प्रेम सुवाल, प्रदेशसभा निर्वाचन क्षेत्र नं. २ मा निर्वाचित सुरेन्द्रराज गोसाई, प्रतिनिधिसभा क्षेत्र नं. २ का उम्मेदवार अनुराधा थापामगर, प्रदेशसभा उम्मेदवारहरू सरोजराज गोसाई, प्रेमजन थापाश्रेष्ठ र नीरज लवजू सहभागी हुनुहुन्थ्यो। विहान ११ बजे गोल्मढीबाट सुरु विजय जुलुस नगर परिक्रमा गरी गोल्मढी पुग्दा साँझको ७ बजेको थियो। र्‍यालीमा सहभागी विजयी तथा उम्मेदवारहरूलाई स्थानीय जनताले ठाउँ ठाउँमा स्वागत र अभिनन्दन गरेका थिए। स्थानीयले विजयी तथा उम्मेदवारलाई नेवारी परम्पराअनुसार दही र अण्डाको सगुनका साथै फूलको माला र टीकाले सम्मान गर्नुभएको थियो।

बाजागाजासाथ सयौंको सङ्ख्यामा उपस्थित जनतालाई ठाउँ ठाउँमा विजयी तथा उम्मेदवारहरूले प्रतिबद्धता तथा धन्यवाद मन्तव्य दिनुभएको थियो।

सम्बोधन गर्ने क्रममा नेमकिपाका केन्द्रीय सचिव एवम् भक्तपुर क्षेत्र नं. १ बाट प्रतिनिधिसभा सदस्य पदमा विजयी प्रेम सुवालले नेमकिपाको घोषणापत्रनुसार देश र जनताको सेवाको निम्ति सदा तत्पर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। उहाँले पूँजीवादी प्रजातन्त्रले जनताको सम्पूर्ण हितको बन्दोबस्त गर्न नसक्ने भन्दै विरोधी पार्टीको घोषणापत्रहरूमा राजनीतिक स्पष्टता नभएको उल्लेख गर्नुभयो।

नेमकिपाका प्रतिनिधिसभा उम्मेदवार एवम् नेमकिपाका केन्द्रीय सदस्य अनुराधा थापामगरले विदेशीको आशीर्वाद लिएर निर्वाचन जित्ने पार्टीहरूलाई जनताले चिन्नुपर्ने विचार राख्नुभयो।

प्रदेशसभा सदस्य पदमा निर्वाचित सुरेन्द्रराज गोसाईले जनताको सेवामा सदा तत्पर रहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

नेमकिपाका केन्द्रीय सदस्य एवम् प्रदेशसभा उम्मेदवार सरोजराज गोसाईले निर्वाचित जनप्रतिनिधिले जनपक्षीय कानुन बनाउन सङ्घर्ष गर्ने धारणा राख्नुभयो।

नेपाल प्राध्यापक सङ्घका केन्द्रीय सदस्य एवम् प्रदेशसभा उम्मेदवार प्रेमजन थापाश्रेष्ठले ➲➲



विजय र्‍यालीमा प्रेम सुवाल, सुरेन्द्र गोसाई, अनुराधा थापामगरलगायत

# rfns ;xrfnsx¿sf]Jojxf/ /fd[]xgkg]

मध्य उपत्यका बस व्यवसायी संघले स्थानीय वासिन्दाहरूलाई सेवा सुविधा दिने उद्देश्यले भक्तपुरको च्याम्हासिंह बस पार्कबाट गौशाला, रातोपुल, टिचिङ अस्पताल, कलंकी हुँदै भक्तपुरसम्म ४० सिट भएको गाडी संचालनमा ल्याएको छ ।




प्रमुख प्रजापति बस सञ्चालनको उद्घाटन गर्नुहुँदै

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले च्याम्हासिह बस पार्कमा एक कार्यक्रमबीच बस संचालनको मंसिर २८ गते उद्घाटन गर्नुभयो ।

कार्यक्रममा बोल्दै प्रमुख प्रजापतिले बस राम्रो भएर मात्र पुग्दैन चालक सह चालकहरूको व्यवहार राम्रो हुनु पर्ने बताउनुभयो ।

उहाँले बसले जनतालाई राम्रो सेवा र सुविधा दिनु पर्ने, बस व्यवसायीहरूबीच अस्वस्थ प्रतिस्पर्धा गर्न नहुने, गाडीहरू जथाभावी रोक्न नहुनेमा जोड दिंदै बस व्यवसाय सेवामुलक व्यापार पनि भएकोले नाफालाई भन्दा सेवालाई प्राथमिकतामा राख्नुपर्ने बताउनुभयो ।

मध्य उपत्यका बस व्यवसायी सघका अध्यक्ष प्रकाश डंगोलको सभापतित्वमा भएको कार्यक्रममा संघका कोषाध्यक्ष सुरेश खत्रीलगायतले पनि बोल्नु भएको थियो ।

हाललाई १५ वटा बस संचालनमा ल्याइने र पछि आवश्यकताअनुसार बसहरू थप्दै लाने योजना भएको संघका पदाधिकारीहरूको भनाई छ ।

➲➲ निर्वाचित प्रतिनिधिहरूले देशको सार्वभौमिकता रक्षाको आन्दोलनलाई अझ तीव्र पार्ने विचार राख्नुभयो ।

नेक्राविसङ्घका केन्द्रीय अध्यक्ष एवम् प्रदेशसभा उम्मेदवार नीरज लवजूले आगामी दिनमा पनि जनताको दुःख र सुखमा साथ दिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

गोल्मढीबाट सुरु जुलुस, सुकुलढोका, टौमढी, भार्वाचो, मिनिबसपार्क, इटाछें, यालाछें, व्यासी, चोछें, भोलाछें, कमलविनायक, च्याह्मासिंह, दत्तात्रय हुँदै गोल्मढी पुगी सम्पन्न गरिएको थियो ।

नेपाल मजदुर किसान पार्टीका भक्तपुर जिल्ला अध्यक्ष न्हुछेभक्त फोंजूले धन्यवाद मन्तव्य राखी कार्यक्रम समापन गर्नुभएको थियो ।

## समानुपातिकमा सैंजु

नेपाल मजदुर किसान पार्टीले ३ नं. प्रदेशसभाको समानुपातिक सदस्यमा सृजना सैंजुलाई छनोट गरेको जानकारी प्राप्त भएको छ ।


## आवागमनमा अवरोध नपुऱ्याउन अनुरोध

सडक बाटोको दायाँबायाँ पेटी र फुटपाथमा समेत पसलको सामान, डण्डी, रोडा, बालुवा, निर्माण सामग्रीलगायत अन्य सामानहरू राख्ने गरेको र सवारी साधनहरू समेत रोक्ने/पार्किङ्ग गर्ने कार्यले आवागनमा अवरोध भएको र वातावरण प्रदुषणका साथै दुर्घटनासमेत हुने गरेकोले त्यसरी सामान नराख्न र सवारी साधन पार्किङ्ग नगरिदिनुहुन सम्बन्धित नगरवासी, उद्योगी–व्यवसायी तथा सवारी धनी र चालकहरूमा भक्तपुर नगरपालिका अनुरोध गर्दछ ।

**भक्तपुर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
ब्यासी, भक्तपुर

# नगर प्रमुख प्रजापति विभिन्न कार्यालयहरूको निरीक्षणमा

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिका क्षेत्र भित्रका भक्तपुर अस्पताललगायत विभिन्न कार्यलयको पुस ५ गते निरीक्षण गर्नुभयो ।



प्रमुख प्रजापति भक्तपुर अस्पतालको निरीक्षणमा

निरीक्षणको क्रममा प्रमुख प्रजापति भक्तपुर अस्पताल पुगी भक्तपुर अस्पतालले राम्रो सेवा नदिएको भनी जन गुनासोबारे अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. सुधा देवकोटाको ध्यानाकर्षण गर्नुभयो । उहाँले भक्तपुर अस्पतालको वातावरण र भौतिक सुधारहरू गरी स्तरीय सेवा दिन सके भक्तपुरका जनताको मात्रै होइन पूर्वका जिल्लाहरूबाट आउने विरामीहरूको पनि राम्रो सेवा हुने बताउनु भयो । भक्तपुर अस्पताल, मानव अङ्ग प्रत्यारोपन केन्द्र र क्यान्सर अस्पतालबीच समन्वय गरेर अगाडि बढ्न सके भक्तपुर स्वाथ्य उपचारको क्षेत्रमा एक उदाहरणीय नगर बन्ने पनि सो अवसरमा बताउनु भयो ।

निरीक्षणको क्रममा भक्तपुर अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. सुधा देवकोटाले आफू आएदेखि नै अस्पतालको सुधारको लागि निरन्तर जोड दिइरहेको, अस्पतालले दैनिक ३०० भन्दा बढी विरामीहरूको उपचार गरिरहेको, सानोदेखि ठूला अपरेसनहरू पनि हुने गरेको बताउँदै विगतमाभन्दा निकै सुधार भए पनि जनताको विश्वास जित्न भने अझै मिहिनेत गर्नु पर्ने आवश्यकता रहेको जानकारी दिनुभयो । अस्पताल प्रशासन प्रमुख सावित्री पौडेलले अस्पतालको गतिविधिबारे प्रमुख प्रजापतिलाई विस्तृत जानकारी दिनुभयो । सो क्रममा प्रमुख प्रजापतिले अस्पतालका विभिन्न वार्डहरूको र भौतिक संरचनाहरूको पनि निरीक्षण गर्नुभयो ।

त्यसै गरी प्रमुख प्रजापतिले नगरपालिका अन्तर्गतका भक्तपुर न.पा. वडा नं. १ स्थित पशु चिकित्सा कार्यालयमा पुगी त्यस कार्यालयले गरिरहेका कामबारे जानकारी लिनुभयो । कार्यालयका पशु चिकित्सक उमेश लाल प्रधान र डा. नविन उपाध्यायले भुस्याहा कुकुर नियन्त्रण र छाडा पशुहरूको व्यवस्थाबारे कार्यालयले गरिरहेका कामबारे प्रमुख प्रजापतिलाई जानकारी दिनुभयो । सो दिन १४ वटा पशुहरूको उपचार गरिएको बताइयो ।

त्यस्तै भक्तपुर न.पा. वडा नं. १ सल्लाघारीस्थित उपचार पोखरी हाल परियोजना कार्यान्वयन निर्देशनालयले आधुनिक उपचार पोखरी निर्माणको क्रममा भइरहेको सुधारका कामबारे अवलोकन गर्नुभयो ।

सो निरीक्षण अवलोकनमा भक्तपुर नगरपालिका वडा नं. १ का वडाअध्यक्ष श्यामकृष्ण खत्री, वडा नं. ➲➲



प्रमुख प्रजापति भक्तपुरको पशु चिकित्सालयमा

# eQmk'/ gu/kflnsfn]s lff * sf]k/Llff cfkm} ;+rfng ug{

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा आधारभूत तह कक्षा ८ को परीक्षा संचालन र व्यवस्थापन सम्बन्धमा नगरपालिका क्षेत्र भित्रका विद्यालय परीक्षा समितिहरूका प्रतिनिधिहरूको बैठक पुस ३ गते भक्तपुर नगरपालिकाको सभा कक्षमा बस्यो ।

बैठकमा स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार आधारभूत तह कक्षा ८ को परीक्षा संचालन र व्यवस्थापनका लागि सरोकारवाला संघ संस्थाका प्रतिनिधिहरूबीच परीक्षा अनुशासित र मर्यादित ढंगबाट संचालन गर्नेबारे छलफल भयो ।

प्रमुख प्रजापतिले स्थानीय सरकार संचालन ऐन लागू भइसकेको हुँदा ऐनले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाले कक्षा ८ को परीक्षा आफै संचालन गर्ने निर्णय गरेको बैठकमा जानकारी दिनुभयो ।

नगरपालिका विगतको भन्दा व्यवस्थित र मर्यादित ढंगले परीक्षा संचालन गर्न प्रतिबद्ध छ । सरोकारवाला सबैको साथ र सहयोग आवश्यक छ– उहाँले भन्नुभयो ।

केही सहभागीहरूले भक्तपुर नपाले छुट्टै परीक्षा संचालन गर्दा अरु नगरपालिकासँग प्रश्नपत्रहरू फरक पर्न गई केही असहज हुने हो कि भनी चिन्ता व्यक्त गर्नुभयो ।



प्रमुख प्रजापति नगरभित्रका विद्यालय परीक्षा समितिहरूका प्रतिनिधिहरूसँग छलफल गर्नुहुँदै

नगरपालिकाले परीक्षाको आवश्यक व्यवस्थाको लागि छुट्टै नै नगरस्तरीय परीक्षा समितिको गठन गर्ने पनि प्रमुख प्रजापतिले जानकारी दिनुभयो ।

बैठकमा भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवां, प्रमुख प्रशासकीय अधिकृत रोहितराज पोखरेल, विद्यालय निरिक्षक रुद्र शर्मा, संयुक्त परीक्षा समितिका प्रतिनिधि कृष्णप्रसाद धन्छा, सामुहिक परीक्षा समितिका प्रतिनिधि गंगाधर हाडा, इसानका प्रतिनिधि कृष्णाराम त्वानाबासु, प्याब्सनका प्रतिनिधि रमेशचन्द्र श्रेष्ठ, श्रोत व्यक्तिहरू कृष्णप्रसाद कर्माचार्य, ध्रुबलाल हमाललगायतको उपस्थिति थियो ।

---

➲➲ २ का वडाअध्यक्ष हरिप्रसाद बासुकला र श्यानिटेशन शाखाका प्रमुख दिलिपकुमार सुवालको उपस्थिति थियो ।



प्रमुख प्रजापति सल्लाघारीस्थित उपचार पोखरीमा

भक्तपुर नगरलाई सधैं सफा–सुग्घर राख्नु हामी सबै असल नगरवासीको कर्तव्य हो ।

# हनुमानघाटको विशेष सफाइ

शनिबार (पुस ८ गते) सरकारी कार्यालय विदाको दिन, त्यसमाथि पुसको कठ्यांग्रिदो जाडो मौसम। तथापि विहान ७ नबज्दै भक्तपुर नगरपालिकाका कर्मचारीहरू भक्तपुर नगरपालिका वडा नं. ७ स्थित हनुमानघाट परिसर र खोला सरसफाइकालागि हातमा पञ्जा र मुखमा मास्क लगाउँदै कसैले सावेल, कसैले कुटो, कसैले गाडा, कसैले खुर्पा र हंसिया त कसैले खालिहात खोलाको माटो सोहर्ने र व्यवस्थापन गर्ने कार्य गर्न थाले।



'ओहो यस्तो पो काम, हामीले भोट हालेको सही ठाउँमा पऱ्यो।'

नगरपालिकाका प्रमुख सुनिल प्रजापति खुर्पाले पर्खालमा उम्रेका घाँस काट्दै तथा माटो ताछ्दै हुनुहुन्थ्यो भने वातावरण समितिका संयोजक एवं ९ नं. वडाका



अध्यक्ष रविन्द्र ज्याख्व सावेलले खोलाको माटो गाडामा राख्दै हुनुहुन्थ्यो। त्यस्तै वडा नं ३ का अध्यक्ष राजकृष्ण गोरा डोरीले माटो भरिएको गाडा तान्दै हुनुहुन्थ्यो। भनपा ७ नं. का वडाध्यक्ष उकेश कवांभने मलामीलाने बाटो सम्याउने कार्यमा आफै जुटिरहनुभएको थियो। अन्य वडाध्यक्षहरू कोही सावेल समात्दै, कोही चाँदे र कुटोले माटो निकाल्दै त कोही माटो ओसार्दै हुनुहुन्थ्यो। सरसफाइ कार्यमा महिला जनप्रतिनिधिहरू पनि कम हुनुहुन्थेन। उहाँहरूले पनि सावेल समातेको, माटो ओसारेको दृष्य देख्दा साँच्चिकै खेतीकिसानीलाई दिनचर्या बनाउन सिपालु कामदार महिलाभएको पुष्टि हुन्थ्यो। नगरपालिकाका कर्मचारीहरू पनि एकसे एक थिए। इन्जिनियर, आर्किटेक्ट, ओभरसियर, प्रशासक, वडा सचिव, नगर निरीक्षक तथा वडा निरीक्षक, लेखा, स्टोर, पर्यटन शाखाका कर्मचारीहरू, कार्यालय सहयोगीमात्र नभई नगरपालिकाको गाडीका चालक तथा सहचालकहरू समेत होस्टेमा हैंसे गर्दै माटो ओसार्ने कार्यमा तदारुकताका साथ लागिपरेका थिए। चिसो र दुर्गन्धको कसैलाई वास्ता थिएन, न त लुगा फोहर होला भन्ने नै चिन्ता थियो। देखिन्थ्यो त केवल अनुहारमा गज्जबको उत्साह र सामुहिक भावनासँगै सामाजिक उत्तरदायित्व बोध।

सफाइ कार्यमा नगरपालिका परिवारमात्र संलग्न थिएन, स्थानीय जनताहरू तथा हनुमानघाट सुधार समिति, माधवनारायण धलं व्यवस्थापन समिति, कृष्ण भजन मण्डलका पदाधिकारी एवं विभिन्न सहकारीकर्मीहरू, विद्यालयका शिक्षक तथा विद्यार्थीहरू तथा स्काउटका विद्यार्थीहरू पनि उत्तिकै सक्रियतापूर्वक सफाइ कार्यमा जुटेका थिए। केही संचारकर्मीहरू भने खोलामै



गएर हिलो र गन्धको पर्वाह नगरी फोटो र भिडियो खिच्दै थिए। बाटोमा हिंडिरहेका तथा हनुमानघाटमा पूजापाठमा लागेका भक्तजनहरू भन्दै थिए, 'ओहो यस्तो पो काम, हामीले भोट हालेको सही ठाउँमा पर्‍यो।'




आउँदो पुस १७ गतेदेखि स्वस्थानीको ब्रत शुरु हुँदैछ। त्यस क्रममा करिब एक महिनासम्म हनुमानघाटमा मेला लाग्छ। ब्रत बस्नेहरू तथा माधवनारायणको पूजाआजा गर्नेहरू सोही स्थानमा नुहाउने र जल चढाउने गर्दछन्। धार्मिक महत्त्वको उक्त स्थानमा भक्तपुर नगरपालिकाले सरसफाइ कार्यमा देखाएको अग्रसरता सबैका लागि प्रशंसनीय रहेको स्थानीय जनताको भनाइ थियो। नगरवासीहरूको घरघरबाट निस्कने फोहर ढल खोलामा मिसिएको कारण उक्त खोला फोहर भएको हो। ब्रतको समयावधिमा भक्तालुहरूलाई नुहाउनका लागि खोलाको एकाछेऊमा खाल्डो खनेर बाक्लो प्लाष्टिकको पोखरी बनाइदिएमा तथा त्यसमा सफा पानी ट्यांकरबाट हालेमा अझै सुन्दर हुने र भक्तालुहरूको स्वास्थ्य नबिग्रने धारणा पनि राख्नेहरू देखिए। 'नगरपालिकाले अहिले जे गर्दैछ, त्यो असाध्यै राम्रो र अझै राम्रो गर्न जनप्रतिनिधिहरूलाई आग्रह गर्दछु', पूजागर्न आएका एक स्थानीय वृद्धाले भनिन्।

सरसफाइकै क्रममा छोटो अवधिको औपचारिक सभा पनि भयो। सभामा नगर प्रमुख सुनिल प्रजापतिले भक्तपुर नगरलाई सफा, सुन्दर र स्वच्छ बनाउन अग्रजहरूले खेल्नुभएको भूमिकाको उच्च मूल्यांकन गर्दै त्यही बाटोमा आफूहरू लागिपरेको बताउनुभयो। उहाँले नगरपालिकाले हरेक महिनाको १ गते र १५ गते जनप्रतिनिधिहरू र कर्मचारीहरू स्थानीय जनतासँग मिलेर विभिन्न साँस्कृतिक सम्पदाहरू, पोखरीहरू तथा खुल्ला ठाउँहरू सरसफाइतथा हरियाली व्यवस्थापन गर्दै आएको पनि जानकारी दिनुभयो।





वातावरण समितिका संयोजक रविन्द्र ज्याख्वले हामी आफैले निश्कासन गरेको फोहोर सफा गर्न अप्ठेरो मान्न नहुने र नगरपालिकाले कुहिने र नकुहिने फोहर अलग्ग अलग्ग संकलन गरी कुहिने फोहोरबाट कम्पोष्ट मल बनाइरहेको चर्चा गर्नुभयो।

भनपा ७ नं. वडाका अध्यक्ष उकेश कवांले हनुमानघाट सरसफाइमा स्वयंसेवकको रूपमा सक्रिय भई खट्ने सबै जनप्रतिनिधि, कर्मचारी तथा स्थानीय जनतालाई धन्यवाद ज्ञापन गर्नुभयो।

स्मरणीय छ भक्तपुर नगरपालिकाको अगुवाईमा पुस १ निर्धारित र ८ गते हनुमान घाट परिसरमा विशेष सफाइ गरिएको थियो।

# भक्तपुर नपाद्वारा धन्यवाद ज्ञापन

पुस १७ गतेबाट शुरु हुने स्वस्थानी ब्रत तथा माधवनारायण धलंलाई विशेष ध्यानमा राखेर भक्तपुर नगरपालिकाको आह्वानमा २०७४ पुस १ गते र पुस ८ गते भक्तपुर नगरपालिका वडा नं. ७ स्थित हनुमानघाट परिसर र खोला सरसफाइ कार्य भएको छ। नगरपालिकाका प्रमुख श्री सुनिल प्रजापतिको उपस्थिति एवं सक्रियतामा सम्पन्न उक्त कार्यमा सहभागी भई सरसफाइमा प्रत्यक्ष संलग्न नगरपालिकाका जनप्रतिनिधिहरू, कर्मचारीहरू, स्थानीयवासीहरू तथा हनुमानघाट सुधार समिति, माधवनारायण धलं समिति, कृष्ण भजन मण्डल, जय भीमसेन बचत तथा ऋण सहकारी संस्था, झिगु ख्वप बचत तथा ऋण सहकारी संस्था, वडामा रहेका विभिन्न विद्यालयहरू, स्काउट ट्रुप एवं स्काभेटर सहयोग गर्ने गोल्डेन बुड एण्ड शेर्पा कन्स्ट्रक्सनलगायत सम्पूर्ण महानुभावहरूप्रति हार्दिक आभार प्रकट गर्दै नगरपालिकाले आयोजना गर्ने आगामी गतिविधिहरूमा पनि सहयोगको अपेक्षा राख्दछौं।


**भक्तपुर नगरपालिका परिवार**














# स्वयंसेविका बिरामीका भरपर्दो सहयोगी

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले स्वयंसेविकाहरूले जनताको घरदैलोमा गएर सेवा गर्नुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाभित्र कार्यरत स्वयंसेविकाहरूको पुस ६ गते भएको भेलामा नगर प्रमुख प्रजापतिले गरिब र



स्वयंसेविकाहरूको भेलामा प्रमुख प्रजापति बोल्नुहुँदै

ज्येष्ठ नागरिकहरूलाई स्वास्थ्यसम्बन्धी उपचार सहज होस् भन्ने उद्देश्यले नगरपालिकाले घर घरमा नर्सिङ्ग सेवा सुरु गरेको बताउनुभयो ।

उहाँले डाक्टर र नर्स सहज उपलब्ध नभएका ठाउँमा स्वास्थ्य स्वयंसेविकालाई नै बिरामीले आफ्नो भरपर्दो सहयोगी ठान्ने हुँदा अनुभवबाट सिक्दै अझ बढी सेवा गर्ने भावनाले काम गर्नुपर्ने बताउनुभयो ।

स्वयंसेविकाहरूले आ-आफ्नो स्तरोन्नति गर्नेमा पनि ध्यान दिनुपर्ने बताउँदै उहाँले सुविधाभन्दा सेवालाई नै प्राथमिकतामा राखेर काम गर्नुपर्नेमा जोड दिनुभयो ।

भनपा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले ज्येष्ठ नागरिकहरूको लागि नगरपालिकाले सक्दो सेवा सुविधा दिनेबारे नपामा छलफल भइरहेको बताउनुभयो ।

जिल्ला जनस्वास्थ्यका प्रतिनिधि कल्पना गुरुङले सन्तानको रहर पुगिसकेका महिला र पुरुषहरूको बन्ध्याकरण शिविर सञ्चालन गरिने भएको हुँदा सो कार्यमा स्वयंसेविकाहरूलाई सहयोगको लागि आग्रह गर्नुभयो ।

ख्वप बहुप्राविधिक अध्ययन संस्थानका प्राचार्य डा. रत्नसुन्दर लासिवाले जनप्रतिनिधिहरूको भावनाअनुसार बढीभन्दा बढी जनताको सेवा गर्न चिकित्सकहरू र स्वास्थ्यकर्मीहरू तयार रहेको बताउनुभयो ।

# बजार व्यवस्थापनको लागि १० वडाका व्यवसायीहरूको भेला

भक्तपुर नगरपालिका १० नं. वडा समितिको आयोजनामा वडा नं. १० स्थित नगरकोट सडक र कमलविनायक बसपार्क क्षेत्रमा बजार व्यवस्थापनको लागि व्यवसायीहरूको भेला पुस ११ गते भयो ।

कार्यक्रमका प्रमुख अतिथि भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले नगरपालिकालाई व्यवस्थित र नमुना बनाउन हामी आफै खट्नुपर्छ भन्नुभयो । उहाँले नगरपालिकाले पुरानो कला संस्कृति संरक्षणसँगै अमूर्त कला संरक्षणमा समेत लागि परेको तथा कला संस्कृति लोप हुन लागेकोले जनसमुदायबीच लाने वातावरण बनाउँदै लगेको बताउनुभयो । उहाँले नगरपालिकाले सरसफाइ, संस्कृति, कृषि, शिशुशाला, मठमन्दिर, स्वास्थ्य, खेलकुदमा गरेको गतिविधिको जानकारी दिँदै हनुमन्ते खोला र खासाङ्ग खुसुङ खोला सुधारमा चुनौती रहेकोमा अहिले उपचार पोखरी व्यवस्थापन र खानेपानी व्यवस्थापनको लागि डिप बोरिङ्गमा जोड दिएको बताउनुभयो ।

कार्यक्रममा वडा नं. ९ का वडाध्यक्ष रविन्द्र ज्याख्वले नगरपालिका जनप्रतिनिधिमूलक स्थानीय सरकार भएको



व्यवसायीहरूको भेलामा प्रमुख सुनिल प्रजापति बोल्नुहुँदै

# kb]z ;efx?df bnx?sf]l:ylt

## प्रदेश नं. १

सदस्य सङ्ख्या – ९३

प्रत्यक्ष – ५६ समानुपातिक – ३७

| | प्रत्यक्ष/समानुपातिक | | प्रत्यक्ष/समानुपातिक |
|---|---|---|---|
| एमाले– | ३६ / १५ | कांग्रेस– | ०८ / १३ |
| माओवादी– | १० / ०५ | फोरम– | ०१ / ०२ |
| मञ्च– | ०० / ०१ | राप्रपा– | ०१ / ०१ |
| स्वतन्त्र– | ०१ / ०० | | |

## प्रदेश नं. २

सदस्या सङ्ख्या – १०७

प्रत्यक्ष – ६४ समानपातिक – ४३

| | प्रत्यक्ष/समानुपातिक | | प्रत्यक्ष/समानुपातिक |
|---|---|---|---|
| फोरम– | २० / ०९ | राजपा– | १५ / १० |
| एमाले– | १४ / ०७ | कांग्रेस– | ०८ / ११ |
| माओवादी– | ०६ / ०५ | संघीय– | ०० / ०१ |
| स्वतन्त्र– | ०१ / ०० | | |

## प्रदेश नं. ३

सदस्य सङ्ख्या – ११०

प्रत्यक्ष – ६६ समानुपातिक – ४४

| | प्रत्यक्ष/समानुपातिक | | प्रत्यक्ष/समानुपातिक |
|---|---|---|---|
| एमाले– | ४२ / १६ | माओवादी– | १५ / ०८ |
| कांग्रेस– | ०७ / १४ | विवेकशील– | ०० / ०३ |
| नेमकिपा– | ०१ / ०१ | राप्रपा– | ०० / ०१ |
| नयाँशक्ति– | ०१ / ०० | राप्रपा (प्र)– | ०० / ०१ |

➲➲ बताउँदै परिवर्तन सानै कुराबाट सुरु गरौं तर प्रभावकारी गरौं भन्नुभयो। उहाँले नगरलाई जीवन्त सङ्ग्रहालय बनाउन बजार व्यवस्थापन गर्नुपर्ने बताउनुभयो। उहाँले फोहोर व्यवस्थापन भए निरोगी भई त्यसबाट बचेको रकम आफ्नो बालबालिकाहरूलाई शिक्षा वा व्यवसायमा लगानी गर्न सकिने बताउनुभयो।

वडा नं. १० का वडाध्यक्ष लक्ष्मीप्रसाद ह्यौमिखाको सभापतित्वमा भएको कार्यक्रममा पूर्व वडाध्यक्ष चन्द्रबहादुर उलक, वडा सदस्य जितेन्द्र मुनंकर्मी, कमलविनायक बजार समितिका अध्यक्ष तुल्सीराम श्रेष्ठ, नगर निरीक्षक दिलिप कुमार सुवाल, वडा सचिव गोविन्दराम थुसा, वडा निरीक्षक रामकृष्ण प्रजापतिले पनि बोल्नुभएको थियो।

कार्यक्रममा व्यवसायीहरू सजेश मास्के, धनमान श्रेष्ठ, माइली तजलेले पेटीमा सामान राख्न नहुने, जथाभावी बाटोमा सवारी साधन पार्किङ्ग गर्न नहुने, नगरकोट बसपार्क व्यवस्थापन गर्नुपर्ने, हर्न बजाउन नियन्त्रण गर्नुपर्ने सुझाव दिनुभयो।

## प्रदेश नं. ४

सदस्य सङ्ख्या – ६०

प्रत्यक्ष – ३६ समानुपातिक – २४

| | प्रत्यक्ष/समानुपातिक | | प्रत्यक्ष/समानुपातिक |
|---|---|---|---|
| एमाले– | १७ / १० | कांग्रेस– | ०६ / ०९ |
| माओवादी– | ०९ / ०३ | जनमोर्चा– | ०२ / ०१ |
| नयाँशक्ति– | ०१ / ०१ | स्वतन्त्र– | ०१ / ०० |

## प्रदेश नं. ५

सदस्य सङ्ख्या – ८७

प्रत्यक्ष – ५२ समानुपातिक – ३५

| | प्रत्यक्ष/समानुपातिक | | प्रत्यक्ष/समानुपातिक |
|---|---|---|---|
| एमाले– | २८ / १३ | माओवादी – | १४ / ०६ |
| कांग्रेस– | ०७ / १२ | फोरम– | ०३ / ०२ |
| राजपा– | ०० / ०१ | जनमोर्चा– | ०० / ०१ |

## प्रदेश नं. ६

सदस्य सङ्ख्या – ४०

प्रत्यक्ष – २४ समानुपातिक – १६

| | प्रत्यक्ष/समानुपातिक | | प्रत्यक्ष/समानुपातिक |
|---|---|---|---|
| एमाले– | १४ / ०६ | माओवादी– | ०९ / ०४ |
| कांग्रेस– | ०१ / ०५ | राप्रपा– | ०० / ०१ |

## प्रदेश नं. ७

सदस्य सङ्ख्या – ५३

प्रत्यक्ष – ३२ समानुपातिक – २१

| | प्रत्यक्ष/समानुपातिक | | प्रत्यक्ष/समानुपातिक |
|---|---|---|---|
| एमाले– | १७ / ०८ | माओवादी– | १० / ०४ |
| कांग्रेस– | ०४ / ०८ | राजपा– | ०१ / ०१ |

## मिति फरक पऱ्यो

'भक्तपुर' मासिकको नयाँ अङ्क उपलब्ध गराइदिनुभएकोमा धन्यवाद !

कामदार वर्गले अक्टोवर क्रान्तिको सिलसिलाजारी राख्नुपर्छ भन्ने लेखमा फ्रान्सेली क्रान्ति १८७१ मा हुनुपर्नेमा १७७१ भएको छ।

राहुल सांकृत्यायनबारे थप जानकारी हासिल गर्न पाएँ।

अन्य लेखहरू पनि राम्रो लाग्यो।

– लक्ष्मी कोजू

*(सुझावको लागि धन्यवाद ! फ्रान्सेली क्रान्ति सन् १८७१ गरी सच्याउनुहुन पाठकहरूमा अनुरोध छ।– 'भक्तपुर'*

# भक्तपुर नगरपालिकाको बैठक निर्णय

भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिको अध्यक्षतामा भक्तपुर नगर कार्यपालिकाको बोर्ड बैठक भक्तपुर नपा वडा नं. २ स्थित नयाँ भवन ब्यासीमा विभिन्न मितिमा बसी लिइएका निर्णय जानकारीको लागि दिइएको छ ।

## मिति २०७४ कार्तिक ३० गते, बिहीबार

### उपस्थिति

| | | |
|---|---|---|
| १. | प्रमुख श्री सुनिल प्रजापति | उपस्थित |
| २. | उपप्रमुख श्री रजनी जोशी | ऐ |
| ३. | वडाध्यक्ष श्री श्यामकृष्ण खत्री | ऐ |
| ४. | वडाध्यक्ष श्री हरिप्रसाद बासुकला | ऐ |
| ५. | वडाध्यक्ष श्री राजकृष्ण गोरा | ऐ |
| ६. | वडाध्यक्ष श्री कुमार चवाल | ऐ |
| ७. | वडाध्यक्ष श्री प्रेमगोपाल कर्माचार्य | ऐ |
| ८. | वडाध्यक्ष श्री हरिराम सुवाल | ऐ |
| ९. | वडाध्यक्ष श्री उकेश कवां | ऐ |
| १०. | वडाध्यक्ष श्री महेन्द्र खायमली | ऐ |
| ११. | वडाध्यक्ष श्री रवीन्द्र ज्याख्व | ऐ |
| १२. | वडाध्यक्ष श्री लक्ष्मीप्रसाद ह्यौंमिखा | ऐ |
| १३. | नगर कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल | ऐ |
| १४. | नगर कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति) | ऐ |
| १५. | नगर कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल) | ऐ |
| १६. | नगर कार्यपालिका सदस्य श्री सरिना द्योला | ऐ |
| १७. | नगर कार्यपालिका सदस्य श्री कृष्णलक्ष्मी दुवाल | ऐ |
| १८. | सदस्य सचिव श्री रोहितराज पोखरेल | ऐ |

## निर्णयहरू

### आयोजनालाई निकासा

यस न.पा. बाट संचालित देको, मिवा इतापाके जग्गा एकीकरण आयोजनालाई हाललाई रु.५,००,००,०००।- (अक्षेरेपी रु. पाँच करोड) निकासा पठाउने निर्णय गरियो ।

### टहरा निर्माण स्वीकृति

ख्वप बहु प्राविधिक अध्ययन संस्थानको च.नं. १७२ मिति २०७४।७।१२ गतेको प्राप्त पत्रानुसार जनस्वास्थ्य सेवा केन्द्रको सेवाहरू व्यवस्थित रूपमा संचालनको लागि कोठाहरू नपुग भएको कारण केन्द्र संचालित भवनको उत्तर-पश्चिम भागको पर्खालसँगै टहरा निर्माण गर्ने संस्थान संचालक समितिको मिति २०७४ श्रावण ६ गतेको निर्णयअनुसार मिति २०७४ असोज ३१ गतेको बैठकबाट टहरा निर्माण स्वीकृतिको लागि अनुरोध भइआएको पत्र सम्बन्धमा छलफल हुँदा जनस्वास्थ्य केन्द्रको सेवा व्यवस्थित गर्न पेश भएको नक्साअनुसार टहरा निर्माणको लागि स्वीकृति दिने निर्णय गरियो ।

### बोलपत्र स्वीकृत

भक्तपुर न.पा. व्यासीस्थित भवनको चौकोस, खापाहरूमा रंगरोगनको लागि सामानसहितको ठेक्काको सिलबन्दी दरभभाउ पत्र आह्वानको सूचना 'मजदुर' दैनिक पत्रिकामा मिति २०७४।७।५ गते प्रकाशित गर्दा म्यादभित्र पर्न आएका ३(तीन) वटा दरभाउ पत्रहरू खोली बोलपत्र मूल्यांकन समितिमा पेश भई छलफल हुँदा तपसिलमा उल्लेख भएकामध्ये नियमानुसार भएको र सबभन्दा कम दररेट उल्लेख गर्ने एस एण्ड प्रिफाइभ हाउस डेकोर कन्सक्ट्रक्सन प्रा.लि. को भ्याट बाहेक रु.३,०२,७०५।०५ अक्षरेपी तीन लाख दुई हजार सात सय पाँच र पैसा पाँच उल्लेख गर्नेको सिलबन्दी दररभाउ पत्र स्वीकृत गरी कार्य गराउने भनी बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भइआएको हुँदा समितिको सिफारिस अनुसार सबभन्दा कम दररेट उल्लेख गर्ने एस एण्ड प्रिफाइभ हाउस डेकोर कन्सक्ट्रक्सन प्रा.लि. को बोलपत्र स्वीकृत गरी कार्य गराउने निर्णय गरियो ।

तपसिल

| सि.न. | फर्मको कागजात | महर्षि हार्डवयर | एस एण्ड प्रिफाइभ | फ्रेल्स इन्भेष्टमेन |
|---|---|---|---|---|
| १ | फर्म दर्ता | छ | छ | छ |
| २ | भ्याट दर्ता | छ | छ | छ |
| ३ | कर चुक्ता | छ | छ | छ |
| ४ | नागरिकता | छ | छ | छ |
| ५ | मूल्य (भ्याट बाहेक) | रु.४,६२,२४६।१३ | रु. ३,०२,७०५।०५ | रु.४,४२,०८१।२० |

**सच्याउनु होस्**

'भक्तपुर' मासिकको गताङ्कको पृष्ठ १९ को दोश्रो कोलमकोतपसिलको क्रम सङ्ख्या ५ मा **कृष्णलक्ष्मी दुवाल** र १४ मा **विजयलक्ष्मी शाक्य** हुनुपर्नेमा अन्यथा भएकोले सच्याउनु हुन अनुरोध छ ।

अज्ञानीहरू रोगदेखि डराउँछन्
मूर्खहरू रोगलाई बेवास्ता गर्छन्
बुद्धिमानहरू रोगदेखि सतर्क रहन्छन्
सफा गर्ने बानी बसालौं
रोगदेखि टाढा बसौं ।

## ल.ई. स्वीकृत

ल.ई. सम्बन्धमा छलफल हुँदा निम्नअनुसार गर्ने निर्णय गरियो :

**आ.व. २०७४।०७५ मा नपा/वडास्तरीय योजनाहरूको विवरण निर्माण समितिबाट स्वीकृत**

| | योजनाको नाम | वडा नं. | ल.ई रकम | कैफियत |
|---|---|---|---|---|
| क | वडा स्तरीय योजनाहरू | | | |
| १ | वडा न ४ बोलाछें तँचास्थित खानेपानी व्यवस्था कार्य | ४ | ३८,९१८।५८ | वडा बजेट |
| २ | क्वाकचा बाटोमा निकासको व्यवस्था कार्य | ७ | १६७,५८६।३५ | वडा बजेट |
| ३ | ईमेज स्कूल अगाडिको बाटोमा ढुंगा छपाइ कार्य | ७ | ४२७,७९१।२६ | वडा बजेट |
| ४ | वडा न ७ खँ चास्थित शिशु स्याहारमा रंगरोगन कार्य | ७ | १४८,८३३।६५ | मर्मत बजेट |
| ५ | माहेश्वरी घाट सुधार कार्य | ८ | २,१५२,४४०।१० | नपा बजेट |
| ६ | बेंखाल स्थित महालक्ष्मी टुरिष्ट काउण्टरमा पेन्टिग कार्य | १० | २७,७३३।४८ | वडा बजेट |
| ७ | कमलविनायक स्थित पाइपलाइन बाटोमा पानीको निकासका लागी ढल बिछ्याउने कार्य | १० | २,२१९,३२५।२७ | वडा बजेट |
| ८ | नगाचा बाटोमा ईटा छपाइ कार्य | १० | ९२३,११०।०३ | वडा बजेट |
| ९ | कमलविनायकस्थित लान्चाफल्चादेखि शारदा क्याम्पस जाने बाटोको बीचको उतरतर्फको बाटोमा ग्राभेलिगङ कार्य | १० | २४५,६०७।८६ | वडा बजेट |
| १० | कमलविनायकस्थित कमलविनायक प्लानिग बाटोमा ग्राभेलिगङ कार्य | १० | १२७,४६३।७८ | वडा बजेट |
| ११ | कमलविनायकस्थित पाइपलाइन बाटोमा ग्राभेलिगङ कार्य | १० | ६१४,५५७।५३ | वडा बजेट |
| | नगर स्तरीय योजनाहरू | | | |
| १ | दतात्रय स्क्वायरमा ढुंगा छपाइ कार्य | ९ | ९,२८०,६६१।०० | नपा बजेट |
| २ | समाज सुधार अगाडिको नृत्यनाथ पाटी पुन:निर्माण कार्य | ८ | २,९१०,०४७।६५ | नपा बजेट |
| ३ | भाने रोडदेखि गोंस पुलसम्मको बाटो पीच निर्माण कार्य | ९ | २,८८९,८५१।१२ | नपा बजेट |

## उपभोक्ता समिति अनुमोदन

उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

**क. योजनाको नाम :** भक्तपुर न.पा.वडा नं. ३ स्थित मलाचा टोलको मलाचा गल्लीमा पुन: इँटा छपाइ कार्य / **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री मुतिराम स्वानेपा
२. सचिव : श्री रञ्जना स्वानेपा
३. कोषाध्यक्ष : श्री कृष्णप्रसाद सुवाल
४. सदस्य : श्री राजनप्रसाद साखकर्मी
५. सदस्य : श्री तुल्सीनारायण ठिमी
६. सदस्य : श्री संगिता कर्माचार्य
७. सदस्य : श्री हरिशरण वाईजु

**ख. योजनाको नाम :** भक्तपुर न.पा.वडा नं. ७ चोर्चास्थित सिद्धि गणेश मन्दिर पुन:निर्माण कार्य / **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री रुद्रनारायण लाखा
२. सचिव : श्री राजन लाखा
३. कोषाध्यक्ष : श्री जसतारा कोजु (खाईजु)
४. सदस्य : श्री सानुकान्छा लाखाजु
५. सदस्य : श्री राधेश्याम लाखाजु
६. सदस्य : श्री रामकृष्ण लाखा
७. सदस्य : श्री लक्ष्मीश्वरी दुमरु

**अनुगमन समिति**:

१. संयोजक : श्री कृष्णगोविन्द खाईजु
२. सदस्य : श्री हरिरत्न गोर्खाली
३. सदस्य : श्री रामलक्ष्मी सिल्पकार

**ग. योजनाको नाम :** भक्तपुर न.पा.वडा नं. ८ ब्रम्हायणी बसपार्कको दक्षिण पश्चिम लिवाली प्लानिङ्गको बाटोमा ग्राभेलिङ्ग कार्य /**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री शम्शेर प्रजापति
२. सचिव : श्री राजेस प्रजापति

३. कोषाध्यक्ष : श्री सीतालक्ष्मी प्रजापति
४. सदस्य : श्री अर्चना प्रजापति
५. सदस्य : श्री ज्योति प्रजापति
६. सदस्य : श्री रिता प्रजापति
७. सदस्य : श्री दयाराम गणेजु
८. सदस्य : श्री विष्णुप्रसाद जरेजु
९. सदस्य : श्री दशराम बासी

**अनुगमन समिति**:
१. संयोजक : श्री बलराम प्रजापति
२. सदस्य : श्री तारादेवी धन्छा
३. सदस्य : श्री केदार कुसी
४. सदस्य : श्री श्रीकृष्ण छुस्याकी
५. सदस्य : श्री रजनी उलक

**घ. योजनाको नाम :** भक्तपुर न.पा.वडा नं. ७ स्थित वाचुँटोल (थाथुमला) गल्लीमा इँटा छपाइ कार्य /

**पदाधिकारीहरूको नाम :**
१. अध्यक्ष : श्री राम धुसुजु
२. सचिव : श्री कृष्णराम बासी
३. कोषाध्यक्ष : श्री सरु कुस्मा
४. सदस्य : श्री कृष्णराम कुस्मा
५. सदस्य : श्री सरिता ध्वोजु
६. सदस्य : श्री राजेश जोशी
७. सदस्य : श्री विश्वराम ध्वोजु

**अनुगमन समिति**:
१. संयोजक : श्री हेरा ख्याजु
२. सदस्य : श्री विवेक कुस्मा
३. सदस्य : श्री प्रेमशोभा कासुला

**ङ. योजनाको नाम :** भक्तपुर न.पा. वडा नं. ३ बाराही स्थानस्थित भुजु पाटी पुनः निर्माण कार्य/

**पदाधिकारीहरूको नाम :**
१. अध्यक्ष : श्री रामसुन्दर खाताखो
२. सचिव : श्री विष्णुकेशरी लवजु
३. कोषाध्यक्ष : श्री कुमार जाकिबन्जार
४. सदस्य : श्री नारायणदेवी अवाल
५. सदस्य : श्री दीर्घनारायण सुवाल
६. सदस्य : श्री बुद्धलक्ष्मी भैल
७. सदस्य : श्री रत्नप्रसाद कोजु

**च. योजनाको नाम :** भक्तपुर न.पा. वडा नं. ३ बाराही स्थानस्थित ईही जग्य गर्ने स्थानमा ढुंगा छपाइ कार्य/ **पदाधिकारीहरूको नाम :**
१. अध्यक्ष : श्री पूर्णप्रसाद सुवाल
२. सचिव : श्री रजनी अवाल
३. कोषाध्यक्ष : श्री कृष्णहरि कर्माचार्य
४. सदस्य : श्री विक्रम देउबन्जार
५. सदस्य : श्री रामकृष्ण ग्वाछा
६. सदस्य : श्री सुनिता चौगुठी
७. सदस्य : श्री कृष्णकुमार नायभा

**छ. योजनाको नाम :**
१. भक्तपुर न.पा. वडा नं. १ स्थित श्रृजनानगर सृष्टि मार्ग गल्ली बाटोमा इँटा छपाइ कार्य
२. सिर्जनानगर नपली पाटी अगाडि दक्षिणपट्टि बाटोमा इँटा छपाइ कार्य
३. सिर्जनागर नपली निकोल्सन कलेजको दक्षिणपट्टि बाटोमा इँटा छपाइ कार्य
४. सिर्जनानगर नपली इसानेश्वर मार्गमा इँटा छपाइ कार्य
५. सिर्जनानगर नपली सत्संगको बाटोमा इँटा छपाइ कार्य
६. सिर्जनानगर नपली पाटी पश्चिम बाटोमा इँटा छपाइ कार्य

**पदाधिकारीहरूको नाम :**
१. अध्यक्ष : श्री विकुलाल बासु
२. सचिव : श्री राधेश्याम त्वानाबासु
३. कोषाध्यक्ष : श्री रेखा श्रेष्ठ
४. सदस्य : श्री विनोद उप्रेती
५. सदस्य : श्री प्रकाश प्रधानाङ्ग
६. सदस्य : श्री टेकबहादुर गिरी
७. सदस्य : श्री देवकी बस्नेत
८. सदस्य : श्री विनय शर्मा
९. सदस्य : श्री उपेन्द्र गिरी
१०. सदस्य : श्री गोमा कोइराला
११. सदस्य : श्री राधिका चौधरी

**अनुगमन समिति**:
१. संयोजक : श्री ललित कुमार घिमिरे
२. सदस्य : श्री रुद्रप्रसाद सापकोटा
३. सदस्य : श्री हिराकाजी निरौला
४. सदस्य : श्री विदुरप्रसाद भट्टराई
५. सदस्य : श्री रविन्द्र खड्का
६. सदस्य : श्री बालकुमारी दाहाल
७. सदस्यः श्री मिना खड्का

**ज. योजनाको नाम :** भक्तपुर न.पा. वडा नं. १० स्थित दुजलेबाट दथुत्वचा जाने बाटोमा इँटा छपाइ कार्य/

**पदाधिकारीहरूको नाम :**
१. अध्यक्ष : श्री दुगुनारायण दुवाल

२. सचिव : श्री दयाराम कैटी
३. कोषाध्यक्ष : श्री मनकेशरी कैटी
४. सदस्य : श्री कर्ण वातांकछि
५. सदस्य : श्री मदन कर्माचार्य
६. सदस्य : श्री मनमाया दथेपुथे
७. सदस्य : श्री कृष्णलक्ष्मी कैटी

**झ. योजनाको नाम :** भक्तपुर न.पा. वडा नं. ३ नासमनास्थित बत्सला माई मन्दिर पुनःनिर्माण कार्य / **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री चन्द्रबहादुर त्वायना
२. सचिव : श्री सविना त्वायना
३. कोषाध्यक्ष : श्री शिवराम धुख्वा
४. सदस्य : श्री न्हुछेकुमार त्वायना
५. सदस्य : श्री सत्यराम त्वायना
६. सदस्य : श्री राजकुमार त्वायना
७. सदस्य : श्री बुद्धलक्ष्मी खाईतु

**ञ. योजनाको नाम :** भक्तपुर न.पा. वडा नं. ४ भुलांचास्थित भुलांचा बाटोमा इँटा छपाइ कार्य / **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री बद्रीनाथ हाडा
२. सदस्य : श्री पुण्यराम शाक्य
३. कोषाध्यक्ष : श्री अन्जु श्रेष्ठ
४. सदस्य : श्री राधा कृष्ण कबु
५. सदस्य : श्री कमला तमखु
६. सदस्य : श्री दिपक प्रजापति
७. सदस्य : श्री रुविना बासुकला

**अनुगमन समिति:**

१. संयोजक : श्री समिर प्रजापति
२. सदस्य : श्री प्रचण्ड प्रजापति
३. सदस्य : श्री श्याम रिजाल
४. सदस्य : श्री रामकृष्ण तुल्सी
५. सदस्य : श्री सपना प्रजापति

**ट. योजनाको नाम :** भक्तपुर न.पा. वडा नं. ९ स्थित भानेदेखि गोंस पुलसम्मको बाटोमा पीच गर्ने कार्य/ **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री विष्णुभक्त कुसी
२. सचिव : श्री कृष्णप्रसाद कुसी
३. कोषाध्यक्ष : श्री समिता भाटाजु
४. सदस्य : श्री शिवराम कोजु
५. सदस्य : श्री रामकृष्ण दवाल
६. सदस्य : श्री पूर्णप्रसाद गाईजु
७. सदस्य : श्री मैया चोलेख्व
८. सदस्य : श्री मैयांलक्ष्मी दुवाल
९. सदस्य : श्री रामसुन्दर गोसाई

**अनुगमन समिति:**

१. संयोजक : श्री विष्णुसुन्दर प्रजापति
२. सदस्य : श्री सत्यराज दुवाल
३. सदस्य : श्री सनिस दुवाल
४. सदस्य : श्री कृष्ण प्रजापति
५. सदस्य : श्री निरन दुवाल

## समितिका निर्णय अनुमोदन

विभिन्न समितिको देहाय बमोजिमको निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

**युवा तथा खेलकुद समिति :**

मिति २०७४।७।१५ गते बसेको युवा तथा खेलकुद समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. २०७४ कार्तिक (९-१३) गते सम्पन्न भएको अन्तर नगर विद्यालयस्तरीय खेलकुद प्रतियोगितामा निर्णायक भई सहयोग गर्नेलाई दैनिक रु.८६२।५० भत्ता दिने निर्णय अनुमोदन गरियो ।

**वातावरण तथा पर्यटन समिति :**

मिति २०७४।७।२८ गते बसेको वातावरण तथा पर्यटन समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. बुंदा नं. १ मा छलफल हुँदा आगामी मंसिर १ गते भ.न.पा.वडा नं. १ स्थित रानी पोखरी परिसरमा सरसफाई कार्यक्रम गर्ने निर्णय गरियो ।

ख. बुंदा नं. २ मा छलफल हुंदा यही मंसिर २ गतेदेखि ३ गतेसम्म संचालन हुने फोहर मैला व्यवस्थापन तालिम निम्नानुसारलाई जिम्मेवारी दिने निर्णय गरियो :

१. समितिका सदस्य श्री सुनिता अवाल
२. नगर निरीक्षक श्री दिलिपकुमार सुवाल

ग. तालिम संचालन गर्नको लागि आवश्यक व्यवस्था मिलाउन रु.१,००,०००।-(एक लाख) रूपैया पेश्की सदस्य श्री सुनिल अवाललाई माग गर्न लगाई व्यवस्थापन गराउने निर्णय गरियो ।

**कृषि समिति :**

मिति २०७४।७।२३ गते बसेको कृषि समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. कृषि बीउ वितरण सम्बन्धमा सम्बन्धित निकायमा बुझी अगाडि बढ्ने निर्णय गरियो ।

ख. भक्तपुर नगरपालिकाभित्रका मासु पसल व्यवसायीहरूको भेला बोलाउने निर्णय गरियो ।

मिति २०७४।७।२८ गते बसेको कृषि समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाभित्रका कृषकहरूलाई गहुँ र आलुको बीउ वितरणका लागि प्रति वडा १००० के.जी. का दरले १०,०००/१०,००० के.जी. बीउ खरिद गरी प्रति परिवार ५/५ के.जी. का दरले वितरण गर्ने निर्णय गरियो ।

**शिक्षा, संस्कृति तथा स्वास्थ्य समिति :**

मिति २०७४।७।२५ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो:

क. भक्तपुर नगरव्यापी बाँसुरी बाजा प्रतियोगितामा टौमढी र दत्तात्रयको स्थलगत मूल्यांकन र ज्यालीको समेत मूल्यांकनबाट तपसिल बमोजिमका बाँसुरी बाजा समूहहरू तपसिल बमोजिमको अंक प्राप्त गरी तपसिल बमोजिमको स्थान हासिल गर्न सफल भएको निर्णय गरियो :

तपसिल

| क्र.सं | समूहको नाम | प्राप्तांक | हासिल स्थन |
|---|---|---|---|
| १ | नगांचा बाँसुरी बाजा समूह | ७९.६९ | प्रथम |
| २ | भक्तपुर म्युजिकल सर्कल | ७९.५३ | द्वितीय |
| ३ | पासा पुनः समूह | ७८.१४ | तृतीय |
| ४ | कविलाश नृत्यनाथ बाँसुरी बाजा समूह | ७७.१० | सान्त्वना |
| ५ | चोर्चा बाँसुरी बाजा समूह | ७६.८१ | सान्त्वना |
| ६ | श्री गुरु गणेश त्वचा बाँसुरी बाजा समूह | ७६.७१ | सहभागी |
| ७ | इताछें बाँसुरी बाजा समूह | ७६.६९ | सहभागी |
| ८ | श्वेत भैरव बाजं खलः | ७६.२३ | सहभागी |
| ९ | मको तचपाल बाँसुरी बाजा समूह | ७६.०० | सहभागी |
| १० | मान्धर बाँसुरी बाजा समूह | ७५.९४ | सहभागी |
| ११ | कमिचा गल्ली बाँसुरी बाजा समूह | ७५.६३ | सहभागी |
| १२ | जालांचा बाँसुरी बाजा समूह | ७५.०४ | सहभागी |
| १३ | कुमार वीर भद्रेश्वर बाँसुरी खलः | ७४.१९ | सहभागी |
| १४ | छ्मा गणेश बाँसुरी बाजा | ७३.५३ | सहभागी |
| १५ | खिंछे दाफा भजन खलः | ७३.४६ | सहभागी |
| १६ | महेश्वरी बाँसुरी बाजा समूह | ७२.६९ | सहभागी |
| १७ | बाईजु बाँसुरी परिवार | ७२.१९ | सहभागी |
| १८ | गणेश बाँसुरी बाजा समूह | ६९.१९ | सहभागी |
| १९ | श्री नित्यनाथ बाँसुरी बाजा खलः | ६७.३८ | सहभागी |
| २० | भक्तपुर बचत सहकारी संस्था लि. | ६६.०३ | सहभागी |
| २१ | तलेजु गणेश बाँसुरी बाजा खलः | ६५.८८ | सहभागी |
| २२ | लिवाली बाँसुरी बाजा समूह | | अनुपस्थित |

मिति २०७४।७।२६ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाको आयोजनामा यही २०७४ कार्तिक २५ गते सम्पन्न भक्तपुर नगरव्यापी बाँसुरी बाजा प्रतियोगिताको समीक्षा गरियो ।

ख. बाँसुरी बाजा प्रतियोगितामा निर्णायकको भूमिका निर्वाह गर्नु हुने सदस्यहरू तथा टाइम किपरहरू इन्द्र राजलवत र आशाराम गोठेलाई नियमानुसार पारिश्रमिक प्रदान गर्ने र ज्यालीमा नेपालको झण्डा र नगरपालिकाको झण्डा बोक्ने राष्ट्रिय र अन्तर्राष्ट्रिय खेलाडी द्वय कान्छीमैया कोजु र कृष्णेश्वरी सिन्ताकलालाई फ्रेमसहित धन्यवाद पत्र प्रदान गर्ने निर्णय गरियो ।

ग. यस भक्तपुर नगरपालिकाको अयोजना तथा भक्तपुर क्यान्सर अस्पतालसँगको प्राविधिक सहयोगमा यही २०७४ मंसिर ९ गते महिला स्वास्थ्य शिविर संचालन गर्ने निर्णय गरियो ।

मिति २०७४।७।२९ गते बसेको शिक्षा, संस्कृति तथा स्वास्थ्य समितिको निम्न निर्णयहरू अनुमोदन गर्ने निर्णय गरियो :

क. यस समितिको आयोजनामा यही २०७४ कार्तिक २५ गते शनिवार सम्पन्न भक्तपुर नगरव्यापी बाँसुरी बाजा प्रतियोगिताको विषयमा मूल्यांकनकर्ताहरूबीच सिंहावलोकन गरियो ।

बाँसुरी बाजा प्रतियोगिता भव्यताका साथ सम्पन्न गर्न विभिन्न क्षेत्रबाट सहयोग गर्ने सम्पूर्ण महानुभावहरूलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

## म्याद थप

सोलार बत्तीको म्याद थप म्याद थप सम्वन्धमा छलफल हुँदा देहायअनुसार गर्ने निणर्य गरियो :

| सि. नं. | योजना | वडा नं. | सम्पन्न गर्नु पर्ने | म्याद थपको माग |
|---|---|---|---|---|
| १ | वडा नं. ७ जगाति, हनुमानघाट सोलार सडक वत्ती जडान गर्ने कार्य | ७ | २०७४ असोज मसान्त | २०७४ मसिर मसान्त |
| २ | वडा नं. ७ इनाचो, वाँचुत्व सडक वत्ती जडान गर्ने कार्य | ७ | २०७४ असोज मसान्त | २०७४ मसिर मसान्त |
| ३ | वडा नं. ६ माहाकाली, भोलाछें र कासनघाट सोलार सडक वत्ती जडान गर्ने कार्य | ६ | २०७४ असार मसान्त | २०७४ मसिर मसान्त |
| ४ | वडा नं. ८ जेंला,र माहेश्वरी घाट सोलार सडक वत्ती जडान गर्ने कार्य | ८ | २०७४ असार मसान्त | २०७४ मसिर मसान्त |

## पेश्की फछ्र्यौट

| सि. नं. | योजना | वडा नं. | ल.ई. | मूल्यांकन | खूद खर्च | पेश्की | भुक्तानी दिनुपर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. ५ टौमढी सोलार सडक बत्ती जडान गर्ने कार्य | ५ | २११,१६८।३० | २२४,११७।०० | २०८,०००।०० | ७०,०००।०० | १३८,०००।०० | |
| २ | वडा नं. १० महालक्ष्मी, नागपोखरी सोलार सडक बत्ती जडान गर्ने कार्य | ६ | ५२७,९२०।२५ | ५४३,८६२।४६ | ५०५,०८५।४४ | १७०,०००।०० | ३३५,०८५।४४ | |
| ३ | वाकुपति नारायण भजन घरको छाना छाउने र न्हेपस्या देग मर्मत कार्य | ९ | २७७,४९०।१३ | २८७,६२५।६७ | २६२,८६५।९५ | ९२,०००।०० | ३५,८६५।०० | आर्थिक सहयोग १३५००० |
| ४ | बाराही पुलको पर्खाल (त:चो) मर्मत कार्य | ३ | ११३,७१७४९ | ९२,४२१।९० | ८२,२४९।५० | ४०,०००।०० | ४२,२४९।५० | |
| ५ | वडा नं. ९ झलर व्यवस्था कार्य | ९ | | | ५०,७५०।०० | ५०,०००।०० | ७५०।०० | |

## खर्च समर्थन

खर्च समर्थनबारे छलफल हुँदा निम्नअनुसार गर्ने निर्णय गरियो :

क. यस कार्यालयको वडा नं. १ मा विभिन्न पाटी, मठ, मन्दिरमा झलर व्यवस्था गर्न वडा अध्यक्ष श्री श्यामकृष्ण खत्रीबाट रु.५०,०००।- पेश्की लिनु भई कार्य सम्पन्न पछि रु.२९,२००।- खर्च फाँटवारी पेश गर्नु भएको र बाँकी रु.२०,८००।- बैंक दाखिला गर्नु भएको हुँदा निजको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ख. यस कार्यालयको वडा नं. २ मा विभिन्न मठ, मन्दिरमा झलर व्यवस्था गर्न वडा अध्यक्ष श्री हरिप्रसाद बासुकलाबाट रु.५०,०००।- पेश्की लिनु भई कार्य सम्पन्न पछि रु. ४९,७२०।- बराबरको खर्च फाँटवारी र बाँकी २८०- बैंक दालिखा भौचर पेश गर्नु भएको हुँदा निजको नामको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ग. यस कार्यालयको वडा नं. ६ मा विभिन्न पाटी, मठ मन्दिरमा झलर व्यवस्था गर्न वडा अध्यक्ष श्री हरिराम सुवालबाट रु.५०,०००।- पेश्की लिनु भई कार्य सम्पन्न पछि रु.१,१८,९७९।०७ फाँटवारी पेश गर्नु भएको हुँदा निजको पेश्की फछ्र्यौट गरी नपुग रु.६८,९७९।०७ भुक्तानी दिने निर्णय गरियो ।

घ. यस भक्तपुर नगरपालिका अन्तर्गत संचालित सवारी साधन मेशिनरी साधन पूजा गर्न दिलिप कुमार सुवाललाई रु.१,००,०००।- पेश्की लिई पूजा गरेको खर्च रु.९८,१४९।- बाँकी १,८५१।- बैंक दाखिला गरेको हुँदा उक्त खर्च समर्थन गरी निजको पेश्की फछ्र्यौट गर्ने निर्णय गरियो ।

ङ. मिति २०७४।७।९ गतेदेखि १३ गते सम्म भक्तपुर नगरपालिकाद्वारा संचालित खेलकुद प्रतियोगिताको उद्घाटन र विजयी खेलाडीहरूलाई पुरस्कार वितरण कार्यक्रमबाट रु.१,०५,४१२।- र मिति २०७४।७।२५ गते नगरव्यापी बाँसुरी बाजा प्रतियोगिताको पुरस्कार वितररण कार्यक्रमको खाजा खर्च रु.४८,१००।- समेत जम्मा १५,३,५१२।- खर्च समर्थन गरी भुक्तानी सूर्यविनायक रिसोर्टलाई दिने निर्णय गरियो ।

च. यस कार्यालयको मिति २०७४।६।७ देखि २६ सम्ममा विभिन्न मितिमा साउण्ड सिष्टम भाडा भुक्तानी रु.७९,३२६।- बासु इलेक्ट्रिकस ट्रेडलाई दिने निर्णय गरियो ।

छ. भक्तपुर नगरपालिकाद्वारा संचालित खेलकुद बाँसुरी बाजा मुल्यांकन समेत विभिन्न कार्यक्रमको रु.४४,१५०।- टेण्ट भाडा भुक्तानी भक्तपुर टेण्ट हाउसलाई दिने निर्णय गरियो ।

## विविध

विविध विषयमा छलफल हुँदा देहायअनुसार गर्ने निर्णय गरियो :

क. सफ्टवेयर संचालनको प्राविधिक सेवा शुल्क सम्बन्धमा : यस नगरपालिकाले खरिद गरी संचालनमा ल्याएको सांग्रिला माइक्रोसिष्टम र जियोसफ्ट प्रा.लि.का सफ्टवेयरहरूको सेवा शुल्क सम्बन्धमा सम्बन्धित कम्पनीहरूले मिति २०७४।६।२ मा दर्ता नं. क्रमशः १९४८ र १९४९ बाट दर्ता गरेको प्रस्तावअनुसार खरिद मूल्यको वार्षिक २० प्रतिशतका दरले बक्यौतासहित सेवा शुल्क उपलब्ध गराउने निर्णय गरियो ।

ख. वडा कार्यालयमार्फत सेवा प्रवाह सम्बन्धमा : यस नगरपालिका क्षेत्रको घर जग्गा कर असुल गर्न नगरपालिका कार्यालयको लागि सांग्रिला माइक्रोसिष्टमबाट खरिद गरिएको घर जग्गा करको सफ्ट्वेयर वडा वडामा समेत परीक्षणको रूपमा प्रयोग भैरहेकोमा उक्त सफ्ट्वेयर वडा कार्यालयबाटै स्थायी रूपमा संचालन गर्ने सम्बन्धमा उक्त कम्पनीबाट मिति २०७४।६।२ गते दर्ता नं. १९५२ बाट दर्ता गरेको प्रस्तावअनुसार प्रतिवडा रु.४४,०००।- (मु.अ.कर बाहेक) को दरमा भुक्तानी

गरी १० वटै वडा समितिमा प्रयोग गर्ने निर्णय गरियो ।

ग. लाल बैठक पुनः निर्माण सम्बन्धमा पूर्व निर्णयानुसार मल्लकालीन शैलीमा एकरूपता कायम हुने गरी पुनः निर्माण गर्न यस न.पा.बाट तयार गरेको ड्इङ्ग र डिजाइन पुरातत्त्व विभागमा लेखी पठाउने निर्णय गरियो ।

घ. निवेदक रामकेशरी सुवालले भक्तपुर न.पा. हाल २ साविक वडा नं. १० स्थित कित्ता नं. ५३४ क्षेत्रफल ०–०–३–२ भएको जग्गा र निवेदक बाबुराजा सुवालले भ.न.पा. हाल २ साविक वडा नं. १० स्थित कित्ता नं. ५३५ क्षेत्रफल ०–०–३–२ भएको जग्गामा साविक घर मिति २०७२।०१।१२ गतेको भूकम्पले पूर्ण क्षति भई पुनः निर्माणको लागि पेश भएकोमा पेश नक्साअनुसार प्रस्तावित घरको चौडाई ६'–४'' र ६'–३'' मात्र भएको र भ.न.पा.को भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड सम्बन्धी विनियमको ३.२.३ को ३.२.३.४ को बुँदामा भवनको मोहडा तथा न्यूनतम चौडाई २.४ मी. अथवा ८'–०'' हुनु पर्ने भन्ने व्यवस्था भएको सम्बन्धमा पेश नक्सा साविक कित्तामा साविक घर बनाउने हुँदा हाललाई ३ तल्लासम्मको नक्सा पासको लागि पेश गर्न लगाई दाँया बाँयाको कित्तामा ३ तल्लाभन्दा बढी तल्लामा घर बनेको अवस्थामा सो अनुसार जान सक्ने गरी घर निर्माण स्वीकृति दिने भनी निर्माण समितिबाट सिफारिस भई आएकोले सोहीअनुसार घर निर्माण स्वीकृति दिने निर्णय गरियो ।

## मिति २०७४ मंसिर २९ गते, शुक्रबार

## निर्णयहरू

### जग्गा खरिदबारे

साविक चित्तपोल गा.वि.स.वडा नं. १ हाल सूर्यविनायक नगरपालिका वडा नं. १० क्षेत्रभित्रको कम्तिमा गोरेटो बाटोसँग जोडिएको आधा रोपनीदेखि एक रोपनीसम्मको प्लट जग्गा आवश्यक भएको यस न.पा.का का.अ. गणेशलाल फोजूको संयोजकत्वमा गठित खरिद इकाई समितिलाई उपरोक्त अनुसारको जग्गा खरिद गर्न आवश्यक प्रक्रिया अगाडि बढाउन निर्देशन दिने निर्णय गरियो ।

### वाकीटाकी खरिदको दरभाउ

भक्तपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयको लागि आवश्यक पर्ने वाकीटाकी खरिद गर्न मिति २०७४।७।८ र पुनः मिति २०७४।७।२४ गते 'गोरखापत्र' मा प्रकाशित विज्ञापन अनुसार जम्मा ४ वटा सिलवन्दी दरभाउपत्र बिक्री भएकोमा पहिलो र दोश्रो पटकको विज्ञापन अनुसार जम्मा २ (दुई) वटा सिलवन्दी दरभाउपत्रहरू मिति २०७४।८।१ गते भ.न.पा. सभा कक्षमा दिनको १:०० बजे विभिन्न कार्यालयका प्रतिनिधिहरू र कर्मचारीहरूको रोहवरमा खोली बोलपत्र मूल्यांकन समितिमा छलफल हुँदा डिकेड ईन्टरनेशनल प्रा.लि., सामाखुसीको भ्याटबाहेक रु.१०,६१,०००।– अक्षरूपी दश लाख एकसाठी हजार र सि.एन. ईन्टरप्राईजेज्, काठमाण्डौंको भ्याटबाहेक रु.९,१३,८००।– अक्षरूपी नौ लाख तेऱ्ह हजार आठ सय मात्र उल्लेख भएको हुँदा नियमानुसार भएको र बोल रकममा सवभन्दा कम उल्लेख गर्ने सि.एन.ईन्टरप्राईजेज्को भ्याटबाहेक रु.९,१३,८००।– अक्षरूपी नौ लाख तेऱ्ह हजार आठ सयको सिलवन्दी दरभाउपत्र स्वीकृत गरी खरिद गर्ने भनी मिति २०७४।८।१२ गते बसेको बोलपत्र मूल्यांकन समितिबाट सिफारिस भई मिति २०७४।८।१३ गतेको 'मजदुर' दैनिक पत्रिकामा दरभाउपत्र स्वीकृतिको आशय पत्रसमेत प्रकाशित भइसकेको र म्यादभित्र कुनै पनि सप्लायर्सको दाबी विरोध पर्न नआएकोले सि.एन. ईन्टरप्राईजेज्को भ्याटबाहेक रु. ९,१३,८००।– नौ लाख तेऱ्ह हजार आठ सयको सिलवन्दी दरभाउपत्र स्वीकृति गर्ने निर्णय गरियो ।

### उपभोक्ता समिति अनुमोदन

भ.न.पा.को नयां भवनको सभा कक्ष र बैठक कक्षमा साउण्ड सिष्टम जडान गर्न आवश्यक सामानहरू खरिद गर्न आ.व. २०७४/०७५ मा सूचीकृत तीन वटा फर्महरूसँग दरभाउपत्र माग गर्दा सबभन्दा कम दररेट पेश गर्ने बास ईलेक्ट्रोनिक्स् ट्रेडको भ्याटसहित रु.२,९६,८१५।– भएकोले उक्त सिलवन्दी कोटेशन स्वीकृति गरी खरिद गर्ने निर्णय गरियो ।

### उपभोक्ता समिति अनुमोदन

उपभोक्ता समिति तथा अनुगमन तथा निरीक्षण अनुमोदन सम्बन्धमा छलफल हुँदा देहायअनुसार उपभोक्ता समिति गठन भै आएको अनुमोदन गर्ने निर्णय गरियो :

**क. योजनाको नाम :** भ.न.पा.वडा नं. ४ स्थित गपली गणेश मन्दिरदेखि सूर्यविनायक पार्टी भेन्यूसम्मको बाटोमा ढुंगा छपाइ कार्य/पदाधिकारीहरूको नाम :

१. अध्यक्ष : श्री कृष्णभक्त अवाल
२. सचिव : श्री तुल्सीकेशरी प्रजापति
३. कोषाध्यक्ष : श्री दिना नागा
४. सदस्य : श्री पूर्णकेशरी कसलवत
५. सदस्य : श्री राजकुमार शाही
६.सदस्य : श्री बलराम नागा
७. सदस्य : श्री विष्णुनारायण सुकुपायो
८.सदस्य : श्री लक्ष्मी त्वायना
९.सदस्य : श्री राधाकृष्ण शिल्पकार

**ख. योजनाको नाम :** भ.न.पा.वडा नं. १०

स्थित लान्चा पाटीदेखि पाईपलाइन जाने बाटोमा ग्राभेलिङ्ग कार्य / **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री मदन थापा
२. सचिव : श्री शिवबहादुर श्रेष्ठ
३. कोषाध्यक्ष : श्री विष्णुदेवी नेपाल
४. सदस्य : श्री बालकृष्ण पौं
५. सदस्य : श्री रमेश कर्माचार्य
६.सदस्य : श्री गोपिनी लामा
७. सदस्य : श्री नारायणबहादुर कार्की
८. सदस्य : श्री कान्छी प्रजापति
९. सदस्य : श्री एकबहादुर मल्ल ठकुरी

**ग. योजनाको नाम :** भ.न.पा.वडा नं. १० स्थित याताछेंस्थित उत्तराभिमुख नासद्योःसँगैको पाटी पुनःनिर्माण कार्य /**पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री सरोज सुवाल
२. उपाध्यक्ष : श्री नरेन्द्रमान सुवाल
३. सचिव : श्री सुनिल ह्यौंगोजु
४. कोषाध्यक्ष : श्री सृजना ह्यौंगोजु
५. सदस्य : श्री अनिल बुयो
६. सदस्य : श्री सुविन सुवाल
७.सदस्य : श्री सुन्दर सुवाल
८. सदस्य : श्री रामगोविन्द गोसाई
९. सदस्य : श्री रामलक्ष्मी बुयो

**घ. योजनाको नाम :** नृत्यनाथ पाटी पुन निर्माण कार्य योजना / **पदाधिकारीहरूको नाम**

१. अध्यक्ष : श्री रत्नभक्त प्रजापति
२. सचिव : श्री रवि प्रजापति
३. कोषाध्यक्ष : श्री लक्ष्मीश्वरी प्रजापति
४. उपाध्यक्ष : श्री राम प्रजापति
५. सदस्य : श्री दिपेन्द्र प्रजापति
६. सदस्य : श्री सत्यप्रसाद प्रजापति
७. सदस्य : श्री पंचमाया दुवाल
८. सदस्य : श्री कान्छा सायजु
९. सदस्य : श्री कृष्णश्वरी बासी

**अनुगमन तथा निरीक्षण समिति**

१. संयोजक – श्री कृष्णसागर बासी
२. सदस्य – श्री विवेक प्रजापति
३. सदस्य – श्री राज्यश्वरी प्रजापति
४. सदस्य – श्री नारायणभक्त प्रजापति
५. सदस्य – श्री प्रमिला प्रजापति

**ङ. योजनाको नाम :** श्री धालाखुसी कुवा जाने बाटो (धालाखुसी पुलदेखि कुवासम्म) मर्मत सुधार/ **पदाधिकारीहरूको नाम :**

१. अध्यक्ष : श्री श्यामकृष्ण त्वायना
२. सचिव : श्री प्रेमप्रसाद रेग्मी
३. कोषाध्यक्ष : श्री निर्मलाकुमारी रिजाल
४. सदस्य : श्री राजेन्द्र त्वायना
५. सदस्यः श्री ज्योति पाखरेल
६. सदस्यः श्री कृष्णप्रसाद सायजु
७. सदस्यः श्री कौशिला भण्डारी

**अनुगमन तथा सहजीकरण समिति**

१. संयोजक : श्री कृष्णप्रसाद सुवाल
२. सदस्य : श्री विकास शिल्पकार
३. सदस्यः श्री गंगालक्ष्मी वमनु
४. सदस्यः श्री विजयलक्ष्मी शिल्पकार
५. सदस्यः श्री रामेश्वरी त्वायना

**च. योजनाको नाम :** भनपा वडा नं. ७ इमेज स्कुल (थाथुमला) जाने बाटोमा ढुङ्गा छपाइ कार्य/ **पदाधिकारीहरूको नाम**

१. अध्यक्ष : श्री हरिबहादुर कवां
२. सचिव : श्री शिवकृष्ण कवां
३. कोषाध्यक्ष : श्री श्रृजना कवां
४. सदस्य : श्री मंगलभक्त गोसाई
५. सदस्य : श्री तुल्सीमाया गोसाई
६. सदस्य : श्री कृष्ण तचामो
७. सदस्य : श्री विष्णुकेशरी ह्योगोजु

**अनुगमन तथा सहजीकरण समिति**

१. संयोजक : श्री विष्णुभक्त कवां
२. सदस्य : श्री लक्ष्मीभक्त कवां
३. सदस्यः श्री रिजु कपाली

**छ. योजनाको नाम :** क्वाकचा बाटोमा ढल निकास व्यवस्थापन कार्य/ **पदाधिकारीहरूको नाम**

१. अध्यक्ष : श्री राजकुमार सुकुपायो
२. सचिव : श्री गिता दुमरु
३. कोषाध्यक्ष : श्री रिजु कपाली
४. सदस्य : श्री विष्णुभक्त सुकुपायो
५. सदस्य : श्री हेरादेवी शाही

**अनुगमन तथा सहजीकरण समिति**

१. संयोजक : श्री हेरा ख्याजु
२. सदस्य : श्री शर्मिला शाही
३. सदस्य : श्री कृष्णभक्त मचामसी

**ज. योजनाको नाम :** ऐतिहासिक भाजु पोखरी

संरक्षण कार्य र कालो माटो भर्ने कार्य/**पदाधिकारीहरूको नाम**

१. अध्यक्ष : श्री कृष्णप्रसाद दुमरु
२. सचिव : श्री गिता साख
३. कोषाध्यक्ष : श्री रन्जन वमनु
४. सदस्य : श्री कर्ण मगर
५. सदस्य : श्री जयराम त्वाती
६. सदस्य : श्री रामगोपाल वमनु
७. सदस्य : श्री रन्जना गारु
८. सदस्य : श्री विष्णुप्रसाद त्वाती
९. सदस्य : श्री सिता किलम्बु

**अनुगमन तथा सहजीकरण समिति**

१. संयोजक : श्री विश्वराज शिल्पकार
२. सदस्य : श्री हरिकृष्ण भुजु
३. सदस्य : श्री रविना दुवाल
४. सदस्य : श्री सुलोचना कोज
५. सदस्य : श्री सुस्मिता घिसिङ

## ल.ई. स्वीकृत

ल.ई.सम्बन्धमा छलफल हुँदा निम्नअनुसार गर्ने निर्णय गरियो :

**आ.व. २०७४।०७५ मा नपा/वडास्तरीय योजनाहरूको विवरण निर्माण समितिबाट स्वीकृत**

| निर्माण समितिबाट स्वीकृत | | | | | |
|---|---|---|---|---|---|
| सि.नं. | योजनाको नाम | वडा नं | ल.ई. रकम | रिभाइज ल.ई. रकम | कैफियत् |
| क | वडा स्तरीय योजनाहरू | | | | |
| १ | वडा न ४ गपलिस्थित गपलि गणेश मन्दिरदेखि सूर्यविनायक पाटी भेन्युसम्म बाटोमा ढुंगा छपाइ कार्य | ४ | ३६५४९०७।७१ | | वडा बजेट |
| २ | नासद्यो सँगैको पाटी पुन: निर्माण कार्य | १० | ६१४३०२।५८ | ७४७१५७।३७ | क्रमागत |
| ३ | सिथे गल्ली ईंटा छपाइ कार्य | ५ | ४७३,५४९।२० | | मर्मत बजेट |
| ४ | याताछें बाटोमा ईंटा छपाइ कार्य | ९ | ४१३,७७६।५२ | | सडक बोर्ड |
| ५ | कमलविनायक बसपार्कमा ईंटा छपाइ कार्य | ९ | ६२८,८६९।८४ | | सडक बोर्ड |
| ६ | कमलविनायकस्थित पेपर रिसाइकल बाउण्डरी वाल निर्माण कार्य | १० | ७३५,०४८।९३ | | मर्मत ब्रजेट |
| ७ | कमलविनायक पोखरी दक्षिणपट्टि चुहेको पानी रोकथाम कार्य | १० | ३०२,०२१।२० | | वडा बजेट |
| | नगर स्तरीय योजनाहरू | | | | |
| १ | वडा न १ वडा भवन निर्माण कार्य | १ | २३६२६७५५।९४ | | नपा बजेट |

**म्याद थप गर्ने सम्वन्धमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :**

| सि.नं. | योजना | वडा नं. | सम्पन्न गर्नु पर्ने | म्याद थपको माग |
|---|---|---|---|---|
| १ | निर्माणाधिन नपा भवनभित्रको पाटी निर्माण कार्य | २ | २०७४ असोज मसान्त | २०७४ पुस मसान्त |
| २ | निर्माणाधिन नपा भवनभित्र टुरिष्ट सूचना केन्द्र निर्माण कार्य | २ | २०७३ वैशाख मसान्त | २०७४ फागुण मसान्त |
| ३ | मुलाछें पाटी पुन: निर्माण कार्य | २ | २०७४ असार मसान्त | २०७४ चैत्र मसान्त |

## विविध

विविध विषयमा छलफल हुँदा निम्नानुसार गर्ने निर्णय गरियो :

क. भक्तपुर नगरपालिकाको ६८ औं स्थापना दिवस मिति २०७४ पुष २ गते आइतबार दिउंसो २:०० बजे प्रवचन कार्यक्रम गरी मनाउने निर्णय गरियो।

ख.दक्षिण पूर्वी एशियाली देशका प्रतिनिधिहरूको सहभागी हुने स्थानीय सुशासन सक्रियता र संजाल (Login) को यही मिति २०७४ मंसिर २७ गतेदेखि २९ गतेसम्म थाइल्याण्डको राजधानी व्याङकक्मा हुने महासभामा भाग लिन उपप्रमुख रजनी जोशीलाई भ.न.पा.बाट प्रतिनिधित्व गराउने निर्णय गरियो।

ग. भक्तपुर नगरपालिका साविक १४ नं. वडाको भूतपूर्व वडाध्यक्ष भक्तलाल दुवालको मिति २०७४।०८।१५ गते असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्ने निर्णय गरियो।

# sf-/f]x t sf]pDdbjf/L gkbf{



(नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नरायणमान बिजुक्छें (का.रोहित) ले सम्पन्न आमनिर्वाचन २०७४ मा उम्मेदवारी दिनुभएन । स्मरणीय छ देशमा बहुदलीय प्रजातन्त्र पुनःस्थपना यताका प्रतिनिधिसभा र संविधानसभा सदस्यका निर्वाचनहरूमा भक्तपुर क्षेत्र नं. १ बाट वहाँ वि.सं. २०४८, ०५१, ०५६, ०६४ र ०७० साल गरी पाँच पटक लगातार अत्यधिक मतले विजयी हुँदै आउनु भएको थियो । यस पटक उहाँले उम्मेदवारी नदिंदा राजनीतिक र बौद्धिक क्षेत्रले 'पुस्तान्तरण' र 'पुस्ता हस्तान्तरण' संज्ञा दिंदै पत्रपत्रिकामा विभिन्न टिपपणी र प्रतिक्रिया व्यक्त गरेका छन् । ती टिप्पणी र प्रतिक्रियाहरू मध्ये केही हाम्रा पाठकहरूको जानकारीको लागि साभार गरिएको छ– 'भक्तपुर' ।

## बिजुक्छेंबाट सिकौं

नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेले यसपालिको चुनावमा उम्मेदवारी दिएनन् । उनीजस्ता पार्टीका प्रभावशाली व्यक्तित्वलाई उम्मेदवार बन्न चाहेका भए कसैले पनि 'किन' भनेर प्रश्न गर्दैनथे । पार्टीभित्र मात्रै होइन, आफ्नो चुनावी क्षेत्रमा पनि उत्तिकै लोकप्रिय छवि बनाएका छन् उनले । हरेक निर्वाचनमा जनताले उनलाई सहर्ष स्विकार्दै आएका छन् । तर यसपालि आफू उम्मेदवार नबनेर पुस्तान्तरणको नयाँ अध्याय सुरु गरेका छन् । नेपाली राजनीतिमा पृथक र मौलिक मुद्दा उठाउँदै आएको उनको पार्टी राष्ट्रियताको सन्दर्भमा सबैभन्दा स्पष्ट पार्टीको रूपमा परिचित छ । भलै अन्य पार्टीको तुलनामा उनको संगठन कमजोर किन नहोस्, उनको पार्टीका कुनै पनि नेता भ्रष्टाचारजन्य कुनै पनि अभियोगमा मुछिएका छैनन् ।

नेता बिजुक्छेले देखाएको पुस्ता हस्तान्तरणको बाटोमा हिंड्ने हो भने घाटा कसैलाई पनि लाग्नेछैन । किनकि पुस्ता हस्तान्तरण हरेक पार्टीका लागि अनिवार्य आवश्यकता हो । पुस्ता हस्तान्तरण एवं अधिकार प्रत्यायोजन गर्दा पार्टी र नेता दुवैलाई फाइदा हुन्छ । तर कांग्रेस, एमाले, माओवादी, मधेसवादी, राप्रपालगायत मूलधारमा सक्रिय राजनीतिक दलका नेता पुस्ता हस्तान्तरण प्रक्रियामा असाध्यै कन्जुस छन् । मुलुकमा आर्थिक समृद्धिको कुरा गर्दा अन्य विकसित देशको उदाहरण दिने नेताले अन्य मुलुकका नेताहरूले गरेको पुस्ता हस्तान्तरणको प्रसंग उच्चारण नै गर्दैनन् ।

समयमा पुस्ता हस्तान्तरण नभएकै कारण हरेक चुनावमा हरेक दलका उम्मेदवारले बागी उम्मेदवारका साथै चुनावी परिणाममा आफ्नै दलको असहयोगको समेत सामना गर्नु परेको छ । पुस्ता हस्तान्तरणकै कारण कार्यकर्तामा निराशा छाएको छ भने राजनीतिक विषयमा अन्धो प्रहार गर्नेहरूलाईसमेत बल पुगेको छ । कतिपय विकसित मुलुकमा कुन उमेरसम्म सक्रिय राजनीति गर्ने र कति पटकसम्म प्रधानमन्त्री वा राष्ट्रपति हुनेसमेत लेखिएको छ । हाम्रो मुलुकका पार्टी नेताहरूको राजनीतिक संस्कार भने पुस्तैनी संस्कारमा अड्किएको छ वा रिटायर्ड भएपछि मात्रै छोराछोरी वा शीर्ष नेताहरूकै वरिपरि घुम्नेहरूलाई मात्रै स्थान दिने परम्परा छ । लगभग सबै पार्टीले घोषणापत्रमा लेखेका छन्, 'अब राजनीतिक आन्दोलन सकियो, अब आर्थिक समृद्धिको आन्दोलन हुनुपर्छ ।' वास्तवमै मुलुकलाई आर्थिक रूपमा समृद्ध बनाउने हो भने सबैभन्दा पहिला सबै पार्टीका अभिभावक नेताहरूले राजनीति छोड्नुपर्छ र पार्टीका विभिन्न तह र तप्कामा प्राविधिकहरू (इन्जिनियर, डाक्टर, समाजविज्ञ, मनोविज्ञ) लगायतलाई उचित स्थान दिनुपर्छ । कुनै पनि मुलुकको समृद्धि त्यति बेला सम्भव छ, जब मुलुकमा विकासको खाका कोर्न सक्ने व्यक्ति नीतिनिर्माण तहमा हुन्छ । अन्त जानै पर्दैन, राष्ट्रिय पुनर्निर्माण प्राधिकरणकै गतिलाई हेर्दा प्रस्ट हुन्छ । योग्यहरूलाई स्थान नदिंदा मुलुक कसरी क्रमशः पछाडि परिरहेको छ । वास्तवमै मुलुकको विकासका लागि हाम्रा दलका नेताहरू चिन्तित छन् भने तत्काल राजनीतिमा पुस्ता हस्तान्तरणको प्रक्रिया सुरु गर्नुपर्छ । अनि मात्रै मुलुकमा विकासले फड्को मार्ने सम्भावना रहन्छ ।

(राजधानी दैनिक २०७४।७।२१ को सम्पादकीयबाट)

# बिजुक्छेंको नौलो बाटो

*-गुणराज लुइँटेल*



नेपाल मजदुर किसान पार्टीको बैठकमा आगामी प्रतिनिधिसभा र प्रदेशसभामा उम्मेदवारीका निम्ति नामसूची अगाडि सारेपछि अन्य नेता तथा कार्यकर्ता आश्चर्यमा परे । आश्चर्य यसकारण थियो– जसमा बिजुक्छेंले त्यो सूचीमा आफ्नो नामै छुटाएका थिए ।

वास्तवमा त्यो उनले जानीजानी गरेका थिए । झण्डै २६ वर्ष अविच्छिन्न संसद् सदस्य रहेका बिजुक्छेंलाई लाग्यो– अब यसका निम्ति पुस्तान्तरण हुनुपर्छ । बिजुक्छें एकजना यस्ता नेता हुन् जसले आफैं सांसद हुने लोभ त्यागेर आफ्ना कार्यकर्तालाई अगाडि बढाउनु उचित ठाने ।

'यो मेरो रिटायरमेन्ट (अवकास) होइन'

हामीकहाँ नेताहरू उमेरले नेटो काटिसक्दा पनि आफूलाई युवा नेताका रूपमा प्रस्तुत गर्न छाड्दैनन् । हामीले निकट विगतबाटै देखेका छौं, कतिपय नेताले बालुवाटारमा सुतीसुती सरकार चलाएका छन् । बिरामी हुनु स्वाभाविक हो तर नयाँ नेतृत्वका लागि कार्यकर्तालाई तयार पारिएन भने त्यसबाट विस्तारै काम गर्न सक्नेहरू पाखा लाग्दै जानेछन् ।

'म अब पार्टीको काममा सक्रिय हुन्छु ।'

हामीकहाँ नेतृत्वको खडेरी परेको ठानिन्छ । राम्रो र सिद्धान्तनिष्ठ नेतृत्व नभएको पनि होइन । तर त्यस्ता नेताहरू विस्तारै राजनीतिक परिदृश्यबाट हराउँदै जाने खतरा भने बढ्दो छ । स्वाभाविक हो, आफ्ना 'मेन्टर' अर्थात् गुरु बिजुक्छेंले संसद्मा उम्मेदवारी नदिँदा कार्यकर्तालाई असजिलो लाग्नु ।

उनले पहिल्यै आफ्नो यो इच्छा प्रकट गरेका भए कार्यकर्ताले मान्ने थिएनन् । तर अचानक आएको यो प्रस्तावले धेरैलाई प्रतिक्रिया व्यक्त गर्ने अवस्थामा पनि पुऱ्याएन । उनी उम्मेदवारी दर्ता गर्ने ठाउँमा अन्य कार्यकर्तासँगै पुगे । कार्यकर्ताहरू त्यतिबेला छक्कै परे जतिबेला उनले उम्मेदवारी राखेनन् ।

'यो मेरो रिटायरमेन्ट (अवकास) होइन,' नागरिकसँगको अन्तर्वार्ता सकिएपछि बिजुक्छेंले भने, 'म अब पार्टीको काममा सक्रिय हुन्छु । पार्टीमा पनि नेतृत्व तयार गरेपछि त्यहाँ पनि यसै गरी नेतृत्व हस्तान्तरण गर्छु । म अब जिल्ला जिल्ला जान्छु ।'

विशेषगरी २०६२/०६३ यता दलका नेताहरूले राजनयिक व्यक्तित्व प्रदर्शन गर्न नसकेका बेला सर्वसाधारणमा निराशा छ । राजनेताको खडेरी परेका बेला बिजुक्छेंले आशा सञ्चारित गरेका छन् । उनी जस/अपजसभन्दा टाढा निरन्तर आफूलाई लागेको काम सिद्धान्तनिष्ठ ढंगले गर्ने नेता हुन् ।

२०५१ सालको संसदीय निर्वाचनपछि कुनै पनि दलको बहुमतको सरकार बन्न सक्ने स्थिति रहेन । त्यो बेला एमालेले सबैभन्दा ठूलो दलको नाताले अल्पमतको सरकार बनायो । त्यसपछि मुलुकको राजनीतिमा विकृति प्रवेश गरेको मानिन्छ ।

२०४८ सालको संसदीय निर्वाचनबाट बहुमतको सरकार बनाएको नेपाली कांग्रेसभित्र ३६से र ७४रे समूहको तनावका कारण मध्यावधि निर्वाचन भएको थियो । मध्यावधि निर्वाचनपछि सजिलो बहुमतको सरकार बनाउन सकिन्छ भन्ने तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको इच्छा पूरा हुन सकेन । बरु त्रिशंकु संसद्कालमा देखिएका विकृति माओवादी 'जनयुद्ध' र तत्कालीन राजाको शक्ति प्राप्त गर्ने इच्छाले गर्दा प्रजातन्त्रविरुद्धका गतिविधि हुन पुगे ।

मन्त्री बन्न, सुविधा लिन मारामार भएका बेला बिजुक्छेंलाई समेत कुनैबेला प्रधानमन्त्री बन्ने आग्रह दलका तर्फबाट नगएको होइन । तर उनले कहिल्यै प्रधानमन्त्री बन्ने इच्छा व्यक्त गरेनन् । आफ्नो दलले सरकार बनाउन सक्ने स्थिति नभएको हुँदा रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्नुपर्छ भन्ने उनलाई लागिरह्यो ।

त्यसैकारण उनले कहिल्यै पनि आफ्ना सांसदलाई सरकारमा जान दिएनन् । बरु सशक्त प्रतिपक्षको भूमिका निर्वाह गर्न तिनलाई उजिल्याइरहे । भर्खरै मुलुकमा प्रजातन्त्र



आएको हुँदा सांसदहरूका मनमा मन्त्री बनेर झण्डा हल्लाउने इच्छा हुनु स्वाभाविक हो। कुनैबेला दैलेख, जुम्ला आदि जिल्लाबाट समेत सांसद जिताएर ल्याउन सक्षम नेमकिपाका सांसदले दल छाडे। तिनीहरू एमालेमा प्रवेश गरेर मन्त्री पनि बने।

वास्तवमा पछिल्ला वर्षहरूमा राजनीति गर्नेहरूले अडान छाडेपछि विकृति बढ्न थालेको हो।

उनीहरू एमालेमा प्रवेश गरेपछि जहिल्यै बिजुक्छेंले संसद्मा अन्य विषयसँगै तिनलाई कारबाही हुनुपर्ने माग गर्थे। उनको आवाज संसद्मा सुनिने कुरा थिएन। तैपनि 'बुर्जुवा' संसद्मा सबैभन्दा जिम्मेवार संसदवादी नेताका रूपमा उनले आफूलाई प्रस्तुत गर्ने गरेको देखिन्थ्यो। संसद्मा बोल्दा पनि उनी र उनका सांसद तयारीसहित प्रस्तुत भएका देखिन्थे।

त्रिशंकु संसद्कालमा उनलाई फकाउन प्रमुख नेताहरू उनको भक्तपुरस्थित दलको कार्यालयमा भेट्न पुगिरहन्थे । त्यतिबेला रातिराति बैठक बस्ने भएका कारण हामी पनि उनको कार्यालयमा हुने निर्णयको प्रतीक्षामा रहन्थ्यौं। मध्यरात कटेपछि सकिने बैठकका दुईटा उद्धरण लिएर फर्कदा पनि त्यसले निकै अर्थ राख्थ्यो।

नेमकिपाले विचारको झिल्कोजस्तो गरी प्रभाव पार्न सक्छ भने ठूला दलका नेताहरूमा त्यस्तै इच्छाशक्ति हुने हो भने नेपाल बदलिन समय लाग्दैन।

नेताहरूले जति फकाउन खोजे पनि उनको निर्णय भने जहिल्यै आश्चर्यजनक हुन्थ्यो। निर्णय लोकप्रिय वा अलोकप्रिय जस्तो भए पनि नेमकिपाले आफ्नो अडान राखिरहन्थ्यो। वास्तवमा पछिल्ला वर्षहरूमा राजनीति गर्नेहरूले अडान छाडेपछि विकृति बढ्न थालेको हो। ठूलो दलले सरकार चलाउने र अरुले प्रतिपक्षमा बस्ने संसदीय शासन व्यवस्थाको मान्य सिद्धान्तविपरीत सबैजनाले सत्तापक्षको व्यवहार गर्ने र भागबन्डामा रमाउने गरेको देखिएको छ।

अझ पछिल्ला वर्षमा व्यापारी राजनीतिका लागि इच्छुक र राजनीतिक व्यक्ति व्यापारमा इच्छुक देखिन थालेका छन्। राजनीतिमा प्रवेश गरेपछि व्यापारीले आफ्ना अजेन्डा त्यसमार्फत् लागू गराउन सक्ने भए। माननीय भएपछि व्यापारीले सत्ताका संरचनामा हैकम पनि चलाउन सजिलो हुने भयो। सोझो हिसाबले व्यापार मात्र गर्छु भन्नेलाई अहिलेको पद्धतिभित्र असजिलो भइसकेको छ।

नेतृत्व हस्तान्तरणमा भने उनले मुलुकका लोकतान्त्रिक भनिने सबैजसो दललाई पछि पारेका छन्।

त्यसैगरी राजनीति भनेको अहिले बिनाजोखिमको व्यवसाय बन्न पुगेको छ। अन्य व्यवसायमा घाटाको जोखिम हुन्छ। राजनीतिसँगै व्यापार गरेपछि राजनीतिमात्र होइन अवकासको जीवन पनि सुखमय हुन्छ भन्ने मान्यता पलाएको छ। अझ मनी, मसल र माफियाको प्रयोग व्यापक हुन थालेको छ।

बिजुक्छेंको दलका नेताले केही लाख रुपियाँ खर्च गरी निर्वाचन जितिरहेका छन्। तर त्यही अवस्था अन्य ठाउँका उम्मेदवारका लागि छैन। त्यही भएर अहिले माफियागिरी, डनगिरी गर्नेहरूलाई सबैजसो दलले मौका दिएका छन्। दलहरूले स्थानीय स्रोत साधनको दोहन गर्ने, गिट्टी/बालुवा बेच्ने आदि व्यक्तिलाई सहर्ष निर्वाचनमा मौका दिनुको कारण पनि यही हो।

बिजुक्छेंको दलले भक्तपुरमा जितिकन कम्तीमा त्यहाँ आफ्नो पद्धति बसाएको छ। नगर सफा भएको छ। नगरभित्र शैक्षिक पूर्वाधारलाई मौका दिइएको छ। भक्तपुर नगरपालिकाभित्र हुने जति काम काठमाडौंमा किन हुन सक्दैन ? भक्तपुरसँग भन्दा बढ्ता स्रोत काठमाडौं महानगरपालिकामा पनि छ। यहाँ हुन नसक्नुको कारण नेतृत्वको असफलता हो।

एउटा सानो दल भएर पनि नेमकिपाले विचारको झिल्कोजस्तो गरी प्रभाव पार्न सक्छ भने ठूला दलका नेताहरूमा त्यस्तै इच्छाशक्ति हुने हो भने नेपाल बदलिन समय लाग्दैन। तर त्यसका लागि सैद्धान्तिक स्पष्टता, लोकतान्त्रिक व्यवहार र भ्रष्टाचार नगर्ने छवि हुनु आवश्यक छ। त्यतिमात्र होइन, सम्भावना भएका आफ्नो दलका युवा नेतालाई अघि सार्ने हो भने पनि अहिलेका धेरै समस्याको समाधान फेला पर्ने थियो।

१९९६ फागुन २६ मा जन्मेका बिजुक्छेंले मुलुकको राजनीतिमा पार्दै आएको प्रभावको मूल्यांकन अवश्य हुनेछ। २०४६ सालमा प्रजातन्त्र नआएको भए उनी शायदै यसरी सक्रिय हुन पाउने थिए। २०४५ सालको भूकम्पछि राहत वितरणको विषयमा भएको विवादले कर्णप्रसाद ह्योजुको हत्या भएपछि जेल परेका उनी जनआन्दोलन सफल भएपछि मात्र आफ्नो २० महिना लामो जेल जीवनबाट मुक्त भएका थिए।

२०३१ माघ ११ मा तत्कालीन कम्युनिस्ट नेता पुष्पलालसँग विवाद भई नेमकिपा स्थापना गरेका उनी अविच्छिन्न त्यसको नेतृत्वमा छन्। लाग्छ, उनी अब त्यसको विस्तार र नेतृत्व हस्तान्तरणका निम्ति पनि क्रियाशील छन्।

उनले आफ्नो राजनीतिक विस्तारका लागि जिल्ला जाने योजना शायद यसैका निम्ति बनाएका हुन् ।

साहित्यमा हरिबहादुर श्रेष्ठको नामले समेत चिनिएका नेता बिजुक्छें धेरै अर्थमा आफ्ना अभिव्यक्तिलाई सूत्रबद्ध गर्न सिपालु छन् । निरन्तर अध्ययन, चिन्तन र व्यवहारले मात्र यो तहको उचाइ हासिल गर्न सकिन्छ । राजधानी काठमाडौंमा छोटेमोटे नेताले समेत राज्यको सुरक्षा लिएर हिँडेका देखिन्छ । जनताका बीचमा हुर्केका नेतालाई राज्यको सुरक्षाभन्दा जनताको माया बढ्ता सुरक्षित हुन्छ । यो पाटो पनि अन्य नेताले सिके निकै राम्रो हुन्थ्यो ।

बिजुक्छें राजनीतिमा मात्र होइन, सर्वसाधारणका ससाना विषय समाधान गर्न पनि तयार हुन्छन् । कुनै बेला प्रज्ञा प्रतिष्ठानमा रहेका प्राज्ञहरूलाई हटाएर कांग्रेस, एमालेलगायतका दलले आफ्ना कार्यकर्ता राख्ने तयारीलाई संसदीय समितिबाटै तुहाइदिएका थिए । जिन्दगीभरि साहित्य सेवा गर्नेहरूलाई राज्यले केही सहयोग गरिरहे फरक पर्दैन भन्ने उनको मान्यता त्यहाँ रह्यो ।

कुनै पनि समस्या पर्नेले उनलाई गुहार्नासाथ दौडिहाल्छन् । भन्छन्, ‘दमकलजस्तो साथीहरूले बोलाए गइहालिन्छ ।’ हुनलाई बिजुक्छें उत्तर कोरियाली कम्युनिस्ट पार्टीले जस्तै ‘जुछे विचारधारा’ मान्छन् । तर नेतृत्व हस्तान्तरणमा भने उनले मुलुकका लोकतान्त्रिक भनिने सबैजसो दललाई पछि पारेका छन् ।

(नागरिक दैनिक, २०७४ कार्तिक २० बाट)


## ‘भक्तपुर’ मासिकलाई

नगर र नगरवासीको हित हुने ऐतिहासिक, सांस्कृतिक एवम् समसामयिक लेख रचना दिई सहयोग गर्नुहोस् ।

साथमा सम्वन्धित तस्बिरहरू भए प्राथमिकताकासाथ स्थान दिइनेछ ।


लेखकहरूले सम्पर्क फोन नं. पनि दिनुहोला ।

**रचना पठाउने ठेगाना :**

कमलविनायक (पुरानो जनस्वास्थ्य सेवा केन्द्र भवन)

email - bhaktapurmasik@gmail.com


# राष्ट्रिय राजनीतिमा ‘रोहित पुराण’



*-डा. सुन्दरमणि दीक्षित*

नीतिहरूमा सर्वश्रेष्ठ ‘राजनीति’ भनेको राज्य गर्ने नीति हो । त्यो नीति जसको अनुशरण गरेर राज्य गर्नेले जनतालाई सुख शान्ति दिन्छ, अनुशासित बनाउँछ, समृद्धशाली तुल्याउँछ र देशलाई सर्वत्र स्वाभिमानी बनाउँछ । तर यही महान् शब्दको सर्वत्र यति दुरूपयोग भएको छ कि यो शब्दसित त अब ‘गन्ध’ जोडिन थालेको छ । जनमानसमा यस्तो धारणा बनिसकेको छ कि राजनीति गर्न कोही जान्छ भने उसको व्यक्तित्वमा नै प्रश्न खडा हुनसक्छ । अहिलेकै नेपालको राजनीतिक अवस्था हेर्दा त लाग्छ, अझ तल झर्ने ठाउँ नै छैन । तर यो सत्य हैन किनकि हाम्रा राजनीतिकर्मी यति खप्पिस छन् कि यिनले अझै तल झर्न सकिने वातावरण नबनाउलान् भन्न सकिन्न । अस्थिर राजनीतिक खेलको इन्जिनको इन्धन त राज्य गर्नेहरूको स्वार्थ, पैसा र पदलोलुपता नै हो र यिनको अन्त कहिल्यै हुँदैन यहाँ किनकि त्यागी उच्चकोटीका नेताको खडेरी छ ।

एकैछिन विगत फर्कौं । कुनै दल आफ्नो संस्थापनको सिद्धान्तमा हिँडेका छैनन् । आफ्ना दार्शनिक सिद्धान्त लत्याएर स्वार्थमा फुटेका छन् । फेरि केही समयपछि तत्कालको स्वार्थका लागि जोडिन गएका छन् र जोडेको भाँडा चुहिएजस्तै सैद्धान्तिक प्रतिबद्धता चुहाएका छन् । सिद्धान्तका भाँडो खोक्रो बनाएका छन् । नेता र तिनका दलको यो गैरनैतिक, गैरराजनीतिक दार्शनिक सिद्धान्तका यस्ता चलखेलले जनतामा घृणा उत्पन्न हुनु स्वाभाविक हो । यो घृणा उत्पन्न हुनु पनि अति आवश्यक छ किनकि चुनाव तत्काल आउँदैछ र यिनै कुरा विचारेर मात्र जनताले भोट हाल्लान् जस्तो लाग्छ किन पनि भने जनता परिपक्व भइसकेका छन् । कुनै नेता या दलले आश्वासन दिँदैमा भड्किने या किनिने छैनन् । मत बिक्रीमा राख्ने छैनन् ।

सबै पार्टीका नेता पद ओगट्नेमा मात्र सीमित छन् । एउटै पार्टी भित्रभित्रै दुई/चार फ्याकमा विभाजित छन् । एकअर्कालाई गिराउने पक्षमा देखिन्छन् । यिनमा सिट बाँड्दा या पद दिँदा यति प्रतिशतको हिसाब लाग्छ । फुटेर जोडिएकाको लुछाचुँडले त झनै कमजोर हुने नै भए । प्रतिद्वन्द्वी रहँदा एकले अर्को नेतालाई लगाएको भ्रष्टाचारको आरोप र गाली जनमनमा गडिसकेको छ । यिनीहरू नै अंकमाल गरेर

के देखाउन खोजेका हुन् ? के जनतालाई अझै भेडा बाख्रा नै ठानेका हुन् त यिनले ? यस्ताबाट राष्ट्रले के पाउला ? कतै नयाँ संविधानअन्तर्गत हुँदै गरेको चुनावले पनि यस्तालाई मालिक र जनता नोकर नै बनाउने हो त ? यो निर्वाचनपछि पनि गुन्डागर्दी र माफिया हामीमाथि हावी हुने हो त ? चुनावमा नेताले यस्तैको सहयोग लिएपछि यस्तो अवस्था नआउला भन्न के बेर ? हाम्रा नदीनाला, ढुङ्गा–बालुवा, वनजंगल, जडीबुटी र चुरे जस्ता सम्पत्ति सबै बिक्री हुने त होइन ? चुलिएको महँगी र सर्वव्यापी सरकारी अड्डाका भ्रष्टाचार अझै झांगिने त होइन ? स्थानीय चुनावपछिको अवस्था हेर्दा त खासै आशाजनक देखिएको छैन । चुनावअगाडिका प्रतिबद्धता बिर्सिसकेका देखिन्छ अहिलेसम्मका गतिविधि हेर्दा ।

सुनिश्चित आफ्नो जितलाई उनले पार्टीको युवा पिँढी सुदृढ बनाउने हेतुले त्यागे । स्वार्थबाट अलगिएर पार्टीलाई नै बलियो र स्वच्छ राख्नुपर्छ भनेर त्यसतर्फ लागे ।

यस्तो गैरजिम्मेवार, असैद्धान्तिक र भ्रष्ट आचरण सर्वत्र राजनीतिमा देखिएका बेला, जताततै स्वार्थ र लोभले राजनीति डुबेको छ । यति नै बेला भक्तपुरका सुप्रिम कमान्डर नै भन्न मिल्ने तर त्यहाँका जनताका सच्चा अर्थमा सेवक भनेर चिनिने व्यक्तिले यसपालि चुनाव नलड्ने घोषणा गरेपछि भने यसले ठूलै तरंग सिर्जना गरेको छ । सुनिश्चित आफ्नो जितलाई उनले पार्टीको युवा पिँढी सुदृढ बनाउने हेतुले त्यागे । स्वार्थबाट अलगिएर पार्टीलाई नै बलियो र स्वच्छ राख्नुपर्छ भनेर त्यसतर्फ लागे । आज अन्य कुन पार्टीको कुन नेताले यस्तो त्याग देखाएका छन् ? २०४६ सालपछि तत्कालीन जनआन्दोलनका सुप्रिम कमान्डर गणेशमानलाई प्रधानमन्त्री भइदिन राजा वीरेन्द्रले गरेका आग्रह उनले त्यागेका थिए । तर ३० वर्षअघिको त्यो घटनापछि यहाँ राजनीतिक कुचक्रहरू चालिए । यस्तो राजनीतिक अन्धकार छाएका बेला भक्तपुरमा एउटा उच्च राजनीतिक सिद्धान्त, नैतिकता र त्यागको उदाहरणको उदय भएको छ ।


ठूला कुरा गर्ने नेताभन्दा काम गर्ने रोहित निकै उच्च कदका हुन् ।

यस्तो त्याग देखाउने व्यक्ति हुन् नारायणमान बिजुक्छें 'रोहित' । वर्तमान फोहोरी राजनीतिमा यो अचम्मलाग्दो विषय भए पनि उनको स्वभाव हेर्दा भने यो अपेक्षित थियो पनि । जसको निर्णय अन्य नेताहरूलाई पनि दबाब सिर्जना गर्न काफी देखिन्छ । रोहित संख्यात्मकरूपले सानो पार्टीका नेता भए पनि उनी ठूला काम गर्ने नेता हुन् । फोहोरी र गए/गुज्रेको भक्तपुर सहरलाई उनले जसरी आज उदाहरणीय पर्यटकीय थलो बनाएका छन्, त्यसबाट नै प्रस्ट हुन्छ कि ठूला कुरा गर्ने नेताभन्दा काम गर्ने रोहित निकै उच्च कदका हुन् ।

मैले रोहितलाई २०३० सालतिर चिनेको हुँ । वीर अस्पतालमा काम गर्दा हप्ताको एक पटक मंगलबार भक्तपुर अस्पतालमा सेवा दिन सरकारले खटाएको थियो । त्यसबेला भक्तपुर अस्पतालमा डा. अशोकानन्द मिश्र नामक उदाहरणीय व्यक्ति मेडिकल अफिसर थिए । उनको श्रद्धा वामपन्थी विचार र चे गुवेभाराप्रति थियो । त्यसैले होला उनी रोहितका मित्र थिए । यिनै डाक्टरमार्फत रोहितसँग मेरो परिचय भएको थियो जुन सम्बन्ध अहिलेसम्म राम्रो छ । मैले चिनेका रोहित सिद्धान्तवादी, मन्त्री हुने चाहना पटक्कै नभएको र जनसेवामा मात्र रुचि राख्ने व्यक्ति हुन् ।

उनको पार्टीले हरेक वर्ष तिहारताका एउटा चियापान जमघट (तःमुंज्या ?) गर्थ्यो भक्तपुरमा । मलाई पनि निम्ता हुन्थ्यो । एकपटक म मञ्चमा थिएँ तर रोहित भने तल दर्शकमाझ थिए । यो साद्गीपन र कुनै उच्च पदमा जाने चाहना नभएको उनको व्यक्तित्वलाई लिएर सम्बोधनमा भनेथेँ– 'रोहितजी अब तल नबसेर माथि नै आउनुपर्छ मुलुकका लागि ।' आसय थियो कि उनी मन्त्री बनेर मुलुकमा विकास गर्न लाग्नुपर्छ । सोही भेलामा सहभागी खगेन्द्र संग्रौलाले एक लेखमार्फत मेरो कुरा काट्दै 'रोहितजीले तलै बसेको बेस हुन्छ' भनेर लेख्दै तलै बस्ने उनको सोचको प्रशंसासमेत गरेका थिए ।

रोहित कति संवेदनशील र दूरदर्शी छन् भन्ने अर्को सम्झना पनि ताजै छ– २०४६ सालको आन्दोलनलगत्तै मधेसी नेताहरूले खुल्लामञ्चमा हिन्दीमा भाषण गरे । त्यहाँ पञ्चका गुन्डाले पत्थरबाजी र ढुङ्गा प्रहार गरे ।



धेरै मेधसी नेता/कार्यकर्ता घाइते भए। म त्यसबेला वीर अस्पतालमै कार्यरत थिएँ र तिनको उपचारमा संलग्न भएँ। यो घटनाले नेपालमा पहाड र मधेसबीच साम्प्रदायिक मनमुटाव आउला भन्ने डरले भोलिपल्टै समय मिलाएर त्यसबेलाका मधेसका सर्वश्रेष्ठ नेता गजेन्द्रनारायण सिंह भेट्न कालीमाटीमा उनी बसेका शंकर केडियाको घरमा पुगेँ। सर्वोच्च न्यायालयमा काम गर्ने वकिल पिताम्बर सिलवाललाई लिएर गएँ। गजेन्द्रबाबुसित मेरो प्रार्थना थियो कि यस घटनालाई साम्प्रदायिक नजरले नहेरियोस् र यो घटना पञ्चले गराएका हुन् भनेर लिइयोस् जुन सत्य पनि थियो। सिंह पूरै सहमत भए र भने– 'डाक्टरसाब भोलि हामी मधेसीको जुलुस लिएर सिंहदरबारतर्फ जाँदैछौँ प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईलाई ज्ञापनपत्र बुझाउन। तपाईँले अन्य दललाई पनि खबर गर्नुहोस् र यो जुलुसमा साथ दिनूस् भनिदिनुहोस्।' मैले त्यसबेलाको आन्दोलन गर्ने सबै ठूला पार्टीका साथै रोहितलाई पनि खबर गरेँ। तर दुर्भाग्य, जुलुसमा त्यसबेलाका दुई ठूला पार्टी आइदिएनन्। आयो त खाली नेमकिपा मधेसलाई समर्थन दिन।

यो घटनाले देशको अखण्डता र शान्तिप्रति रोहितको दूरदर्शिता र प्रतिबद्धता झल्काउँछ। आज जुन समस्या मधेसमा आइपरेको छ, त्यो त्यसबेलाका अन्य ठूला–ठूला नेताले त्यो प्रारम्भिक घटनालाई मामुलीतवरमा लिएर बेवास्ता गरेकाले आएको हो। रोहितले मात्र समस्याको गहिराइ त्यसबेला बुझेको जस्तो लाग्छ मलाई। अन्य पार्टी र नेताले त्यसबेला आफ्नो पूरै बलले मधेसीमाथि भएको अन्यायको विरोधमा त्यो जुलुसमा भाग लिएको भए या विरोध गरिदिएको भए अहिलेको यो समस्याको वृक्ष नै हुर्कन पाउँदैनथ्यो होला। त्यसैले पार्टी ठूलो हुँदैमा या नेता सधैँ सञ्चारमाध्यममा चर्चित हुँदैमा मुलुकको हित हुँदोरहेनछ।

पार्टी ठूलो हुँदैमा या नेता सधैँ सञ्चारमाध्यममा चर्चित हुँदैमा मुलुकको हित हुँदोरहेनछ।

सधैँ टेलिभिजनमा छाइरहने अहिलेका ठूला नेताले भाषणमाथि भाषण र आश्वासनमाथि आश्वासन दिएको सुन्दा र देख्दा के भान हुन्छ भने यिनले समस्या अध्ययन नै नगरी खोक्रो बोलिराखेका छन्। उनले जनताको आवाज सुनेर आफूलाई सच्चाएको पनि देखिन्न। यहाँ यही सिलसिलामा रोहितबारे भनुँ– हालै कुनै एक अनुचित घटनालाई नेमकिपाले समर्थन गरेको भनेर पत्रिकामा आयो। लगत्तै एक कार्यक्रममा मैले 'नेमकिपाले ठूलो गल्ती गर्‍यो र यस्तो कुरा रोहितको पार्टीले गर्छ भन्ने म सोच्न पनि सक्दिन' भनेँ। त्यो कुरा रोहितसमक्ष कसैले पुर्‍याएछ। मलाई तुरुन्तै नेमकिपाका सांसद प्रेम सुवालले फोन गरेर भेट्ने कुरा गरे। पछि देख्छु त, सुवालसँगै रोहित पनि आएका रहेछन्। छक्क परेँ। दुवैजनाले त्यो विवादित घटना नभएको प्रमाणसहित मलाई चित्त बुझ्नेगरी बुझाए। उनीहरू जनताको एकल आवाजलाई पनि कति महत्त्व दिँदारहेछन् भन्ने यसबाट प्रस्टिन्छ। लोकतन्त्रमा यसो हुनुपर्छ भन्ने थाहा थियो तर त्यसको सही कार्यान्वयन यहाँ देखियो। साधारणतः नागरिक समाजले सही सल्लाह दिन खोज्दा कति नेता हामीबाट तर्सेर भाग्छन् र भेट्नै दिन्नन् किनकि उनीहरू आफ्ना कर्तुतबारे हामीलाई सफाइ दिनै सक्दैनन् तर यहाँ एउटा घटनाबारे साधारण मञ्चबाट एउटा व्यक्तिले बोलेको कुरालाई पनि यत्रो महत्त्व दिएर पार्टीकै सर्वोच्च नेता भेट्नै आउँछन् र चित्त बुझाएर फर्कन्छन्। यस्ता नेता भएपछि भक्तपुर किन नबनोस् ? अरु केहीमात्र पनि यस्तै नेता भए के मुलुक बन्दैनथ्यो र ?

रोहितका धेरै अवगुण पनि होलान् जुन मलाई थाहा नभएको। तर उनले राष्ट्रका लागि गरेर देखाएका काम, उनले देखाएका राजनीतिक सैद्धान्तिक कदमको मात्रै चर्चा यहाँ गर्न खोजिएको हो। उनलाई पूरै चिरफार गर्न खोजिएको हैन। त्यसैले हामी प्रार्थना गरौँ कि मुलुकका सबै नेताले केही मात्रामा भए पनि नारायणमान बिजुक्छे 'रोहित' जस्तै हुन र गर्न सिकून्। उनको त्याग, सिद्धान्त र कार्यशैली अध्ययन गरुन् र प्रेरणा लिउन्। दत्तात्रयका धेरै गुरु थिए र त्यसैले सबैसित सही शिक्षा लिएर उनी महान् सन्त भए। हाम्रा नेताहरूले पनि राम्रो शिक्षा जताबाट होस् लिएर जनताको सेवामा लागे मुलुकले अरु बढी दुःख भोग्न नपर्ने थियो कि ? र, अनिमात्र सर्वश्रेष्ठ राज्य गर्ने नीतिले दर्शाएको 'सर्वेभवन्तु सुखिनः' को अनुभव गर्न र भोग्न पाउने थियो कि ? 'राजनीति' को सही अर्थ तबमात्र सार्थक हुने थियो।

(नागरिक दैनिक, २०७४ कार्तिक २७ बाट)

**भक्तपुर नगरलाई स्वच्छ र सफा राखौं**

भक्तपुर नगरपालिकाले
हरेक महिनाको १ गते र १५ गते
नगरका विभिन्न स्थानमा सफाइ कार्यक्रम
गरिरहेको छ।
यस पुनित कार्यमा सहयोग गरिदिनु हुन
सम्पूर्ण नगरवासीहरूमा हार्दिक अनुरोध
गर्दछ।

# सामाजिक सञ्जालका केही टिप्पणी

भर्खरै थाहा पाएँ– नारायणमान बिजुक्छें यसपालि सङ्घीय चुनावमा आफू उठ्नु भएनछ, उहाँको पार्टीले अर्को पुस्ताका नेता प्रेम सुवाललाई उठाएछ । यो अत्यन्त सराहनीय कदम हो । अरु पार्टीले पनि युवा पुस्ता (वा कम्तीमा तुलनात्मक रूपमा कान्छो पुस्ता) लाई विश्वास गर्न सिकोस् । यसरी हो संस्था र नेतृत्वले निरन्तरता पाउने ।

– *सरोज धिताल*

सत्ताको निम्ति लिसो झैं नटाँसिने, तर निष्ठा ज्यान गए नछोड्ने विरला कोटीका नेता नारायणमान बिजुक्छें– प्रखर छन्, मार्क्सवादी हुन् । हुन त राष्ट्रवादी ।

खिलराजको ठाउँमा प्रधानमन्त्रीको निम्ति उनी उबेलै उपयुक्त पात्र थिए । जे कारणले उनी बनाईएनन् ती कारण उल्टेलान् र ? समाज घोत्लिन थालेको छ । पुष्पलाललाई हटाउने शक्ति र प्रवृत्तिको पोल पनि खुल्न थालेको छ । समाज पाको हुँदैछ ।

जे जसरी भए पनि सत्ता थाम्न या सत्तामा पहुँच पुऱ्याउन हारालुछमा अभ्यस्त रहेको नेपाली राजनीतिको वर्तमान उपरी चलन चल्तीलाई उल्ल्याउन नारायणमानले ।

राजनीतिलाई प्रतिबद्ध दोस्रो पुस्तामा हस्तान्तरण गरेर भावी राजनीतिमा नयाँ मोड दिएका छन् । त्यसो त यो बिंडो उठाउने श्रेय गणेशमानलाई जान्छ । तर त्यसले उतिबेला नयाँ मोड नै दिन भने सकेन । बरु उल्टै स्वयम् गणेशमानलाई र उनको ध्येयलाई मद्दत गरेन । सायद, ऊ बेला अहिले जस्तो परिस्थिति परिपक्व बनिसकेको थिएन ।

मूल्य र सामाजिक मिशनको राजनीति कदापि निरर्थक होइन र हुन सक्दैन ।

– *टंक कार्की*

उच्च सम्मान छ बिजुक्छेंलाई !!!

मेरो बिजुक्छेंसँग राजनैतिक विचार मिल्दैन । तर पनि म आज नेपाल मजदुर किसान पार्टीका अध्यक्ष तथा पूर्व सांसद नारायणमान बिजुक्छें 'रोहित' लाई उच्च सम्मान प्रकट गर्दछु । शिष्ट स्वभाव भएका मृदुभाषी, नेमकिपाको स्थापनादेखि अध्यक्ष र संसदमा चुनाव लडेदेखि भक्तपुरबाट कहिल्यै नहारेका, नथाकेका, शालीन व्यक्तित्वका धनी अहिलेको निर्वाचनमा उनले (सम्भवतः उनको विजय सुनिश्चित थियो) उम्मेदवार नबनेर पुस्तान्तरण अर्थात् दोस्रो पुस्तालाई उम्मेदवार बनाएर अदम्य साहस देखाए । उनलाई म उच्च सम्मान प्रकट गर्छु । अन्य राजनीतिक दलका नेताहरू पनि श्रद्धेय बिजुक्छेंबाट पाठ सिक्दै, 'पुस्तानेतृत्वरण' युवा पुस्तालाई हस्तान्तरण गर्नेतर्फ विचार पुऱ्याउलान् कि ?

– *सुप्रभात भण्डारी*

यो नेपालमा एकथरी पिण्ड खाने बेलामा पनि राजनीतिमा होइन पदको लागि सक्रिय हुन्छन् भने युवा पुस्तालाई पद र अवसर दिने नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छें कतिलाई असहज लाग्छन् । तर हुनुपर्ने त यही नै हो ।

राजनेता भन्न सुहाउने एकमात्र व्यक्ति । युवा पुस्तालाई हस्तान्तरण गर्ने कार्य अरुले सिक्ने अवस्था छैन, नेपालमा । आर्यघाटमा पुगेरमात्र हस्तान्तरण होला ।

– *गौरीबहादुर कार्की*

नारायणमान बिजुक्छें, कामरेड रोहितलाई गाली गर्नेले उहाँको आदर्श र त्यागको कदर मात्रै गरे पुग्ने भो । किनभने उहाँ जत्तिको कोही देखिएन है ।

– तीर्थ कोइराला

नारायणमान बिजुक्छें उमेरले बुढा भए, चुनावमा उम्मेदवारी त्यागे । समकालीन दमननाथ ढुंगाना जवान भए, चुनाव लड्न आए ।

– *महेश्वर श्रेष्ठ*

लौरो नटेक्दै,
सिंहदरबार धाउने हुत्ती हुँदाहुँदै,
जित्ने सम्भावना प्रवल रहँदारहँदै
युवाहरूलाई स्थान दिनुभएछ ।
का. बिजुक्छें !
राजनैतिक सामन्तवादबाट
तपाई आज मुक्त हुनुभो ।
बधाई छ !! अबको बाँकी
जीवन समाजवादको वैचारिक होमवर्क गर्न लाग्नुहुनेछ ।
अपेक्षा पनि ।

– *जागृत रायमाझी*

मैले उनी संरक्षक भएको ख्वप इन्जिनियरिङ्गमा पढाउँदादेखिको कुरा उनी भ्रष्टाचार नगर्ने निकै कम कम्युनिष्ट नेतामध्येका मान्छे हुन् ।

–कुसुम ज्ञवाली

सहमत दाजै । निष्ठा, आदर्श र नैतिकताको राजनीति गर्छन् । सम्पदा बचाएरै विकास गरेका छन् । '१०० वर्षपछिको भक्तपुर' नामको पुस्तकसमेत लेखेका छन् ।

– *शब्दचित्र*

'म बुढो भएँ, नयाँ पुस्ता सक्षम छ ।' नेपाली राजनीतिमा यसो भनिनु/गर्नु दुर्लभ । पदप्रति हुरुक्क/हिरिक्क

गर्नेलाई पाठ मिलोस्। बिजुक्छेंको जय होस् !

*– शब्दचित्र*

सहमत। हो, अग्रज नेता बिजुक्छेंको कदमबाट अन्य धेरै नेताजीहरूले पनि पाठ सिकून्।

– मुमाराम खनाल

२०४८ सालदेखि नबिराइकन आफू र आफन्तलाई मात्रै टिकट लिंदै र बाँड्दै आएका साना तथा ठूला दलका नेताले नारायणमान बिजुक्छेंका असल गुणबाट केही सिके आभार।

*– रामप्रकाश अधिकारी*

श्रीमती, छोरा, छोरी, ज्वाइँ, तस्कर, गुण्डा, आफन्तजन र नातागोतालाई उम्मेदवार बनाउन यति ठूला यत्न-प्रयत्नहरू चलेका बेला कामरेड रोहितले जित सुनिश्चित हुँदाहुँदै उम्मेदवारी दोस्रो पुस्तामा हस्तान्तरण गर्नुभयो। उहाँजस्तो अग्रज भएका कारण मनलाई सान्त्वना दिने ठाउँ त अलिअलि बाँकी भएको हो। कामरेड रोहित हृदयदेखिकै हार्दिक सम्मान र सलाम !!!

*– मातृका पोखरेल*

*(श्रमिक साप्ताहिक २०७४ कार्तिक २८ बाट)*

## अप्रत्याशितरूपमा बिजुक्छें बाहिरिए, ढुंगाना भित्रिए

*– पुष्कर बुढाकोकी, भक्तपुर*

...भक्तपुर क्षेत्र नं. १ को प्रतिनिसिभातर्फ नेपाल मजदुर किसान पार्टीको राम्रो पक्कड छ। भक्तपुर नगरपालिका नेमकिपाको लालकिल्लाको रूपमा स्थापित भएकाले प्रतिनिधिसभामा नेमकिपाका उम्मेदवारलाई पराजित गर्न अरु दललाई मुस्किल पर्ने देखिन्छ। नेमकिपाका अध्यक्ष नारायणमान बिजुक्छेंले विजय हासिल गर्दै आएको यो क्षेत्रमा यसपटक बिजुक्छेंले प्रेम सुवाललाई उम्मेदवार बनाए पनि नेमकिपाको भोटमा खासै असर नपर्ने विश्लेषण गरिएको छ। ...

**बिजुक्छें बाहिरिए, ढुंगाना भित्रिए**

लगातार ५ पटक चुनाव जितेका नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंले यो पटक उम्मेदवार दिनुभएन। नयाँ पुस्तालाई अवसर दिन आफू चुनावमा नउठ्ने निर्णय गरेको उहाँले सञ्चारकर्मीलाई बताउनुभयो। अध्यक्ष बिजुक्छें अब पार्टी संगठन सुदृढीकरणमा केन्द्रित हुने नेमकिपा नेता प्रेम सुवालले बताउनुभयो। यता अग्रज नेता बिजुक्छें संसदीय राजनीतिबाट टाढिन लाग्दा काठमाडौं निवासी कांग्रेसका अग्रज नेता तथा पूर्वसभामुख दमनाथ ढुंगाना भने भक्तपुरमा आएर चुनावी प्रतिस्पर्धामा उत्रनु भएको छ। यसरी हेर्दा भक्तपुरमा एकैपटक २ चुनावी विषय जिल्लावासीका लागि आश्चर्यचकित पार्ने विषय भएका छन्। बिजुक्छें यसपटक पनि चुनाव लड्छन् भन्ने धेरैको आँकलन थियो भने पछिल्लो समय राजनीतिमा धेरै सक्रिय नदेखिएका ढुंगाना भक्तपुरबाट उठ्छन् भन्ने जिल्लावासीले सोचेकै थिएनन्।

*(नेपाल समाचार पत्र दैनिक, २०७४ कार्तिक २८ बाट)*

## नेपाली राजनीतिमा रोहितको छाप

'रोहित' यानी नारायणमान बिजुक्छें नेपाली राजनीतिका अति नै अभिन्न पात्र हुन् तर उनी अन्य नेताभन्दा निकै भिन्न प्रकारका पनि छन्। यो कुरा उनका विभिन्न अभिव्यक्ति र चालचलनबाट प्रस्ट हुन्छ। हालैको आम चुनावको मुखमा आएर उनले अब आइन्दा चुनाव नलड्ने र नयाँ तथा सक्षम युवालाई मौका दिने घोषणा सार्वजनिक गर्नुका साथै सोही अनुरूप चलेकाले उनी अरुभन्दा अझ भिन्न नेतासमेत हुन पुगेका छन्। गत स्थानीय निर्वाचनमा उनको पार्टीले आफ्नो इलाका सम्पूर्ण ठाउँमा चुनाव जित्न सफल भएको बेलामा पनि आफू अब चुनाव नलड्ने घोषणा गर्नु भनेको आजको हाम्रो राजनीतिक अवस्थामा निकै ठूलो त्याग हो भने प्रजातन्त्र र सबल राजनीतिमा विश्वास गर्ने सबैले सिद्धान्ततः उमेर, स्वास्थ्य र अन्य कारणले गर्दा स्व-अवकाश लिँदै जानुपर्ने अनिवार्यता पनि हो।

तर आज हामीले शायद कुनै एकजनाको मात्र पनि नाम लिन सक्दैनौं होला जसले नेपालमा उमेर, स्वास्थ्य वा अन्य कारणले गर्दा राजनीतिमा योगदान दिन नसक्ने भएकाले स्व-अवकाश लिएको होस्। बरु कृष्णप्रसाद भट्टराई र गणेशमान सिंहले त्यतिबेलाको राजनीतिमा आफ्नै सहयोद्धा र पार्टीको समर्थन र सहयोग पाउन नसकेपछि विरक्तिएर आधिकारिक रूपमा अवकाश नलिए पनि पछि हट्दै गएका थिए राजनीतिबाट। तर रोहित, जो अझ पनि स्वास्थ्यको हिसाबले निकै तन्दुरुस्त छन्, उनले अबका दिनहरूमा होस्टेमा हैंसे गर्न युवाहरूलाई हौस्याउने र सक्रिय राजनीतिबाट अलिक टाढा रहेर बौद्धिक कसरत र लेखपढमा ज्यादा समय बिताउने विचार राखेकामा सबैतिर उनको बडो तारिफ भएको छ।

पञ्चायतकालमा तत्कालीन प्रधानमन्त्री आफै 'रोहितलाई फाँसी दे' भनेर जुलुसमा सामेल भएकोबाट पनि त्यतिबेलाका शासकसमेत उनी र उनको राजनीतिक प्रभावबाट कति त्रसित थिए भन्ने प्रस्ट हुन्छ। त्यो बेलादेखि आजको

दिनसम्म उनले आफ्नो छवि स्वच्छ नै राख्न सकेको, उपत्यकाका तीन ठूला ऐतिहासिक सहरमध्ये भक्तपुरलाई आधुनिक विकृतिहरूबाट टाढै राखेर त्यहाँका ऐतिहासिक र सांस्कृतिक धरोहरहरू मूल्य र मान्यतालाई बचाएर राख्न सकेको तथा उनको विकल्पमा आजसम्म कसैलाई पनि त्यो इलाकाका जनताले पत्याउन नसकेकोबाट पनि रोहित को हुन् भन्ने कुरा प्रस्ट हुन्छ ।

मैले उनीसँग संगत गरेको करिव ३५ वर्ष भयो । उनी मेरा विद्वान् पिता गोविन्दप्रसाद लोहनीका शिष्य, अभिन्न मित्र तथा हितचिन्तकसमेत हुन् । कुनैबेला पत्रकारितामा सक्रिय भएर लागिपर्दा म आफैं पनि रोहितको भक्तपुरस्थित निवास र कार्यालयमा कैयन् पटक राय–सल्लाह लिन र उनका विचार बुझ्न गएको छु । उनी वामपन्थ र राजनीतिमा मात्र नभई इतिहास, संस्कृति र दर्शनका पनि ज्ञाता हुन् । त्यसैले नै उनले आज भक्तपुरको ऐतिहासिक सम्पदा र संस्कृति बचाउनमात्र योगदान दिएका छैनन् बरु त्यहाँका बासिन्दालाई पनि आफ्ना पुर्खाले सिर्जना गरेका धरोहरहरूको रक्षा गर्ने मन्त्र उनीहरूको मन–मस्तिष्कभित्र घुसाइदिएका छन् ।

समग्रमा भन्नुपर्दा रोहितले राजनीतिबाट (संसदीय चुनावी प्रतिस्पर्धाबाट ? – भक्तपुर) अवकास लिए पनि आगामी दिनहरूमा पनि उनले जनताको माझमा यसैगरी एउटा सक्रिय तथा उदाहरणीय व्यक्तित्व भएर आफ्नो तर्फबाट समाजमा सकारात्मक भूमिका खेली नै रहनुपर्छ भने उनले भविष्यमा एउटा सच्चा राजनेता बनेर राष्ट्रको उच्चतम नेतृत्वसमेत सही अर्थमा सम्हाल्नु पर्ने अवस्था पनि स्वीकार्नुपर्ने हुनसक्छ । उनको त्याग र सुविचार सदा रहिरहोस् र अरु नेताले पनि उनका पथ र विचार पछ्याउन सकून्, यही नै म जस्ताको कामना छ ।

*कपिलप्रसाद लोहनी*

kapillohani@gmail.com

(नागरिक दैनिक, २०७४ मंसिर १ बाट)


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

ब्यासी, भक्तपुर-२

## जग्गावाला र मोहीबीच जग्गा बाँडफाँडको लागि निवेदन पेश गर्ने म्यादसम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा नेपाल राजपत्र भाग ५ खण्ड ६६ सङ्ख्या २२ मिति २०७३।०५।०६ को भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना नं. १ र सूचना नं. २ मा 'नेपाल सरकारले भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६ (घ) १ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गा जग्गावला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद यो सूचना प्रकाशित भएको मितिले १ (एक) वर्षसम्म तोकेको छ र दफा २६ (घ) ३ ले दिएको अधिकार प्रयोग गरी मोही लागेको जग्गा जग्गावाला र मोहीबीच बाँडफाँड गर्ने कारबाही टुङ्गो लगाइसक्नुपर्ने अवधि यो सूचना प्रकाशित भएको मितिले २ (दुई) वर्षसम्म तोकेको छ' भनी सूचना प्रकाशित भएको थियो ।

पुनः नेपाल राजपत्र भाग ५ खण्ड ६७ सङ्ख्या ३८ मिति २०७४।०७।२४ को सूचनानुसार मोही लागेको जग्गा जग्गावाला र मोहीले बाँडफाँड गरी लिन निवेदन दिने म्याद मिति २०७५।०५।०४ सम्म र जग्गा बाँडफाँडको कारबाही टुङ्गो लगाइसक्नुपर्ने अवधि मिति २०७६ भाद्र ४ सम्म भएकोले **यस कार्यालयको क्षेत्रअन्तर्गतका मोही र जग्गाधनीहरूलाई जग्गा बाँडफाँडको लागि यस कार्यालयमा निवेदन दर्ता गर्न** सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## भक्तपुरबारे सेतोपाटी डट कममा चेतना गुरागाईंका दुई विवरण

# ;'gLn k|hfklt h:tf kf]dP]/ !

उनले दिउँसो १२ बजेको समय दिएका थिए ।

हामी दस मिनेट पहिल्यै पुग्यौं ।

बाह्र बज्न पाँच मिनेट बाँकी थियो । भक्तपुर नगरपालिकाका मेयर सुनील प्रजापति हातमा झोला बोकेर कार्यालय आइपुगे ।

हामीलाई हेर्दै मुसुक्क हाँसे र आफ्नो कोठामा छिरे ।

लगत्तै रिसेप्सनका कर्मचारीले हामीलाई बैठकमा लगे । भर्खरै बनेको नयाँ कोठामा सबथोक नयाँ थिए, झ्यालबाहेक । झ्याल भने परम्परागत डिजाइनका थिए, सँझ्याः ।

भित्ताको डिजिटल घडीमा ११:५९ भएको थियो ।

जसरी उनी समयमै कार्यालय आए, लाग्यो घडीमा १२ बज्नेबित्तिकै बैठकभित्र छिर्नेछन् ।

उनी आएनन् ।

१२:०४ भयो ।

प्रजापति घरक्क ढोका खोल्दै भित्र छिरे, 'सरी, चार मिनेट ढिलो भएँ है ।'

चार मिनेटको पनि हिसाब नबिराएका उनी एक्लै आएका थिएनन् । साथमा थिए, कार्यालय प्रशासन प्रमुख अम्बिका धौभडेल र इञ्जिनियर रामगोविन्द श्रेष्ठ । तीनै जनाको हातमा डायरी थियो, कलम थियो र केही कागजात थिए ।

उनीहरूलाई पछ्याउँदै एक कर्मचारी पनि छिरे, क्यामरा बोकेर । मेयरसँग हाम्रो भेटका तस्बिर खिचे ।

औपचारिक कुराकानी सुरु भयो । हामीले प्रश्न सोध्न थाल्यौं ।

जवाफ टिप्ने हामी मात्र थिएनौं । इञ्जिनियर श्रेष्ठ र प्रशासन प्रमुख धौभडेल पनि मेयरले बोलेका कुरा टिप्दै थिए ।

पछि हामीले सोध्यौं, 'यो कुराकानी किन नोट गर्दै हुनुहुन्छ ?'

'यो अफिसियल रेकर्ड र मेरो व्यक्तिगत प्रयोजनका लागि हो,' प्रजापतिले भने, 'आज तपाईंहरूसँग के-के कुराकानी भयो, मैले कुन विषयमा के बोलेँ, उहाँहरू सबै टिपेर दुइटा प्रति तयार पार्नुहुन्छ । एउटा अफिसियल रेकर्डमा रहन्छ,



अर्को मसँग 'फाइलिङ' हुन्छ ।'

'मैले बोलेका कुरा नगरको रेकर्डमा रहे भोलि अरू कर्मचारी र जनप्रतिनिधिलाई काम लाग्छ,' उनले भने ।

नोट टिपाउनुको मनसाय यति मात्र थिएन ।

'कुनै दिन तपाईंहरू फेरि आउनु होला, आज के-के सोध्नुभयो, मैले के-के भनेँ, यो रेकर्डमा सर्रर पढेपछि मलाई पनि 'रिफ्रेस' हुन्छ नि !'

यही उद्देश्यले हो, उनी कार्यालयमा भेट्न आउने कसैसँग एक्लै कुराकानी गर्दैनन् । साथमा सम्बन्धित विषयका कर्मचारी राख्छन् । कुराकानी टिपोट गर्ने पनि हुन्छन् ।

यो भक्तपुर नगरपालिकाको नियमै हो । मेयर प्रजापतिले आफू निर्वाचित भएर आएपछि बनाएको ।

प्रजापति यही स्थानीय चुनावमा प्रतिस्पर्धीभन्दा झन्डै पाँच गुणा बढी मत ल्याएर निर्वाचित भएका हुन् । नेपाल मजदुर किसान पार्टीका उनी यसअघि २०४४, ०४९ र ०५४ मा लगातार तीनपटक वडा नम्बर २ का अध्यक्ष थिए ।

उनी वकिल हुन् । चार वर्ष पढाए पनि । खेतीपाती र माटाका भाँडा बनाउनु उनको पुर्ख्यौली पेसा हो ।

र, अहिले सहर बनाउँदैछन् ।

यसमा व्यवस्थित नयाँ बस्ती विकासदेखि २०७२ को भुइँचालोले भत्किएका सम्पदा पुनर्निर्माणसम्म पर्छन् । भक्तपुर दरबार स्क्वायर क्षेत्र प्रवेश गर्नेबित्तिकै जोडतोडले पुनर्निर्माण भइरहेका देखिन्छन् । कहीं भत्किएका मन्दिर ठडिँदैछन् त कहीं बाटोको पुरानो ईंटा उखेलेर ढुंगा छापिँदैछ ।

यता राजधानीको काठमाडौं महानगरपालिकामा पुनर्निर्माण लगभग निस्तेजै छ । रानीपोखरीको पुरातात्त्विक महत्त्व बिगारेको भन्दै काठमाडौं मेयर आलोचित छन् ।

जम्मा १० किलोमिटर दूरीको भक्तपुरमा भने मेयर आफैं सम्पदा संरक्षणमा गम्भीर देखिए ।

उनले जथाभाबी काम गरेको भन्दै तीनचोटि ठेकेदार बोलाएर कामै रोकिदिएका थिए । एकचोटि त ठेकेदारले हालेको नयाँ ढुंगा चित्त बुझेन । भारतको राजस्थानबाट ल्याएको भनिएका ती ढुंगा कमसल थिए । भक्तपुरको पुरातात्त्विक सम्पदासँग बिल्कुलै बाझिने ।

सुन्नेबित्तिकै प्रजापति आफैं निरीक्षणमा गए ।

ठेकेदारलाई कार्यालयमा डाकेर भने, 'यस्तो पाराले हुँदैन । एउटा कुरा याद राख्नुस्, तपाई अरू ठाउँ होइन, भक्तपुरमा काम गर्दै हुनुहुन्छ । यहाँ लरतरो पाराले चल्दैन । तपाईले नगरपालिकाका कुनै कर्मचारीलाई एक पैसा खुवाउनुपर्दैन । पर्यो भने सिधा मकहाँ आउनू । कामको गुणस्तरमा भने सम्झौता हुँदैन । आइन्दा यस्तो भए म ठेक्कै रद्द गर्दिन्छु ।'

मेयरकै मुखबाट चेतावनी सुनेपछि ठेकेदारले दोलखाबाट ल्याएको नयाँ ढुंगा हालेका छन् ।

प्रजापतिलाई प्राचीन सभ्यतासँग जोडिएका पुरातात्त्विक सम्पदाका काम ठेक्कामा लगाएकै चित्त बुझेको छैन । स्थानीय सहभागिता र जनप्रतिनिधिको निगरानीमा हुनुपर्ने उनको भनाइ छ । त्यही भएर अचेल उनको निगरानी बढेको छ । काम भइरहेका ठाउँमा नियमित गइरहन्छन् । आफू नभ्याउँदा कर्मचारी पठाउँछन् ।

दरबार स्क्वायरको वत्सला मन्दिरबारे जानकारी दिँदै उनले भने, 'तपाईंले वत्सला मन्दिरको काम देख्नुभयो ? त्यहाँ गुणस्तरीय ढुंगा प्रयोग गरिएका छन् । हिजो हामी गएका थियौं । सिपालु कालिगढ रहेछन्, राम्रो काम भइरहेको छ ।'

भक्तपुर मेयरले ठेकेदार प्रयोगका हानि–नोक्सानी पनि सुनाए । उनको अनुभव काष्ठमण्डप पुनर्निर्माणमा पाठ हुनसक्छ । यहाँ ठेकेदार प्रयोग गर्न नदिने भनी स्थानीयले विरोध गरिरहेका छन् ।

'ठेकेदारहरू नाफा मात्र हेर्छन् । सभ्यतालाई मुनाफासँग जोड्नु हुन्न,' उनले भने, 'झन् अहिले त हामीलाई मौका छ, सम्पदा संरक्षण गर्ने । हामीले यो अवसर सदुपयोग गरेर पहिलेभन्दा राम्रो बनाउनुपर्छ ।'

'हिजो बनेका संरचना हेरेर आज हामी गर्व गर्छौं, हाम्रो आजको काम देखेर भावी सन्तानले गर्व गर्न सकून् न,' उनले भने ।

उनी कामको गुणस्तरमा जति टसमस हुन्नन्, प्रक्रियामा उत्तिकै पारदर्शी छन् ।

हामीले जारी कामबारे सोध्दा उनले अनुमानित लागत र हालसम्मको खर्च रकम पनि सार्वजनिक गरे । 'हाम्रा काम पारदर्शी हुन्छन्,' भने, 'एक पैसा बजेट हामी लुकाउँदैनौं ।'

'तपाईंहरूलाई पत्रकार भएर मात्र भनेको होइन, हरेक नागरिकलाई यो हिसाब हेर्ने र चित्त नबुझेको प्रश्न गर्ने हक छ ।'

त्यही भएर हो, भक्तपुर नगरपालिकाले निर्माण स्थलमै लागतसहित बोर्ड झुन्ड्याएको छ । हरेक महिना प्रकाशित हुने नगर मुखपत्र 'भक्तपुर' पत्रिकामा हिसाब सार्वजनिक गरिन्छ ।

कुराकानी क्रममा प्रजापतिले दरबार स्क्वायरसहित पुरानो बजार सबैतिर ढुंगा छाप्न लागेको बताए । पूरै बजारक्षेत्र सवारीमुक्त गर्ने योजना पनि सुनाए ।

यही मेसोमा कुरा उठ्यो, 'दरबार स्क्वायरमा शारीरिक अपांगता भएका, वृद्धवृद्धा र केटाकेटी निम्ति विद्युतीय रिक्सा चलाउँदा कसो होला ?'

उनले यो योजना तुरुन्तै नोट गरे ।

'हामी भक्तपुर गल्लीमा फोहोर उठाउन तीनपांग्रे रिक्सा चलाउने तयारीमा छौं,' उनले भने, 'टेन्डर खोलिसक्यौं ।






उनीहरूको बसाइ दुई–तीन घन्टाभन्दा बढी हुँदैन । हामी कम्तीमा एक रात यहीँ बिताउने माहौल बनोस् भन्ने चाहन्छौं ।'

यो योजनामा स्थानीय सहभागिता बढाउन वडा–वडाबाट कायक्रम माग गरिएको उनले बताए ।

'हामीले यस्तो भक्तपुरको सपना देखेको छौं, जहाँ चारैतिर पुराना मन्दिर वास्तविक स्वरूपमा ठडिएका होऊन् । साँझ–बिहान दरबार स्क्वायर र अरू डबली, चोकमा परम्परागत नृत्य मञ्चन भइरहेको होस् । चैत्यमा भिक्षुहरू प्रार्थना गरिरहेका होऊन् । मन्दिरमा आरती चलिरहेको होस् । पर्यटक यहाँ आनन्द मानेर समय बिताऊन् । हामी यस्तै भक्तपुर छाडेर जान चाहन्छौं ।'

यस्तो सवारी पर्यटकलाई पनि उपयुक्त हुनसक्छ । छलफल गरेर तुरुन्तै कार्यान्वयनमा लगिनेछ ।'

बजारका सबै घरको बाहिरी मोहडा सँझ्याःसहित परम्परागत शैलीमै बनाउनुपर्ने उनले जानकारी दिए । लाग्ने खर्चको ३५ प्रतिशत नगरपालिकाले नै बेहोर्ने व्यवस्था गरिएको छ ।

'भक्तपुर उदाहरणीय हुनुपर्छ,' मेयरले भने, 'सबै जना हामीले के गर्‍यौं, कसो गर्‍यौं भनेर हेर्न आउँछन् । हामीले राम्रो काम गरेर देखाउनुपर्छ ।'

उनको परिकल्पनामा शिक्षा र स्वास्थ्य योजना पनि छन् ।

भक्तपुरमा शिशु कक्षादेखि विश्वविद्यालय र हरेक रोगको विशेषज्ञ उपचार पाइने अस्पताल निर्माण उनको लक्ष्य हो । योजनावद्ध बस्ती विकास त कार्यान्वयनकै चरणमा रहेको उनले सुनाए ।

प्रजापतिलाई प्रत्येक दिन बित्दा आफ्नो योजनाको समयसीमा छोट्टिएको भान हुन्छ ।


उनी त्यही सीमा छोप्न दौडिरहेका छन् ।

सायद त्यसैले, समयप्रति एकदमै पाबन्द छन् ।

भक्तपुर सम्पदा भनेको मठ–मन्दिर, पाटीपौवा र सयौं वर्ष पुराना घरमात्र होइनन् । पुस्तौंदेखि चलिआएका बन्द–बेपार पनि हुन् । तीमध्ये कति दुई सय, तीन सय वर्ष पुराना भइसके । तिनलाई सम्पदाकै कोटीमा राखेर संरक्षण गर्नुपर्ने कुरा उठ्यो ।

उनी यी योजना सर्सती डायरीमा नोट गर्दै थिए ।

आफ्नो कार्यकालभित्र कस्तो भक्तपुर छाडेर जाने भन्नेमा प्रजापति प्रस्ट छन् । 'हामी यहाँको परम्परा र सम्पदा जोगाउन चाहन्छौं,' उनले भने, 'आज नेपाल आउने करिब ३२ प्रतिशत पर्यटक एकचोटि भक्तपुर आउँछन् ।



# मेयर भन्छन्- भक्तपुर दरबार क्षेत्र सवारीमुक्त हुन्छ नै

भक्तपुर दरबार स्क्वायरमा यतिबेला दुइटा काम हुँदैछ ।

एउटा, भुइँचालोले क्षति पुगेका संरचना फेरि ठडिँदैछन्, प्राचीन शैलीमै । मूलढोका छिर्नेबित्तकै वत्सला मन्दिर आधाभन्दा बढी बनेको देखिन्छ । जगसम्मै लडेका केदारनाथ, तलेजु भवानीलगायत पुराना मन्दिरले पुनर्जीवन पाउँदैछन् ।

दोस्रो काम, न्यातपोल मन्दिर अगाडि बाटोका पुराना इँटा उखेलेर नयाँ ढुंगा छापिँदैछ ।

र, तेस्रो योजना पनि छ ।

भक्तपुर नगरपालिका मेयर सुनील प्रजापति भन्छन्, 'यी दुइटा काम सकियोस्, त्यसपछि तेस्रो सुरु हुन्छ ।'

बाटोमा ढुंगा छापिनु तेस्रो योजनाकै कडी हो ।

त्यही भएर ढुंगाको गुणस्तर चित्त नबुझेपछि तीनचोटि काम रोकिएको थियो । ठेकेदारले प्रयोग गरेको कमसल ढुंगा नगरपालिकालाई चित्त बुझेन । मेयरले नै अस्वीकृत गरिदिए । अहिले दोलखाबाट ल्याइएको गुणस्तरीय ढुंगा प्रयोग हुँदैछ ।

'भएका इँटा निकालेर ढुंगा किन?' हामीले प्रजापतिलाई सोध्यौं ।

'प्रदूषण कम गर्न,' उनले भने, 'इँटाबाट धूलो धेरै निस्कन्छ । खिइएर बर्सेनि उबडखाबड हुँदै जान्छ, अनि हिँड्नेलाई सकस ।'

'दरबार स्क्वायर मात्र होइन, यो प्राचीन बस्ती आफैंमा संग्रहालय हो । यहाँ बढीभन्दा बढी मान्छे आऊन्, घुमून् र प्राचीन काठमाडौं सभ्यता अनुभूत गरून् भन्ने हामी चाहन्छौं । इँटाभन्दा अलि महँगो परे पनि ढुंगा छाप्दा बाटो समथर र टिकाउ हुन्छ, पैदलयात्रुलाई सहज,' उनले भने ।

'अनि गाडीहरू?'

'हामीले गाडीलाई सहज बनाउन खोजेका होइनौं,' उनले सीधा जवाफ दिए, 'हामीले त भक्तपुर दरबार स्क्वायर र तौमढी स्क्वायर सवारीमुक्त गर्न खोजेका हौं ।'

'गुडिरहेकै छन् त?'

'यो केही समयलाई मात्र हो, पुनर्निर्माण र ढुंगा छाप्ने काम सकिएपछि यहाँ सवारी आवतजावत गर्न दिइने छैन ।'

'काठमाडौंको ठमेलजस्तै ।'

उनले भनेझैं भक्तपुर सवारीमुक्त भए यो आधुनिक कालमा प्राचीन काठमाडौं उपत्यकाकै दोस्रो ठाउँ हुनेछ, गाडीको घन्चमन्चबाट मुक्त । जहाँ पैदलयात्रुले जोगिँदै कुनामा धस्सिनुपर्ने छैन । टिँटिँ टुँटुँले कान र धूलो-धुवाँले नाक छोप्नुपर्ने छैन ।

प्रजापतिको तेस्रो योजना यही हो ।

उनका अनुसार साढे दुई वर्षअघि दरबार स्क्वायर क्षेत्र लगभग सवारीमुक्तै थियो । मूल गेट नपुग्दैदेखि गाडी छिर्न प्रतिबन्धित थियो । न्यातपोल मन्दिर र सुकुलढोका आसपासका केही भाग शान्त थिए । विस्तारै नियम मिचिँदै गयो । काठमाडौं सभ्यताको यो अभिन्न अंगलाई आधुनिकताले छोप्दै लग्यो ।

भुइँचालोपछि त झनै अस्तव्यस्त ।

मेयर प्रजापति भने यो क्षेत्रलाई पुरानै स्वरूपमा फर्काउन प्रतिबद्ध रहेको बताउँछन् ।

'यो प्राचीन महत्त्वको क्षेत्र हो । सवारी आउजाउ गर्दा निस्कने कम्पनले पुराना संरचना कमजोर बनाउँछ । फेरि धूलोधुँवा हुँदा पर्यटकलाई पनि सास्ती,' उनले भने ।

सवारीमुक्त गर्न सके भक्तपुर क्षेत्रप्रति पर्यटक आकर्षण र आर्थिक क्रियाकलाप वृद्धि हुने उनको विश्वास छ । सवारीको भिडभाड र धूलो-धुवाँले यहाँका पुराना पसल मान्छेका आँखामा पर्दैनन् । सुविस्ताले हिँड्न पाए यताउति हेर्दै हिँड्छन् । पसलहरू सबैका नजरमा आउँछन् ।

पर्यटकलाई पनि भिडभाडभन्दा कलाले भरिपूर्ण शान्त भक्तपुरले नै आकर्षित गर्छ भन्ने उनलाई थाहा छ ।

'आज नेपाल आउने करिब ३२ प्रतिशत पर्यटक एकचोटि भक्तपुर आउँछन् । उनीहरूको बसाइ दुई-तीन घन्टाभन्दा बढी हुँदैन । हामी कम्तीमा एक रात यहीँ बिताउने माहौल बनोस् भन्ने चाहन्छौं,' उनले भने, 'यहाँको परम्परा र सम्पदा जोगाएर मात्र पुग्दैन, पर्यटकलाई हिँडडुल गर्न सुविस्ता पनि हुनुपर्छ ।'

पछिल्लो स्थानीय चुनावबाट मेयर निर्वाचित प्रजापति आफ्नो कार्यकालको सुरुआतमै दरबार क्षेत्र र पुरानो बजारलाई सवारीमुक्त गराउन चाहन्थे । यसो गर्दा पुनर्निर्माणकै काममा बाधा पुग्ने उनले देखे ।

उपत्यकामा भुइँचालोले सबभन्दा क्षति पुगेको भक्तपुर नै हो । विश्वसम्पदा सूचीमा पर्ने दरबार क्षेत्रकै धेरै सम्पदा बिग्रिए । बजार क्षेत्रका धेरै पुराना घर भत्किए । सबैलाई पुरानै स्वरूपमा ढाल्नु सबभन्दा ठूलो चुनौती बन्यो ।

नगरपालिकाको मुख्य जोड यसैमा छ ।

'भुइँचालोका भग्नावशेष लथालिंग राखेर सवारीमुक्त गर्दा निर्माण सामग्री ओसारपसारमै बाधा पुग्ने भयो । ट्रयाक्टर र ट्रिपर छिर्न नपाएपछि काम नै अडकिने अवस्था हामीले देख्यौं,' उनले भने, 'जुन दिन सकिन्छ, हाम्रो पहिलो काम नै सवारी आवागमन रोक्नु हो ।'

ढुवानी साधनबाहेकका निजी गाडीलाई भने विकल्प नभएर रोक लगाउन नसकेको उनले बताए । सहज वैकल्पिक बाटो र पार्किङ बन्दोबस्त गरेपछि रोक लगाइहाल्ने उनको योजना छ ।

'अहिले नै सवारीमुक्त गरे त स्थानीयले प्रश्न गरिहाल्छन् । जनतालाई मर्का पारेर सुधार हुँदैन,' उनले भने, 'उनीहरूको विश्वास जितेर सँगसँगै लैजान सके मात्र दिगो हुन्छ ।'

यिनै कारणले अचेल मुख्य दरबार क्षेत्रबाहेक अन्य सबैतिर सवारी ओहोरदोहोर भइरहेकै देखिन्छ । केही ठाउँमा नियमले प्रवेश निषेध भए पनि पालना छैन । लुकिछिपी आउँछन् । प्रशासनले आँखा चिम्लन्छ ।

सवारीमुक्त अभियानकै क्रममा पुराना बाटा नयाँ ढंगले डिजाइन भइरहेका छन् । ढुंगा छापिने बाटोछेउ इँटाको पेटी बनाइँदैछ । सम्पदा पुनर्निर्माणकै अवधिमा नयाँ बाटो बनाउने पनि नगरपालिकाको कार्यक्रम छ । यसमा स्थानीय सहभागिता बढाउन वडा–वडाबाट कार्यक्रम माग गरिएको छ ।

'पुनर्निर्माण सँगसँगै वैकल्पिक बाटाहरू बन्नेछन् । पार्किङको बन्दोबस्त हुनेछ,' उनले भने, 'पहिला स्थानीय बासिन्दाको सुविस्ता सुनिश्चित हुनेछ, अनि बस्ती सवारीमुक्त ।'

उपत्यकाका तीन जिल्लामध्ये प्राचीन सभ्यतालाई निरन्तरता दिनेमा भक्तपुर अगाडि नै छ । काठमाडौं र पाटनले धेरै पुराना सम्पदा गुमाउँदै गएका बेला भक्तपुरले जीवित राखेको छ । सम्पदा सँगसँगै यहाँका संस्कृति, रीतिरिवाज र रहनसहन पनि आधुनिकताले कमै बिटुलिएका छन् ।

यति हुँदा हुँदै दरबार क्षेत्र र नजिकको पुरानो बस्ती सुकुलढोकामै सवारी घन्चमन्चले नगरपालिका र स्थानीय प्रशासनको आलोचना पनि हुन्छ ।

'हामी आलोचनाको डरले लापरबाह हुन चाहन्नौं,' प्रजापतिले भने ।

'चाहे बाटो होस्, मन्दिर–मूर्ति वा परम्परागत संरचना, हामीले जतिसक्दो राम्रो गर्ने हो । भक्तपुर उदाहरणीय हुनुपर्छ । सबै जना हामीले के गर्‍यौं, कसो गर्‍यौं भनेर हेर्न आउँछन् । राम्रो काम गरेर देखाउनुपर्छ,' उनले भने ।

पुनर्निर्माण योजनामा मन्दिर, मूर्ति र बाटा मात्र छैनन् । स्थानीयका घरसमेत छन् ।

नगरपालिकाको नियमअनुसार दरबार क्षेत्र र मूल सडक आसपास कुनै घर 'आधुनिक शैली' मा बनाउन पाइँदैन । घरको भित्री भाग इच्छा लागेको डिजाइनमा बनाए पनि बाहिरी मोहडामा दुई थोक अनिवार्य छ– परम्परागत डिजाइनको इँटा र आँखीझ्याल (सँझ्याः) ।

कुनै घर परम्परागत इँटाबेगर बनेको देखे नगरपालिकाले त्यस्तै डिजाइनको टायल भए पनि हाल्न लगाउँछ । सँझ्याः हाल्न त लागतको ३५ प्रतिशत सहयोग नै गर्छ । कुनै घर भत्किएको र झ्याल पुरानो छ भने हुनेसम्म मर्मत गर्दिन्छ । नयाँ नै हाल्नुपरे सँझ्याःको विकल्प छैन ।

'यसले भक्तपुर क्षेत्रको संरचनामा एकरूपता ल्याउँछ । सुन्दर देखिन्छ । कला–शैली बाँचिरहन्छ,' उनले भने, 'इँटा र झ्याल यहाँका पहिचान हुन् । यसलाई जोगाउन हरसम्भव प्रयास भइरहेको छ । ताकि, पर्यटकले भक्तपुरको मौलिक नमूना बस्ती र प्राचीन काठमाडौं सभ्यताको झलक यहाँ अनुभूत गरून् ।'

सवारीमुक्त गरेपछि दैनिक आवश्यकतामा केही वैकल्पिक व्यवस्था गरिने उनले बताए ।

पहिलो चरणमा फोहोर उठाउन र स्थानीय व्यापारीलाई सामान ढुवानी गर्न तीनपांग्रे रिक्सा चलाउने तयारी छ । साँघुरा गल्लीभित्र फोहोर उठाउन सजिलो होस् भनेर रिक्सा छानिएको हो । नगरपालिकाले यस निम्ति टेन्डर खोलिसक्यो ।

यस्ता सवारी पर्यटकलाई पनि उपयुक्त हुनसक्छ । यसबारे छलफल गरेर तुरुन्तै कार्यान्वयनमा लगिने उनले जानकारी दिए ।

उनका अनुसार सवारीमुक्त गरेपछि बच्चा, अशक्त, अपांगता भएका र पाका उमेरका पर्यटक निम्ति यस्ता रिक्सा सञ्चालन गरिनेछ ।

'दरबार क्षेत्र ठूलो छ, सबै जना हिँड्न नसक्लान् । पर्यटकको भ्रमण सहज बनाउन वातावरणमैत्री र सम्पदामा असर नगर्ने सवारी व्यवस्था गर्नेछौं,' उनले भने ।

यी सबै काम पुनर्निर्माण र ढुंगा छाप्न सकिएपछि हो ।

अहिलेलाई प्रजापति यत्ति भन्छन्, 'प्राचीन भक्तपुर क्षेत्र सवारीमुक्त हुन्छ नै ।'

*(भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिसँग सेतोपाटी डट कमका पत्रकार चेतना गुरागाईले गरेको भेटघाट र स्थलगत अवलोकनको दुई अंशमा प्रकाशित विवरणलाई हाम्रा पाठकहरुको निम्ति यहाँ तस्बिर सहीत साभार गरिएको छ ।)*

# आमनिर्वाचन २०७४ मा भक्तपुर जिल्लाको मत विवरण

## प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. १

कुल मतदाता : १४१६४ हालसम्म गणना भएको/खसेको मत : ७२१६८

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|
| प्रेम सुवाल | नेपाल मजदुर किसान पार्टी | ३३०७६ | निर्वाचित |
| बाबु राजा जोशी | नेपाली कांग्रेस | १७८१८ | |
| मिलन सुवाल | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | १५३७४ | |
| दिपेश न्यौपाने | विवेकशील साझा पार्टी | २३३० | |
| मिना परियार | एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) | ६६२ | |
| दिपा खत्री | चुरेभावर लोकतान्त्रिक पार्टी | २९६ | |
| राजेश गोसाई | राष्ट्रिय जनमोर्चा | २९२ | |
| राम सुन्दर हयौमिखा | नयाँ शक्ति पार्टी नेपाल | २६५ | |
| कृष्ण प्रसाद घेमोसु | देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल | १८६ | |
| निल कण्ठ थापा | स्वतन्त्र | ८१ | |
| गोपाल दास बनेपाली | स्वतन्त्र | ६४ | |
| जितेन्द्र खायमली | स्वतन्त्र | २१ | |

## प्रदेशसभा निर्वाचन क्षेत्र नं. १

कुल मतदाता : ४३५५२ हालसम्म गणना भएको/खसेको मत : ३२८३८

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|
| हरि शरण लामिछाने | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १२७८१ | निर्वाचित |
| जिवन खत्री | नेपाली कांग्रेस | ९९७७ | |
| निरज लवजू | नेपाल मजदुर किसान पार्टी | ७०१९ | |
| देवि प्रसाद ढकाल | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ७८४ | |
| काली चरण कार्की | विवेकशील साझा पार्टी | ७८३ | |
| मुकुन्द कार्की | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४८५ | |
| सानु प्रसाद बन | नयाँ शक्ति पार्टी नेपाल | ७८ | |
| शंकर प्रसाद गौतम | नेपाली कांग्रेस (बी.पी.) | २१ | |
| लक्ष्मण तिमल्सीना | स्वतन्त्र | १० | |
| राजेन्द्र तिमिल्सिना | स्वतन्त्र | ९ | |
| श्याम कृष्ण अवाल | स्वतन्त्र | ८ | |

## प्रदेशसभा निर्वाचन क्षेत्र नं. २

कुल मतदाता : ५०६१२ हालसम्म गणना भएको/खसेको मत : ३९२४२

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|
| सुरेन्द्र राज गोसाई | नेपाल मजदुर किसान पार्टी | २३८८५ | निर्वाचित |
| रोमन शिलाकार | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | ८०६३ | |
| अनिल भुजू | नेपाली कांग्रेस | ५४४७ | |
| बिष्णु प्रसाद त्वानाबासु | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४२९ | |
| कुस्मा प्रधान (श्रेष्ठ) | संघीय समाजवादी फोरम नेपाल | २२३ | |
| राजा राम दुकुछु | नयाँ शक्ति पार्टी नेपाल | १८० | |
| राज कुमार लोहला | देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल | १४२ | |
| शिव राम अवाल | स्वतन्त्र | १२१ | |
| बल राम सिबन्जार | स्वतन्त्र | ६० | |
| कृष्ण गोबिन्द सुवाल | स्वतन्त्र | २७ | |

## प्रतिनिधिसभा निर्वाचन क्षेत्र नं. २

कुल मतदाता : ८३९३० हालसम्म गणना भएको/खसेको मत :

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|
| महेश बस्नेत | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | ३६४१२ | निर्वाचित |
| दमन नाथ ढुंगाना | नेपाली कांग्रेस | १८६८७ | |
| अनुराधा थापा मगर | नेपाल मजदुर किसान पार्टी | ५४७१ | |
| शशी बिक्रम कार्की | विवेकशील साझा पार्टी | १७८४ | |
| बसन्त बहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (माले) | ३०० | |
| तारा कुमारी बास्कोटा | एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) | १४७ | |
| श्री राम खाइजु | नयाँ शक्ति पार्टी नेपाल | १२५ | |
| शिवहरि खनाल | राष्ट्रिय जनमोर्चा | ६१ | |
| दिल बहादुर तामाङ | राष्ट्रिय जनमुक्ति पार्टी | ५२ | |
| धर्म राज थापा | स्वतन्त्र | २२ | |
| सुरेन्द्र था श्रेष्ठ | स्वतन्त्र | २० | |
| कमला बर्देवा | नेपाल दलित पार्टी | १५ | |
| कृष्ण प्रसाद न्यौपाने | स्वतन्त्र | १३ | |

## प्रदेशसभा निर्वाचन क्षेत्र नं. १

कुल मतदाता : ४४०८६ हालसम्म गणना भएको/खसेको मत : ३३९०१

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|
| शसि जङ्ग थापा | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १९५१५ | निर्वाचित |
| अंगत खड्का | नेपाली कांग्रेस | ९११५ | |
| सरोज राज गोसाई | नेपाल मजदुर किसान पार्टी | २६५४ | |
| रमेश राई | विवेकशील साझा पार्टी | १०८१ | |
| डोल बहादुर कार्की | राष्ट्रिय प्रजातन्त्र पार्टी | ४९९ | |
| बल राम खत्री | नेपाल कम्युनिष्ट पार्टी (माले) | २२४ | |
| मुकुन्द पोखरेल | नयाँ शक्ति पार्टी नेपाल | १३३ | |
| दुर्गा खत्री | एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) | ९० | |
| राजेन्द्र बखुन्छे | स्वतन्त्र | ९ | |
| जगदिश वस्नेत | स्वतन्त्र | ४ | |

## प्रदेशसभा निर्वाचन क्षेत्र नं. २

कुल मतदाता : ३९८४४ हालसम्म गणना भएको/खसेको मत : ३०५३१

| उम्मेदवारको नाम | राजनीतिक दल / स्वतन्त्र | प्राप्त मत | कैफियत |
|---|---|---|---|
| राजेन्द्र मान श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एमाले) | १४२२९ | निर्वाचित |
| गणेश मान चक्रधर | नेपाली कांग्रेस | ११५३८ | |
| प्रेम जन थापा श्रेष्ठ | नेपाल मजदुर किसान पार्टी | २३५५ | |
| राम भक्त बाडे | विवेकशील साझा पार्टी | १०८८ | |
| कृष्ण बहादुर धजु | संघीय समाजवादी फोरम नेपाल | ४०६ | |
| रमेश राजवाहक | राष्ट्रिय प्रजातन्त्र पार्टी | २५० | |
| पूर्ण चन्द्र श्रेष्ठ | नयाँ शक्ति पार्टी नेपाल | ७७ | |
| राजीव वोहरा | देशभक्त जनगणतान्त्रिक मोर्चा नेपाल | ३५ | |
| धन कुमारी परियार | नेपाल दलित पार्टी | १५ | |
| सुजिता कायस्थ | स्वतन्त्र | ७ | |
| रमेश वैद्य | स्वतन्त्र | ६ | |

स्रोत : निर्वाचन आयोग

# भक्तपुर जिल्लाको समानुपातिक मत विवरण

## प्रदेश सभा

| राजनीतिक दल / स्वतन्त्र | निर्वाचन चिन्ह | प्राप्त मत |
|---|---|---|
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | सूर्य | ४०२७१ |
| नेपाल मजदुर किसान पार्टी | मादल | ३५२६१ |
| नेपाली काँग्रेस | रुख | २४१६२ |
| विवेकशील साझा पार्टी | तराजु | ९५१५ |
| एकल चिन्ह गोलाकारभित्रको हसिया हथौडा लिएका | गोलाकारभित्र हसिया हथौडा | ७३७६ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी (प्रजातान्त्रिक) | गोलाकारभित्र हलो | ३७८६ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | गाई | ३०३८ |
| एकीकृत राष्ट्रिय प्रजातन्त्र पार्टी (राष्ट्रवादी) | आयाताकारभित्रको हलो | ७४८ |
| संघीय समाजवादी फोरम, नेपाल | हातले समातेको मशाल | ६४० |
| नयाँ शक्ति पार्टी, नेपाल | देब्रे आँखा | ४५३ |
| एकल चिन्ह हसिया तारा लिएका | हँसिया तारा | ३९६ |
| राष्ट्रिय जनमोर्चा | गिलास | २०५ |
| नेपा: राष्ट्रिय पार्टी | खड्ग | १८३ |
| नेपाली जनता दल | गोरु गाडाको चक्का (पाङ्ग्रो) | १६९ |
| आमूल परिवर्तन मसिहा पार्टी नेपाल | हृदय | १६९ |
| राष्ट्रिय मुक्ति आन्दोलन नेपाल | षटकोण | ९९ |
| देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल | मुट्ठी | ९४ |
| राष्ट्रिय जनता पार्टी नेपाल | छाता | ९० |
| चुरेभावर लोकतान्त्रिक पार्टी | भकुण्डो | ८६ |
| राष्ट्रिय जनमुक्ति पार्टी | घर | ८५ |
| राष्ट्रिय समाजवादी पार्टी, नेपाल | पृथ्वी | ५९ |
| एकल चिन्ह सिपाही लिएका | सिपाही | ३९ |
| जनप्रजातान्त्रिक पार्टी, नेपाल | गैंडा | ३८ |
| नेपाली कांग्रेस (बी.पी.) | करुवा | ३६ |
| लिवरल डेमोक्रेटीक पार्टी | दमाहा | ३६ |
| ग्रीन पार्टी नेपाल | ऊँट | २१ |
| नेपाल जनता पार्टी | कमलको फूल | १८ |
| तामाङसालिङ लोकतान्त्रिक पार्टी | बज्र | १५ |
| नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी) | कोदालो | ११ |
| मंगोल नेशनल अर्गनाइजेसन | कुखुराको भाले | ८ |
| संघीय खम्बुवान लोकतान्त्रिक पार्टी नेपाल | हवाईजहाज | ८ |

श्रोत : निर्वाचन आयोग

नवनिर्वाचित प्रतिनिधिसभा सदस्य

# sfd/]8 k|]d ;'jfnsf] 5f]6f] lrgf/L



नेपाल मजदुर किसान पार्टीका अध्यक्ष कामरेड नारायणमान बिजुक्छें (रोहित) लगातार पाँच पटक विजयी हुनुभएको भक्तपुर जिल्लाको प्रतिनिधिसभा सदस्य निर्वाचन क्षेत्र नं. १ मा यसपटक पार्टीका सचिव कामरेड प्रेम सुवाल उम्मेदवार हुनुभएको छ। अध्यक्ष बिजुक्छेंले आफू संगठन विस्तारमा सक्रिय हुने र निर्वाचनमा नयाँ पुस्तालाई जिम्मेवारी दिने बताउनुभएअनुसार कामरेड सुवाल पार्टीको उम्मेदवार हुनुभएको हो।

प्रतिनिधिसभा सदस्य निर्वाचन–२०७४ मा पार्टीको तर्फबाट भक्तपुर जिल्ला क्षेत्र नं. १ का उम्मेदवार कामरेड सुवाल नेपालको राजनैतिक दबुमा चर्चित नाम हो भने जनताका एक सशक्त उम्मेदवार हुनुहुन्छ। उहाँ साधारण किसान परिवारमा जन्मनुभएको हो। वर्ग संघर्षमार्फत समाजवाद र साम्यवाद स्थापना हुने मार्क्सवादी दर्शनमा विश्वस्त भएर उहाँ पार्टीमा लाग्नुभएको हो। मजदुर, किसान, महिला, उद्योगी, व्यापारी, शिक्षक, बुद्धिजीवी, विद्यार्थी र कर्मचारीहरूबीच उहाँ लोकप्रिय हुनुहुन्छ।

पिता हरिभक्त सुवाल र माता चन्द्रमाया सुवालका सुपुत्र कामरेड प्रेम सुवालको जन्म विसं २०१७ साल असार ५ गते भक्तपुरको चोछें व्यासी टोलमा भएको हो। उहाँको पिता पार्टीको एक किसान कार्यकर्ता हुनुहुन्छ। उहाँले मेकानिकल इञ्जिनियरिङ्ग विषयमा प्रवीणता प्रमाणपत्र तह र वाणिज्यशास्त्रमा स्नातकोत्तर तहसम्म अध्ययन गर्नुभयो।

कामरेड सुवालको सक्रिय राजनीतिक जीवन २०३४ सालबाट सुरु भयो। 'जनसाहित्य' र 'कोपिला' सामयिक सङ्कलनको सम्पादन र प्रकाशनमा आवद्ध हुँदै उहाँ २०३६ सालको जनआन्दोलनमा सक्रिय हुनुभयो। विद्यार्थी राजनीतिको यात्रासँगै उहाँ २०३८ सालको क्याम्पस विद्यार्थी यूनियनमा थापाथली इञ्जिनियरिङ्ग कलेजमा नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घको उपसभापति पदको उम्मेदवार हुनुभयो। निर्वाचनलाई देश र जनताको पक्षमा उपयोग गर्ने पार्टी नीतिअनुरुप उहाँ २०३९ सालमा तत्कालीन भक्तपुर नगर पञ्चायतको वडा नं. ९ को वडाध्यक्षमा अत्यधिक मतले विजयी हुनुभयो भने २०४२ सालको शान्तिपूर्ण जनआन्दोलनमा सहभागी हुनुभयो। उहाँ २०४४ सालमा सम्पन्न स्थानीय निर्वाचनमा भक्तपुर नगर पञ्चायत वडा नं. ९ को वडाध्यक्ष पदमा पुनः निर्वाचित हुनुभयो।

नेपाल मजदुर किसान पार्टीका नेता–कार्यकर्ताहरूले शोषित–पीडित जनताको पक्षमा निरन्तर संघर्ष गर्दै आउनु भएको हुँदा नेमकिपाको विरुद्ध तत्कालीन पंचायती सरकारले २०४५ सालमा राज्यस्तरबाट 'भक्तपुर काण्ड' को षडयन्त्र रच्यो र पार्टी अध्यक्ष कामरेड रोहित तथा अन्य नेता–कार्यकर्तासहित उहाँ झूटा ज्यान मुद्दामा फाँसीको मागसहित शारीरिक तथा मानसिक यातनामा पर्नुभयो। त्यसबेला उहाँ २० महिना भूमिगत भएर पञ्चायतविरोधी संघर्षमा लाग्नुभयो।

२०४६ सालको जनआन्दोलन सफलतासँगै बहुदलीय व्यवस्था पुनः स्थापना भयो र २०४७ सालमा सम्पन्न पार्टीको पहिलो राष्ट्रिय महाधिवेशनबाट कामरेड सुवाल पार्टीको केन्द्रीय सदस्यमा चुनिनुभयो। पार्टीको केन्द्रीय सदस्यको अतिरिक्त पार्टीको मुखपत्र 'मजदुर–किसान' र 'श्रमिक' साप्ताहिकको सम्पादकको जिम्मेवारी पनि निर्वाह गर्नुभयो। उहाँले २०४९ सालपछि पार्टीको केन्द्रीय सचिवको जिम्मेवारी निर्वाह गर्नुभएको थियो।

पार्टीले कामरेड सुवाललाई २०५४ सालको निर्वाचनमा भक्तपुर नगरपालिकाको प्रमुख पदको उम्मेदवार बनायो र अत्यधिक मतले उहाँ निर्वाचित हुनुभयो। पार्टीको घोषणापत्र र जनतासँगको वाचाअनुसार भक्तपुरलाई सफा,

स्वच्छ, सांस्कृतिक नगर, पर्यटकीय गन्तव्य, ज्ञानविज्ञानको केन्द्र, एक घर एक स्नातक बनाउन भक्तपुर नगरपालिकाले स्थापना र सञ्चालन गरेको ख्वप उच्च मावि (२०५६), ख्वप कलेज र ख्वप इन्जिनियरिङ्ग कलेज (२०५८), ख्वप बहुप्राविधिक अध्ययन संस्थान (२०६०), ख्वप कलेज अफ इन्जिनियरिङ्ग (२०६५) र शारदा कलेज र मा.वि. (२०७०) को व्यवस्थापन समितिको अध्यक्ष भएर उहाँले महत्त्वपूर्ण योगदान गर्नुभयो र देशभरिका हजारौं विद्यार्थीहरूलाई कम शुल्कमा गुणस्तरीय शिक्षा दिने अभियानमा लाग्नुभयो। उहाँ सार्वजनिक शैक्षिक गुठी अन्तर्गतको प्रभात माविको व्यवस्थापन समितिको अध्यक्ष हुनुहुन्छ।

प्रतिगमनविरोधी जनआन्दोलनको क्रममा नेपाल मजदुर किसान पार्टीको तर्फबाट पाँच, चार र सात दलको जनआन्दोलन परिचालन समितिको सदस्य भई उहाँले आन्दोलनको नेतृत्व तहमा बसेर काम गर्नुभयो। आन्दोलनको क्रममा उहाँलाई २०६२ साल माघ २० गते मध्यरातमा घरबाट प्रहरीले पक्राउ गऱ्यो र तीन महिना थुनामा राख्यो। प्रतिगमनविरुद्धको निर्णायक जनआन्दोलन टुंगोमा पुऱ्याउन २०६३ वैशाख ९ र १० गते पार्टीको अगुवाईमा निस्केको भक्तपुरदेखि काठमाडौंसम्मको जुलुसको नेतृत्व गर्नेमध्ये उहाँ पनि एक हुनुहुन्छ।

कामरेड सुवालले अमेरिकालगायत एसिया, युरोप र अफ्रिकाका केही देशहरूको भ्रमण गरी अन्तर्राष्ट्रिय राजनीति र भूगोलबारे अनुभव प्राप्त गर्नुभएको छ। दस वर्षको माओवादी सशस्त्र द्वन्द्वको बेला उहाँले मार्क्सवाद र अराजकतावादबीचको भेदबारे सर्वसाधारण जनतालाई सरल भाषामा प्रशिक्षण दिने पार्टीको कार्यक्रममा लाग्नुभयो। जिल्ला जिल्लामा पुगेर नेमकिपाको दर्शन, विचार र व्यवहारबारे जनतालाई प्रशिक्षित गर्ने गतिविधिमा उहाँ सहभागी हुनुभयो। कामरेड सुवाल २०६४ र २०७० सालको संविधानसभाको निर्वाचनमा पार्टीको तर्फबाट समानुपातिक उम्मेदवार हुनुभयो र २०७० देखि २०७२ असोज ३ गतेसम्म संविधानसभाको सदस्य र २०७२ असोज ४ देखि २०७४ असोज २८ सम्म रुपान्तरित व्यवस्थापिका संसदको सदस्य हुनुभयो।

## संविधान सभामा भूमिका

उहाँले संविधानसभाको नियमावली मस्यौदा समिति र संविधान मस्यौदा समितिको सदस्यको भूमिका निर्वाह गर्नुभयो। पार्टीका अन्य सभासद्हरूसँगै उहाँले देश र जनताको पक्षमा संविधान विधेयकको ७१ वटा धारा, दुईवटा अनुसुची र प्रस्तावनामा संशोधन पेश गर्नुभयो। शिक्षा र स्वास्थ्य नि:शुल्क हुनुपर्ने, स्वदेशमै रोजगारीको बन्दोवस्त गर्नुपर्ने र भारतसँगको खुला सिमाना नियमित गर्नुपर्नेलगायत प्रावधान संविधानमै उल्लेख गराउन र स्थिर सरकारको लागि जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपति तथा सांसदहरू मन्त्री हुन नपाउने प्रावधान संविधानमा राख्नुपर्ने विषय उहाँले संशोधनमा राख्नुभयो।

संविधान निर्माणको अवधिमा संविधानको मस्यौदामा राय संकलन गर्नको लागि उहाँ दैलेख पुग्नुभयो। देश र जनताको हितमा नेमकिपाद्वारा प्रस्तुत संशोधनहरू नसमेटिए पनि पार्टीका सदस्यहरूले भारतीय हस्तक्षेप र दवावको विरोधमा पार्टीको निर्णयअनुसार संविधानमा हस्ताक्षर गर्नुभयो।

## संसदमा भूमिका

संविधानमा उल्लेख भएको समाजवादउन्मुख, आर्थिक समानता, सामाजिक न्याय र व्यक्तित्व विकासमा समान अवसरलगायत प्रावधान कार्यान्वयन गर्न आवश्यक नीति तथा कार्यक्रम, बजेट र विधेयकहरू संसदमा ल्याउन उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले संसदलाई 'हुन्छ' र 'हुन्न' भनेर हात उठाउने निर्देशित थलो नबनाई देश र जनताको हितमा छलफल गर्ने प्राज्ञिक थलो बनाउनुपर्नेमा जोड दिनुभयो। संसदीय व्यवस्थामा संसद प्रतिपक्षको हुन्छ तर पालैपालो सरकारमा गएका नेपाली कांग्रेस, एमाले र माओवादीले संसदलाई भागवण्डाको थलो बनाए। प्रमुख प्रतिपक्षमा रहेको कुनै पनि पार्टीले प्रमुख प्रतिपक्षको भूमिका निर्वाह गरेन। प्रमुख प्रतिपक्ष रहेको पार्टी पनि सरकारबाट प्रस्तुत विधेयकको समर्थनमा लाग्यो। तीनदलीय तानाशाहीको विरोधमा पार्टीका अन्य सांसदहरूसँगै उहाँले प्रखर प्रतिपक्षको भूमिका निर्वाह गर्नुभयो।

भारतीय विस्तारवादले नेपालको इलामको पशुपति नगरदेखि सप्तरीको तिलाठी र लालापट्टी, नवलपरासीको सुस्तादेखि पश्चिमको कालापानी लिम्पियाधुरासम्मको ७१ ठाउँमा ६० हजार हेक्टरभन्दा बढी नेपाली भूमि अतिक्रमण गरेको विरोधमा उहाँले सडक र संसदमा सङ्घर्ष गर्नुभयो। नेपालको पारवहन अधिकार हनन् गरी भारत सरकारले लगाएको नाकाबन्दीको विरोधमा र भारतीय सीमा सुरक्षा बलले नेपालभित्र पसेर गोली हानी कञ्चनपुर र मोरङमा नेपालीको हत्या र सुनसरीमा नेपालीलाई घाइते पारेको विरोधमा उहाँले संसदमा आवाज बुलन्द गर्नुभयो।

पार्टीका अन्य सांसदसँगै उहाँले संसदमा पेश भएका नीति तथा कार्यक्रम, बजेटमा संशोधन, विधेयकमा विरोधको सूचना र संशोधन राख्नुभयो भने दुईपक्षीय र बहुपक्षीय सन्धि–सम्झौता देश र जनताको हितमा गर्नुपर्ने विचार राख्नुभयो। संसदमा प्रखर प्रतिपक्षको भूमिका निर्वाह

## नवनिर्वाचित प्रदेशसभा सदस्य

# sfd/]8 ;'/]Gb|/fh uf];fO{sf] ;+lIfKt kl/ro



नेमकिपाले जनताको सेवामा थप तीव्रता दिँदै समाज परिवर्तनमा महत्त्वपूर्ण भूमिका निरन्तर निर्वाह गर्ने उद्देश्यले नयाँ पुस्ताका सक्रिय कार्यकर्ताहरूलाई निर्वाचनमा अगाडि सारेको छ। देश र जनतामा समर्पित ती आशालाग्दा, सङ्घर्षशील युवामध्ये एक हुनुहुन्छ का. सुरेन्द्रराज गोसाई।

का. सुरेन्द्रराज गोसाई राजनीतिक, साहित्यिक तथा शैक्षिक क्षेत्रमा परिचित नाम हो। विशेषगरी युवा पुस्ताबीच उहाँ निरन्तर क्रियाशील रहँदै आउनुभयो। राजनीतिक, साहित्यिक तथा सांस्कृतिक गतिविधिमा मात्र उहाँको सक्रियता होइन शैक्षिक क्षेत्रमा पुऱ्याउँदै आउनुभएको योगदानमार्फत उहाँले आफ्नो परिचय दिइरहनुभएको छ। उहाँको जन्म वि.सं २०३६ असोज २६ गते भनपा वडा नं ८ स्थित तौलाछें टोलमा भएको हो। उहाँका पिता किसान नेता बुद्धिकुमार गोसाई र माता सुनमाया गोसाई हुनुहुन्छ। का. गोसाईले स्नातकोत्तर तहसम्मको शिक्षा पूरा गर्नुभई अध्ययन, लेखन तथा अध्यापन कार्यमा समेत निरन्तर सक्रिय हुनुहुन्छ।

घरमा राजनीतिक नेता कार्यकर्ताहरूको नियमित आवत-जावत तथा गतिविधिका कारण उहाँले कलिलो उमेरमै २०४५ सालको पञ्चायती राज्यस्तरबाट भएको चर्को दमनविरुद्ध भएका विविध गतिविधिमा भाग लिई प्रारम्भिक राजनीतिमा प्रवेश गर्नुभयो। वि.सं. २०४६ सालको ऐतिहासिक जनआन्दोलनमा भाग लिई जनतामाथिको क्रूर दमनविरुद्ध प्रारम्भिक राजनीतिक पाइला चाल्नुभयो। २०४९।५० सालदेखि नेपाल क्रान्तिकारी विद्यार्थी सङ्घका विभिन्न जिम्मेवारी बहन गर्नुभयो। उहाँ नेपाल क्रान्तिकारी युवा सङ्घ र नेपाल क्रान्तिकारी शिक्षक सङ्घका विभिन्न समितिमा रही

ञञ गर्दै उहाँले संसदीय व्यवस्थाको प्रजातन्त्र र लोकतन्त्रलाई जनताको हितमा उपयोग गर्नुभयो।

सरकारमा गएका नेका, एमाले र माओवादीले नेपालको जलस्रोत भारतीय एकाधिकार पूँजीको हातमा दिँदै आएकोमा उहाँले विरोध गर्नुभयो। नेपालले सवारी साधन, पेट्रोलियम पदार्थ, खाद्यान्न, हातहतियार आदि भारतसँग मात्र खरिद गर्नुपर्ने र भारतीय एकाधिकार पूँजीलाई नाफा खुवाउनुपर्ने सरकारी नीतिको विरोध गर्नुभयो। सरकारमा गएका पार्टीहरूले भ्रष्टाचारी, कालाबजारी, तस्करीसँग घाँटी जोड्दै निर्वाचन आचारसंहिता उलंघन गरी निर्वाचनमा धेरै स्थान जितेकोमा पनि विरोध गर्नुभयो। कर्मचारी प्रशासन संचालनको लागि रु १ खर्ब राजस्व नपुग्ने स्थितिले देशको अर्थतन्त्र कमजोर भएको उल्लेख गर्दै उहाँले संसदमा आवाज राख्नुभयो। ७० लाख युवाहरू वैदेशिक रोजगारीको नाममा ११० भन्दा बढी देशमा बेचविखनजस्तै भइरहेको र दैनिक ८-१० जना युवाहरूको शव फिर्ता गर्ने सरकारहरूको पनि विरोध गर्नुभयो र उहाँले संसद र सडकमा निःशुल्क स्वास्थ्य उपचार र शिक्षाको बन्दोवस्त गर्न तथा स्वदेशमै रोजगारीको व्यवस्थाको लागि निरन्तर आवाज उठाउनु भयो।

२०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पमा परेकाहरूको उद्धार, राहत र पुनःस्थापनाको लागि उहाँ लाग्नुभयो र बसोबासको विकल्प नभएका पीडितहरूलाई सरकारले नै बसोबासको व्यवस्था गर्नु पर्नेमा जोड दिनुभयो।

मंसिर २१ गतेको निर्वाचनमा मादल चिन्हमा छाप लगाई नेमकिपाका उम्मेदवार कामरेड प्रेम सुवाललाई अत्यधिक मतले विजयी गराउन आग्रह गर्दछौं।

*साभार : निर्वाचन परिचालन समिति,*
*नेपाल मजदुर किसान पार्टी, प्रतिनिधिसभा क्षेत्र नं. १, भक्तपुर*

निःस्वार्थपूर्वक जनताको सेवा कार्यमा सक्रिय रहनुभयो। युवा साहित्य गोष्ठीमार्फत साहित्यिक गतिविधिमा तीव्रता दिन सक्रिय रहनुभएका का. गोसाई वि.सं.२०५८ देखि नेपालभाषा साहित्य तःमुंज्या मूल समितिमा आवद्ध हुनुहुन्छ। उहाँ नेपाल क्रान्तिकारी सांस्कृतिक संघका अध्यक्ष र जनलेखक सङ्घका सचिव हुनुहुन्छ। लेखन, अध्ययन र पत्रकारिता कर्मले उहाँको व्यक्तित्वलाई उजिल्याएको छ।

उहाँ २०५८ सालदेखि शिक्षण पेशामा आवद्ध हुनुभयो भने २०६० सालमा प्राध्यापन पेशामा प्रवेश गर्नुभयो। उहाँ संस्थागत विद्यालय सङ्घ नेपाल (इसान) का केन्द्रीय उपाध्यक्ष समेत हुनुहुन्छ। समाजको तल्लो वर्गलाई शिक्षा-दीक्षा दिन उहाँले गर्नुभएको परिश्रम शिक्षा क्षेत्रमा एउटा उदाहरणको रूपमा प्रस्तुत छ।

देशघाती महाकाली सन्धिविरुद्ध भएको आन्दोलन, प्रतिगमनविरोधी आन्दोलनजस्ता महत्त्वपूर्ण सङ्घर्षमा सक्रिय भूमिका निर्वाह गनुभएका का. गोसाई नेपाल मजदुर किसान पार्टी भक्तपुर जिल्ला समितिका उपाध्यक्ष हुनुहुन्छ। उहाँ एक सक्रिय राजनीतिक कार्यकर्ता र प्रस्ट वक्ताको रूपमा चिनिनुहुन्छ।

संरा अमेरिकी साम्राज्यवादले विभिन्न देशमा थोपरेका युद्ध, अमानवीय हमला र भारतीय विस्तारवादको हस्तक्षेप एवं ज्यादतीविरुद्ध भएका विरोध प्रदर्शनी तथा सङ्घर्षमा का. गोसाईले उलेख्य भूमिका निर्वाह गर्नुभयो। भारतीय विस्तारवादले नेपाली जनतालाई चरम दुःख-कष्ट दिई नाकाबन्दीको नाउँमा आर्थिक युद्ध सुरु गर्दा का. गोसाई सक्रियतापूर्वक सङ्घर्षमा उत्रनुभयो। देशभक्त लेखक, कवि कलाकार र युवा विद्यार्थीको नेतृत्व गर्दै भारतीय विस्तारवादको नाकाबन्दी असफल पार्न सक्रिय भएर लाग्नुभयो।


क्युवा ऐक्यबद्धता समिति नेपालका अध्यक्षसमेत रहनुभएका का. गोसाई २०७२ को महाभूकम्पपश्चात क्युवाली चिकित्सक टोलीमार्फत घाइते तथा पीडितहरूको स्वास्थ्य उपचार कार्यमा सक्रिय रहनुभयो। सं.रा. अमेरिकी साम्राज्यवादले क्युवा, प्रजग कोरियामाथि लगाएका नाकाबन्दी, इराक, अफगानिस्तान, लिबिया, सिरियालगायतका देशमाथि भएका हमलाविरुद्धका सङ्घर्षमा का. गोसाई अघि सर्नुभयो।

नेमकिपा विदेश सम्बन्ध समितिको सदस्यको नाताले पार्टीको प्रतिनिधित्व गर्दै जनवादी गणतन्त्र चीनमा सन् २०१२, २०१५ र २०१७ मा भएका विभिन्न अन्तर्राष्ट्रिय बैठक तथा सेमिनारमा सहभागी भई पार्टीको धारणा प्रस्ट राख्नुभयो। नेमकिपाका अध्यक्ष का.रोहितसँगै सन् २०१२ मा श्रीलङ्का र सन् २०१४ मा बङ्गलादेशमा सम्पन्न अन्तर्राष्ट्रिय सम्मेलन तथा बैठकमा भाग लिई विश्व साम्राज्यवादविरोधी आन्दोलनबारे जानकारी हासिल गर्नुभयो। सन् २०१४ मा प्रजग कोरियाको भ्रमण गरी समाजवादी निर्माण तथा उपलब्धिको अभिरुचिपूर्वक गहन अध्ययन गर्नुभयो। उहाँले विदेशी भूमिमा नेपाली जनताको भावना अभिव्यक्त गर्न र आफ्ना लेख-रचना तथा अभिव्यक्तिहरूमार्फत समाजवादका सफलता र साम्राज्यवादविरुद्ध विश्वमा उठिरहेका जनलहरबारे नेपाली जनतालाई जानकारी दिन उहाँ सक्रिय हुनुहुन्छ।

राजनीतिक तथा सामाजिक परिवर्तन गर्ने अभिभारा नयाँ पुस्तालाई सुम्पँदै समाजका गलत तत्वहरूविरुद्ध निरन्तर संघर्ष अगाडि बढाउन मादल चिन्हमा मतदान गरौं। भक्तपुर क्षेत्र नं. १ को प्रदेशसभा नं. २ का नेमकिपाका उम्मेदवार का.सुरेन्द्रराज गोसाईलाई अत्याधिक मतले विजय बनाऔं।

साभारः निर्वाचन परिचालन समिति,
नेपाल मजदुर किसान पार्टी *प्रदेशसभा क्षेत्र नं. १ को २, भक्तपुर*

## बासिबियाँलो




कहाँ गएछ बुढी ? अनुहारमात्र देख्ने गरी लुकेर बसेकि रहिछिन्, पत्ता लगाइ दिनुसन् । (चित्र उल्टाएर बायाँ खुट्टा र लौरो बीचमा हेर्नुहोस्।)

एउटा मान्छेले विधवा श्रीमतीको बहिनीसँग विवाह गरे बहुविवाहको आरोप लाग्दैन रे ! हो त ?

उत्तर- हो त ! मरेको मान्छेले पुनः विवाह कसरी गर्छ ?

**वडाध्यक्ष परिचय**

# ps] sjf+



भक्तपुर नगरपालिका वडा नं. ७ का अध्यक्ष उकेश कवांको जन्म पिता सेतुभाइ कवां र माता शंखलक्ष्मी कवांको कोखबाट पाँच दाजुभाइ मध्य काँहिलो छोराको रूपमा २०२१ जेठ ३ गते गोल्मढीमा भएको हो। किसान परिवारमा जन्मेका कवांका तीन दाजु र एक भाइ हुनुहुन्छ। वहाँका जीवन संङ्गिनी राजेश्वरी कवां (याकामी) र छोरी रेजा र छोरा रेज हुनुहुन्छ।

शिक्षण पेशाका साथै राजनीतिक र सामाजिक सेवामा संलग्न कवां बी.एड.सम्म अध्ययन गर्नुभएको छ।

पार्टी र वर्गीय संगठनको कामको सिलसिलामा वहाँले नेपालको पूर्व र पश्चिम तथा तराईका गरी ६० भन्दा बढी जिल्लाको भ्रमण गर्नुभएको छ।

विभिन्न जिल्लामा पुगेर वहाँ कामदार वर्गको राजनीति चेतनास्तर उठाउने र कम्युनिस्ट आन्दोलनलाई अगाडि बढाउने गतिविधिमा सक्रिय हुनुभयो। त्यसक्रममा पार्टीको निर्देशनमा असमान सन्धि, सीमा अतिक्रमण, नेपालको तराई जलाशय बनाउने भारतीय बाँध र तटबन्ध, महँगी, विप्पा सम्झौता, त्रिभुवन विमानस्थलको सञ्चालन, व्यवस्थापन, सुरक्षाको जिम्मा भारतलाई दिने प्रयास विरोधी संघर्षमा सक्रिय रहनुभयो भने समाजवादी गणतन्त्रको प्रचार अभियानअन्तरगत विभिन्न जिल्लाहरूका गतिविधिमा सक्रियतापूर्वक लाग्नुभयो।

लागू पदार्थ, जुवा-तास, वेश्यावृत्ति जस्ता विकृतिविरुद्ध युवाहरूलाई सचेत पार्ने, सामन्तवाद र साम्राज्यवादको चंगुलबाट देशलाई मुक्त गर्न देश र जनताको हितमा युवाहरूलाई संगठित गर्ने र जनताको न्यायोचित आन्दोलनमा सहभागी हुन उत्प्रेरित गर्नुभयो।

वहाँले चीनको नेपालका युवाहरूको प्रतिनिधित्व गरी दक्षिण अफ्रिकाको र साम्राज्यवाद विरोधी अन्तर्राष्ट्रिय युवा सम्मेलनमा सहभागी हुन भ्रमण गर्नु भएको छ। वहाँले भारतका विभिन्न भू-भागको पनि भ्रमण गर्नुभएको छ।

विद्यार्थी जीवनमा वडास्तरीय विद्यार्थी समितिमा रहेर ०३५ सालदेखि राजनीतिक गतिविधिमा सरिक हुनुभयो भने २०३६ सालको विद्यार्थी आन्दोलनमा सक्रिय हुनुभयो। भक्तपुरमा हुने बालि काट्ने आन्दोलनमा पनि लाग्नुभयो। जनमत संग्रहको बेला पार्टीको नीतिअनुसार बहुदलको पक्षमा प्रचार प्रसारमा लाग्नुभयो। २०४२ मा भएको पाँच वामपन्थीको संयुक्त आन्दोलनका विभिन्न गतिविधिमा सक्रिय कवां गिरफ्तारीमा पर्नुभयो। वहाँले २०४२ सालमा मुगु जेलमा राखिएका राजबन्दी बुद्धिकुमार गोसाईलाई भेट गर्नुभएको थियो।

नेपाल मजदुर किसान पार्टीविरुद्ध पञ्चायती राज्यस्तरले रचेको भक्तपुर काण्डको बेला वहाँ पक्राउ पर्नुभयो र केन्द्रीय कारागारमा ९ महिना थुनिनु भयो।

निरंकुश पञ्चायती व्यवस्थाविरुद्ध भएको २०४६ सालको जनआन्दोलनमा वहाँ सक्रिय पूर्वक लाग्नुभयो। २०४७ सालमा नेपाल क्रान्तिकारी विद्यार्थीसंघको केन्द्रीय समितिको सदस्यमा निर्वाचित हुनुभयो। २०४८ सालमा प्रारम्भिक पार्टी समितिमा सदस्य भई पार्टीका विभिन्न गतिविधिमा सक्रिय हुनुभयो। २०४९ सालदेखि नेपाल क्रान्तिकारी युवा संघमा आवद्ध हुनुभयो र नगर र जिल्ला हुँदै २०५० सालमा केन्द्रीय परिषदमा प्रतिनिधि बन्नुभयो। २०५१ सालमा नेक्रायुसंघको 'प्रतिध्वनि' बुलेटिनको सम्पादकको जिम्मेवारी सम्हाल्नुभयो।

२०५४ सालमा भएको स्थानीय निकाय चुनावमा वहाँ भक्तपुर नपाको वडा नं. ७ बाट अत्यधिक मतले अध्यक्ष पदमा निर्वाचित हुनुभयो। वडाध्यक्षको हैसियतले वहाँले नपाको समाज कल्याण तथा खेलकुद समितिका संयोजक, निर्माण समितिका सदस्य, नगर खेलकुद समिति अन्तर्गत अन्तर नगर बक्सिङ्ग, कपर्दी र टेबलटेनिस प्रतियोगिताका संयोजकको जिम्मेवारी निर्वाह गर्नुभयो। साथै विभिन्न खेलकुद

प्रशिक्षण र तालिम सञ्चालन र नगर र वडाको विकास निर्माण कार्यमा सक्रिय रहनुभयो।

नगरपालिकाको आयोजनामा हुने विभिन्न सांस्कृतिक प्रतियोगिताहरूको निर्णायकको भूमिका निर्वाह गर्दै गाईजात्रामा हुने प्रतिस्पर्धामा मूल्याङ्कन समितिको संयोजकको काम गर्नुभयो।

२०५८ सालमा वहाँ नेक्रायुसंघको दोश्रो राष्ट्रिय सम्मेलनबाट केन्द्रीय सदस्य चुनिनु भयो र २०६२ सालमा केन्द्रीय उपाध्यक्षमा निर्वाचित हुनुभयो। जुम्लामा भएको राष्ट्रिय सम्मेलनदेखि वहाँले अध्यक्ष पदको जिम्मेवारी सम्हाल्नु भएको छ।

नेपाल मजदुर किसान पार्टीको पाँचौ महाधिवेशन (२०६५) बाट वहाँ केन्द्रीय सदस्यमा चयन हुनुभयो र २०७० सालमा भएको छैटौं महाधिवेशनबाट पुनःकेन्द्रीय सदस्यमा चुनिनुभयो।

प्रतिगमन विरोधी २०६२/०६३ को जनआन्दोलनमा युवाहरूको नेतृत्व गरी विभिन्न गतिविधिमा सक्रिय रहनुभयो। त्यसक्रममा वहाँ २ पटक गिरफ्तारीमा पर्नुभयो। पार्टीले आयोजना गरेको भक्तपुरदेखि काठमाडौंसम्मको प्रतिगमन विरोधी पैदल ऱ्यालीको स्वयम्सेवक परिचालन समितिको संयोजकको जिम्मेवारी वहाँले सम्हाल्नु भएको थियो।

२०६४ सालको पहिलो संविधान सभाको निर्वाचनमा चितवनको क्षेत्र नं.३ बाट उम्मेदवारी दिनुभयो भने २०७० सालको दोस्रो संविधान सभामा समानुपातिक उम्मेदवार हुनुभयो। संविधानको समाजवाद उन्मूख विषयलाई प्राथमिकतामा राखी स्वदेशमै रोजगारी, अनिवार्य र निःशुल्क शिक्षा, निःशुल्क स्वास्थ्य उपचार, अनिवार्य सैनिक तालिम, वृद्ध–वृद्धाको लागि आदर निकेतन, बाल विकास केन्द्र, जमिन जोत्नेको विषयलाई मूख्य एजेण्डा बनाई प्रचार अभियानमा सक्रिय रहनुभयो।

वहाँ संस्थागत विद्यालय संघ नेपाल (इसान), नगर खेलकुद समिति, खानेपानी उपभोक्ता समिति, झिगु ख्वप वचत तथा ऋण सहकारी संस्था लि.(संस्थापक सदस्य), वाइल्याण्ड सेकेण्डरी स्कूल (संस्थापक सदस्य) हुनुहुन्छ।

२०७२ सालको महाभूकम्पको विपद्को बेला वहाँ पीडितहरूको उद्धार, वसोवासको व्यवस्थापनलगायत भग्नावशेष हटाउने कार्यमा पार्टीले दिएको जिम्मेवारीअनुसार स्वयम् सेवकहरूको संयोजक बनी सक्रिय पूर्वक सेवा पुऱ्याउनुभयो। राहत वितरण, स्वास्थ्य परीक्षण, टेण्ट (पाल) व्यवस्थापन, अस्थायी टहरा निर्माण स्थलको व्यवस्थापन आदिमा वहाँले एक राजनीतिक र सामाजिक कार्यकर्ताको जिम्मेवारी पूरा गर्नुभयो।

गएको वैशाख ३१ गते भएको स्थानीय निर्वाचनमा वहाँ भक्तपुर नपाको ७ नं. वडाअध्यक्षमा ३९०० मत ल्याई विजयी हुनुभयो। वहाँका निकटम प्रतिद्वन्द्वीको मत ४३८ थियो।

# खाद्य स्वच्छतासम्बन्धी कार्यशाला गोष्ठी

नेपाल संघीय संरचनामा गइसकेको अवस्थामा नयाँ संरचनाअनुसार केन्द्र, प्रदेश र स्थानीय तहमा खाद्य स्वच्छतासम्बन्धी आवश्यक ऐन कानुन निर्माणका लागि सरोकारवालाहरूबीच पुस ५ गते ललितपुरमा एक कार्यशाला गोष्ठी सम्पन्न भयो।

नेपाल सरकार खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागद्वारा आयोजना गरिएको उक्त कार्यशाला गोष्ठीमा सरोकारवाला मन्त्रालय, विभाग, स्थानीय तहका प्रतिनिधिहरू तथा उपभोक्ता मंचका प्रतिनिधिहरूबीच खाद्य स्वच्छतासम्बन्धी अधिकारहरू राज्यको तीनवटै तहमा विभाजन गर्ने विषयमा छलफल भएको थियो।

उक्त छलफलमा सहभागीहरूबीच उपभोक्ताहरूको अधिकार सुरक्षाको लागि स्थानीय, प्रदेश र केन्द्र सरकारलाई के के अधिकार प्रत्यायोजन गर्ने, खाद्य स्वच्छता विषयमा विद्यालयको पाठ्यक्रममा उल्लेख गराएर विद्यालय तहबाटै जनचेतना जागृत गर्ने, विद्यमान ऐन कानुनमा रहेका कमीकमजोरीहरूको समीक्षा गर्दै परिवर्तित समयअनुसार नयाँ ऐन बनाउने र त्यसको प्रभावकारी कार्यान्वयनका लागि व्यवस्थित कार्यविधि तयार गर्ने आदि विषयमा विचार आदान प्रदान भएको गोष्ठीमा सहभागी भक्तपुर नगरपालिका ९ नं. वडाका अध्यक्ष रविन्द्र ज्याख्वले जानकारी दिनुभयो। उहाँका अनुसार गोष्ठीमा उठेका विषयवस्तुहरूलाई लिखित रूपमा सरोकारवाला मन्त्रालयमा बुझाउने र खाद्य स्वच्छता सम्बन्धी अब बन्ने ऐनमा समावेश गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो।

गोष्ठीमा संयुक्त राष्ट्रसंघीय खाद्य तथा कृषि संगठनका विज्ञ जेसिका भापनेक, अर्का विज्ञ गणेश दवादी, पूर्व सचिव उत्तम कुमार भट्टराई, खाद्य स्वच्छतासम्बन्धी कानुनविद् डा. देवभक्त शाक्य, डा. मतिना जोशी, डा. अंजिरमान सिंह डंगोललगायतले नेपालको खाद्य स्वच्छतासम्बन्धी विद्यमान ऐन कानुनमा रहेका कमीकमजोरीबारे औंल्याउँदै नयाँ बन्ने कानुन व्यवहारिक र नेपालको जातीय, धार्मिक र सामाजिक विशेषतालाई समेत सम्बोधन गर्ने ढंगबाट आउनुपर्नेमा जोड दिनुभयो।

गोष्ठीको अध्यक्षता विभागका कार्यकारी निर्देशक संजीव कुमार कर्णले गर्नुभएको थियो।

# sfd/]8 h]ef: :tflng / sfd/]8 dfcf]T;]t'ª aLrsf Pl]txfl;s e]6 / ;Djfb

## पहिलो भेट

(चीनमा सन् १९४९ अक्टोबरमा जनवादी क्रान्ति सफल भएको डेढ महिनापछि कामरेड माओले सोभियत सङ्घको भ्रमण गर्नुभयो । त्यहाँ कामरेड स्तालिन र जनवादी गणतन्त्र चीनको केन्द्रीय जनसरकारका अध्यक्ष कामरेड माओ त्सेतुङबीच सन् १९४९ को डिसेम्बर १६ मा मास्कोमा भएको संवादको सार संक्षेप ।)

एकआपसमा स्वागत र धन्यवादको आदानप्रदान तथा सामान्य विषयको कुराकानीपश्चात दुई नेताबीच निम्नानुसारको कुराकानी भएको थियो ।

**कामरेड माओ :** वर्तमान समयमा सबैभन्दा महत्त्वपूर्ण प्रश्न भनेको शान्ति स्थापनाको प्रश्न हो । चीनलाई शान्ति स्थापना गर्न ३–५ वर्षको खाँचो छ । त्यो अवधिलाई हामी चीनलाई युद्धपूर्वको आर्थिक अवस्थामा फर्काउन र सामान्यतः चीनमा स्थायित्व कायम गर्न उपयोग गर्नेछौं । चीनका सबैभन्दा महत्त्वपूर्ण प्रश्नहरूको सम्बन्धमा गरिने कुनै पनि निर्णय शान्तिपूर्ण भविष्यको सम्भावनामा भर पर्दछ । यही कुरालाई ध्यानमा राखेर चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिले मलाई कामरेड स्तालिनसँग अन्तर्राष्ट्रिय शान्तिलाई कसरी र कुन सीमासम्म जोगाउने हो भन्ने विषयमा बुझ्ने जिम्मेवारी दिएको छ ।

**कामरेड स्तालिन :** चीनमा शान्तिको लागि युद्ध भइरहेको देखापर्दछ । बितेका चार वर्षमा हामीले शान्ति त कायम गरिसकेका छौं तथापि शान्तिको प्रश्न फेरि पनि सोभियत सङ्घको सन्दर्भमा पनि प्रधान प्रश्न हो । चीनको सन्दर्भमा अहिले तत्काल कुनै खतरा छैन : जापानलाई आफ्नै खुट्टामा उभिन अझै समय लाग्नेछ र त्यसका कारण युद्धको लागि जापान तयार छैन । अमेरिका युद्धको विषयमा ठूल्ठूलो स्वरले चिच्याउने गरेको छ तर वास्तवमा उसलाई अरु कुनै पनि कुराभन्दा युद्धसँग डर लाग्छ । युरोप युद्धसँग डर मान्छ । सारमा ... चीनसँग लड्ने आज कोही पनि छैन ।

शान्ति हाम्रो आपसी पहलमा भर पर्दछ । यदि हामीले हाम्रो मित्रता कायम राखे शान्ति ५–१० वर्ष मात्र होइन, बरु २०–२५ वर्ष र अरु धेरै वर्षसम्म पनि कायम रहनेछ ।

**कामरेड माओ :** ल्यु शाओची चीनमा फर्केदेखि नै चिनियाँ कम्युनिष्ट पार्टी केन्द्रीय समितिले चीन र सोभियत सङ्घबीच मैत्री, एकता र आपसी सहयोग सन्धि गर्ने विषयमा



छलफल गरिरहेको छ ।

**कामरेड स्तालिन :** यो विषयमा हामी छलफल गरी निर्णय गर्न सक्छौं । निकट भविष्यमा हुने परिवर्तनको घोषणा वा अहिले नै ती परिवर्तनको निर्णय गर्न सोभियत सङ्घ र चीनबीच एकता र मित्रताको विद्यमान सन् १९४५ को सन्धिलाई निरन्तरता दिन सक्छौं वा सक्दैनौं, भन्ने कुरा हामीले प्रष्ट बनाउनु पर्दछ ।

तपाईंलाई थाहा नै छ, सोभियत सङ्घ र चीनबीच यो सन्धि याल्टा सम्झौता[१]को परिणाम स्वरूप सम्पन्न भएको थियो । याल्टा सम्झौताले सन्धिको लागि मुख्य विषयहरू प्रदान गरेको थियो (कुरिल टापु, दक्षिणी साखालिन, पोर्ट आर्थर[२] आदि) । अर्थात यो सन्धि अमेरिका र बेलायतको सहमतिमा भएको भन्नुपर्दछ । यो परिस्थितिलाई मध्यनजर राखी हाम्रो भित्री वृत्तमा हाललाई यो सन्धिमा कुनै प्रकारको परिवर्तन नगर्ने निर्णय गरेको छ । किनभने कुनै एउटा बुँदामा मात्र परिवर्तन गरिएको अवस्थामा कुरिल टापु, दक्षिणी साखलिन आदि विषयमा सन्धिका बन्दोबस्तमा पुनरावलोकन गर्नुपर्ने कुरा उठाउन अमेरिका र बेलायतलाई कानुनी आधार मिल्नेछ । त्यही भएर हामी विद्यमान सन्धिमा रहेका प्रावधानलाई औपचारिक रूपमा कायम राखी परिमार्जन गर्ने बाटोको खोजी गरिरहेका छौं । पोर्ट अर्थरमा सोभियत सङ्घले आफ्नो सेना राख्न पाउने अधिकार कायम राखी हाललाई चीन सरकारको आग्रहमा त्यहाँ विद्यमान सोभियत सेना फिर्ता गर्न चाहेको छ । यो काम भने चीनको आग्रहमा हुनुपर्दछ ।

जहाँसम्म मन्चुरिया छिचोल्दै अघि बढ्ने चीनको छाङछुन रेलमार्ग (KChZhD) को कुरा छ, त्यहाँ पनि हामी उस्तै गर्न सक्छौं। चीनको आग्रहमा सहमतिका बुँदाहरूलाई व्यवहारमा परिवर्तन गरी औपचारिक रूपमा रहेका अधिकारलाई भने कायम नै राख्न सक्छौं।

तर यदि चिनियाँ कामरेडहरूलाई यो कार्यनीति चित्त नबुझेको अवस्थामा उहाँहरू आफैले आफ्नो प्रस्ताव अघि ल्याउन सक्नुहुन्छ।

**कामरेड माओ** : साम्राज्यवादी हमलाविरुद्ध प्रभावकारी तरिकाबाट लड्न चिनियाँ शक्ति अपुग भएकाले छाङछुन रेलमार्ग र पोर्ट अर्थरको सन्दर्भमा विद्यमान अवस्था चीनको हितमा छ। साथै छाङछुन रेलमार्ग त चिनियाँ कार्यकर्तालाई रेलमार्ग र उद्योगको विषयमा तालिम दिने तालिम केन्द्र पनि हो।

**कामरेड स्तालिन** : सोभियत सेनाको फिर्तीको अर्थ चीनलाई खाँचो पर्दा सहयोग गर्नेछैन भन्ने होइन। सत्य के हो भने, हामी कम्युनिष्ट भएको नाताले विदेशी भूमि, त्यसमा पनि विशेषतः एउटा मित्र देशको भूमिमा हाम्रो सेना तैनाथ गरिरहनु ज्यादै असजिलो भएको छ। यो परिस्थितिलाई उदाहरणको रूपमा अघि सार्दै कसैले यदि चिनियाँ भूमिमा सोभियत सेना तैनाथ गर्न मिल्छ भने उदाहरणको लागि बेलायतले हङकङगमा र अमेरिकाले टोकियोमा आफ्नो सेना तैनाथ गर्न किन मिल्दैन भन्न सक्दछ।

हामीले आपसी सहमतिमा पोर्ट अर्थरबाट सोभियत सेना फिर्ता गर्न सके अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा हामीले धेरै उपलब्धि हासिल गर्न सक्दछौं। साथै सोभियत फौजको फिर्ताले चिनियाँ राष्ट्रिय पूँजीपति वर्गसँगको सम्बन्ध बलियो बनाउन चिनियाँ कम्युनिष्टहरूलाई ठूलो मद्दत मिल्नेछ। सबैले यसलाई कम्युनिष्टहरूले च्याङ काई शेकले गर्न नसकेको काम गर्न सफल भएको अर्थमा लिनेछन्। चिनियाँ कम्युनिष्टहरूले राष्ट्रिय पूँजीपति वर्गसँगको सम्बन्धलाई ध्यान दिनुपर्दछ।

सन्धिले पोर्ट अर्थरमा सोभियत सेना तैनाथ गर्न सोभियत सङ्घलाई अधिकारसम्पन्न बनाएको छ। तर सोभियत सङ्घ यो अधिकार प्रयोग गर्न बाध्यकारी छैन र चीनको आग्रहमा आफ्नो फौज फिर्ता गर्न सक्दछ। यद्यपि यदि यसो गर्नु अनुपयुक्त हुन्छ भने पोर्ट अर्थरमा तैनाथ फौज चीनलाई अनुकूल लागेको कुनै पनि स्थानमा २, ५ वा १० वर्षसम्म रहन पनि सक्दछ। उनीहरूले हामी चीनबाट भाग्न खोजिरहेका छौं भन्ने अर्थमा पनि नबुझून्। हामी त्यहाँ अर्को २० वर्षसम्म पनि बस्न सक्छौं।

**कामरेड माओ** : सन्धिको विषयमा चीनमा कुराकानी हुँदा हामीले याल्टा सहमतिको सन्दर्भमा अमेरिकी र बेलायती मतलाई त्यत्ति प्राथमिकता दिएका छैनौं। हामीले साझा हितको लागि उपयुक्त हुने तरिकाबाट काम गर्नुपर्दछ। तथापि सन्धि अहिले परिमार्जन गर्न जरुरी नभएको कुरा प्रष्ट भइसकेको छ न त पोर्ट अर्थरबाट तत्काल फौज फिर्ता गरिहाल्ने हतारो छ। सन्धिको विषयमा निर्णय गर्न के चाओ एन लाईले मस्कोको भ्रमण गर्न आवश्यक छैन ?


चीन र सोभियत संघबीच भएको मैत्री सन्धिमा हस्ताक्षर गर्नुहुँदै चाउ एन लाई

**कामरेड स्तालिन** : पर्दैन। यो प्रश्नको निर्णय तपाई आफैले गर्नुपर्दछ। चाओको आवश्यकता अरु विषयमा पर्न सक्ला।

**कामरेड माओ** : हामी चीनलाई सोभियत सङ्घले प्रदान गरेको ऋणको विषयमा निक्यौंल गर्न चाहन्छौं। भन्नाले सोभियत सङ्घ सरकार र चीन सरकारबीच ३० करोड अमेरिकी डलर बराबरको ऋण सम्झौता गर्न चाहन्छौं।

**कामरेड स्तालिन** : त्यो गर्न सकिन्छ। तपाईं यदि यो सम्झौतालाई अहिले औपचारिकता दिन चाहनुहुन्छ भने त्यो हामी गर्न सक्छौं।

**कामरेड माओ** : हो अहिले गर्न चाहन्छौं किनभने त्यसले चीनमा राम्रो सन्देश प्रवाह हुनेछ। साथै हामीले व्यापारको प्रश्न, विशेषतः सोभियत सङ्घ र सिन्चियाङबीचको

व्यापारको प्रश्न हल गर्न जरुरी छ। त्यसो त हामीसँग यतिबेला यो क्षेत्रमा व्यापार कसरी गर्ने भन्ने कुनै योजना भने तयार छैन।

**कामरेड स्तालिन :** चीनलाई कस्तो सामानको खाँचो परेको छ भन्ने कुरा यतिबेला हामीलाई थाहा हुन आवश्यक छ। विशेषतः अहिले किनभने हामीसँग पनि भण्डारमा सामान छैन। औद्योगिक सामानको लागि त केही समय अघि नै जानकारी गराउनु पर्छ।

**कामरेड माओ :** औद्योगिक अवस्था प्रष्ट भइनसकेको अवस्थामा हामीलाई यस्तै सामान आवश्यक परेको छ भन्ने गाह्रो भइरहेको छ।

**कामरेड स्तालिन :** के कस्तो सामानको खाँचो परेको हो, त्यसबारे सकेसम्म चाँडो जानकारी दिनुहोला। तपाईले आवश्यक सामानको जानकारी दिनुभएको कम्तीमा एक वर्षमा मात्र हामीले ती सामान तपाईलाई दिनुसक्छौं।

**कामरेड माओ :** हामी हवाई यातायात मार्ग बनाउन सोभियत सङ्घको सहायता चाहन्छौं।

**कामरेड स्तालिन :** हामी त्यो सहायता दिन तयार छौं। सिन्च्याङ र मंगोलियाली जनगणतन्त्रबीच हवाई यातायात स्थापना गर्न सक्छौं। हामीसँग त्यो विषयका विशेषज्ञहरू छन्। हामी तपाईलाई त्यो सहायता दिनेछौं।

**कामरेड माओ :** जलसेना निर्माणमा हामी तपाईको सहायता चाहन्छौं।

**कामरेड स्तालिन :** चिनियाँ जलसेना सिपाहींहरूलाई पोर्ट अर्थरमा तालिम दिन सकिन्छ। तपाई आफ्ना मानिस दिनुस् र हामी हाम्रा जहाजहरू दिनेछौं। तालिम प्राप्त चिनियाँ जलसेना तिनै जहाजहरूमा बसेर फर्कनेछन्।

**कामरेड माओ :** कोमिनताङ समर्थकहरूले फरमोसा टापूमा जलसेना र हवाईसेनाका आधार बनाएका छन्। हामीसँग जलसेना र हवाई सेना नहुँदा जनमुक्ति सेनालाई त्यो टापूमाथि नियन्त्रण कायम राख्न ज्यादै गाह्रो भएको छ। यही अवस्थालाई ध्यानमा राखी हाम्रा केही जर्णेलहरूले सोभियत सङ्घसँग सहायता माग्नुपर्ने विचार राखेका छन्। फरमोसा टापू कब्जालाई तीब्रता दिन सोभियत सङ्घले स्वंयसेवी विमानचालक वा गुप्त सैनिक टोली खटाउन जरुरी छ।

**कामरेड स्तालिन :** सहायता दिने कुरामा विवाद भएन। बरु कस्तो खालको सहायता दिने भन्ने कुरा निक्यौंल गर्न पर्दछ। अमेरिकीहरूलाई हमला गर्ने बहाना बनाउने अवस्था नबनाउनु सबैभन्दा महत्त्वपूर्ण कुरा हो। मुख्यालयका अधिकारी र सल्लाहकारहरू हामी तपाईंलाई कुनै पनि बेला उपलब्ध गराउन सक्छौं। बाँकी कुरा हामी विचार गर्नेछौं।

तपाईंसँग कुनै हमला अवतरण एकाई छ ?

**कामरेड माओ :** हामीसँग एउटा पहिले कोमिनताङको पक्षमा लडेको हमला अवतरण रेजिमेन्ट छ। त्यो रेजिमेन्ट अहिले हाम्रो पक्षमा आएको छ।

**कामरेड स्तालिन :** त्यो रेजिमेन्टबाट एउटा कम्पनी छनौट गरेर उनीहरूलाई प्रचारबाजीमा तालिम दिने, उनीहरूलाई फरमोसामा परिचालन गर्ने र उनीहरूमार्फत फरमोसा टापूमा विद्रोह गराउनुपर्दछ।

**कामरेड माओ :** हाम्रो फौज बर्मा र भारत-चीन सिमानामा पुगिसकेको छ। त्यही भएर अमेरिकी र बेलायतीहरू सजग भएका छन्। हाम्रो फौजले त्यो सिमाना पार गर्छन् वा त्यो फौज त्यत्तिकैमा रोकिन्छन् भन्ने कुरामा उनीहरू अल्मलिएका छन्।

**कामरेड स्तालिन :** तपाईंहरू सिमाना पार गर्दै हुनुहुन्छ भनी हल्ला फैलाएर साम्राज्यवादीहरूको केही मात्रामा भए पनि सातो लिन सकिन्छ नि।

**कामरेड माओ :** विभिन्न देशहरू विशेषतः बेलायत जनवादी गणतन्त्र चीनलाई मान्यता दिने अभियानमा सक्रियतापूर्वक लागिरहेका छन्। यद्यपि हामी मान्यता प्राप्त गर्ने होडमा दौडिहाल्नु हुँदैन भन्ने पक्षमा छौं। शुरुमा हामीले देशमा सुव्यवस्था कायम गर्नुपर्दछ, हाम्रो अवस्था बलियो बनाउनुपर्दछ र त्यसपछि मात्र हामीले विदेशी साम्राज्यवादीहरूसँग कुराकानी गर्नुपर्दछ।

**कामरेड स्तालिन :** यो राम्रो नीति हो। साथै तपाईले बेलायत र अमेरिकीहरूबीच द्वन्द्व श्रृजना गरिरहन जरुरी छैन। यदि तपाईले बेलायतमाथि दबाब दिनु परेको अवस्थामा ग्वाङदोङ प्रान्त र हङकङबीच द्वन्द्व चर्काइदिए पुग्छ। अनि यो द्वन्द्व समाधानको लागि माओ त्सेतुङलाई मध्यस्थकर्ताको रूपमा अघि सार्न सकिन्छ। मुख्य कुरा हतार गर्नु हुँदैन र द्वन्द्वलाई नकार्न मिल्दैन।

साङ्घाईमा कुनै विदेशी बैङ्क छन् कि छैनन् ?

**कामरेड माओ :** छन्।

**कामरेड स्तालिन :** उनीहरूले कसको सेवा गरिरहेका छन् ?

**कामरेड माओ :** चिनियाँ राष्ट्रिय पूँजीपति वर्ग र विदेशी कम्पनीहरूको। हामीले अहिलेसम्म उनीहरूलाई छोएका छैनौं। विदेशीहरूको प्रभावको सन्दर्भमा कुरा गर्दा बेलायतीहरूले आर्थिक र व्यापारिक क्षेत्रमा आफ्नो प्रभाव जमाएकै छन् भने अमेरिकीहरूले साँस्कृतिक-शैक्षिक संगठनहरूमा नेतृत्व गरिरहेका छन्।

**कामरेड स्तालिन :** जापानी कम्पनीहरूको के छ अवस्था ?

**कामरेड माओ :** जापानी कम्पनीहरू सबै राष्ट्रियकरण भइसके ।

**कामरेड स्तालिन :** भन्सार निकाय कसको नियन्त्रणमा छ ?

**कामरेड माओ :** सरकारको हातमा छ ।

**कामरेड स्तालिन :** भन्सार निकायमाथि ध्यान केन्द्रित गर्न धेरै महत्त्वपूर्ण छ किनभने त्यो नै सरकारी आयस्रोतका सबभन्दा राम्रो स्रोत हो ।

**कामरेड माओ :** सैनिक र राजनीतिक क्षेत्रमा हामीले पूर्ण सफलता हासिल गरिसकेका छौं, साँस्कृतिक र आर्थिक क्षेत्रमा भने हामीले आफैलाई अझै पनि विदेशी प्रभावमुक्त बनाउन सकेका छैनौं ।

**कामरेड स्तालिन :** विदेशी कम्पनीहरू, बैङ्क आदिमाथि निगरानी राख्ने तपाईंसँग कुनै अनुगमनकर्ता वा गुप्तचरहरू छन् कि छैनन् ?

**कामरेड माओ :** छन् । हामीले त्यस्तो काम विदेशी कम्पनीहरू (साङ्घाईका काइलान खानी, विद्युत्तीय उर्जा परियोजना र पुल कम्पनीहरू) मा अध्ययन र अनुगमनमार्फत गरिरहेका छौं ।

**कामरेड स्तालिन :** तपाईंसँग कानुनी रूपमै काम गर्ने सरकारी अनुगमनकर्ता हुनुपर्दछ । चिनियाँहरूको तुलनामा विदेशीहरूमाथि बढी कर लगाउनुपर्दछ ।

टङ्गस्टन (अति उच्च तापक्रममा मात्र गल्ने धातु), संवणातु (स्ताप बनाउने एक प्रकारको धातु) र पेट्रोलियम पदार्थसँग सम्बन्धित कम्पनीहरू कसको नियन्त्रणमा छन् ?

**कामरेड माओ :** सरकारको नियन्त्रणमा ।

**कामरेड स्तालिन :** खानीहरूको उत्खनन विशेषतः पेट्रोलियम पदार्थको उत्खनन ज्यादै महत्त्वपूर्ण छ । तपाईंहरूले पश्चिमी लानचाओदेखि छेन्दुसम्म तेलको पाइपलाइन बनाउन सक्नुहुन्छ र जहाजबाट इन्धन आपूर्ति गर्न सक्नुहुन्छ ।

**कामरेड माओ :** अहिलेसम्म हामीले चीनको कुन भूभाग सबभन्दा पहिले विकास गर्ने भन्ने कुराको निक्यौंल गरिसकेका छैनौं । तटीय क्षेत्र वा भित्री क्षेत्रमध्ये कुन क्षेत्रको सबभन्दा पहिले विकास गर्ने हामीले टुङ्ग्याएका छैनौं किनभने हामीलाई शान्ति स्थापना हुने नहुने पक्का भइसकेको छैन ।

**कामरेड स्तालिन :** पेट्रोलियम, कोइला र धातु सधैंलाई आवश्यक पर्दछ–तपाईं युद्धमा भएको अवस्थामा पनि र त्यो अवस्था नभएको समयमा पनि ।

दक्षिणी चीनमा के रबर उत्पादक रुखहरूको लगाउन सकिन्छ ?

**कामरेड माओ :** अहिलेसम्म त त्यो खेतीमा कुनै सफलता प्राप्त भएको छैन ।

**कामरेड स्तालिन :** चीनमा कुनै मौसम पूर्वानुमान सेवा छ ?

**कामरेड माओ :** अहँ, अहिलेसम्म स्थापना भएको छैन ।

**कामरेड स्तालिन :** त्यो सेवा स्थापना गर्नुपर्छ । रुसी भाषामा अनुवाद गर्न सकिने तपाईंका कृतिहरूको सूची हामीलाई उपलब्ध भए हामी खुशी हुनेछौं ।

**कामरेड माओ :** आजभोलि म विभिन्न स्थानीय प्रकाशन गृहबाट प्रकाशित मेरा कृतिहरूको पुनरावलोकन गरिरहेको छु । तिनमा असङ्ख्य गल्ती र गलत व्याख्याहरू छन् । सन् १९५० को बसन्तसम्ममा यो पुनरावलोकन टुङ्ग्याउने मैले विचार गरेको छु । यद्यपि म सोभियत कामरेडहरूको सहयोगको आशा गर्दछु । प्रथमतः रुसी अनुवादकहरूसँग मेरा कृतिहरूमा काम गर्न र दोस्रो, चिनियाँ मूललेखनमा सम्पादनमा सहयोगको अपेक्षा गरेको छु ।

**कामरेड स्तालिन :** त्यो त भइहाल्छ । तर के तपाईंको लेखनमा सम्पादनको खाँचो देख्नुहुन्छ ?

**कामरेड माओ :** खाँचो छ । यस्तो कामको लागि कोही एक जना उपयुक्त कामरेडलाई लगाइदिन हुन अनुरोध छ । जस्तै सोभियत कम्युनिष्ट पार्टी केन्द्रीय सचिवालयको कोही कामरेड भए राम्रो हुनेछ ।

**कामरेड स्तालिन :** केन्द्रीय सचिवालयकै कोही कामरेडको खाँचो परे त्यो पनि बन्दोबस्त गर्न सकिन्छ ।

(बैठकमा उपस्थितहरू – कामरेड मोलोतोभ, मालेनकोभ, बुल्गानिन, भिशिनस्की, फेडोरेन्को र शि चे । रेकर्ड गर्ने कामरेड फेडोरेन्को ।)

## दोस्रो भेट

*(जनवादी गणतन्त्र चीनको केन्द्रीय जनसरकारका अध्यक्ष माओ त्सेतुङ सन् १९५० को जनवरीमा सोभियत सङ्घको राजधानी मस्को पुग्नुभयो । सोभियत सङ्घमा माओको यो दोस्रो भ्रमण थियो ।*

*सो क्रममा सन् १९५० जनवरी २२ का दिन का. माओले सोभियत सङ्घका राष्ट्रप्रमुख का. जेभी स्तालिनसँग भेट गर्नुभएको थियो । सो क्रममा दुई नेता तथा साथमा रहेका सोभियत तथा चिनियाँ नेताहरूबीचको छलफलः)*

औपचारिक स्वागत र धन्यवाद आदानप्रदान तथा सामान्य विषयको संक्षिप्त कुराकानीपश्चात निम्नानुसारको संवाद भयो :

**का. स्तालिन :** हामीले छलफल गर्नुपर्ने दुई समूह विषय छन् : पहिलो, सोभियत सङ्घ र चीनबीचको विद्यमान सहमतिहरू र अर्को विषय मन्चुरिया, सिन्च्याङ आदि स्थानको वर्तमान अवस्थाबारे ।

मेरो विचारमा हाम्रो कुराकानी समसामयिक विषयबाट भन्दा पहिले विद्यमान सहमतिको विषयमा आरम्भ गर्नु उपयुक्त होला । दुई देशबीचको सहमतिलाई अहिले जस्तो छ, उस्तै राख्नु उचित हुने हाम्रो विचार थियो । तर अहिले त्यसमा परिवर्तन गर्नु ठीक होला भन्ने हाम्रो धारणा छ । दुई पक्षीय सन्धिसहित ती सहमतिहरूमा परिवर्तन गर्नुपर्छ किनभने ती सहमतिहरू सबै जापानविरोधी युद्धको परिस्थितिमा भएका थिए । अहिले युद्ध पनि सकिएको छ र जापान पराजित भइसकेको छ । परिस्थिति बद्लिएको छ । तसर्थ विद्यमान सन्धि असान्दर्भिक भएको छ ।

मैत्री तथा एकता सन्धिबारे तपाईंका धारणा राख्न अनुरोध गर्दछु ।

**का. माओ :** नयाँ सन्धिबारे अझै पनि हामीसँग विस्तृत योजना बनिसकेको छैन । तर हामीसँग सामान्य खेस्रा भने छ ।

**का. स्तालिन :** शुरुमा हामी एकआपसमा विचार आदानप्रदान गर्नसक्छौं र त्यसैको आधारमा सन्धि तयार पार्न सक्छौं ।

**का. माओ :** हाम्रो विचारमा हामीले वर्तमान अवस्थामा आधारित रहेर सहमति र सन्धिहरूमार्फत हाम्रो सहकार्यलाई अझ बलियो बनाउनुपर्दछ । त्यसो गरे चीन र साथै अन्तर्राष्ट्रिय सम्बन्धको क्षेत्रमा पनि सकारात्मक प्रभाव पर्दछ । मैत्री र एकता सन्धिमा दुवै देशको समृद्धि सुनिश्चित गर्ने सबै कुरालाई समावेश गर्नुपर्दछ । साथै जापानले फेरि फेरि पनि गर्न सक्ने हमलाका सबै सम्भावनाको ढोका बन्द गर्नुपर्दछ । हामी दुवै देशको चासो समृद्धि भएका कारण पूँजीवादी देशहरूले यसलाई रोक्न हरेक प्रयास गर्ने सम्भावना छ ।

**का. स्तालिन :** ठीक हो । जापानसँग अझै पनि मानवीय स्रोत छ र यदि अमेरिकीहरू उनीहरूको वर्तमान राजनीतिसँग लय मिलाउन पुगे जापानीहरूले पक्का पनि आफ्नो शिर उठाउनेछन् ।

**का. माओ :** दुई वटा विषयले विद्यमान सन्धि र नयाँ सन्धिबीच तात्विक भिन्नता ल्याउनेछ । कोमिङताङहरू मित्रताको कुरा मात्र गर्थे । आज परिस्थिति बद्लिएको छ । आज साँचो मित्रता र सहकार्यको लागि आवश्यक सबै अवस्था विद्यमान छन् ।

त्यसको अतिरिक्त पहिले हामीले जापानविरोधी युद्धको लागि सहमति गरेका थियौं भने अहिले जापानी हमला रोक्न हामीले सहमति गर्नुपर्ने अवस्था छ । नयाँ सन्धिमा राजनीतिक, आर्थिक, साँस्कृतिक र सैनिक सहकार्यका कुरा उल्लेख गर्नुपर्नेछ । आर्थिक सहकार्य नै मुख्य विषय हुनुपर्दछ ।

**का. स्तालिन :** विद्यमान सन्धिको तेस्रो धारामा उल्लेख भएको वाक्यलाई हामीले नयाँ सन्धिमा राख्नु उपयुक्त होला कि नहोला ? धारामा लेखिएको छ '...जापानबाट भविष्यमा हुन सक्ने हमला रोक्ने विषयलाई यो सहमतिका दुवै



चीनमा प्रकाशित एउटा हुलाक टिकट

उच्च पक्षले संरा सङ्घको हातमा छोड्ने अवस्थासम्म यो बुँदा प्रभावी रहनेछ ।'

**का. माओ :** मेरो विचारमा हामीले यो धारा राख्नु उचित हुन्न ।

**का. स्तालिन :** हामीलाई पनि त्यही लाग्छ । त्यसो भए नयाँ सन्धिमा कस्ता वाक्य राख्दा उपयुक्त होला ?

**का. माओ :** हाम्रो विचारमा नयाँ सन्धिमा अन्तर्राष्ट्रिय सल्लाह लिने भन्ने वाक्य समावेश गर्नु ठीक हुनेछ । त्यो वाक्यले हाम्रो अवस्था बलियो बनाउनेछ किनभने चिनियाँ पूँजीपति वर्गले अन्तर्राष्ट्रिय सम्बन्धको प्रश्नमा सोभियत सङ्घसँग नजिक हुने राजनीतिप्रति आपत्ति जनाउँदै आएका छन् ।

**का. स्तालिन :** ठीक छ । मैत्री तथा एकता सन्धिको लागि यस्तै प्रकारको वाक्य आवश्यक हुन्छ ।

**का. माओ :** सही हो ।

**का. स्तालिन :** सन्धिको विस्तृत खाका तयार गर्न हामीले कसलाई जिम्मेवारी दिनु उपयुक्त होला ? मेरो विचारमा हामीले भिशिन्स्की र चाओ एनलाइलाई जिम्मेवारी दिनु ठीक हुनेछ ।

**का. माओ :** त्यसमा मेरो सहमति छ ।

**का. स्तालिन :** अब चिनियाँ पूर्वी रेलमार्गको विषयमा कुराकानी गरौं । यो विषयमा तपाईंको विचार के छ ?

**का. माओ :** चिनियाँ पूर्वी रेलमार्गको विषयमा र पोर्ट अर्थर सहमतिको सन्दर्भमा आधारको रूपमा पहिलेका सहमतिलाई सैद्धान्तिक रूपमा उस्तै राखेर व्यवहारमा परिवर्तन गर्नु उपयुक्त हुन्छ कि ?

**का. स्तालिन :** त्यसो भए तपाईं पहिलेका सहमतिहरूलाई सैद्धान्तिक रूपमा परिवर्तन नगरी व्यवहारमा परिवर्तन गर्ने गरी जोगाउने पक्षमा हुनुहुन्छ ?

**का. माओ :** हामीले दुवै पक्ष चीन र सोभियत सङ्घको हित हुने अवस्थाबाट शुरु गर्नु ठीक हुनेछ ।

**का. स्तालिन :** ठीक हो । पोर्ट अर्थर सहमति समान नभएको हामीले महसुस गरेका छौं ।

**का. माओ :** तर यो सहमतिमा परिवर्तन गर्दा याल्टा सम्मेलनका निर्णयमा असर पर्ने हुन्छ ।

**का. स्तालिन :** सही हो, त्यसले असर गर्छ । तर त्यसको के मतलब भयो र ! एक पटक हामीले सहमतिमा परिवर्तन गर्ने निर्णय गरेपछि त्यसलाई अन्तिम निष्कर्षसम्म पुऱ्याउनुपर्दछ । त्यसो गर्दा हामीलाई केही असजिलो त ल्याउने छ र साथै हामीले अमेरिकीहरूको सामना गर्नुपर्ने हुन्छ । तर हामी यसको निम्ति अभ्यस्त भइसकेका छौं ।

**का. माओ :** हाम्रो एउटै चासोको विषय भनेको त्यसले सोभियत सङ्घका लागि अनपेक्षित परिणाम निम्त्याउने हो कि भन्ने हो ।

**का. स्तालिन :** विद्यमान सहमति जापानसँगको युद्धका क्रममा भएको सर्वविदित कुरा हो । च्याङ काई शेकले कस्तो चालबाजी खेल्ने हो, हामीलाई थाहा छैन । पोर्ट अर्थरमा तैनाथ हाम्रो फौज सोभियत सङ्घ र चिनियाँ प्रजातन्त्रको लागि हितकारी छ भन्ने हाम्रो बुझाइ हो ।

**का. माओ :** कुरा त प्रष्टै छ नि ।

**का. स्तालिन :** त्यसो भए, त्यसलाई यसरी राख्दा कसो होला : जापानसँग शान्ति सहमति नहुञ्जेल र पोर्ट अर्थरबाट त्यसपश्चात रुसी सेना फिर्ता नभएसम्म पोर्ट अर्थरको सहमति प्रभावी रहनेछ । यसलाई अर्को तरिकाबाट पनि लेख्न सकिन्छ : पहिलेको सहमति प्रभावी रहनेछ तर व्यवहारमा पोर्ट अर्थरबाट सेना फिर्ता गरिनेछ । तपाईंलाई जुन तरिका उपयुक्त लाग्छ, त्यसरी नै यसलाई राख्न हामी तयार छौं । हामी दुईमध्ये कुनै पनि मान्न तयार छौं ।

**का. माओ :** हामीले यो विषयमा विचार गर्नुपर्दछ । हामी कामरेड स्तालिनको दृष्टिकोणमा सहमत छौं । जापानसँग शान्ति सम्झौतामा हस्ताक्षर नभएसम्म हामीलाई पोर्ट अर्थर सहमति कायम रहनुपर्छ भन्ने पक्षमा छौं । शान्ति सम्झौतापश्चात जापानले शक्ति गुमाउनेछ र त्यसपछि सोभियत सेना फिर्ता हुनेछन् । तथापि हामी पोर्ट अर्थरमा सैनिक उपस्थितिलाई कायम राख्न चाहन्छौं र त्यसलाई हाम्रो जलसैनिकहरूलाई तालिम दिने अवसरको रूपमा उपयोग गर्न चाहन्छौं ।

**का. स्तालिन :** दाल्ने[3]को विषयमा । दाल्नेमा सोभियत सङ्घको अधिकार कायम गर्नेमा हामीलाई कुनै पनि तरिकाबाट सुनिश्चित गर्न सक्दैनौं ।

**का. माओ :** दाल्नेलाई स्वतन्त्र बन्दरगाहको रूपमा संरक्षण गर्न सकिन्छ कि ?

**का. स्तालिन :** हामीले दाल्नेमाथि हाम्रो अधिकार छोड्ने अवस्थामा चीनले दाल्नेको विषयमा निर्णय गर्नुपर्दछ : दाल्नेलाई स्वतन्त्र बन्दरगाह बनाउने वा नबनाउने । एक पटक रुजवेल्टले दाल्नेलाई स्वतन्त्र बन्दरगाह बनाउनुपर्ने कुरामा जोड दिएका थिए ।

**का. माओ :** त्यसो भए पोर्ट अर्थरलाई स्वतन्त्र बन्दरगाह बनाउनु बेलायत र संरा अमेरिकाको हितमा हुने हो कि ?

**का. स्तालिन :** पक्का हुनेछ । त्यो त ढोका खुला छोडिएको घर जस्तै हुनेछ ।

**का. माओ :** हाम्रो विचारमा पोर्ट अर्थरलाई हाम्रो सैनिक आधार बनाउन सकिन्छ भने दाल्नेलाई सोभियत–



चीन आर्थिक सहकार्य केन्द्र बनाउन सकिन्छ। दाल्नेमा त्यस्ता धेरै औद्योगिक वस्तुहरू छन् र सोभियत सङ्घको सहयोग बिना तिनको उपयोग गर्न सकिंदैन। त्यहाँ हामीले हाम्रो आर्थिक सहकार्य केन्द्र बनाउन सक्छौं।

**का. स्तालिन :** त्यसो भए पोर्ट अर्थर सहमति जापानले शान्ति सहमतिमा हस्ताक्षर नगरेसम्म प्रभावी नै रहनेछ। शान्ति सम्झौता पछि जापानले शक्ति गुमाउनेछ र रुसी सेना त्यसपश्चात त्यहाँबाट फर्किनेछ। हाम्रो छलफललाई सारमा यसरी भन्दा म ठीक छु वा छैन ?

**का. माओ :** यो नै आधार हो र हामीले नयाँ सन्धिमा राख्न चाहेको ठीक यही हो।

**का. स्तालिन :** अब हामी चिनियाँ पूर्वी रेलमार्गको विषयमा कुराकानी थालौं। त्यो विषयमा तपाईले एक जना कम्युनिष्टले कुरा गरे जस्तै बिना अप्ठ्यारो आफ्नो विचार राख्नुहुन्छ कि ?

**का. माओ :** नयाँ सहमतिमा मुलभूत रूपमा निम्न कुरा रहनुपर्दछ : दुई पक्षको उपयोग र सञ्चालन भविष्यसम्म कायम रहनेछ। तथापि त्यसको प्रशासन सञ्चालनसम्बन्धमा चिनियाँ पक्षले नै मुख्य भूमिका खेल्नुपर्दछ। साथै अब हामीले सहमतिको समयावधि छोटो बनाउने विषयमा पनि काम गर्न जरुरी छ र लगानीको विषयमा पनि कुराकानी गर्नुपर्दछ।

**मोलोतोभ :** दुई वटा देशहरू मिलेर कुनै औद्योगिक परियोजनाको सहकार्यात्मक प्रयोग र सञ्चालन गर्दा सामान्यतः त्यसको सञ्चालनमा दुवै देशको आंशिक संलग्नता हुनुको साथै मुख्य मुख्य पदमा साटफेर पनि हुने गर्दछ। पुरानो सम्झौताअनुसार त्यसको प्रशासन सञ्चालनको जिम्मेवारी सोभियत पक्षलाई थियो। तथापि भविष्यमा यो जिम्मेवारीमा साटफेर हुने कुरामा हाम्रो विश्वास छ। अर्थात यो परियोजनाको प्रमुख व्यवस्थापनको जिम्मेवारी प्रत्येक २-३ वर्षमा परिवर्तन गरिरहनु उपयुक्त हुनेछ।

**चाओ एन लाई :** हाम्रा कामरेडहरूको विचारमा चिनियाँ पूर्वी रेलमार्गको वर्तमान बन्दोबस्त र गर्भनरको पदलाई खारेज गरी चिनियाँ पूर्वी रेलमार्गको व्यवस्थापन बोर्ड गठन गर्नु उचित हुनेछ। बोर्डको अध्यक्ष र उच्च व्यवस्थापकको जिम्मेवारी चिनियाँ पक्षलाई दिनुपर्दछ। तथापि कामरेड मोलोतोभको धारणालाई ध्यानमा राखी हामीले यसबारे विचार गर्न सक्छौं।

**का. स्तालिन :** यदि तपाई सहकार्यात्मक सञ्चालनको कुरा गरिरहनुभएको हो भने प्रमुख पदको साटफेर हुनु आवश्यक छ। त्यसो गर्दा थप अर्थपूर्ण हुनेछ। सहमतिको समयावधि छोट्याएपश्चात हामीलाई यसमा कुनै आपत्ति हुनेछैन।

**चाओ एन लाई :** के हामीले लगानी गरिरहेको हिस्साको अनुपातमा परिवर्तन गर्न सक्छौं कि ? लगानीको अहिलेको अनुपातको सट्टामा हामीले चिनियाँ लगानी ५१ प्रतिशतमा बढाउन चाहेका छौं।

**मोलोतोभ :** त्यसो गर्नु अहिलेको अनुपातसँग विरोधाभासपूर्ण हुनेछ।

**का. स्तालिन :** वास्तवमा लगानीको हिस्साको सम्बन्धमा हामीले चेक र बुल्गेरियासँग सम्झौताहरू गरेका छौं। ती सम्झौताहरूमा हामीले समान लगानीको प्रावधान राखेका छौं। यदि हामी सहकार्यात्मक सञ्चालनको पक्षमा भए हामी दुवैले समान सहभागिता जनाऔं।

**का. माओ :** यो विषयमा हामीले थप अध्ययन गरेर दुवै पक्षको हितलाई सुनिश्चित गर्न आवश्यक छ।

**का. स्तालिन :** अब ऋणको विषयमा कुराकानी गरौं। त्यससम्बन्धी सहमति दुई राज्यबीचको सन्धिको रूपमा हुनुपर्दछ। तपाईंको के विचार छ ?

**का. माओ :** के यो वित्तीय ऋणअन्तर्गत सैनिक सामग्रीको आपूर्ति पनि परेका छन् ?

**का. स्तालिन :** त्यो त तपाईंमा भर पर्ने कुरा भयो। सैनिक सामग्रीको आपूर्ति यसै ऋण सहायतामा समावेश गर्न पनि सकिन्छ नभए त्यसको लागि अलग सम्झौता पनि गर्न सकिन्छ।

**का. माओ :** यदि हामीले सैनिक सामग्रीको आपूर्तिलाई यही ऋणमा समावेश गरे औद्योगिक विकासको लागि आवश्यक पर्ने कोषमा कमी हुनेछ। तसर्थ हामीले सैनिक सामग्रीको केही हिस्सामात्र यो ऋण सहायतामा समावेश गर्नु उपयुक्त होला। बाँकी सामग्रीलाई व्यापारअन्तर्गत राख्नुपर्छ। औद्योगिक तथा सैनिक सामग्रीको आपूर्ति अवधि पाँच वर्षबाट घटाएर ३-४ वर्षमा कम गर्न सक्छौं वा सक्दैनौं ?

**का. स्तालिन :** हामीले हाम्रो क्षमताको मूल्याङ्कन गर्नुपर्छ। मुख्य कुरा त हाम्रो आफ्नै औद्योगिक सामानको भण्डार कति छ भन्ने हो। तथापि हामीले ऋण सहमतिको मिति १ जनवरी सन् १९५० बाट शुरु भएको मान्न सक्छौं किनभने सामान त अहिलेबाट नै आपूर्ति हुनेछ। हामीले ऋण सहमति सन् १९४९ को जुलाईबाट शुरु गरेको भए पनि विश्व समुदाय अलमलमा पर्ने थियो : चीनमा राष्ट्रिय सरकार नै बनिनसकेको अवस्थामा सोभियत सङ्घ र चीनबीच कसरी सहमति भयो भनेर। मेरो विचारमा तपाईंहरूले आवश्यक

औद्योगिक सामानको सूची तयार गर्नमा हतार गर्नुपर्दछ। जति चाँडो त्यो सूची तयार हुन्छ, त्यति नै परिणाम राम्रो हुने कुरा मनमा राख्नुहोला।

**का. माओ :** ऋणको अवस्था चीनको लागि उपयुक्त छ। हामीले एक प्रतिशतमात्र ब्याज तिर्नेछौं।

**का. स्तालिन :** जनगणतन्त्र भएका देशहरूको लागि हामीले दुई प्रतिशत ब्याजदरमा ऋण सहयोग दिने ऋण नीति बनाएका छौं। तपाईंले चाहनुभयो भने हामी त्यो ब्याजदरमा वृद्धि पनि गर्न सक्छौं। (हाँसो) तर चिनियाँ अर्थतन्त्र निकै तल्लोस्तरमा भएको हाम्रो अनुमान छ। टेलिग्राममार्फत जानकारी भयो, चीन सरकारले उद्योग कलकारखानाहरू बनाउन आफ्ना सिपाहींहरू प्रयोग गर्दैछ। यो निकै राम्रो कुरा हो। हाम्रो समयमा पनि उद्योग कलकारखानाको विकासका लागि सेनालाई प्रयोग गर्दा राम्रै परिणाम आएको थियो।

**का. माओ :** त्यो सही हो। हामी सोभियत कामरेडहरूको अनुभव उपयोग गरिरहेका छौं।

**का. स्तालिन :** सिन्चियाङमा चीनले केही मकै प्राप्त गरेको विषयमा कुराकानी भयो ?

**का. माओ :** अँ, केही गहुँ र तयारी कपडाबारे कुरा गर्नुपर्छ।

**का. स्तालिन :** तपाईंले के सामान कति आवश्यक परेको हो, प्रष्ट रूपमा प्रस्ताव गर्नुपर्दछ।

**का. माओ :** ठीक छ, हामी त्यसको तयारी गरौंला। व्यापार सम्झौताको लागि हामीले के गर्नुपर्छ ?

**का. स्तालिन :** तपाईंको के छ धारणा ? हालसम्म त हामीले मञ्चुरियासँग मात्र व्यापार सम्झौता गरेका छौं। हामी भविष्यको अवस्थाबारे जान्न चाहन्छौं : हामीले मञ्चुरिया, सिन्चियाङ र अरु प्रान्तहरूसँग बेग्लाबेग्लै सम्झौता गर्ने हो वा केन्द्रीय सरकारसँग मात्र एउटै सम्झौता गर्ने हो ?

**का. माओ :** हामी केन्द्रसँग एउटै मात्र सम्झौता गर्न चाहन्छौं। तर सिन्चियाङले आफ्नो पालोमा आफ्नो अलग सम्झौता गर्न सक्दछ।

**का. स्तालिन :** सिन्चियाङले मात्र ? मञ्चुरियाको विषयमा के छ त ?

**चाओ एन लाई :** मञ्चुरियासँग अलग सम्झौता असम्भव छ किनभने केन्द्रसँगको सम्झौता मुख्यतः मञ्चुरियाबाट आपूर्तिले सुनिश्चित गर्दछ।

**का. स्तालिन :** सिन्चियाङ वा मञ्चुरिया जो सँग गरिएको सम्झौता भए पनि केन्द्रीय सरकारले अनुमोदन गरेको हामी चाहन्छौं र ती सम्झौताहरूप्रति उत्तरदायी बनेको चाहन्छौं।

**का. माओ :** सिन्चियाङसँग हुने सम्झौता पनि केन्द्रीय सरकारको नाममा भएको हुनुपर्दछ।

**का. स्तालिन :** ठीक कुरा हो। स्थानीय प्रादेशिक सरकारले धेरै कुरालाई ध्यानमा नराखेको हुनसक्छ तर केन्द्रीय सरकारले सधैं राम्रो विचार गरेको हुन्छ। केही अरु प्रश्नहरू छन् कि ?

**का. माओ :** अहिलेको सन्दर्भमा सबैभन्दा महत्त्वपूर्ण प्रश्न भनेको आर्थिक सहकार्य नै हो। मञ्चुरियाको अर्थतन्त्रको पुनःनिर्माण र विकास।

**का. स्तालिन :** मेरो विचारमा कामरेड मिकोयान, भिशिन्स्की, चाओ एन लाई र ली फु-चुन सम्मिलित तयारी समितिलाई हामीले यसको निम्ति विश्वास गर्नुपर्दछ।

**का. माओ :** तपाईंले चीनमा पठाउनुभएको वायु सैनिक रेजिमेन्टले हामीलाई निकै सहायता पुऱ्याएको छ। त्यसले दश हजारभन्दा बढी मानिसहरू ओसारपसार गरिसकेको छ। त्यो सहयोगको लागि कामरेड स्तालिन तपाईंलाई धेरै धेरै धन्यवाद। साथै त्यो रेजिमेन्ट अब थप केही समय चीनमै राख्ने बन्दोबस्तको लागि तपाईंलाई आग्रह गर्दछु। तिब्बततिर अघि बढ्ने लि पो छानका सेनालाई खाद्य सामग्री आपूर्तिको लागि हामी त्यो रेजिमेन्टको थप सहयोग लिन चाहन्छौं।

**का. स्तालिन :** तपाईंहरू अघि बढ्ने तयारीमा हुनुहुन्छ। यो राम्रो कुरा हो। तपाईंहरूले तिब्बतीहरूलाई हातमा लिनुपर्दछ। वायु सेना रेजिमेन्टको विषयमा हामी हाम्रो सेनासँग सल्लाह गरेर तपाईंलाई खबर गरौंला।

*कुराकानी दुई घण्टासम्म चलेको थियो। बैठकमा अन्य सहभागीहरू : मोलोतोभ, मालेन्कोभ, मिकोयान, भिशिन्स्की, रोशचिन, फेडोरेन्को र चिनियाँ कामरेडहरू चाओ एन लाई, ली फु-चुन, भान त्स्या स्यान, चेन पो ता र सि चे (कार्स्की)।*

(रुसी भाषाबाट अङ्ग्रेजीमा अनुवाद : माइकल शातुरिन।)

*(सामग्री र तस्बिर इन्टरनेट) अनौपचारिक अनुवाद प्रस्तुति : सुमन*

१ दोस्रो विश्वयुद्धपछि शान्ति स्थापनाको लागि सोभियतसंघ, संरा अमेरिका र संयुक्त अधिराज्यका सरकार प्रमुखहरूबीच सन् १९४५ मा सोभियत संघको याल्टामा भएको सम्मेलन।

२ यसलाई अचेल लुशुन पोर्ट भनिन्छ।

३ अचेल दालियन (Dalian) भनिन्छ। पोर्ट अर्थर यसै क्षेत्रमा पर्दछ।

# /fd sKtfgaf/] clnlvt 0ltxf;



ओम धौभडेल

नेपालको इतिहासमा कयौं त्यस्ता ब्यक्तिहरूबारे आज आएर खोजतलाश गर्नु ब्यक्तिको ब्यक्तिगत इतिहासमात्र होईन, देशकै इतिहासको खोजबिन गर्नु सरह हुन आउँछ। त्यसमा एक ब्यक्ति हुन राम कप्तान। राम कप्तान को हुन् उनको नेपालको इतिहासमा के योगदान छ शायद यसबारे आजसम्म कहिकतैंबाट अध्ययन अनुसन्धान भएको देखिंदैन। राम कप्तानको जन्म, मृत्यु, परिवारलगायतबारे सर्वप्रथम उल्लेख गर्ने प्रयास यहाँ हुनेछ। त्यसो त राम मूलको वंशजबारे उल्लेख गर्नु अर्को महत्त्वपूर्ण प्रसंग यहाँ अझ धेरै अर्थ राख्छ। यसबारे एक आलेख यसअघि 'भक्तपुर' मासिकमा प्रकाशित भक्तपुरका तालचाभाडिलहरूको इतिहासमा एक नजर लगाउनु आवश्यक हुन आउँछ। जहाँ उल्लेख भएको ल्होम्वा नै उनीहरूको पहिलो पुर्खा हुन आउँछ। उनका एक छोराले भक्तपुर दरबारकी राजकुमारीसित विवाह गरेको देखिन्छ। ने.सं. ६८२ तिर भक्तपुर दरबारले गोलमढीका कुसुमसिंह बाबुलाई भक्तपुर दरबारको मन्त्री बनाएको थियो। कुसुमसिंहको नामसँगै जोडिएको 'बाबु' शब्दले उनको मावली भक्तपुर दरबार हो भन्ने प्रष्ट हुन्छ। यहाँ कुसुमसिंहलाई गोलमढीको भनी ठाउँसमेत तोकिएको हुँदा अझ उनको वास्तविक थर तथा बस्ती पत्ता लगाउन सहयोग पुग्ने विश्वास गर्न सकिन्छ। भक्तपुरको गोलमढी टोल लिच्छवीकाल अर्थात शिवदेव द्वितीय तथा अंशुवर्माकै समयमा भक्तपुरको मध्यभाग रहिसकेको प्रमाण सोही टोलको ग:हिटी माथिको अभिलेखले स्पष्ट गर्छ। सँगैको शिवमन्दिरले वीर शैवमतको मात्र नभई समस्त शिवगलस्थानको समेत प्रतिनिधित्व गरेको हुँदा यस ठाँउको ठूलो महत्त्व छ। यति महत्त्वपूर्ण गोलमढी टोलको मध्यभागमा दक्षिण पूर्व मोहडाको एक भवन छ। जसलाई मूलघरले चिनिन्छ। परम्परागत शैलीले बनेको यो भवनमा उपयोग भएको झ्यालढोका, दलिन, सँझ्या:, टिकझ्यादेखि हरेक सामग्री हेर्दा यो भवन खानदानी वर्गको आवास हुनेमा शंका छैन। यहाँ ने.सं. ६८२ मा देखिएका कुसुमसिंहको निवास यही भवन हुनसक्छ। यसतर्फ अनुसन्धानकर्ताहरूको ध्यान जानुपर्छ।

अझ विशेषगरि मावली खलक दरबार भएकाहरू भक्तपुर दरवारमा मन्त्री बनेपछि उनका शाखासन्तानहरूको परिचय नै मूल भयो। गोलमढी मूलहरूको मूख्य बासस्थान भयो। यही कुसुमसिंहको कुलमा भाजुधनको कान्छा छोराको रूपमा राम मूलले जन्म लिएको हो। उमेरमा उनी जंगबहादुर राणाको समकालिन देखिन आउँछ। उनी जंगबहादुरको एक बफादार सैनिक अधिकारीसमेत थिए। सैनिक भित्र उनी कप्तान पदमा रहेका कारण उनको नाम नै राम कप्तान कहलिन पुग्यो। राणाकालमा भक्तपुरमा रहेको ब्यारेकको सबै जिम्मा नै उनको हुन्थ्यो। यसको प्रमाण यहाँ दिएको अभिलेखले पुष्टि हुन्छ। रामजी तिवारीले पूर्णिमा अंक ४७, २०१३ मा छपाएको एउटा पत्र हो। जुन विं.सं. १९१२ श्रावण बदि ३ रोजको हो। जसमा पत्र लेख्ने ब्यक्ति मुखिया उत्तम नारायण हुन्। यो पत्र राम कप्तानलाई लेखेको हो। जसमा राम कप्तानलाई उत्तम नारायणले ससुरा काका भनी सम्वोधन गरेबाट राम कप्तानका तीन दाजुहरूका छोरीहरू मध्य एकको विवाह दरबारका मुखिया उत्तम नारायण मल्लसित भएको देखिन आउँछ। त्यसैले पत्र लेख्ने उत्तम नारायणले राम कप्तानलाई ससुरो काका भनेको हुनुपर्छ। यो पत्रमा राम कप्तानलाई ससुरो काका मात्र भनिएको छैन, 'धर्मऔतारी दयाधारी सकलगुणले युक्त राजभारोद्वार समर्थ' जस्ता उपमाले समेत विभूषित गरेबाट राम कप्तानको शक्ति तथा सामर्थ्य प्रष्ट हुन्छ। तत्कालिन समयमा जंगबहादुरले आफ्नो कान्छो भाइ धीर शम्शेरलाई भक्तपुरको जिम्मा दिइपठाएको थियो। धीर शम्शेर भक्तपुरमा बसी भक्तपुरको प्रशासन चलाउँदै गर्दा विं.सं. १९१२ ताका नेपालको भोटसित युध्द हुने निश्चित भयो। यता कुती तर्फबाट नेपाली सेनाको नेतृत्व धीर शम्शेरले गर्ने भयो। यसमा धीर शम्शेरलाई सहयोग गर्ने एक प्रमुख ब्यक्ति राम कप्तान थिए। अझ नेपाल भोट युध्दमा राम कप्तानको भूमिका तथा जिम्मेवारी के रहेछ भन्ने प्रमाण यो पत्र बनेकोछ। भोटमा युध्द गर्न गएका राम कप्तानलाई त्यँहाको हालखबर तथा आवश्यक बन्दोबस्तको लागि प्रधानमन्त्रीको तर्फबाट उत्तम नारायणले पठाएको पत्रबाट थाहा हुन्छ। जुन पत्र यसप्रकार छ–

*स्वस्ति श्रीसर्वोपमाजोग्यत्यादी धर्मऔतारी दयाधारी मर्ज्यादामहोदधी सकलगुणालंकृत राजभारोद्वारसामर्थ*

श्रीससुराकाका कपतान रामकैषु इत श्रीमुषीया उत्तमनारान्को सेवासतम्पूर्वकपत्रमिदम् ईत नीक. ताहा कुसलानन्द हुनुभया मेरो चित्त आनन्द होला. आगे ञांहाको समाचार भलो छ.

उप्रान्त भाद्रसुदी २ रोज ५ का दीन लेषनुभयाको सिक्षापत्र ऐ सुदी ४ रोजका दीन आइपुग्यो. विस्तार मालुम भयो. श्रावणसुदी १४ रोजका दीन काठमाडौ गै ताहाबाट ल्यायाको कागज श्रीजनरल साहेबका हजुरमा चऱ्हाञां. कागज नजर गर्नुभयो. कागज तहकित् भयाको हो की कसो हो. तहकित् भयाको हो भन्या श्रीप्राइममिनिस्टरसाहेबका हजुरमा चऱ्हाइ नजर गराउ कि भनी मर्जि हुदा तहकीतको कागज हो की सोझि पठाऊ भनी तथा राषी घर आइरह्याका थिञां. फेर जियमा अलिक आराम् नहुँदा तीमीहरूलाई ञाहाको हालसुरत लेषनु नसकियाको हो भनी लेष्याको अर्थ श्रावणसुदी १४ रोजमा काठ्माडौ गै साहेबहरूसंग भेट् गर्नु जानुभयाको बढीया हो. कागज नजर गरायाको अलि बेमुनासीब गर्नु भयेछ. तहकीत्को कागज पठाईदेउला भंदा भंदै नजर गरायछ. बढीया भगयो. फेर ञाहाबाट तहकीतको कागज चढाइ पठाइ नजर भै ञांहा २।३ फेरा उत्रा पनी आइपुग्यो. अलि जियमा बिसंच भैरहेछ भनी लेषनुभयाको आराम भयो कि भयाको छैन. उत्रा पठाइदिनुभया बढीया होला. ताहा श्रीजनरलसाहेबका हजुरमा पठाइदियाका कागज २ तहकीत्को हो कि कसो हो. उत्रा पठाइदे भनी लेषनु भयाको कागज तहकित् भयाको हो. तर कागजपत्रको वास्ता हो. पछी जाचबुझ गऱ्या भनी ठोरबहुत मात्री फेर पर्ला. तीमिहरूलाई झिकाउन्या अर्थ पल्टन्का साठ् आउनु पाउला भनी लेष्याका अर्थ पल्टन् भन्या फिऱ्यो. हामिलाई भन्या अझसम्म केही कुराको संछेपै आउदैन. ऐही बष्नुपर्छ भन्या सोही उत्रा पठाइदिनुहोला. झीकाउन्या तवर छ भन्या उसैमाफीकको उत्रा चाडो पठाउनुभया बढीया होला. टिमुऱ्यातरफको कागजपत्र पनी सुब्बा धनसुन्दरका घरमा बडाबर बनाउनु लाग्यो. हाम्रा तरफको कागज ताहाबाट तयार गरी ल्याउछ कि ञांहा झिकाउ भनी लेषनुभयाका अर्थ ताहा झिकाइ कागज तयार होला कि भन्या जस्तो लागछ. ताहाको तजवीजमा जो ठर्हछ. ताहा रह्या नुन मुरी २० दुस्मन् भोटयाहरूका मालताल चाडो पठाइदेउ भनी लेषनुभयाका अर्थ नुन् बोरा भर्न सुबा मानसरोवर बाऱ्हबिस्या गयाका छन्. भोलि र पर्सि र मा चलान् होला. भाडा आलमालका अर्थ ञांहा आइपुग्यासम्मको चलान् भयाकोछ. पछी जो आउला. चलान गर्दै गर्न्याछ. म भन्या मध्येस्या बोरा चलान्मा षटाइराष्याको छ. तसर्थ आषाढबदी ३० रोजसम्मका मध्येस्या बोरा कती आइपुग्यो भनी लेष्याका अर्थ मध्येस्या बोराको हिसाब कुतिमा होला. कुतिबाट मात्रि कागज फात् लागला. उहाबाट कागज आयापछी उत्रा पठाइदिन्याछु. ञांहाका हक्लाई तिमिहरू कारिन्दा सबैको बिन्ती पारीरह्याछु भनी लेष्याका अर्थ बढीया गर्नु भयछ. हर्षवीर भुवनेश्वर रामकृष्ण भाद्रसुदी ६ रोजका दिन आइपुग्यो. गोदाममा दाषिल भयाको रसदको रूपैया पठाइदेउ भनी लेष्याका अर्थ पत्यारका मानीस् नपाऊदा पठायाको छैन. पत्यारका मानीस् पायाबित्तिकै पठाउन्या काम गरुंला. बाकी हामीहरूले फेर येस्तरफ काम गर्नुपर्छ पर्दैन्न. सो उत्रा चाडो पठाइदिया बढीया होला. दसैं नजिकि आयो. ज्यादा विस्तार काहातक् लेषुं. जांन्या आफु हुनुहुंछ.

ईति सम्वत १९१२ साल मिति श्रावणवदी ३ रोज ६

शुभम्

यसपत्रको आधारमा भोटसितको युध्दमा पूर्वतर्फका कमाण्डिङ जनरल तथा जंगबहादरका कान्छा भाइ धीर शम्शेरसँगै भोट पुगेका सेनामा भक्तपुरका राम कप्तान पनि रहेछ भन्ने जानिन्छ। साथै भोटमा रहेका राम कप्तानसित त्यहाँको बारे काठमाण्डौबाट नेपाल सरकारका मुषिया उत्तम नारायण मल्लले लेखेको पत्रबाट राम कप्तानको भूमिका कतिको महत्त्वपूर्ण थियो भन्ने जान्न सकिन्छ। अझ नेपाल भोट युध्दबारे एउटा धारणा के छ भन्ने भोटमाथि जित हासिल हुनसक्नुको पछाडि भक्तपुरको ठूलो भूमिका थियो। भोटसितको लडाइँमा राम कप्तानको सल्लाह बमोजिम भक्तपुरको प्रसिध्द नवदुर्गा भवानीको बाजा पनि लगेको थियो। लडाइँको क्रममा जव नेपाली पक्षले धिंताल्ल भतिंडो



भक्तपुर गोल्मढीस्थित राम झोपडी

को आवाजमा बाजा घन्कियो, भोटे सेनाहरू भागाभाग भए। हतियारसमेत छोडेर भागेका भोटेहरूको सरसामान तथा अन्य मालताल चाँडोभन्दा चाँडो काठमाण्डौं पठाउन यो पत्र लेखेको देखिन्छ। जसमा नुन पनि एक हो। यसरी भोटमाथि जित हासिल हुनुको पछाडि भक्तपुरको नवदुर्गा भवानीको मुख्य भूमिका भएर नै धीर शम्शेरले भक्तपुर राजदरबार अगाडि द्य:ब्वयेकेगु जस्ता विशेष उपासना गरे। भोटसितको युध्दको लागि भक्तपुरबाट दुई पल्टन उता खटिएकोमा भक्तपुरबाट दुई प्रमुख ब्यक्तिहरू सामेल थिए। जसमा एक राम कप्तान थिए त अर्को नासमनाका सुबेदार **ह्वयरत्न** ग्वंग थिए। **ह्वयरत्न** ग्वंगबारे पछि छुट्टै आलेख तयार हुनेछ। यहाँ उही राम कप्तान र उसको योगदान नै प्रमुख विषय हुनेछ। यसै सर्न्दभमा वि.सं. १९२३ को अर्को एउटा पत्रले राम कप्तानको भूमिका अझ बढी स्पष्ट हुन्छ। पूर्वतर्फका कमाण्डिङ जनरल धीर शम्शेरले राम कप्तानलाई लेखेको उक्त पत्रअनुसार तत्कालिन भक्तपुर छाउनी प्रमुख राम कप्तान रहेको देखिन आउँछ। जुन यस प्रकारको छ–

*श्री*

*स्वस्ति श्री मद्राजकुमारकुमारात्मज पूर्वतर्फका कम्यांडिङ् जनरल श्रीधीरसम्सेरजङ्गराणकस्य पत्रम्- आगे कप्तान् रामके श्रीगोरषनाथ पल्टन्मा कवायेत् गरी निज पल्टन्को हेरचाह गर्नालाई तपसीलबमोजिम्को सवाल गरीबक्स्यौं. पल्टनको हेरचाह नगरी गाफिल रह्यौ भन्या जंगी अैनबमोजिम् सजाय होला – – –*

*तपसील्*

***बन्दुक जाचन्या काम् १***

*बुधबारका दिन पल्टन्ले बंदूक मलि कोतमा ल्याउदा सार्जङ्लाई राषी जाचन लाउन – – – १*

*बन्दुक बिग्रेको भया सिपाही आफैले बल गरी बेकंबा गऱ्याको रहेछ भन्या अैनबमोजिम् तेही सीपाहीसंग मोल लि सो मोल रीपोट् चढाइ अर्को बदला बन्दुक झिकी पल्टन्मा भर्ना गर्नु. सीपाहीले बेकंबा गऱ्याको रहेनछ. बन्दुक बेकंबा रहेछ भन्या रीपोट् चढाइ अर्को बन्दुक भर्ना ली पल्टन्मा दीनु–१*

*बन्दुकका किलाकाटा जाचदा सर्कारका काम चल्दा हरायाको रहेछ भन्या सीपाही संग दाम नलिनु. सो बेहोराको रीपोट् चढाइ मेगजिन्बाट बनाउन लाउनु. अघिपछी हरायाको रहेछ भन्या अैनबमोजिम हरान्या सीपाहीसंग दाम उठाइ रीपोट् चढाइ मेगजीनमा दाम दी हरायाको किलाकाटा तयार गराइ बन्दुक साबुद गराइ राषनु – – – १*

***तानाबाना जाचन्या काम २***

*कवायेत्मा पल्टन्को तानाबाना जाची जस्को तानाबाना बिग्रेको छ. बनाउन लगाइ सफा गराइदिनु – – – २*

***बाजा बन्या काम् ३***

*बाजा फुटेको र छाला बिग्रेको धागो टुटेको बिग्रेको जो जो छ. सबै बराबर जाची बिग्रेको रीपोट् हाली बनाउन लगाइ सफा गराइ राषनु – – – ३*

***बिराम जाचन्या काम ४***

*पट्टीपट्टीमा गयर भयाको छ छैन (जाची)- हाजीरमा हेरी जंगी अैनबमोजीम् गर्नु – – – ४*

*७/७ दिनमा र फर्मायिसी दिनमा बेरामहरू बराबर जाचनु – – – ४*

***कुर्थाचुस्ता जाचन्या काम ५***

*पट्टीपट्टीका कुर्था चुस्ता पुरा छ छैन. हुद्दा सीपाहीले पायाको छ छैन. बराबर जाचनु. षोसीयाका हुद्दा सीपाहीहरूको कुर्था चुस्ता कोतमा भर्ना दी अैनबमोजीम् दाम झीकिदिनु – – ५*

***रूपैया झिकीदिन्या काम ६***

*संक्रांति सकिनेबित्तीकै गयरको कागज तयार गराइ गयर कट्टि गरी बाकी पल्टन्भरलाई चाहीन्या महिनावारी कागज गरी आफ्नु सहीछाप लगाइ दफदरषानाबाट पट्टीपट्टीलाइ रूपैया झीकी पट्टिपट्टिबाट बुझ्नलगाइ भरपाइ दीनु – – – ६*

*पट्टीपट्टीबाट सीपाहीहरूलाई दर्माह बाडदा पायेन भनि कराउन आया पट्टीका सुबेदार ज्मादार हुद्दाहरूलाइ ल्याइ रोपकार गरी सीपाहीको दर्माह दिलाइ दिनु. झेल बषेडा गर्न्या सुबेदार ज्मादार हुद्दाहरूलाई हाम्रा हजुरमा ल्याइ जाहेर गर्नु. गरेनौ भन्या तिमीले बुझाउनुपर्ला – – – ६*

***छाउनी भत्केको जाचन्या काम ७***

*भादगाउका छाउनी बिग्रेभत्केको बराबर हेरचाह गरी बिग्रेभत्केको ठाउमा बनाउन लगाइ मरमत् गर्दै रहनु – – ७*

***छाउनीमा बाल उठाउन्या काम ८***


*छाउनीमा बस्याका सुबेदार ज्मादार हुद्दा सीपाहीहरूसंग चलि आयाबमोजीम् बाल असुल गर्नु – – – ८*

***जाहेर गर्न्या काम ९***

*लेषियादेखि बाहेक अरु पल्टन्मा जो जो कामकाज परी आउछ. हाम्रा हजुरमा जाहेर गरी हेरचाह गरी आफुले आटी गर्नुपर्न्या आफुले आटी लेफ्टेन्ट कर्णेल मेजर कप्तान्हरूसंग साधी काम चलाउनु. आटी नसकन्या कुरो हाम्रा हजुर साधी काम गर्नु – – – ९*

*इति सम्वत १९२३ साल मिती कार्तिकवदी ४ रोज ७ शुभम् – – – – – – – – – – – – – – – – – – –*

यो पत्र पठाएको समयसम्म राम कप्तान पदमा मात्र रहेको नभई भक्तपुर छाउनीको प्रमुख नै रहेको देखिन्छ। भक्तपुर छाउनीमा उनले गर्नुपर्ने विभिन्न ९ वटा कामहरू बाट यसको पुष्टि हुन्छ। विशेषगरि वि.सं. १९१२ को भोटसँगको युध्दमा जीत भएपछि राम कप्तानको शक्ति अझ बढेको थियो। भक्तपुर छाउनीको सबै हर्ताकर्ता उनी रहेको अवस्थामा उनले नै निर्णय गर्ने अधिकारसमेत थियो। उनले निर्णय गर्न नसके सिधै धीर शम्शेर कहाँ पुग्ने ब्यहोराबाट पनि यसमा थप बल पुग्छ। यति धेरै शक्तिशाली भएकै कारण राणाकालमा काठमाण्डौ उपत्यका भित्रका भत्केबिग्रेको सम्पदा पुनर्निर्माण कार्य गर्दा भक्तपुरका केही सम्पदाहरू पनि बनाएको थियो। विशेष गरि वि.सं. १८९१ को भूकम्पले भत्क्या बिग्रया सम्पदाहरूमा राणाहरूले ध्यान दिए। त्यसमा एक प्रमुख भक्तपुर लायकुको मध्य भागको न्ह्याकंछे दरबार पनि हो। राजा भूपतिन्द्र मल्लले ने.सं. ८१८ मा निर्माण गर्न लगाएको यो दरबार सिंहध्वाका दरबारले पनि चिनिन्थ्यो। मल्लवंशको् पतन पछि यो दरबारमा वंशराज तथा कालीदास खडकाहरू रही भक्तपुरको प्रशासन चलाएको थियो। यता राणाकालमा जंगबहादुरले आफ्नो कान्छा भाइ धीर शम्शेरलाई भक्तपुर पठाउँदा यही दरबारमा रहेको थियो। भोटसितको युध्द जसरी भएपनि जित्नेमा जंगबहादुर लागेको थियो। त्यसको लागि करोड रूपैयाँ खर्च गर्नुपरेपनि गर्ने मनसाय थियो।



कुसुमसिंहको निवास, गोल्मढी, भक्तपुर (मन्दिरको पछाडि)

अनि युध्दमा जित हासिल गर्न युध्दमा अरु भन्दापनि आफ्नै भाइहरू पठाउन चाहे। यता स्वभावैले क्रुर भोटेहरू पनि के कम थिए र। शुरुमा आफ्नो फौज पछि हट्नु परेको सुन्नु परेपछि मजबुत चार हजारभन्दा बढी फौजका साथ धीर शम्शेर कुती पुगे। यसमा भक्तपुरबाट राम कप्तानले ठूलो भूमिका खेले। युध्दमा जित पछि भोटबाट नेपाललै बर्षेनी दश हजार रूपैयाँ नजराना पाउने भयो। यसबाट जंगबहादुर अति खुशी भए। सवभन्दा बढी खुशी त धीर शम्शेर हुनपुगे। यसबाट खुशी भएका धीर शम्सेरले भक्तपुरका जनताको लागि मल्ल राजाहरूले बनाइदिएको भक्तपुरको राजकुलोको ब्यवस्था गरेकोमा अब्यवस्थित रहेकोलाई ब्यवस्थित गर्ने काम वि.सं. १९१२ मा गरे। यसमा राम कप्तानको ठूलो भूमिका रह्यो। त्यसक्रममा वि.सं. १९२४ मा तत्कालिन प्रधानमन्त्री जंगबहादुर र ले. क. प. रणोद्दिपसिंह जबराको नामबाट राम कप्तानलाई लेखेको एउटा पत्र अझ महत्त्वपूर्ण छ। यसपत्रको माध्यमबाट भक्तपुर दरबार क्षेत्रको सिंहध्वाखा दरबरको पुनर्निर्माण कार्य गर्दा खर्च गर्ने देखि सम्पूर्ण कार्यको रेखदेख गर्ने काम उनै राम कप्तानले गरेको थियो। उनले यहाँका भत्क्या बिग्रा सम्पदाहरू बनाउने क्रममा यही सिंहध्वाखा दरबारको आधा भागलाई सेमी युरोपियनशैलीमा बनाए। बनाउन त राणाहरू यो पुरै दरबार भत्काएर नयाँ शैलीको सेतो दरबार बनाउन चाहन्थे। यसरी पुरानो दरबार भत्काएर नयाँ बनाउनु अगाडि वि.सं.१९०१ तिर नै नेपाली कलाकार राजमानसिंह चित्रकारले यो दरबारको पुरै भाग आउनेगरि स्केच तयार गरिसकेका थिए। जुन आजसम्मको सवैभन्दा पुरानो स्केच हो। तर मौलिक शैलीको सो दरबारको पुरै भाग नभत्काइ पूर्वतर्फको आधा भाग मात्र भत्काई सोही भागमा सेतो पोतेको लाल बैठक दरबार बनाइयो। यसमा राम कप्तानको ठूलो भूमिका रह्यो। यो लाल बैठकलगायत अन्य सम्पदाहरूमा लागेको जम्मा खर्च ३२३९ को हिसाब फछ्र्यौट गर्न यो पत्र राम कप्तानलाई लेखेबाट पनि यसको पुष्टि हुन्छ। जुन यसप्रकारको छ–

*श्रीः*

*स्वस्ति श्री मदतिप्रचण्डभुजदण्डेत्यादि श्रीश्रीश्रीमहाराजजङ्बहादूरराणा जि सि वि प्राइम्मिनिष्टर याण्ड कम्यांडरइनचिफकस्य रुक्का – – – – –*

*स्वस्ति श्रीमद्राजकुमारात्मज श्रीकम्यांडरइनचीफ जनरल रणउद्दिपसिंहकुवरराणाकस्य पत्रम् आगे कपतान रामुके यथोचित्*

*उप्रान्त श्री ५ सर्कारबाट बनाउनुपर्न्या भादगाउका दर्बार र भत्क्याबिग्र्याको र भादगाऊसहरमा प्रजाका बाहेक्का देवालय*

*सतल पाटि भत्क्याबिग्र्याको बनाउनलाई छेभडेलमार्फत जाचबुझ गरि बनाउनुपर्न्या तजबिज गरि कौसितोसाषानाबाट मोहर्रु ३२३९ लि श्रीपुराना गोरषपल्टनका कर्णेल रामचन्द्र आले मेजर कपतान जंगविर भंडारी क्षेत्रीलाई साछि राषी लिन्यादिन्याको सहिछाप भयाको नयां रितको स्याहा षडा गरि अैनसवालका म्यादमा श्रीकुमारीचोकमा दाषिल गर्नु. सोबमोजिमका कामको रिपोट् हालनु र जवाफ् भयाबमोजिम् गर्नु भन्या मर्जि हुदा कौसि तोसाषानाबाट मोह रूपैया ३२३९ मेरा जिम्मावारि लियाको छ. यस काममा षर्च भयाको लिनेदिनेका र साछी बस्न्याको सहीछाप पर्याको स्याहाबमोजिम् मिन्हा होला भन्या सनद गरिबक्स्या सोबमोजिम् काम चलाई श्रीकुमारी चोकम् स्याहा दाषिल गरि मिन्हा भै ज्मा षर्च फारमष हुदो हो. यस मुद्दामा अैनसवाल सनद हुकुम साबिक् छैन. जिम्मावारि लि षर्च गर्नु भन्या मर्जि छ. जो मर्जि भन्या रिपोट् तैले १९२३ साल माघसुदि ३ रोज ५ मा कौसलमा चढायाबमोजिम् कौसलबाट तजबिज गर्दा कौसलले भादगाउका दरबार भत्क्याबिग्र्याको भादगाउ सहरमा प्रजाहरूको बाहेक्का देवालय सतल पाटि भत्क्याबिग्र्याको बनाउनु भन्या मर्जि हुदा सो कामलाई मोहर्रु ३२३९ मेरा जिम्मावारि लियाको छ. सो काममा षर्च भयाको मीन्हा होला भन्या सनद गरिबक्स्या सोबमोजीम् चलाउदा हुं भंन्या मुद्दा रहेछ. यस मुद्दामा अैन सवाल सनद हुकुम साबिक् छैन. मर्जि छ भनि लेष्याका रहेछन्. यस्मा सो बनाउदालाई चाहिन्या माल षरिद ज्याला दिदा कर्णेल रामचन्द्र आले मेजर कपतान जंगविर भडारि क्षेत्री साछी राषि षर्च गर्नु. सो षर्च भयाको र जिम्मावारि आयाको आम्दानिको नज्ञा रितका स्याहा षडा गरि लिने दिनेका र साछी बस्याको समेत सहिछाप गराउनु. सो स्याहा अैनबमोजीम्का म्याद म्यादमा श्रीकुमारिचोक दाषिल गर्नु. यति रित पुग्याका स्याहाबमोजिम् बुझाउदा मिन्हा होला भन्या निज कपतान रामुका नाउमा रुक्का दस्कत हुनुपर्न्या हो भन्या हाम्रो चितमा लाग्छ. जो मर्जि भन्या रिपोट् राषदा जाहेर भयो. तसर्थ सोबमोजीं हामीबाट सदर गरि बक्स्यामोताविक हाम्रा हुकुम मर्जिमोताविक सहर भादगाउका दर्बार भत्क्याविग्र्याको र प्रजाहरूका बाहेक् देवालय सतल् पाटि भत्क्याबिग्र्याको बनाउनालाइ माल षरिद गर्नाके र ज्याला मजुरि दिनाके चाहिन्या रूपैया कौसि तोसाषानाबाट जिम्मावारि ली हामिबाट षटाईबक्स्याको मानिस साछी राषि आम्दानीमा बुझाउन्याको षर्चमा लिन्याको षरिदिमा साछी बष्याको बाकीमा तहबिल्दारको सहीछाप गराउन्या उर्दिबमोजिम्का आम्दानि षर्चको नज्ञा रितको रोजनामा स्याहा षडा गरि सो स्याहा अैनबमोजिम्का म्यादभीत्र दफ्दरषाना श्रीकुमारिचोकमा दाषिल गर्नु. बहि बुझाउदा सोबमोजिम् मोजरा होला भन्या प्रमान्गीको रुक्का दस्षत् गरिबक्स्यौं .*

*इति संम्वत १९२४ साल आषाडबदि १२ रोज ६ शुभम्*

राणाकालमा उनको प्रभावको कारण यहाँका भत्क्या बिग्रया सम्पदाहरू पुन:निर्माण भयो। यसमा दरबार क्षेत्रको सिंहध्वाखा दरबार, भक्तपुरको राजकुलोको नाम अग्रपक्तिमा आउँछ। आफ्नो प्रभाव अत्यधिक रहेको सो समयमा आफ्नो निवास अगाडि एक भजनघर निर्माण गर्न लगाए। गोल्मढी टोलको मध्यभागमा सडकसँगै रहेको सो भजनघरलाई यहाँ रामझोपडी भन्ने गर्छ। राम कप्तानले बनाउन लगाएको भएर यसलाई रामझोपडी भनेको हो। यी माथिका तीन पत्रहरूको आधारबाट राम कप्तानको भूमिका के थियो भन्ने धेरै प्रष्ट हुन आउँछ। यी तीनवटा पत्रको मूल कपि श्रीबलरामदास मूलसित रहेको छ। श्रीबलरामदास मूलले आफ्नो पूर्वज राम मूल याने राम कप्तानबारेको यी पत्रहरू सुरक्षित गरिराखेको हो। जुन पत्रहरूको आधारमा राम कप्तानबारे मात्र नभई भक्तपुरको राणाकालिन अवस्था, नेपाल भोट युध्द, भक्तपुरको सिंहध्वाखा दरबार, राजकुलो, राणाकालिन सैनिक बन्दोबस्त तथा आर्थिक मामिलादेखि मूल तथा ताल्चाभडेलहरूबारे पनि थाहा पाउन धेरै मद्दत गर्छ।

**उपयोग भएका सामग्रीहरू**


१. पूर्णिमा अंक ४७
२. अप्रकाशित मूल वंशावली
३. स्थलगत अध्ययन
४. भक्तपुर मासिक अंक २२९
५. नेपाल भोट युध्द सम्बन्धी सामग्री


*(तस्बिरहरू लेखक)*


पानीजन्य सरुवा रोगबाट बच्न पानी उमालेर खानु सर्वोत्तम उपाय हो ।

सफाइ अरुको लागि होइन हामी आफ्नै लागि हो ।


# g]kfn ;Djt



हरिरामा जोशी


नेपाल सम्वतया प्रचलन खालि नेपाः दुने जक सीमित मजूसे नेपालं पिने चीनय् तक नं जूगु खँ ने.सं. ५३५ स चीनया सम्राट पाखें नेपालय् छ्वया हःगु रन्जना लिपिं च्वयातःगु छगू पत्रय् थ्व हे सम्वत छ्यला तःगुलिं बांलाक सी दु (स्वया दिसँ, किपाःल्याः१)। थ्व सम्वत नेपाःया थःगु हे सम्वत जूगुया कारणं थनया ऐतिहासिक सामाग्रीस थ्वयात **नेपाल देशीय संवत, नेपाल संवत** आदि कथं नां बियाः व्यवहारय् छ्यलाच्वंगु नं सी दु। ने.सं. ३०४ या **क्रियाकाल गुणोत्तर** नांया ग्रन्थ पुष्पिकाय् 'नेपालदेशीय संवत ३०४' धकाः थ्व सम्वतयात स्पष्ट कथं उल्लेख याना तःगु दुसा **शिवधर्म** नांया ग्रन्थ पुष्पिकाय् 'आकाश ग्रह हस्त सङ्गिनि शते नेपाल सम्वत्सरे' धकाः स्पष्ट कथं च्वयातःगु दु। गुगु च्वय् बियागु धापूया दसु थें जुया च्वंगु दु। थुगु सम्वतय् दुगु थ्व हे राष्ट्रिय स्वरूपं यानां मध्यकालय् थ्व सम्वत राष्ट्रिय संवत कथं छ्यलातःगु खः। वर्तमान कालया पूर्वार्द्धय तक नं थ्व सम्वतयात राष्ट्रिय सम्वतया हे तँय् तया तःगु खँ श्री ५ प्रतापसिंह शाहं ग्याल्छा परिं बोछेलामायात ल्हासाय् छ्वःगु पौ ब्वनास्वय्‌बले बांलाक सी दु। उगु पौया मिति ने.सं. ८९५ धकाः बांलाक हे बिया तःगु दु **(स्वयादिसँ, किपाः ल्याः २)**

नेपाःया थःगु हे चाय् ब्वलंगु अलय् नेपाःया थःगु हे प्रस्तुत सम्वतया प्रवर्तक सु खः धैगु खँय् पाय्छिगु खँ सीकेत नेपाल व दक्षिण भारत दथुइ दूगु प्राचीनकालया स्वापू आपालं महत्त्वपूर्ण जू वः। प्राचनिकालं निंसें हे नेपाः व दक्षिण भारत दथुइ सत्तीगु स्वापू दयाच्वंगु खः। थन दुगु ऐतिहासिक ज्वलनं थुकियात बांलाक केना च्वंगु दु। अनुमानित गुंगूगु शताब्दीया **चक्रसम्वर तन्त्र टीका** नांया ग्रन्थ पुष्पिकाया अध्ययनं उगु ग्रन्थ लंकां वयाः नेपालय् च्वंवःम्ह छम्ह बौद्ध विद्वानयागु खः धैगु खँ सीदु। अथे हे झिंस्वंगूगु शताब्दीया महाराजाधिराज श्री अरिमल्ल देवया राजत्वकालय् च्वयातःगु **अमृतेश्वर पूजा** नांगु ग्रन्थ च्वःम्ह गुर्जर देशया पण्डिताचार्य श्री हरिहर नांया छम्ह ब्राम्हण खः। वं च्वयातःगु पुष्पिकाय् विक्रमाद्ध गते १२७३ व नेपालाद्ध गते ३३६ उल्लेखित जुयाच्वंगु दु। थुपिं च्वय् बियागु धापूया लिधँसा जुया च्वंगु दु। थुकिया नापं नेपाःया छगू पुलांगु बाजा पञ्चे बाजा हे गुजराती बाजाया मेगु नां जुयाच्वंगु अनुमान याये फु। थुकिं गुजरातनाप प्राचीनकाल निसेंहे नेपाःया सांस्कृतिक स्वापू दुगु खँया यथार्थतायात इङ्गित याः। थ्व हे तथ्यया परिप्रेक्ष्य् दक्षिण भारतया महान दार्शनिक आद्य शंकराचार्यया अद्वैत सिद्धान्त नेपालय् ब्यापक प्रचार जूगुयात काये फु। गुकिया कारण थन म्हपूजा (आत्म पूजा) यायेगु परंपरा ई. सन् ८७९ या कार्तिक शुक्ल प्रतिपदा निसें न्ह्याःगु खः। थ्व तिथी भारतया मालव जनतां मालव-कृत-विक्रम सम्वत् छ्यःगु खः। *(कालान्तरय् वयाः उत्तरभारतय् मालव-कृत-विक्रम संवतया आरम्भ वैशाख १ गते निसें यायेगु यात गुगु आःतक वहे रूपय् प्रचलित तिनि।)* मालव सम्वत्या प्रचलन मालव जनतां याःथेहे उगु म्हपुजा यायेगु परंपरा न्ह्याकूगु इलय साख्वाः



चीनया सम्राटं नेपालय् छ्वया हःगु पत्र गुकी नेपाल संवत छ्यला तःगु दु।

नांम्ह छम्ह नेपालभाषी सामान्य व्यक्तिं नेपालय् छगू न्हूगु सम्वत्या प्रचलन याःगु जुल। गुगु नेपाल सम्वत्या नामं थौं तक नं छ्यला वया च्वंगु दु। ने.सं. ८०१ स च्वयातःगु **सद्धर्म पुण्डरीक** नांगु ग्रन्थ पुष्पिकाय् **नेपालभाखा संवत्** धकाः स्पष्टं च्वयातःगु नं च्वय्या खँयात छगू कथं लिधँसा थें जुया ब्यूगु दु।



श्री ५ प्रतापसिंह शाह ग्याल्छा परिं बोछे लामायात ल्हासाय् छ्वःगु पौ गुकी नेपाल संवत स्पष्ट उल्लेखित दु।

*'नेपालभाषा सम्वत ८०१ आश्विन वदि १३ आदित्यबार कुन्हु सम्पूर्ण दिन।'*

– सद्धर्म पुण्डरीक, ने.सं.८०१।

मेगु, थ्व पुष्पिका प्रस्तुत सम्वतया प्रवर्तक नेपालभाषी व्यक्ति खः धैगु खँया दसु जूगुलिं थ्व संवतया प्रवर्तन तत्कालीन महाराज श्री राघवदेवं याःगु धैगु धापूया खण्डन यायेगुली सक्षम जू।

च्वय् वने धंकूगु दु कि नेपाल सम्वतया प्रचलन कार्तिक शुक्लया प्रतिपदा खुन्हु म्हपूजा पलिस्था जूगु लसताय् नेपाःया सामान्य जनतां हे याःगु खः। म्हपूजाया परंपरा भगवान शिवनाप नं स्वापू दु। म्हपूजाया दिन गुजराती बाजा थानां हःगु स्वांया मुकू (मुकुट) भगवान पशुपतिनाथया शिरस पुइकेगु चलन दुगुलिं नं उगु तथ्ययात पुष्टि यायेगुली छगू कथंया ग्वहालि थें जूवंगु दु। केसर पुस्तकालय् दुगु संस्कृत वंशावलीइ ***'श्री पशुपतिभट्टारके संवत्सर प्रवृत्तिः कृता॥'*** ङ्वलं नं भगवान् शिव-पशुपतिया लुमन्ती सम्वत छ्यःगु धैगु खँ दुगुलिं प्रस्तुत सम्वत धया तःकथं म्हपूजा पलिस्था याःगु लसताय् छ्यःगु धैगु खँ पायेछि थें च्वं। भगवान शिव स्वयम्भू नामं नं बिख्यात जूगुलिं थ्व सम्वत्यात लिपा स्वयम्भू सम्वत् धकाः नं धाःगु खः। गुकिं हिन्दू व बौद्ध धर्मालम्वीपिनि दथुइ दगु धार्मिक पंगलःतयत चीकाः क्वातुगु स्वापू स्थापित यायेत नं आपालं ग्वाहालि सिद्ध जूवंगु दु।

च्वय्या विभिन्न लिधँसा पाखें नेपाल सम्वतया प्रवर्त्तन छम्ह सामान्य व्यक्ति शंखधर नांया साख्वाः (सापु-बुँज्या याइपिं व सा लहीपिं) नं याःगु खँ बालांक सी दु। गुकिया कारणं थनया मनूतयसं व प्रति तस कं श्रद्धान्वित जुयाः भगवान पशुपतिया भक्त उम्ह साख्वाःया छगू ल्वहंया मूर्ति पशुपति देगया लिक्कसं पलिस्था यात। थुकथं नेपाल सम्वतया प्रवर्तकया रूपय साख्वाः नेपाःया इतिहासय् अमर जुल, नापं व छ्यःगु सम्वत शंखधर कृत नेपाल सम्वतया नामं थौं तक नं छयला वयाच्वंगु दु।

(साभार- खेलुइता, ने.सं. ११०६ म्हपुजा)

**आफू बस्ने घर, चोक, टोल र नगर**
**हाम्रो लागि हामी आफै सफा गरौं।**
**सफाइ गर्दा इज्जत घट्दैन**
**बरू सभ्य भइन्छ र**
**रोगबाट समेत मुक्त हुन्छ।**

**चिनियाँ नीतिकथा**

## नक्कली बाँसुरे

छी राज्यका राजा अवेनको बाँसुरी सुन्ने सोख थियो। उनी एक्लो बाँसुरी बादकले बजाएको भन्दा धेरै जनाले एकै चोटि बजाएको सामूहिक बाँसुरी बादन रुचाउँथे। उनको दरबारमा तीन सय जना बाँसुरेहरू थिए।

नानक्वो नाम गरेको एक जना चलाख मानिसले पनि दरबारमा बाँसुरी बजाउने जागिर माग्यो। राजाले राम्रै तलब दिएर उसलाई बाँसुरेहरूको समूहमा राख्यो।

वास्तवमा नानक्वो बाँसुरी बजाउन कत्ति पनि जान्दैनथे। तर तीन सय जना बाँसुरेहरूको भीडमा उनी एक्लोले बाँसुरी बजाउन नजानेर केही फरक पर्दैनथ्यो। अरुले बाँसुरी बजाउँदा उसले पनि बाँसुरी बजाएको स्वाङ पार्थ्यो। यसरी उसले आरामसँग जीवन गुजारी रहेको थियो।

राजा अवेनको मृत्युपछि उनका छोरा राजा भए। तर उनी सामूहिक बाँसुरी बादनका सौकिन थिएनन्। उनलाई एक जनाले बजाउने एकल बाँसुरी बादन मनपर्थ्यो। यो कुरा थाहा पाउने बित्तिकै छट्टु नानक्वो जागिर छाडेर भाग्यो।

# जनप्रतिनिधि हुँदा र नहुँदाको फरक देखिनुपर्छ

विगोल

भक्तपुर नगरपालिका एउटा चिन्तन, दृष्टिकोण र अवधारणा लिएर अघि बढिरहेको स्वायत्त संस्था हो । भक्तपुर नगरलाई एउटा समृद्ध, सुन्दर, सफा, सांस्कृतिक र सभ्य नगर बनाउने अवधारणासहित अघि बढिरहेको भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम तद्नुरूप हुनु स्वाभाविक हो । नगरसभामा प्रस्तुत नीति तथा कार्यक्रम लागू गर्नु नपाको कर्तव्य हो । नीति तथा कार्यक्रम हात्तीको देखाउने दाँत होइन, व्यवहारमा लागू गर्ने बाटो हो । भनपाले आ.व. ०७४।०७५ मा २५ शय्याको ख्वप अस्पतालको भवन निर्माण, महेश्वरी खेल मैदान तथा सहिद स्मृति खेल मैदानको सुधार एवं कभर्ड हल, ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन पूरा गर्ने आदि लक्ष्य राखेको छ । हनुमन्ते खोला तथा घाट सुधार, पर्यटक शौचालय, सुविधायुक्त अरनिको सभावन, भेलुखेलस्थित डम्पिङ साइट सुधार तथा त्यो सँगै रहेको पुल पुन:निर्माण गर्ने र खानेपानी व्यवस्थापन गर्ने नगरस्तरीय योजनाहरू कार्यान्वयन गर्ने नपाको लक्ष्य रहेको छ ।

विकास कार्य गर्ने उपयुक्त समय अहिले नै हो । यो आर्थिक वर्षको विकास कार्य सामान्यतः जेठसम्म अनुकूल समय हो । असारमा वर्षा हुने भएकोले खासै विकास कार्य हुँदैन या अघि बढ्दैन । २५ शय्याको ख्वप अस्पताल नक्सा तयारी गर्दा गर्दै यो वर्ष सकिने हो कि भन्ने चिन्ता छ । महेश्वरी र सहिद स्मृति खेल मैदानको सुधारमा के के योजना रहेको छ र कहिलेदेखि सुरु हुने हो खेलाडीहरू प्रतिक्षामा छन् । ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन अधुरो गरी बीचैमा छाडेको वर्ष धेरै भयो । करोडौं लगानी गरेर बनाइएको त्यो भवनलाई कति वर्षसम्म गाईवस्तुको गोठजस्तो बनाउने हो भनी बटुवाहरू प्रत्येक दिनझैं दुःखेसो पोख्छन् । त्यत्रो ठूलो भवन अर्थ न बर्थ गरी त्यसै छोडेर नपाको लगानी किन खेर पठाइरहेको हो ? माथिल्लो तलाको पिलरमा रहेको दण्डीमा खिया लागेर काम नलाग्ने अवस्थामा पुगिसकेको छ । बहुउद्देश्यीय भवन किन बनाइयो, किन छाडियो ? स्थानीय जनता प्रश्न गर्दै छन् । छिट्टै भवन तयारी गरेर नपाले उपयोग गर्न ढिलाइ नगर्दा हुन्छ । भनपामा जनप्रतिनिधिहरू गएपछि यस अधुरो भवनलाई पूरा गर्न कामको जिम्मा दिन सूचना जारी गरिसकेको छ । अब यसलाई बिलम्ब गर्नुहुँदैन ।



ब्रम्हायणीस्थित बहुउद्देश्यीय भवन

सुविधायुक्त अरनिको सभाभवन बनाउने कुरा वर्षौंदेखिको पुरानो हो । उक्त भवनको यसै वर्ष नक्साको डिजाइन र निर्माण प्रारम्भ गर्न रकम विनियोजन गरिएको नपाको नीति तथा कार्यक्रममा उल्लेख छ । भक्तपुर नगरपालिकाको नाउँमा रहेको देकोचास्थित ख्वप कलेज रहेको जग्गामा आधुनिक सुविधा सम्पन्न यो भवन बनाउने योजना छ । सुविधा सम्पन्न सभाभवन कहिले बन्ने हो भन्दै कलाकारहरूले वर्षौंदेखि गुनासो पोख्दै आएका छन् । यो समयको माग हो, आवश्यकता पनि छ । भएको अरनिको सभावन सानो र वरपर पार्किङ्ग गर्ने ठाउँ नभएकोले ठूलो भवनको आवश्यकता परेको हो । नयाँ सभाभवन व्यवस्थित भएमा त्यो पनि नपाको एक आयस्रोत स्थल बन्ने छ । तर नयाँ सभाभवन बनेपछि पुरानो सभाभवन के गर्ने भन्ने प्रश्न उठ्न सकिन्छ । त्यसलाई सभाभवनकै रूपमा राख्ने हो या अरु कुनै प्रयोजनको निम्ति प्रयोग गर्ने हो ? छलफलको विषय छ । कामको थालनी गर्ने प्रक्रिया कहाँ पुग्यो भन्ने कुरामा नगरवासीहरूको ध्यान जानु स्वाभाविक हो । अरनिको

सभाभवन निर्माण गर्ने विश्वास नभएको होइन तर अहिलेसम्म सुरसार नकसेको हुँदा यो वर्ष नक्सा डिजाइमै सीमित हुने हो कि भन्ने चिन्तामात्र हो ।

यसै आर्थिक वर्षमा भेलुखेलस्थित डम्पिङ्ग साइट रहेको क्षेत्र सुधार गर्ने र सोही स्थानबाट आदर्श र सिद्धि



महेश्वरी खेल मैदान

स्मृति अस्पताल जाने पुल:निर्माण गर्ने योजना छ । पुल पुरानो, जीर्णभन्दा साँगुरो छ । जहिल्यै आवतजावत भइरहने त्यो मुख्य बाटो पनि हो । पुलमा गाडी त के एम्बुलेन्स पनि चलेको छैन या लान मिल्दैन । त्यस हिसाबले उक्त पुल पुन:निर्माण गर्न जरुरी छ । यो पुलको निर्माण कार्य यसै वर्ष सम्पन्न गरिने स्थानीय जनता र यात्रुहरूको विश्वास छ । खोलाको पुल निर्माण कार्य वर्षाअघि नै सम्पन्न गर्नुपर्ने हुन्छ । खोलाको पुल बनाउने काम अन्यत्रको विकासजस्तो होइन । पुल बनाउँदै गर्दा पानी पर्नसक्छ, बाढी आउन सक्छ र बगाउन सक्छ । पुस/माघमै काम थालनी गरेर कम्तीमा जग र पिलर उठाउने काम सम्पन्न भयो भने चिन्ताको विषय हुँदैन । अन्यत्र पुल बनाउँदा खोलामा पानी बगिरहने हुँदा एकै वर्षमा नभ्याएको र पानी पर्ला भनेर राति राति काम गर्नुपरेको दृष्टान्त छ । वर्षाकै कारण दोहोरो तेहोरो काम गर्नुपर्ने हुन्छ । अबको पुलको चौडाइ फराकिलो हुनुपर्छ । पुल बनिसकेपछि आवागमनमा थप सहयोग पुग्नेछ ।

भेलुखेलस्थित फोहर सङ्कलन गर्ने डम्पिङ्ग साइट बस्तीको बीच र बस्तीसँगै परेको हुँदा उपभोग नगरेको धेरै वर्ष भयो । बस्तीसँगै डम्पिङ्ग साइट राख्नु वातावरणको दृष्टिले उपयुक्त होइन । डम्पिङ्ग साइट वरपर त्यतिकै दुर्गन्ध हुन्छ । त्यसलाई सुधार गर्नुपर्छ । सुधार गर्ने नपाको योजना मनासिब हो । तर त्यो ठाउँ प्रयोगविहीन भइरहेको धेरै वर्ष भयो । डम्पिङ्ग साइट सुधार गर्ने भनेको हाललाई त्यो ठाउँ सफा गरेर राख्ने हो या बजारको व्यवस्था गर्ने हो ? कभर्ड हल बनाउने हो या पशुपन्छी बिक्री गर्ने स्थल बनाउने हो कि वधस्थल बनाउने हो या अरु प्रयोजनका लागि निर्माण या योजना बनाउने हो ? टोलवासी र बुद्धिजीवीहरूमाझ छलफल गर्नुपर्ने देखिन्छ ।

नपाले हाल सञ्चालन गरिरहेको दुइटा खेल मैदान छन्– महेश्वरी खेल मैदान र सहिद स्मृति खेल मैदान । सहिद स्मृति खेल मैदान विशेषगरी स्थानीय युवाहरूको सक्रियतामा बनेको हो । त्यस मैदानमा वडास्तरीय, नगरस्तरीय र जिल्लास्तरीयमात्र होइन अन्तर्राष्ट्रिय स्तरका विभिन्न खेलहरू भए । कराते, बक्सिङ्ग, भलिबल, बीच भलिवल सोही मैदानमा भए । तर खेलको स्तरअनुसार वरपरको वातावरण व्यवस्थित छैन । राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरको खेल प्रतियोगिता भएको सो स्थानमा एउटा राम्रो मञ्चको व्यवस्थापन गर्ने अनुकूल ठाउँ छैन । खेलाडीहरूको पोशाक फेर्ने, खेल्दा खेल्दै आराम गर्ने भवन या आवासको बन्दोबस्त छैन । नुहाउने ठाउँ र शौचालयको राम्रो प्रबन्ध छैन । अतिथिहरू बस्ने या बसाउने ठाउँ मिलेको छैन । खेल मैदान वरपर खेल प्रतियोगिता हुँदा चाहिने कमसेकम न्यूनतम आधारभूत आवश्यकताहरूको बन्दोबस्त हुनुपर्छ । के अब सहिद स्मृति खेल मैदान सुधारमा यी न्यूनतम आवश्यकताहरू पूर्ति हुन्छ ? खेलाडीका इच्छा के अब नपाले पूरा गर्नेछ ?

महेश्वरी खेल मैदान नगरको अर्को महत्त्वपूर्ण खेल



भेलुखेलस्थित डम्पिङ्ग साइट

मैदान हो। यस मैदानमा विशेषगरी फूटबल खेलिन्छ। फूटबल खेल्नकै निम्ति बनाइएको हो। फूटबलबाहेक अन्य विद्यालयस्तरीय विभिन्न खेलहरू खेलाइरहेको पाइन्छ। आवश्यकताअनुसार अन्य सामाजिक क्रियाकलाप, समारोह गर्ने, तालिम दिने काम पनि सो मैदानमा हुँदै आएको छ। मैदानको वरपर बाटोको स्तरोन्नति, बगैँचाको विकासले खेल मैदानको शोभा बढाएको छ र वरपरको वातावरण व्यवस्थित हुँदैछ। वरपरको वातावरण सफा, हरियाली र व्यवस्थित बनाउनुपर्छ। वर्षाको बेला खेल मैदानमा पानी जम्ने समस्या छ। पानी पर्दा ओत लाग्ने ठाउँ छैन। खेल मैदानमा कमसेकम प्रतियोगिता हेरेर बस्ने खुड्किलासहितको ओत लाग्ने ठाउँ, प्रतियोगिता आयोजनासँगै पुरस्कार वितरण गर्न मिल्ने मञ्च र अन्य बस्न मिल्ने स-साना दुई तीनवटा टहरा



सहिद स्मृति खेल मैदान

या एकतले भवनहरू बनाउनु आवश्यक छ। हाल शौचालयको त बन्दोबस्त भयो तर त्यो पर्याप्त छैन। यसरी नै अरु चाहिने न्यूनतम आधारभूत स्रोत र साधनको बन्दोबस्त गर्नुपर्ने देखिन्छ। यी आवश्यकताहरू पूर्ति भएको खण्डमा राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका खेलकुदहरूको आयोजना गर्न सकिन्छ। त्यस्ता आयोजनाहरू नै नभए पनि वडादेखि जिल्लास्तरीय खेलकुदका प्रतियोगिताहरू सञ्चालन गर्न सकिन्छ।

नपाको नीति तथा कार्यक्रममा पर्यटकहरूको सुविधाको लागि ठाउँ-ठाउँमा पर्यटक शौचालयको व्यवस्था गर्ने उल्लेख छ। यो आवश्यकता पनि हो। पर्यटकहरूको लागि शौचालयको अभाव छ। भक्तपुर दरबार क्षेत्र, भगवती स्थान, राममन्दिर र वसपार्कमा अवस्थित सार्वजनिक शौचालयहरूलाई स्तरोन्नति गरेर पर्यटकहरूले पनि प्रयोग गर्न सुहाउने खालको विकास गर्नुपर्ने देखिन्छ। सार्वजनिक अन्य स्थानहरूमा रहेका सार्वजनिक शौचालय विशेषगरी स्थानीय जनताले प्रयोग गरिरहेका छन्। यसलाई पनि व्यवस्थित गर्नुपर्ने आवश्यकता छ।

त्यसो त पहिले प्रत्येक वडामा सार्वजनिक शौचालय नभएको होइन। सुरुमा सबै शौचालयहरू राम्रोसँग प्रयोग भएको थियो। पानी र सरसफाइको राम्रो बन्दोबस्त हुन्थ्यो। तर पछि धारा बिगार्ने, जहाँतही दिसा बस्ने, दिसा बस्ने ठाउँमा ईँटा टुक्रा खसाल्ने काम हुनथाल्यो। हुँदा हुँदा शौचालय पस्नै नहुने ढङ्गले फोहोर भयो। दिसा बस्न छोड्यो र पछि बन्दजस्तै भयो। लामो समयसम्म बन्द भएपछि कतिपय शौचालय भत्काइयो र खुला ठाउँ बनाइयो। अझै बन्द अवस्थामा रहेका कति शौचालयहरू छन्। शौचालय रहेको तर चालू नभएका शौचालयलाई के गर्ने ? यतातर्फ पनि ध्यान दिने हो कि।

भक्तपुर आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षणको केन्द्र हो। भक्तपुर सहर लाखौं पर्यटकहरू आउने पर्यटन केन्द्र बनेको छ। यहाँ आन्तरिक पर्यटकहरू पनि त्यतिकै आउँछन्। अझ भक्तपुर सहरभित्र अनेक चाड पर्व हुन्छ। भक्तपुरको चाडपर्व या जात्रा हेर्न हजारौं हजार पर्यटकहरू आउँछन्। जात्रा पर्वमा हजारौं हजार दर्शनार्थी या भक्तजनको भेला हुन्छ। प्रत्येक महिनाझैं एउटा न एउटा जात्रा/पर्व भइरहने यो ठाउँमा सार्वजनिक शौचालय नभई हुँदैन। तर बनाइने शौचालयलाई पहिलेजस्तै त्यस्तै छोड्नुको सट्टा पर्यटकीय शौचालयको रूपमा विकास गर्नुपर्ने हुन्छ। हाललाई प्राथमिकताको आधारमा कहाँ कहाँ थप पर्यटक शौचालय बनाउनु पर्ने हो, सोको प्रक्रिया थाल्न ढिलाइ नगरे हुन्छ। भएका शौचालयलाई स्तरोन्नति गरेर पर्यटकीय शौचालयको रूपमा विकास गर्दा त्यो स्थानीय, आन्तरिक र बाह्य पर्यटकको निम्ति राहत हुन्छ।

नपाभित्र गर्नुपर्ने काम अझै धेरै बाँकी छ। सबै काम एकै वर्ष या एक कार्यकालभित्र सकिँदैन। त्यो चाहेर पनि बजेटले भ्याउँदैन। प्राथमिकताको आधारमा चरण-चरणमा विकास कार्य अघि बढाउनुपर्ने हुन्छ। तर नीति तथा कार्यक्रममा रहेका विकास योजनाका कार्यहरू, आर्थिक वर्षभित्र गरिने योजनाहरू समयमै गरिनुपर्छ, समयमै गर्न प्रक्रिया अघि बढाउनुपर्छ। जनप्रतिनिधि हुँदा र नहुँदाको भेद व्यवहारले देखाउनुपर्छ।

सन्दर्भ स्रोत: नपाको नीति तथा कार्यक्रम/नपाको प्रेस विज्ञप्ति

नागरिक भावना

# जीर्णोद्धार

हेमन्त

आकाशमा बादल मदारिन थालेपछि रामलाल मार्साबले आफ्नो घरको अवस्था सम्झन थाले। वर्षातको बेला घरभित्रै पनि छाता ओढ्नुपर्ने अवस्था सिर्जना भएको ४–५ वर्ष नाघिसकेको थियो। भोलिभोलि भन्दै वर्षौं बितेको त उनले पत्तै पाएनन्। प्राइमरी स्कूलको मास्टरी पेशाबाट आउने तलबले महिना दिन भ्याउन बल्लतल्ल मात्रै पुग्थ्यो। खाइ नखाई जम्मा गरेको थोरै रकम पनि घर परिवारमा औषधिमूलो गर्न खर्चिनु पर्दा रामलाल मार्साबको ढाड भाँचिए जत्तिकै हुन्थ्यो। त्यसमाथि वर्षेपिच्छे आइरहने चाडवाडले ऋणको भार बोकाइरहन्थ्यो। सरकारले दिने गरेको दशैं खर्च तिहारसम्ममा सिद्धिसक्थ्यो। बिस्केट, गुथि र देवालीजस्ता चाड मनाउन त स्थानीय खाद्यान्न पसलमा बिन्तीभाउ गर्दै उधारो माग्नु उनको परम्परा नै भइसकेको थियो।

"आकाश बादलले ढाकी सक्यो, यसपाली पनि छाना मर्मत गर्ने सुरसार छैन कि कसो ?" रामलालकी बुढी सरिता भाउजू कड्किएर कराएको सुन्दा रामलालको आङ सिरिङ्ग भयो।

"वर्षायाम आउने समय बाँकी नै छ नि किन चिन्ता लिएकी ? भर्खर त पुस लाग्यो।", रामलालले सान्त्वना दिँदै भने।

"वर्षा सुरु भएपछि त कुरै सिद्धियो नि। जाडो याममै छाना मर्मत नगराए छेपारोको कथाजस्तै होला भन्दिया छु नि।" अलि चर्को स्वरमा च्याँठिएर कराउँदै सरिता भाउजू मुन्टो बटारेर कोठातिर गइन्।

"के गर्ने ? समस्या त तिमी आफैँ पनि बुझ्छ्यौ नि, हाम्रो निश्चित आम्दानीले के मात्रै गर्नु ?" रामलाल मार्साबले दुःख व्यक्त गर्दै आफ्नी श्रीमतीलाई सम्झाए।

"आर्थिक समस्यामात्र अगाडि सारेर हुन्छ त अब, गल्र्याम्म गुर्लुम्म घर भत्कियो भने पाटीको बास होला भनी पीरमान्नु परेन ?" सरिता भाउजूले पनि रुन्चे स्वरमा चिन्ता व्यक्त गरिन्।

"हो, हो सम्झ्या छु मैले। अब सञ्चयकोष जानुपर्छ ऋण लिन। अरू बेला फुर्सदै छैन। परीक्षा सकाएर जाने विचार गऱ्या' छु। के गर्ने सापटी नलिइ काम‍ै बन्दैन। पुरानो ऋण त बल्ल चुक्ता गरें। अब फेरि ऋण लिनुपर्ने भयो।" दिक्क मान्दै रामलालले जवाफ फर्काए।

बिहान सबेरै रामलाल मार्साब डकर्मी भेट्न बाहिर निस्के। उनी सरासर डकर्मी गुरुङचाको घर पुगे तर गुरुङचा घरमा थिएन। घरका मान्छेले गुरुङचा त्यतै टोलतिर होला भनेको हुँदा रामलाल चोकतिर गए। चोकको भीमसेन पाटी खाली थिएन। त्यहाँ कोही तास खेल्दै थिए त कोही घाम ताप्दै थिए। डकर्मी गुरुङचा पनि पाटीमा घाम ताप्दै तास खेलिरहेको थियो। रामलाल मार्साबले उसको नजिकै गएर भने –"अहो गुरुङ दाइ ! तास पो खेलिराख्नु भएछ।"

गुरुङचाले पछाडि फर्केर रामलाललाई पुलुक्क हेऱ्यो र मुसुक्क हाँस्दै हातको तासमै ध्यान दिंदै सोध्यो –"के छ मार्साब ! के काम पऱ्यो ?"

"छाना मर्मत गर्नु थियो गुरुङ दाइ। तपाईंको फुर्सत कहिले होला ? सक्नुहुन्छ भने भोलिदेखि नै काम थाल्न पाए हुन्थ्यो। मेरो पनि फुर्सत छैन। विद्यालयमा बिदा माग्नुपर्छ।" मार्साबले नम्रतापूर्वक अनुरोध गरे।

"मैले मर्मत सर्मतको काम गर्न छोडिसकें मार्साब ! नरिसाउनु होला। माटो छुनु पर्ने काम मलाई पटक्कै मन लागेन। जाबो नौ सय, हजार मात्रै ज्याला पाउने काम के गर्नु। यसो गाउँतिरबाट आएका अरू ज्यामीहरू खोज्नुस् न ! सहरमा त अब पुरानो काम गर्ने डकर्मी र ज्यामी पाउन पनि मुस्किल होला।" लहरै मिलाइएका तासका पत्तीहरू भुइँमा फिजाउँदै गुरुङचाले काममा नआउने कुरा गऱ्यो।

"मालपोत कार्यालयमा १ घण्टा कुर्दैमा लाखौं रूपैँया आम्दानी हुने काम छाडेर गुरुङ दाइलाई पुरानो घर मर्मत गर्ने काम के मन पर्ला र अब र" अर्को खेलाडी भुइचाले भुइँको तास टिप्दै व्यङ्ग्य हान्यो।

"हो त नि ! दिनको ९०० सय, हजार ज्याला लिएर जिन्दगी बिताउन सकिन्न नि यो जमानामा।" गुरुङचाले आफ्नो स्पष्ट विचार व्यक्त गऱ्यो।

डकर्मी गुरुङचाको कुरा सुनेर रामलाल मार्साब अक्क न बक्क भए। तैपनि ठट्टा गरेको होला भन्ठानेर फेरि उनले अनुरोध गरे तर ऊ मानेन। रामलाल मार्साब निन्याउरो मुख लिएर फर्कन बाध्य भए। उनलाई घरको छाना मर्मत गर्ने मान्छे पाउन धौ धौ भयो। उनी मनमा नानाथरीका कुरा खेलाउँदै घरतिर आए। रामलाल मार्साबले आफूले आफैलाई प्रश्न गरे– गुरुङचाले जस्तै सबै डकर्मीले त्यस्तै जवाफ दिए भने के हाम्रो ऐतिहासिक तथा कलात्मक सहर जीर्णोद्धार गर्न सकिएला त अब ? पाँचतल्ले मन्दिर मर्मत गर्न समेत डकर्मी र ज्यामी पाउन गाह्रो हुने हो कि ? नगरमा बस्ने नगरवासीको भावना गुरुङचाको जस्तै बिग्रँदै गएमा हाम्रो सहरको अस्तित्व बाँकी रहला त ? हाम्रा मठ–मन्दिरको जीर्णोद्धारमा माटो प्रयोग गर्नुपर्छ। सिमेन्ट प्रयोग गर्नुहुँदैन। के अब गुरुङचा जस्ता डकर्मी काम लाग्लान् त ? प्रश्न गम्भिर थियो। आखिर कला सँस्कृति जोगाउने शिल्पीहरूको सोचाइ देखेर उनी जिल्लिँदै विना काम घर पुगे। घरको छानोले उनैलाई हेर्दै थियो तर रामलाल मार्साबको आँखाले भने अर्कै केही खोजिरहे झैँ देखिन्थ्यो।

# स्थिर सरकार र समृद्ध नेपाल– आकाशको फल

जोशल

कुर्सीको लागि कुकुर झगडा गर्ने पूँजीवादी दलहरूको संस्कारलाई विस्तारवादी भारतले भजाउन निरन्तर सफल भइरहेको छ। आम निर्वाचन सम्पन्न भएपछि पनि नियोजित रूपमा लम्ब्याइएको संक्रमणकालबाट देश कहिले पूर्ण मुक्त हुने हो– प्रतिक्षाकै विषय भएको छ।

**राष्ट्रघाती गठबन्धनहरू**

संक्रमणकालको अन्त्यको लागि दुई चरणमा सम्पन्न आमनिर्वाचनमा दुईवटा गठबन्धन निक्कै चर्चित रह्यो। एमाले र माओवादीको गठबन्धनलाई 'वाम गठबन्धन' र 'कम्युनिस्ट गठबन्धन' को संज्ञा दिइएको छ। तर एमाले प्रतिपक्षी र माओवादी यी पंक्ति लेख्दासम्म सत्तापक्षी हो। प्रतिपक्ष र सत्तापक्षको गठबन्धनलाई 'वाम' को संज्ञा दिनु संसदीय परम्परा, मूल्य–मान्यता र प्रचलन कुनै दृष्टिले पनि सही देखिंदैन। त्यस्तै कम्युनिस्ट सिद्धान्तबाट च्यूत एमाले र माओवादीको गठबन्धनलाई 'कम्युनिस्ट गठबन्धन' भन्नु पनि साउनमा आँखा फुटेको गोरुले सधैं हरियो देख्ने आहानको चरितार्थ मात्र हो। एमाले अध्यक्ष केपी ओलीले त न वाम न कम्युनिस्ट गठबन्धन भनेका छन्। वस्तुतः त्यस गठबन्धनलाई संशोधनवादी गठबन्धन भन्नु सत्यको नजिक देखिन्छ।

त्यस्तै नेकासहितको गठबन्धनलाई पत्रपत्रिकामा 'लोकतान्त्रिक' र 'प्रजातान्त्रिक' गठनबन्धनको संज्ञा दिइएको छ। त्यस गठबन्धनमा सम्मिलित दलहरूमा प्रजातन्त्र र लोकतन्त्र प्रतिको आस्था, निष्ठा र विश्वासको सधैं खडेरी छ। ती दलहरू पूँजीवादी विचारका भए पनि व्यवहारमा सामन्ती संस्कार र चरित्रका छन्। त्यस्तो गठबन्धनलाई 'लोकतान्त्रिक' वा 'प्रजातान्त्रिक' भन्नु प्रजातन्त्रवादीहरूको अपमान हो। त्यसैले त्यसलाई अर्ध सामन्ती गठबन्धन भन्नु समीचीन देखिन्छ।

सारमा उपरोक्त दुवै गठबन्धनमा सम्मिलित दलहरूको विगतका चरित्र र व्यवहारलाई नियाल्ने, विश्लेषण र चिरफार गर्ने हो भने राष्ट्रघाती र देशद्रोही पक्ष हावी देखिन्छ। अतः दुवै गठबन्धनलाई राष्ट्रघाती र देशद्रोहीहरूको गठबन्धन भन्दा असत्य र अपराध ठहरिने छैन। यद्यपि अवका दिनमा हिजोका गल्ती सच्याउन र अपराधमा प्रायःश्चित गर्न गठबन्धन गरेका हुन् भने त्यसलाई विहान निस्केको साँझमा घर फर्केको मान्न सकिन्छ। तर के कुकुरको पुच्छर बाह्र वर्ष ढुंग्रोमा राखेपछि सोझो हुन्छ ? भएको छ ?

**भ्रष्टाचारको लाइसेन्स**

आमनिर्वाचनको परिणामले संशोधनवादी गठबन्धनले बहुमत ल्याएको छ र अर्ध सामन्ती गठबन्धनले पछ्याएको छ। तर विडम्वना ! संविधान जारी पछि दुवै गठबन्धनले आलोपालो शासन गरिसकेको छ परन्तु संविधान कार्यान्वयन गर्न अर्थात स्थानीय तह सञ्चालन कार्यविधि, संसद गठनका लागि आवश्यक कानुन, प्रदेश सम्बन्धी व्यवस्था नगरी कुर्सीको लागि कुकुर झगडामै झन्डै दुईवर्ष विताएको प्रमाण जीवित छ। यसले आलोपालो सरकार सञ्चालन र संसदका बैठकहरूको औचित्य र सार्थकता पनि देखिएन। बहुमतीय र एकल संक्रमणीयको अध्यादेश विवादले त यी दलहरू सिंहदरबारमा बस्न होइन पस्न पनि नालायक र अक्षम देखिएका छन्।

तर आश्चर्य ! जनतालाई सिटामोल र नून उपलब्ध गराउन नसक्ने सरकारको २० अर्ब खर्च भएको चुनावबाट तिनै दलहरूले धेरै स्थानमा जितेका छन्। दल र उम्मेदवारले गरेको खर्च पनि जोड्ने हो भने खर्ब बढी रकम खर्च भएको छ। यति ठूलो रकम खर्चेर भएको चुनावबाट गठबन्धनहरूले भने जस्तो के स्थिर सरकार र समृद्ध नेपाल बन्ला त ? मतदाताहरूको आशा, अपेक्षा र विश्वास साकार होला ? भए राम्रो, होस् अझ राम्रो। यहाँ यदि तिनीहरू आस्था र विश्वासको मतले विजय हासिल गरेका हुन् भने शंका र प्रश्न गर्नुपर्ने ठाउँ हुँदैनथ्यो। प्रश्न निरर्थक हुन्थ्यो। मत किनेर, भोजभत्तेर खुवाएर, निर्वाचन आचारसंहिता उल्लंघन गरेर विजय प्राप्त गरेकाहरूले चुनावमा गरेको लगानी अबका दिनमा उपर गर्ने भएकोले तिनीहरूको 'विजय' भ्रष्टाचारको लाइसेन्स बन्ने पक्ष नै प्रवल छ। कित चुनावमा गरेको लगानी उपर हुने गरी तिनीहरूको तलव भत्ता बढाउनु पर्‍यो। त्यो संभव नभएकोले मतदातालाई बाँडेको पैसा उपर गर्न राजस्वमा ब्रम्हलुट मचाउनु, कमिशन खानु, भ्रष्टाचार गर्नुको विकल्प नै के छ र ?

शंका र चिन्ता त्यतिमात्र होइन। अहिले संशोधनवादी गठबन्धनले ल्याएको बहुमतले कतै हिजो

सिक्किमको लेण्डुप दोर्जेले ल्याएको बहुमतको दुष्परिणाम हामीले पनि भोग्नुपर्ने त होइन ? किनभने बहुमत ल्याउने गठबन्धन मात्र होइन प्रतिपक्षमा बस्ने गठबन्धन पनि 'लम्पसारवादी' का खलनायक होइनन्– नायक नै हुन्। त्यसैले काले काले मिलेर भाले खाँदा नेपाल र नेपालीको अस्तित्व संकटमा पर्ने हो कि भन्ने त्रास बढेको छ।

**स्थिर सरकार भनेको के हो ?**

सम्पन्न आमनिर्वाचनमा दुई गठबन्धन जस्तै तिनीहरूले चर्को स्वरमा चिच्याएको स्थिर सरकार र समृद्ध नेपाल पनि निक्कै चर्चित रह्यो। ४६ सालको जनआन्दोलन सफल भए यताको समय अस्थिर सरकारको लागि 'समृद्ध' रह्यो। एउटा पनि सरकारले पूरा कार्यकाल सिंहदरबारमा बिताएन। अस्थिर सरकारको लागि कुर्सीको लागि कुकुर झगडा गर्ने दलहरूले सङ्ख्यात्मक साना दलहरूलाई दोषारोपण गरेका छन्। हामीलाई थाहा छ दल खारेज भएका सांसदलाई मन्त्री बनाउने तिनै हुन्। यसबाहेक व्यवहार र यथार्थमा कांग्रेस, एमाले र माओवादी भित्रै खुट्टा तान्ने प्रवृत्ति हाबी भएको र प्रबल रहेको तथ्यबाट कुन सचेत नेपाली अनभिज्ञ छन् र ? त्यस्तै प्रतिपक्षमा बस्ने मतादेश विपरीत सत्तापक्ष सँग भागबन्दा गरेको सत्यलाई पनि लुकाउन सकिन्दैन। सत्तामा जान तीन हातको न्याल चुहाउनेहरूले सत्तामा गएर के गर्ने भन्ने कुरालाई कहिल्यै ध्यान दिएनन्, पटक्कै सोचेनन्। 'झन्डा हल्लाउने जागीर खाने' बाहेक कर्तव्य, दायित्व र जिम्मेवारीको बोध गरेको देखिएन, त्यस्को छ्यानको संकेत सम्म दिएनन्। सत्तामा अमुक दल पुगेको जस्तो भान जनतालाई कहिल्यै भएन, अमुक दलको फलानो गुट वा ढिस्कानो नेता पुगेको मात्र ठानियो र देखियो। कुर्सी ओगट्ने वा शासन गर्ने नेता त थुप्रै देखिए तर नेतृत्व गर्न सक्ने कहिल्यै देखिएन। यस्तो परिवेशमा नेपालमा अस्थिरता चाहनेहरूले प्रशस्तै चलखेल गऱ्यो र अस्थिर सरकारको सिलसिला परम्पराको रूपमा विकास भयो।

आमचुनावपछि संसद बसेको छैन, सरकार गठन भएको छैन। तर स्थिर सरकारको चर्को हल्ला गर्ने एमाले र माओवादीबीच आलोपालो सरकारको कुरा आइसकेको छ। यदि आलोपालो सरकार पनि स्थिर सरकार हो भने अस्थिर सरकार भनेको के हो ? देशमा जस्तोसुकै होस् सरकार कहिल्यै रिक्त रहेन। नेका-एमाले, एमाले-माओवादी, नेका-माओवादीको आलोपालो सरकार पनि चलेकै थियो। अबको आलोपालो सरकार 'स्थिर सरकार' हुन्छ भने हिजोका सरकारहरूलाई मात्र कसरी अस्थिर सरकार भन्ने ? यदि चुनावी घोषणापत्रको आधार लिने हो भने कांग्रेसका भट्टराई-कोइराला-देउवाका, एमालेका नेपाल-खनालका, माओवादीका दाहाल-भट्टराईका घोषणापत्र पनि एउटै थिएनन् ? होइनन् ? तब स्थिर सरकारको मापदण्ड के हो ?

जहाँसम्म एमाले-माओवादीले आधा शताब्दी सरकार चलाउने मनको लड्डु हो, तिनीहरूको प्रवृत्ति र चरित्रले जनतालाई विश्वासघात गर्ने परम्पराले तीनवटा आर्थिक वर्षमात्र 'स्थिर सरकार' दिए ठूलो कुरा हुनेछ।

**विना विकास समृद्धि ?**

विकसित नेपाल, नयाँ नेपालमा यसपटक समृद्ध नेपालको थेगो बढी नै हल्ला भएको छ। देश समृद्ध हुन पहिले विकास हुनुपऱ्यो– राजनीतिक, आर्थिक, सामाजिक। ४६ सालदेखि 'राजनीतिक क्रान्ति' पूर्ण भयो अब आर्थिक क्रान्तिको समय भनिएको थियो। राजनीतिक परिवर्तन फेरि भयो तर आर्थिक विकास जहाँको तहिं होइन पछाडि धकेलिएको छ। निर्यात हुने वस्तु यथेष्ट आयात हुन थालेको र आत्मनिर्भर भयो भनिएको वस्तु परनिर्भरता मै पुगेको छ। उद्योग-व्यापार-व्यवसायमा विदेशीको हातमाथि पारिएको छ, राष्ट्रिय उद्योगहरू कौडीको मूल्यमा निजीकरण गरिएको छ, सस्तोमा विजुली बेचेर महँगोमा आयात गरिरहेको छ। कृषि प्रधान देशमा एउटा मल कारखाना पंचायतकालदेखि गणतन्त्रसम्म बन्न सकेको छैन। आर्थिक विकास, देशको विकासको लागि आवश्यक पूर्वाधार बनाउनुभन्दा भिक्षा थापेर दिन विताइरहेको छ, परनिर्भरतालाई आत्मनिर्भरताको पर्याय बनाइरहेको छ। विकास बजेट फ्रिज गरेको गऱ्यैछ। देशको सशक्त युवा श्रमशक्तिलाई 'दास' बनाएर वैदेशिक रोजगारमा पठाइरहेको छ। भ्रष्टाचारलाई संस्थागत गरिएको छ, अपराधलाई राजनीतिकरण गरिएको छ। जलश्रोतमा धनी बनाएको नदी, नेपालको धन रहेको वन, जैविक विविधतामा सम्पन्न बनाएको जडीबुटीलगायतका प्राकृतिक श्रोत विभिन्न निहुँमा विदेशीलाई सुम्पिरहेको छ। त्यसैले सोम शर्माको पीठोको घैंटो काखी च्यापेर समृद्धिको हल्ला केवल मूर्खलाई महामूर्ख बनाउनु मात्र हो। यथार्थमा हल्ला गर्ने बाहेक कुर्सीको लागि कुकुर झगडा गर्ने दलहरूसँग देशको विकास गर्ने सोच, चिन्तन, नीति र कार्यक्रम नै छैन। यदि हुँदो हो त ३० वर्षे पंचायतले गरेको विकासभन्दा २६ वर्षे उत्कृष्ट, अद्वितीय भनिएको बहुदल र गणतन्त्रले दोब्बर नभए पनि डेढा विकास गर्नुपर्ने हो। के विकास भएको छ ? कतिपय क्षेत्रमा पंचायतकालभन्दा हामी पछाडि धकेलिएका छौं। यस्तो धरातलीय यथार्थमा देशको विकास हुन सकेको छैन। तर विना विकास समृद्ध देशको हल्ला गर्नु विषय वा प्रसंगले अर्को अर्थ नलागेमा अन्धाको देशमा लाटो तन्नेरी बन्न खोजे जस्तै हो। त्यसैले भन्नै पर्छ, कुकुर झगडा गर्नेहरूले समृद्ध देश ➲➲


# kmf]: km/ ;
# / s[if



सबिन ख्याजू

नेपालको कूल जनसङ्ख्याको ६५.६ प्रतिशत कृषि पेशामा निर्भर छन्। कुलगार्हस्थ उत्पादनमा कृषि क्षेत्रले ३४.७ प्रतिशत योगदान पुऱ्याएको पाइन्छ। तर देशको उत्पादन आफ्नै नागरिकलाई खुवाउन अपुग छ।

नेपालको भू-उपयोगअनुसार ४१,२१,००० हेक्टर खेतीयोग्य जमिनमध्ये ३०,९१,००० हेक्टरमामात्रै कृषिकार्य गरिएको तथ्यांक छ। साथै १३,३१,५२१ हेक्टरमामात्रै सिंचाईको बन्दोबस्तगरिएको पाइन्छ। (कृषि डायरी, २०७१)




खेतीप्रविधिमा माटोलाई १६ तत्वको आवश्यकता रहन्छ। ती तत्वहरूमध्ये कार्वन, हाइड्रोजन, अक्सिजन, नाइट्रोजन, फोस्फरस, पोटास, क्याल्सियम, म्याग्नेसियम, सल्फरलाई मुख्य तत्वको रूपमा लिइन्छ भने फलाम, म्यानगानिज, जिंक, कपर, मोलिब्डेनम, क्लोरिन र बोरनलाई सहायक तत्वको रूपमा लिइन्छ।

फोस्फरस पेरियोडिक टेबुलमा १५ औं तत्व हो। फोस्फरस पृथ्वी सतहमा एघारौं धेरै पाइने वस्तु हो। लगभग ०.१% ओजन लिएको छ। विरुवामा फोस्फरसको मात्रा ०.१-

| Country | Phosphate rock reserves, millions of tonnes |
|---|---|
| Morocco | 5 700 |
| China | 3 700 |
| South Africa | 1 500 |
| Jordan | 1 500 |
| United States | 1 100 |
| Brazil | 260 |
| Russia | 200 |
| Israel | 180 |
| Syria | 100 |
| Tunisia | 100 |
| Other countries | 1 660 |
| World total (rounded) | 16 000 |

०.५ प्रतिशतमात्रै हुन्छ। फोस्फरस विरुवाको जराका रौंहरू, जराको टुप्पा र जराको बाहिरी सतहमार्फत भित्र छिर्दछ। सामान्यतया, प्राइमरी अर्थोफस्फेट आयोन (Primary orthophosphate ion), $H_2PO_4$) को रूपमा सोस्दछ तर केहीचाहिँ सेकेण्डरी अर्थोफस्फेट आयोन (Secondary orthophosphate ion), $H_2PO_4$) को रूपमा सोस्दछ। फोस्फरस विरुवाको डि.एन.ए., आर.एन.ए., फोस्फोप्रोटिन, फोस्फोलिपिड, सुगर फोस्फेट, इन्जाइम र शक्तिवर्द्धक फोस्फेट जस्तै Adenosine Triphosphate (एटिपी) को रूपमा पाइन्छन्।

## फोस्फरसका स्रोतहरू

संसारको ८०-९०% फोस्फरस कृषिले माग राख्दछ। कृषि फोस्फरस विशेषतः खानीबाट निकालिने चट्टान फोस्फेटमा निर्भर रहन्छ जसमा मोरोक्को पहिलो स्थानमा छ भने चीनले दोस्रो स्थान ओगटेको छ। फोस्फरस उपयोगमा

बनाउने हल्ला लोभीको देशमा ठग भोको नहुने आहानमात्र हो। यस्तो चालाले देशको समृद्धि केवल आकाशको फल हो।

यी पंक्ति लेख्दै गर्दा भारत र चीनभन्दा समृद्धि सूचकाङ्कमा नेपाल अगाडि रहेको समाचार हेर्न पाइयो। लेगाटम इन्स्टिच्यूटले सार्वजनिक गरेको समृद्धि सूचकाङ्क २०१७ अनुसार नेपाल ८९ औं स्थानमा, चीन ९० औं स्थानमा र भारत १०० यौं स्थानमा देखाइएको छ। यस सूचकाङ्कले नेपाल अहिल्यै भारत र चीनभन्दा समृद्ध छ भने संशोधनवादी र अर्ध सामन्ती गठबन्धनले गरेको हल्लाले के नेपाललाई 'महासमृद्ध' बनाउने छ त ? तर देश र जनतालाई अझ पछाडि नधकेली खाइलाग्दो अवस्थामा पुऱ्याउने विश्वास छैन परन्तु सत्तामा जाने नेता, तिन्का आफन्त र भागबन्डा गर्ने प्रमुख प्रतिपक्षी दलका नेताहरूको जीवनयापन स्थिर, समृद्ध र सम्भ्रान्त हुने अनुमानचाहिं ग्यारेन्टीकासाथ भन्न सकिन्छ।


Photosynthesis = Carbon Dioxide + Water --(Chlorophyll, Sunlight, Phosphate Energy)--> Oxygen + Carbohydrates

चीन पहिलो स्थान (३४%) मा छ भने भारत दोस्रो स्थान (१९%) मा छ ।

| क्र.सं. | स्रोतका नाम | प्रतिशत |
|---|---|---|
| १ | डी.ए.पी. | ४६% |
| २ | सिंगल सुपर फस्फेट | १६% |
| ३ | डबल सुपर फस्फेट | ३२% |
| ४ | ट्रिपल सुपर फस्फेट | ४८% |
| ५ | कम्प्लेक्सल | २०% |
| ६ | कम्प्लिट | १९% |

## फोस्फरसको कामहरू:

- ♦ फोटोसिन्थेसिस् (Photosynthesis) प्रक्रियामा क्लोरोफिल (Chlorophyll) र घामको उपस्थितिमा कार्वन डायअक्साइड र पानी कार्वोहाइड्रेट र अक्सिजन बन्न एटिपीमा रहेको शक्तिले काम गर्दछ ।
- ♦ जिन र क्रोमोजोममा एक आधारभूत तत्वको रूपमा फोस्फरस रहेको हुन्छ । यस कारण यसले वंशानुगत गुणको भूमिका निर्वाह गर्दछ ।
- ♦ विरुवाको बीउको निर्माण र विकासमा फोस्फरसले ठूलो भाग ओगटेको हुन्छ । कोसे बालीमा ५०% फोस्फरस फाइटिन (Phytin) र अन्नबालीमा ६०-७०% फाइटिनको रूपमा भण्डारण हुने गर्छ ।
- ♦ विरुवाभित्र पौष्टिक तत्व परिचालनमा कोशका झिल्लहरूमार्फत सर्नु पर्ने हुन्छ । यसको निम्ति शक्तिको




आवश्यकता रहन्छ जुन एटिपीबाट प्राप्त हुन्छ ।

- ♦ फोस्फरसले विरुवाको विकास र जराको वृद्धिमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।
- ♦ अन्नबालीमा परालालाई बलियो बनाई यसले रोग प्रतिरोध क्षमतामा वृद्धि गर्दछ ।
- ♦ यसले अन्नबालीमा बीउ छिटो पाक्न मद्दत गर्छ ।
- ♦ यसले कोश विभाजनमा सहयोग पुऱ्याउँछ । सेलुलोज (Cellulose) निर्माणमा पनि महत्त्वपूर्ण भूमिका खेल्दछ ।
- ♦ वढी नाइट्रोजनको कारण पुष्पमा हुने असफलता र विरुवाको कलिलोपनाबाट यसले जोगाउँदछ ।

## फोस्फरस अभावमा हुने असरहरू

- ♦ पातका नशाहरूको बीचको भागहरूमा बैजनी रंगका धब्बाहरू देखिन्छन् । अम्बा, अन्नबाली, गोलभेडामा प्रष्टसँग देखिन्छ ।
- ♦ विरुवामापातहरू साना र थोरै हुन्छन् ।
- ♦ फल, पात, तरकारी र अन्नबालीको गुणस्तरमा ह्रास आउँछ ।
- ♦ अन्नबालीमा परालालाई कमजोर बनाई यसले रोग प्रतिरोध क्षमतामा ह्रास ल्याई रोगहरू निम्त्याउँदछ ।
- ♦ यसले विरुवालाई समग्रमा पुड्को बनाउँछ ।


## निष्कर्ष

नेपालको कृषिउत्पादन र उत्पादकत्व संसारको तुलनामा लानुबाहेक कृषि अर्थतन्त्रको निरन्तरताको विकल्प देखिन्न । यसकारण, कृषिमानिर्भर नेपालको अर्थ व्यवस्थामा यसको लागि अत्यावश्यक कृषिमल कारखाना निर्माण हुनु आवश्यक छ । यसमा खोज अनुसन्धानको आवश्यकता छ । देशलाई आत्मनिर्भर बनाउने एउटा माध्यम कृषिरहेको सर्वविदितै छ । साथै, यो मलको उचित प्रयोग हुन नसके प्रकृतिमा नकारात्मक असर पर्न सक्ने भएकाले कृषकहरूमाभ्र यसको ज्ञान प्रचारको आवश्यकता देखिन्छ ।

## सन्दर्भ सामग्री


- Johnston, A. E. and I. Steen, 2000. 'Understanding Phosphorus and its use in agriculture'.
- Walker, Forbes. Assistant Professor, Plant and soil science. 'Best management practices for Phosphorus in the environment'.
- UNEP YEAR BOOK, 2011.
- Tirado, T. and M. Allsopp, June, 2012. Phosphorus in agriculture, Problems and solutions. Green peace international.
- कृषि डायरी, २०७१ ।


*khyajusabin@gmail.com*



Henry Ambrose Oldfield's

# SKETCHES FROM NIPAL 20

December 19th.—We spent the night at Hetowara, our rest only disturbed by the bellowing and trumpetings of the elephants, and especially the distressing cries of the new captive. The next morning (20th) we were ready to start at daybreak, the King, Jang, and myself heading the party, with about one hundred and fifty other elephants following, carrying, some of them, sirdars, &c, and many of them merely carrying their mahauts. Jang proposed that he would shoot at any male deer we should meet, while I was to take the females, as he objected to shooting the latter. The cortege followed the course of the Rapti river westward for about a mile, when we came to the point where the Kara Naddi stream falls into the Rapti; crossing the Kara Naddi, we struck off towards south into the jungle in quest of game. The jungle here consists of rather stunted sal trees, with semel or cotton trees. The trees being all very close together and each struggling towards the light, their trunks have run up to a considerable height before they give off their boughs, which overhead form a very dense canopy of leaves, and are an excellent protection from the sun.* The grass, which in the rains grows luxuriantly and to a great height, had been burnt at the commencement of the cold weather ; the ground, therefore, was blackish in colour and open, many of the trunks seared, charred, and some quite burnt and dead. Here and there a trunk, uprooted or broken by storm, lying across the road, gave a very gloomy character to the landscape ; but, from the absence of grass, the elephants were able to go on quickly and without any difficulty or danger of falling into holes or inequalities. The absence generally of lower or horizontal boughs removed all necessity for care for our own heads or howdahs. The mahaut, however, always had his kukery ready to strike off any projecting bough or creeper which came in the way, the elephants them-selves also exhibiting wonderful skill in removing all obstacles out of their own path. We formed a long and tolerably regular line, which marched steadily on in hopes of driving any game before it. The King's elephant was in the centre, Jang's on one flank, mine on the other. We proceeded some miles, however, without seeing a single head of game. The jungle gradually changed, became more open, grassy, and the trees better grown and branched. Silence was throughout strictly enjoined by Jang. Presently Jang sighted a female sambar deer in advance of the line. Bringing up his howdah close to mine, rifle in hand, he jumped into my howdah, and without a word, but by motion of his hand, signalling the line to halt, he pointed out to the mahaut the deer's whereabouts, as I could not see her. So silent was the party, and so carefully did my elephant advance, that we came within forty yards of a fine deer grazing, without her seeing us, in the midst of some long grass. Jang handed me the rifle, and I took a steady pot at the shoulder, but did not make a very good shot, as I ought to have killed her on the spot. However, she fell wounded and struggling furiously. The dogs were sent for ; there was a few minutes' delay, during which her struggles ceased, and all was still. We thought her dead, as we could not see her from the length of the grass. However, the moment the dogs arrived, up she jumped and went off, though not very fast. The dogs followed close, each with his own man or keeper on foot. We soon lost sight of thorn owing to the length of the grass and the thickness of the jungle; but for some time we could hear the shouts of the men and the barking of the dogs. This deer was shot through the chest, and managed to keep ahead of the dogs all the day. She ran towards Hetowara by a circuit of some miles, the men and dogs all on her track, which they never lost through the thickest jungle. Towards sunset she became quite exhausted, and the dogs coming up, she was dispatched and skinned, and the meat sent off to our camp, where it arrived about midnight, and was rather acceptable to all, as our supplies were always difficult to obtain. **(To be continued)**

*(* " The vaulted arches beneath are filled with thousands of high unbroken columns, which sustain one vast and trembling canopy of leaves." ......." A pleasing gloom and an imposing silence have their interminable reign below, an outer and different atmosphere seeming to rest on the cloud of foliage ; while the light plays on the varying surface of the tops, a sombre hue covers the earth."—Cooper's "Description of American Forests."*)

# नेपालको संविधान २०७२ (२७)

भाग – २०

## संघ, प्रदेश र स्थानीय तहबीच अन्तरसम्बन्ध

**२३१. संघ र प्रदेश बीचको व्यवस्थापिकीय अन्तरसम्बन्ध** : (१) संघीय कानून नेपालभर वा आवश्यकताअनुसार नेपालको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ ।

(२) प्रदेश कानून प्रदेशभर वा आवश्यकताअनुसार प्रदेशको कुनै क्षेत्रमा मात्र लागू हुने गरी बनाउन सकिनेछ ।

(३) दुई वा दुईभन्दा बढी प्रदेशले अनुसूची–६ मा उल्लिखित कुनै विषयमा कानून बनाउन नेपाल सरकार समक्ष अनुरोध गरेमा संघीय संसदले आवश्यक कानून बनाउन सक्नेछ । त्यस्तो कानून सम्बन्धित प्रदेशको हकमा मात्र लागू हुनेछ ।

**२३२. संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध** : (१) संघ, प्रदेश र स्थानीय तहबीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुनेछ ।

(२) नेपाल सरकारले राष्ट्रिय महत्त्वका विषयमा र प्रदेशहरूबीच समन्वय गर्नुपर्ने विषयमा प्रदेश मन्त्रिपरिषदलाई यो संविधान र संघीय कानूनबमोजिम आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालन गर्नु सम्बन्धित प्रदेश मन्त्रिपरिषदको कर्तव्य हुनेछ ।

(३) कुनै प्रदेशमा नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता वा स्वाधीनतामा गम्भीर असर पर्ने किसिमको कार्य भएमा राष्ट्रपतिले त्यस्तो प्रदेश मन्त्रिपरिषदलाई आवश्यकताअनुसार सचेत गराउन, प्रदेश मन्त्रिपरिषद र प्रदेशसभालाई बढीमा छ महीनासम्म निलम्बन गर्न वा विघटन गर्न सक्नेछ ।

(४) उपधारा (३) बमोजिम कुनै प्रदेश मन्त्रिपरिषद र प्रदेशसभा निलम्बन वा विघटन गरेकोमा त्यस्तो कार्य पैंतीस दिनभित्र संघीय संसदको तत्काल कायम रहेको सम्पूर्ण सदस्य संख्याको बहुमतबाट अनुमोदन गराउनु पर्नेछ ।

(५) उपधारा (३) बमोजिम गरिएको विघटन सम्बन्धी कार्य संघीय संसदबाट अनुमोदन भएमा त्यस्तो प्रदेशमा छ महिनाभित्र प्रदेश सभाको निर्वाचन हुनेछ । तर संघीय संसदबाट अनुमोदन नभएमा त्यस्तो निलम्बन वा विघटन सम्बन्धी कार्य स्वतः निष्क्रिय हुनेछ ।

(६) उपधारा (३) बमोजिम गरिएको निलम्बन उपधारा (४) बमोजिम अनुमोदन भएमा त्यस्तो निलम्बनको अवधिभर र उपधारा (५) बमोजिम प्रदेशसभाको निर्वाचन नभएसम्मका लागि त्यस्तो प्रदेशमा संघीय शासन कायम रहनेछ ।

(७) संघीय शासन कायम रहेको अवस्थामा संघीय संसदले अनुसूची–६ बमोजिमको सूचीमा परेको विषयमा कानून बनाउन सक्नेछ । त्यस्तो कानून सम्बन्धित प्रदेशसभाले अर्को कानून बनाई खारेज नगरेसम्म बहाल रहनेछ ।

(८) नेपाल सरकारले आफै वा प्रदेश सरकार मार्फत गाउँ कार्यपालिका वा नगर कार्यपालिकालाई यो संविधान र संघीय कानून बमोजिम आवश्यक सहयोग गर्न र निर्देशन दिन सक्नेछ । त्यस्तो निर्देशनको पालन गर्नु गाउँ कार्यपालिका वा नगर कार्यपालिकाको कर्तव्य हुनेछ ।

**२३३. प्रदेश-प्रदेश बीचको सम्बन्ध** : (१) एक प्रदेशले अर्को प्रदेशको कानूनी व्यवस्था वा न्यायिक एवं प्रशासकीय निर्णय वा आदेशको कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ ।

(२) एक प्रदेशले अर्को प्रदेशसँग साझा चासो, सरोकार र हितको विषयमा सूचना आदान प्रदान गर्न, परामर्श गर्न, आफ्नो कार्य र विधायनका बारेमा आपसमा समन्वय गर्न र आपसी सहयोग विस्तार गर्न सक्नेछ ।

(३) एक प्रदेशले अर्को प्रदेशको बासिन्दालाई आफ्नो प्रदेशको कानून बमोजिम समान सुरक्षा, व्यवहार र सुविधा उपलब्ध गराउनु पर्नेछ ।

**२३४. अन्तर प्रदेश परिषद** : (१) संघ र प्रदेशबीच तथा प्रदेश-प्रदेशबीच उत्पन्न राजनीतिक विवाद समाधान गर्न देहायबमोजिमको एक अन्तर प्रदेश परिषद रहनेछ :–

(क) प्रधानमन्त्री – अध्यक्ष
(ख) नेपाल सरकारका गृहमन्त्री – सदस्य
(ग) नेपाल सरकारका अर्थमन्त्री – सदस्य
(घ) सम्बन्धित प्रदेशका मुख्यमन्त्री – सदस्य

(२) अन्तर प्रदेश परिषदको बैठक आवश्यकताअनुसार बस्नेछ ।

(३) अन्तर प्रदेश परिषदले आफ्नो बैठकमा विवादको विषयसँग सम्बन्धित नेपाल सरकारको मन्त्री र सम्बन्धित प्रदेशको मन्त्री तथा विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(४) अन्तर प्रदेश परिषदको बैठक सम्बन्धी कार्यविधि सो परिषद आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**२३५. संघ, प्रदेश र स्थानीय तहबीचको समन्वय** : (१) संघ, प्रदेश र स्थानीय तहबीच समन्वय कायम गर्न संघीय संसदले आवश्यक कानून बनाउनेछ ।

(२) प्रदेश, गाउँपालिका वा नगरपालिकाबीच समन्वय कायम गर्न र कुनै राजनीतिक विवाद उत्पन्न भएमा प्रदेशसभाले सम्बन्धित गाउँपालिका, नगरपालिका र जिल्ला समन्वय समितिसँग समन्वय गरी त्यस्तो विवादको समाधान गर्न सक्नेछ ।

(३) उपधारा (२) बमोजिम विवाद समाधान गर्ने प्रक्रिया र कार्यविधि प्रदेश कानूनबमोजिम हुनेछ ।

**२३६. अन्तर प्रदेश व्यापार** : यस संविधानमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि एक प्रदेश वा स्थानीय तहबाट अर्को प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तार वा कुनै प्रदेश वा स्थानीय तहको क्षेत्रमा हुने वस्तुको ढुवानी वा सेवाको विस्तारमा कुनै किसिमको बाधा अवरोध गर्न वा कुनै कर, शुल्क, दस्तुर वा महसूल लगाउन वा त्यस्तो सेवा वा वस्तुको ढुवानी वा विस्तारमा कुनै किसिमको भेदभाव गर्न पाइने छैन । क्रमशः

तपाईंको भान्छा

# चिसोमा सुन्तलाको महत्त्व

कतिपय मानिसमा चिसोमा सुन्तला खानु हुँदैन भन्ने धारणा छ। तर चिसो मौसम र चिसो ठाँउमै फल्ने सुन्तलाको महत्त्व छुट्टै छ। सुन्तला स्वादकालागि मात्र नभइ स्वास्थ्यका हिसाबले पनि अत्यन्तै लाभदायक छ। मानिसहरू सुन्तलाभन्दा भिटामिन चक्कीतिर आकर्षित भइरहेका छन्। सुन्तला भिटामिन 'सी' को प्रमुख स्रोत हो। भिटामिन चक्कीको सट्टा सुन्तला खानु स्वास्थ्य र सौन्दर्य दुवै हिसाबले फाइदाजनक हुन्छ। बढी तौल भएका व्यक्तिकालागि पनि पर्याप्त मात्रामा सुन्तलाको प्रयोग उत्तम हुन्छ। सुन्तलाको फलमात्र होइन बोक्रा पनि उत्तिकै फाइदाजनक हुन्छ। सुन्तलामा रहेका विभिन्न सुक्ष्म पौष्टिक तत्व भिटामिन ए, बी र सीले शरीरको रोग प्रतिरोधात्मक शक्ति बढाउँछन्। बिरामी भएको व्यक्तिलाई खान मन नलाग्दा सुन्तलाको थोरै रस खुवाँउदा खानामा रुची बढ्छ। सुन्तलाको छोक्रामा प्रसस्त मात्रामा फाइबर पाइन्छ। यसले पेट सफा राख्न मद्दत गर्छ। बालबालिकालाई झाडा पखालाले सताएको समयमा सुन्तलाको रस थोरैथोरै गरेर दिइयो भने बिरामीको शरीरलाई चाहिने पानीलगायत अन्य तत्वको आपूर्ति हुन्छ। गिजाबाट रगत बग्ने समस्यामा पनि सुन्तला लाभदायक हुन्छ। त्यस्तै सुन्तलामा रहेको क्याल्सियमले दाँतलाई स्वस्थ र मजबुत बनाउँछ। बजारमा पाइने कृत्रिम पेयपदार्थ भन्दा मौसमअनुसार पाइने फलफूल खानु स्वास्थ्यकालागि औषधि समान हो। सुन्तलाको बोक्रामा पनि पौष्टिक तत्व हुन्छ। सुन्तलाको बोक्रा सुकाएर मसिनो पारेर काटेर चिनीमा हालेर पकाएर बालबालिकालाई खुवाउनु निकै लाभदायक हुन्छ। त्यसैगरि सुन्तलाको बोक्रा सुकाएर धूलो पारेर अनुहारमा लगाउनाले अनुहारको छाला सफा र नरम हुन्छ। सुन्तलाको बोक्रा खान र अनुहारमा लगाउन पनि सकिन्छ। भोक वा तिर्खा लाग्दा विभिन्न किसिमका प्याकेटका खानेकुराको सट्टा सुन्तला खाँदा शरीर स्वस्थ हुन्छ र कब्जियत हुनबाट पनि बचिन्छ। सुन्तलामा पाइने भिटामिन 'सी' ले रुघाखोकी आदिबाट बचाउँछ। दिनहुँ सुन्तलाको सेवन गर्ने गरेमा विभिन्न रोगहरू न्यून गर्न मदत मिल्छ। यसले मिर्गौलाको पत्थरी हुनबाट बचाउन सक्छ। दम, ब्रोङकाइटिस, रुघाखोकी, ज्वरो र मुटुको रोगीलाई फाइदा पुऱ्याउँछ। त्यस्तै डण्डिफोर तथा खटिरा, निमोनिया, पाइरिया, श्वासप्रश्वासको समस्या, टाइफाइड, मधुमेह र उच्च रक्तचापका रोगीलाई पनि सुन्तलाको सेवन लाभदायक मानिन्छ। यसले रक्सीको लतलाई पनि कम गर्न सक्छ। *प्रस्तुति – मनिषा रायमाझी*


**नगरपालिका**

**नगरवासीहरूको संस्था हो।**

**कर दाताहरूले**


**समयमै कर बुझाऔं**

**नगरको विकासमा सघाऔं।**

**भक्तपुर नगरपालिका**

**(कर शाखा)**


## हार्दिक समवेदना



**स्व. बुद्धिसागर वैद्य**

**जन्म : १९९३ कार्तिक ०७ निधन : २०७४ पुस १९**

भक्तपुर नगरपालिकाका वडा सचिव साइला वैद्यका पूजनीय पिता **बुद्धिसागर वैद्यको** दुःखद निधन भएकोमा मृतकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा धैर्यधारणको लागि धहार्दिक समवेदना व्यक्त गर्दछ।

**भक्तपुर नगरपालिका परिवार**



**भक्तपुर मासिकलाई**

**लेख रचनासँगै सम्बन्धित**

**तस्वीरहरू दिई सहयोग गर्नुहोस्।**

**e-mail :** bhaktapurmasik@gmail.com

# आ.व. २०७४/७५ मंसिर महिनामा भक्तपुर नगर अवलोकन गर्ने पर्यटकहरू




| गते | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ | १२ | १३ | १४ | १५ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ७९१ | ६४१ | ६६५ | ६३० | ४८० | ५९३ | ५४८ | ६३३ | ४९७ | ४८६ | ५०४ | ४९५ | ४५३ | ३९० | ४६७ |
| ■ सार्क तथा चिनियाँ | ३८९ | २०१ | १७८ | २४२ | १७२ | १७७ | २४७ | ३०९ | १९२ | ३८७ | २१२ | २१९ | १४९ | १६६ | २५४ |

| गते | १६ | १७ | १८ | १९ | २० | २१ | २२ | २३ | २४ | २५ | २६ | २७ | २८ | २९ |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| □ गैर सार्क | ५७५ | ३४८ | २९१ | ३९५ | २४२ | ५३ | ३३५ | ३६६ | ३१८ | २५६ | १६३ | १९३ | २२६ | १८८ |
| ■ सार्क तथा चिनियाँ | २४२ | २४९ | २५३ | २१९ | २२० | ३ | २०० | २४५ | २०२ | १६८ | १२१ | १६६ | २५६ | २६९ |

| | गैर सार्क | सार्क तथा चिनियाँ | कुल पर्यटक संख्या |
|---|---|---|---|
| २०७३ मंसिर | १०,७५१ | ४,५५६ | १५,३०७ |
| २०७४ मंसिर | १२,२२२ | ६,३०७ | १८,५२९ |

तथ्याङ्क र चार्ट : पर्यटक सूचना केन्द्र

सम्पादकको पृष्ठ

# शीर्ष नेताहरूको 'जोक'

सम्पन्न आमनिर्वाचनबाट गणतान्त्रिक नेपालको पहिलो संसद गठन हुँदैछ। नेपालको संविधानमा माघ ७ गते पछि निर्वाचित संसदले काम शुरु गर्नुपर्ने वाध्यात्मक प्रावधान भए पनि निर्वाचन आयोगले माघको अन्तिम साताातिरमात्र आफ्नो कार्यसम्पन्न हुने बताएको छ। यस स्थितिले हाम्रो संविधानको कार्यान्वयनमा पहिलो गाँसमै ढुंगा परेको छ।

देशमा आमनिर्वाचन धेरै पटक भइसक्यो। तर संसदको काम के हो र सांसदको दायित्व के हो ? अझै अन्यौल देखिन्छ। संसदले कानुन बनाउने, सांसदले बन्ने कानुन देश र जनताको हितमा बनाउन लगाउने हो। सरकारले ल्याएको नीति–कार्यक्रम र बजेटबाट देशैभरिका जनता लाभान्वित होस् भनेर जोड बल गर्ने हो। त्यसैले उम्मेदवार निर्वाचन क्षेत्र विशेषबाट निर्वाचित भए पनि शपथ ग्रहण गरेपछि देशकै सांसद हुन्छ। उक्त सांसद मन्त्री भएमा निर्वाचन क्षेत्र वा जिल्ला विशेषको होइन देशकै मन्त्री हुन्छ। नवनिर्वाचित हरेक सांसदले यो कुरा बुझ्नै पर्छ। तर बुझेको देखिएन।

निर्वाचन प्रचारको बेला अपवादलाई छोडेर सबैजसो उम्मेदवारले विकास–निर्माणका प्रशस्तै आश्वासन दिए। संसदमा गएर राष्ट्रघात, जनविरोधी, पक्षपात, भागबन्डा, ब्रम्हलुट, भ्रष्टाचारउन्मुख विधेयक, नीति, कार्यक्रमविरुद्ध देश र जनताको हितमा दृढताकासाथ संघर्ष गर्ने कुराले भन्दा मतदाता स्थानीय समस्या र विकासका कुराले बढी आशावादी भए। यसले चुनाव संसदको भन्दा स्थानीय तहको जस्तै देखियो। स्थानीय विकासको आश्वासन दिएर विजयी भएका सांसदमा भोलि देशको विकास गर्ने सोच, चिन्तन र क्षमता कहाँबाट आउँछ ? दोष अभावग्रस्त मतदातालाई संसद र सांसदको काम–कर्तव्य थाहा नहुनुभन्दा आश्वासन दिनेहरू कै देखिन्छ।

स्थानीय तहका साथै संसदका प्रतिनिधिहरूले पनि धारा–कुवा, गोरेटो–पुल, हाट–बजार, दमकल–एम्बुलेन्स, ... को विकासका कुरा गर्दा देशमा कानुन बनाउने संस्थाको अभाव देखिन्छ। देशको कानुन कसले बनाउँछ र दायित्व कसको हो ? गैरसरकारी संस्थाको ? यो कस्तो गणतन्त्र र प्रजातन्त्र हो ?

निर्वाचन परिणाम आएपछि भक्तपुर क्षेत्र नं. २ का प्रतिनिधिसभाका विजयी उम्मेदवारले आफू मन्त्री हुँदा त्यस क्षेत्रमा ६ अर्बभन्दा बढी रकमको विकास निर्माणको काम गरेकोले आफूलाई जिताएको कुरा गरे। क्षेत्र नं. १ र देशका अन्य भागमा कति अर्बको विकास भयो ? कुरा स्पष्ट छ विकास निर्माणका काम चुनावलाई ध्यानमा राखेर गरिएको छ। एमालेका मन्त्री देशको विकास गर्न होइन आफ्नो निर्वाचन क्षेत्रको विकास गर्न बनेका रहेछन्। तब उनलाई अरु निर्वाचन क्षेत्रकाले किन मन्त्री मान्ने ? यस्तो संकीर्ण, अयोग्यता र अक्षमताको परिचय सार्वजनिक रूपमा पूर्व र वर्तमान प्रधानमन्त्रीहरूले पनि दिएका छन्। प्रम देउवा, एमालेका अध्यक्ष ओली र वरिष्ठ नेता नेपाल, माओवादी अध्यक्ष दाहालले पनि विजयपछि आ–आफ्नो निर्वाचन क्षेत्रको विकासमा समर्पित हुने, नमुनाको बनाउने, अनुगमन र निरीक्षण गर्ने वाचा गरेको समाचारहरू पत्रपत्रिकामा आएका छन्। तर नेमकिपाका विजयीहरूले समग्र देश र जनताको हितमा संघर्षरत रहने प्रण दोहोऱ्याएका छन्।

अब भोलिका दिनमा ती नेताहरू प्रम, मन्त्री, प्रतिपक्षी दलका नेता भएमा हामीले देशको मान्ने कि नमान्ने ? तिनीहरूले हाम्रो निर्वाचन क्षेत्रलाई ध्यान नदिने, देशको विकासका कुरा नसोच्ने भए पछि मान्नै पर्छ भन्ने कहाँ छ ?

यस्ता शीर्षस्थ र वरिष्ठ नेताहरूको समृद्ध नेपाल बनाउने कुरा गाईजात्रे 'जोक' (ठट्यौली) भन्दा अर्को के हुनसक्छ ?